# सेतो बाघ उपन्यासमा ऐतिहासिकता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनको लागि
प्रस्तुत

## शोध पत्र


शोधकर्ता
रेशम पुन
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर


२०६९


सेतो बाघ उपन्यासमा ऐतिहासिकता - रेशम पुन, २०६९

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्री रेशम पुनले दसौँ पत्रको प्रयोजनका लागि **सेतो बाघ उपन्यासमा ऐतिहासिकता** शीर्षकको शोधकार्य मेरो निर्देशनमा सम्पन्न गरेको सम्पन्न गर्नु भएको हो । उहाँको प्रस्तुत शोधपत्रबाट म सन्तुष्ट छु, र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

.......................................

**शि.स. बालाकृष्ण अधिकारी**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

मिति : २०६९ /०६/२६

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री रेशम पुनले स्नातकोत्तर दोस्रो वर्ष नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत **सेतो बाघ उपन्यासमा ऐतिहासिकता** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.डा. देवीप्रसाद गौतम ........................................
(विभागीय प्रमुख)

२. शि.स. बालाकृष्ण अधिकारी ........................................
(शोधनिर्देशक)

३. प्रा.डा.दयाराम श्रेष्ठ. ........................................
(बाह्य परीक्षक)

मिति : २०६९/०६/२८

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु बालाकृष्ण अधिकारीको कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा प्राध्यापन तथा विविध व्यावहारिक कार्यको व्यस्तता बिच पनि आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै सचेत र सजग गराउँदै प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोध निर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गरिदिने नेपाली केन्द्रीय विभाग र त्यसका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमप्रति म कृतज्ञ छु । त्यसै गरी शोधपत्रको तयारीका क्रममा सहयोग, सुझाव र प्रेरणा दिनु हुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु । शोध लेखनका क्रममा आवश्यक सामग्रीहरू उपलब्ध गराइ दिने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मेरो पढाइ एवम् भविष्यप्रति सदा चिन्तनशील बनेर त्रि.वि.को ढोकासम्म पुऱ्याउनु हुने पूजनीय माता हरि पुन, आदरणीय दाजुहरू मुस्कान पुन, हर्क पुन, भाउजू सुष्मा पुनप्रति म आजीवन ऋणी छु । यस शोध लेखन कार्यमा प्रत्यक्ष रूपमा सल्लाह, सुझाव एवम् प्रेरणा दिनु हुने आफन्त, इष्टमित्र, शुभचिन्तक र आत्मीय साथीहरूप्रति पनि आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

मिति : २०६९/०६/२८



.............................

रेशम पुन

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

शैक्षिक सत्र : २०६५/०६६

रोल नं. १७६

# विषय सूची

| | पृष्ठ |
|---|---|
| शोध निर्देशकको सिफारिस | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| विषय सूची | घ |
| सङ्क्षेपीकृत शब्द सूची | छ |
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१–११** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ शोधको औचित्य | ९ |
| १.६ शोधको सीमा | ९ |
| १.७ शोधविधि | ९ |
| १.७.१ सामग्री सङ्कलन विधि | ९ |
| १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा | १० |
| १.८ शोधपत्रको रूपरेखा | ११ |
| १.९ सन्दर्भ सामग्री सूची | ११ |
| **दोस्रो परिच्छेद : उपन्यासमा ऐतिहासिकता विश्लेषणका आधारहरू** | **१२–३०** |
| २.१ विषय परिचय | १२ |
| २.२ ऐतिहासिक उपन्यासको परिचय | १२ |
| २.३ ऐतिहासिक उपन्यासको परिभाषा | १३ |
| २.४ उपन्यास र इतिहासको सम्बन्ध | १५ |
| २.४.१ उपन्यास र इतिहासबिचको असमानता | १५ |
| २.४.२ उपन्यास र इतिहासबिचको समानता | १७ |

| | |
|---|---|
| २.५ इतिहासको औपन्यासिकीकरण | १८ |
| २.५.१ ऐतिहासिक घटनाको आख्यानीकरण | १८ |
| २.५.२ ऐतिहासिक पात्रको प्रारूपीकरण | १८ |
| २.५.३ ऐतिहासिक परिवेशको काल्पनिकीकरण | १९ |
| २.६ उपन्यासका तत्त्वहरू र ऐतिहासिकता | २० |
| २.६.१ कथानक र ऐतिहासिकता | २० |
| २.६.२ पात्र र ऐतिहासिकता | २२ |
| २.६.३ परिवेश र ऐतिहासिकता | २६ |
| २.६.४ भाषाशैली र ऐतिहासिकता | २७ |
| २.६.५ उद्देश्य र ऐतिहासिकता | २७ |
| २.७ निष्कर्ष | २८ |
| **तेस्रो परिच्छेद : सेतो बाघ उपन्यासको कथावस्तुमा ऐतिहासिकता** | **३१–८१** |
| ३.१ विषय परिचय | ३१ |
| ३.२ सेतो बाघ उपन्यासको ऐतिहासिक पृष्ठभूमि | ३१ |
| ३.३ सेतो बाघ उपन्यासको कथावस्तु | ३१ |
| ३.४ सेतो बाघ उपन्यासको कथावस्तुमा ऐतिहासिकता | ४४ |
| ३.५ सेतो बाघ उपन्यासको कथावस्तुमा ऐतिहासिक तथ्यको विचलन | ६३ |
| ३.६ सेतो बाघ उपन्यासमा प्रयुक्त काल्पनिक घटनाहरू | ७५ |
| ३.७ निष्कर्ष | ८१ |
| **चौथो परिच्छेद : सेतो बाघ उपन्यासको चरित्र चित्रणमा ऐतिहासिकता** | **८२–१०४** |
| ४.१ विषय परिचय | ८२ |
| ४.२ सेतो बाघ उपन्यासको चरित्र चित्रण र ऐतिहासिकता | ८२ |
| ४.२.१ ऐतिहासिक पात्रहरू | ८२ |
| ४.२.२ काल्पनिक पात्रहरू | १०० |
| ४.३ निष्कर्ष | १०३ |

| | |
|---|---|
| **पाँचौँ परिच्छेद : सेतो बाघ उपन्यासको परिवेशमा ऐतिहासिकता** | **१०५–१२२** |
| ५.१ विषय परिचय | १०५ |
| ५.२ सेतो बाघ उपन्यासको परिवेश र ऐतिहासिकता | १०५ |
| ५.२.१ बाह्य परिवेश | १०५ |
| ५.२.२ आन्तरिक परिवेश | ११७ |
| ५.३ निष्कर्ष | १२२ |
| **छैटौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष** | **१२३–१२८** |
| ६.१ उपसंहार | १२३ |
| ६.२ निष्कर्ष र प्राप्ति | १२७ |
| ६.३ सम्भावित शोध शीर्षकहरू | १२८ |
| **सन्दर्भ सामग्री सूची** | **१२९–१३१** |

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| उ.क.ज. | उत्तर कमान्डिङ जर्नेल |
| एम्.ए. | मास्टर अफ आर्टस् |
| चौ.सं. | चौथो संस्करण |
| ज.ब.रा. | जङ्ग बहादुर राणा |
| ता. | तारिख |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.क.ज. | दक्षिण कमान्डिङ जर्नेल |
| दो.सं. | दोस्रो संस्करण |
| प.सं. | पन्ध्रौँ संस्करण |
| पाँ.सं. | पाँचौँ संस्करण |
| पीएच्.डी. | डाक्टर अफ फिलोसोफी |
| पू.क.ज. | पूर्व कमान्डिङ जर्नेल |
| प्र.से. | प्रधान सेनापती |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| पृ. | पृष्ठ |
| ले. | लेखक |
| वि.सं. | विक्रम संवत् |
| शि.स. | शिक्षक सहायक |
| सम्पा. | सम्पादक |
| ... | केही अंश छोडिएको |

## पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

डायमनशमशेर राणा (वि.सं. १९७५-२०६७) ऐतिहासिक घटनाहरूलाई औपन्यासिक कृतिको विषयवस्तुका रूपमा ग्रहण गरी औपन्यासिक कृति रचना गर्ने उपन्यासकार हुन् । यिनले नेपालको इतिहासमा कोतपर्वको (वि.सं. १९०३) पूर्वसन्ध्याको घटनाहरूलाई औपन्यासिक विषयवस्तुका रूपमा ग्रहण गरी वि.सं. १९०६ मा **'वसन्ती'** उपन्यास प्रकाशित गरे । यस उपन्यासको प्रकाशनले एकातर्फ राणाको औपचारिक साहित्यिक (औपन्यासिक) यात्रारम्भ गऱ्यो भने अर्कोतर्फ आधुनिक नेपाली उपन्यास परम्परा (वि.सं. १९९१ देखि यता) मा ऐतिहासिक यथार्थवादी धाराको प्रवर्तन पनि गऱ्यो । उपन्यास विधामा मात्र कलम चलाउने डायमनशमशेर राणाको वि.सं. २००६ देखि वि.सं. २०६७ सम्मको ६ दशक भन्दा लामो साहित्यिक यात्रामा जम्मा सात वटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । ती हुन्- **वसन्ती** (वि.सं. २००६), **सेतो बाघ** (वि.सं. २०३०), **प्रतिवद्ध** (वि.सं. २०३४), **सत्प्रयास** (वि.सं. २०३८), **अनिता** (वि.सं. २०४३), **धनको धब्बा** (वि.सं. २०५१) र **गृहप्रवेश** (वि सं. २०५९) । यी सात वटा उपन्यासहरू मध्ये **बसन्ती, सेतो बाघ, सत्प्रयास** र **गृहप्रवेश** ऐतिहासिक उपन्यास हुन् भने **प्रतिबद्ध, अनिता** र **धनको धब्बा** जस्ता उपन्यासहरू इतिहास भाषी सामाजिक राजनैतिक उपन्यास हुन् ।

**सेतो बाघ** डायमनशमशेर राणाका दोस्रो प्रकाशित ऐतिहासिक उपन्यास हो । यो उपन्यास राणाका अन्य उपन्यासहरू भन्दा आयामगत रूपमा ठूलो छ । यो उपन्यास वि.सं. २०६८ को १५औं संस्करण अनुसार ४३ परिच्छेद र ३५२ पृष्ठमा संरचित रहेको छ । यस उपन्यासमा नेपालको राणाकालीन समयावधि (वि.सं. १९०३-२००६) अन्तर्गत वि.सं. १९११ को नेपाल-तिब्बत युद्धदेखि रणोद्दीपसिंह, जगत्जङ्गको हत्यासँगै वीरशमशेरको सत्ता कब्जा वा वि.सं. २०४२ को पर्वसम्मको राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक अवस्थाको चित्रण छ । यस उपन्यासमा जङ्ग, शाह र शमशेरहरू बिच सत्ता प्राप्तिका लागि भएका षड्यन्त्र, हत्या, हिंसा, लुछाचुडीहरू नै मुख्य विषयवस्तुका रूपमा आएका छन् । यस उपन्यासमा उपन्यासकारले ऐतिहासिक विषयवस्तु, पात्र, परिवेशलाई कलात्मक प्रतिभाद्वारा औपन्यासिक कला दिन सफल भएका छन् ।

**सेतो बाघ** उपन्यासमा ऐतिहासिकता र काल्पनिकता के कस्तो रहेको छ, त्यो खोजको विषय हो । यस शोधपत्रमा **सेतो बाघ** उपन्यासको कथावस्तु, चरित्रचित्रण र परिवेशमा ऐतिहासिकताको अध्ययन विश्लेषण गरिएको छ । यी तत्त्वहरूमा ऐतिहासिकताको अध्ययन विश्लेषण गर्ने क्रममा काल्पनिकता (मौलिकता) को पनि खोजी गरिएको छ ।

## १.२ समस्या कथन

डायमनशमशेर राणाका सात वटा औपन्यासिक कृतिहरू मध्ये **सेतो बाघ** उपन्यास सफल ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा विभिन्न शीर्षकमा शोधकार्य, लेख रचना तथा समीक्षाहरू भए पनि **सेतो बाघ उपन्यासमा ऐतिहासिकता** भन्ने शीर्षकमा प्राज्ञिक अध्ययन विश्लेषण हुन बाँकी नै रहेको छ । यसर्थ यस शीर्षकमा केन्द्रित रही ऐतिहासिक पक्षको अध्ययन विश्लेषण गर्नु नै यस शोधपत्रको मुख्य समस्या कथन हो । ऐतिहासिक पक्षको विश्लेषण गर्ने क्रममा काल्पनिकताको पनि विश्लेषण गरिएको छ । यस शोध पत्रको समस्या कथनलाई बुँदागत रूपमा निम्न लिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :

(क) **सेतो बाघ** उपन्यासको कथावस्तुमा के-कस्ता ऐतिहासिक घटनाहरूको प्रयोग गरिएको छ र तिनको मौलिकता एवम् विचलनको स्थिति के-कस्तो छ ?

(ख) **सेतो बाघ** उपन्यासको चरित्र चित्रणमा ऐतिहासिकता र काल्पनिकताको प्रयोग के-कसरी गरिएको छ ?

(ग) **सेतो बाघ** उपन्यासमा ऐतिहासिक परिवेशका के-कस्ता स्वरूपहरू देखिन्छन् ?

## १.३ शोधकार्यको उद्देश्य

**सेतो बाघ** उपन्यासमा ऐतिहासिकता शीर्षकमा केन्द्रित रही अध्ययन विश्लेषण गरी त्यसको मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मुख्य प्राज्ञिक उद्देश्य रहेको छ । यस शोध शीर्षकको समस्या कथनमा उठेका समस्याहरूको समाधानका लागि निम्न लिखित उद्देश्यहरू रहेका छन् :

(क) **सेतो बाघ** उपन्यासको कथावस्तुमा के-कस्ता ऐतिहासिक घटनाहरूको प्रयोग गरिएको छ र तिनको मौलिकता एवम् विचलनको स्थितिको विश्लेषण गर्नु ।

(ख) **सेतो बाघ** उपन्यासको चरित्र चित्रणमा ऐतिहासिकता र काल्पनिकताको प्रयोग के-कसरी गरिएको छ त्यसको निक्यौल गर्नु ।

(ग) **सेतो बाघ** उपन्यासमा ऐतिहासिक परिवेशका के-कस्ता स्वरूपहरूको निर्धारण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास **सेतो बाघ** बारेमा केही भूमिकाकार, समालोचक, टिप्पणीकार र शोधकर्ताहरूले अध्ययन विश्लेषण गरेका छन् । यस उपन्यासलाई केही समालोचकहरूले इतिहासका कोणबाट विश्लेषण गरेका छन् भने केही ऐतिहासिक उपन्यासका कोणबाट विश्लेषण गरेका छन् । यस उपन्यासका बारेमा भएका पूर्वकार्यको समीक्षालाई कालक्रमिक रूपमा यस प्रकार प्रस्तुत गरिएको छ :

दीक्षित (२०३०) ले **सेतो बाघ** उपन्यासको 'परिचय' शीर्षकको भूमिकामा यस प्रकार टिप्पणी गरेका छन् "**वसन्ती** महाराज जङ्गबहादुरको कथा थियो; यो **सेतो बाघ** चाहिँ उनकै जेठा छोरा जगत्जङ्गको कथा भएको छ । जगत्जङ्गकै वरिपरि रङमडिने यस कथाले यहाँ तीन

दशकको नेपाली राजनीतिको इतिहास केलाउँछ- प्रेम र घृणाको इतिहास, शङ्का र षड्यन्त्रको इतिहास, इबी र हत्याको इतिहास । तर यति भएर पनि यो नेपालको इतिहास चाहिँ होइन । यो उपन्यास हो- उपख्यान । इतिहासका पात्रसँगै यहाँ कल्पनाका पुतली पनि गाँसिएका छन्, तथ्य कुरामा कतै फूल पनि जडिएका छन् । इतिहासका पुस्तामा लेखिएका कुराहरू यहाँ पारिवारिक श्रुतिपरम्पराबाट आएका कुराले काटिएका छन् । अनि दुवै स्रोतले नभ्याएका ठाउँमा लेखकको उर्वर कल्पनाले ठाउँ पाएका छन् । यी सबै कुराको जोड-घटाउले यसलाई सफल उपन्यास बनाएको छ- रोचक, रोमाञ्चक र रोमहर्षक । गगनसिंहको लासमा **वसन्ती** टुङ्गिएजस्तै जगत्जङ्गको लासमा यो उपन्यास टुङ्गिएको छ । तर लासको गन्तीमा **सेतो बाघ** वसन्तीभन्दा धेरै अगाडि छ र एक-एक लास यहाँ एक-एक गह भराउन समर्थ छ । ...उहाँले आफ्ना पात्रहरूबाट ऐतिहासिक वाक्य देखाउनमा पनि पाउनु भएको छ" (पृ. भूमिका खण्ड) ।

शर्मा (२०३०) ले **मधुपर्क** मा प्रकाशित 'नेपालीमा दुई ऐतिहासिक उपन्यास' शीर्षकको समालोचनामत्क लेखमा डायमनशमशेर राणाका **वसन्ती** र **सेतो बाघ** उपन्यासको विश्लेषण गरेका छन् । उनले **सेतो बाघ** उपन्यासको बारेमा यस प्रकारको मत प्रस्तुत गरेका छन् "...**वसन्ती**ले राणातन्त्र थालिनु अघिको काठमाडौँमा हामीलाई घुमाउँछ भने **सतो बाघ**ले चाहिँ जङ्गबहादुर राणाका जेठा छोरा जगत्जङ्गसित हामीलाई परिचित पार्छ । **वसन्ती**मा ऐतिहासिकभन्दा फूलबुट्टा र कल्पना भए तापनि **सेतो बाघ**ले चाहिँ ऐतिहासिक तथ्यहरूलाई बढी मान्यता दिएको छ । ऐतिहासिक घटनाक्रमको विस्तार, सानाठूला सम्पूर्णजसो पात्रहरूको निर्माण र चित्रण तथा कथाको कलात्मक र कुतूहलपूर्ण उद्घाटन **सेतो बाघ** उपन्यासमा विशेष दक्षताका साथ भएको छ । वास्तवमा **सेतो बाघ** ऐतिहासिक उपन्यास हो । लेखकबाट इतिहासको सूक्ष्म अध्ययन भएको देखिन्छ । जङ्गबहादुर राणाको प्रधानमन्त्रीत्व कालमा राजधानीको स्थिति कस्तो थियो र उनका छोराहरू कस्तो ठाँटसित हिँड्थे भन्ने कुराको बयान घतलाग्दो र चित्तबुझ्दो छ । ...**सेतो बाघ**का पृष्ठ-पृष्ठमा जङ्गबहादुरकालीन दरबार, कूटनीति, राजनीति, उच्चपदस्थ व्यक्तिहरूको दिनचर्या आदि छर्लङ्ग भएका छन् । **सेतो बाघ** ऐतिहासिक उपन्यास भएर पनि ठाडो इतिहासचाहिँ होइन, किनभने इतिहासका कतिपय पात्र र घटना पढिसक्ने बित्तिकै बिर्सिन्छन् तर **सेतो बाघ**का एक-एक पात्र जिउँदा, प्रभावशाली र बिर्सनै नसकिने खालका र एक-एक घटना रोमाञ्चकारी, आकर्षक र मनोहर छन् । त्यसै हुनाले डायमनशमशेर राणामा इतिहासको ज्ञान मात्र होइन, साहित्यिक प्रतिभा पनि यथेष्ट रूपमा छ भन्ने थाहा पाइन्छ" (पृ.४६-४८) ।

पन्त (२०३१) द्वयले **रूपरेखा** मा प्रकाशित **सेतो बाघको ऐतिहासिक परीक्षा** शीर्षकको लेखमा डायमनशमशेर राणाको **सेतो बाघ** उपन्यासलाई इतिहासको कसीमा राखेर विश्लेषण गरेका छन् । उनीहरूले इतिहासका विभिन्न तथ्यहरू प्रस्तुत गर्दै **सेतो बाघ** उपन्यासमा वर्णन भएका विभिन्न घटनाहरूलाई इतिहाससँग मेल नखाने भनी किटान गरेका छन् ।

नेपाली (२०३१) ले **रूपरेखा** पत्रिकामा प्रकाशित 'ऐतिहासिक पृष्ठभूमिमा **सेतो बाघ**' शीर्षकको लेखमा **सेतो बाघ** उपन्यासमा भएका ऐतिहासिक घटनाहरू, काल्पनिक घटनाहरूको

उल्लेख गरेका छन् । यसका अतिरिक्त नेपालीले ऐतिहासिक तथ्यहरू प्रस्तुत गर्दै ऐतिहासिक तथ्यहरूको गल्ती प्रयोग भएका घटनाहरूको समेत उल्लेख गरेका छन् ।

पराजुली (२०३१) ले **रूपरेखा** पत्रिकामा प्रकाशित 'पुस्तक परिचय- "**सेतो बाघ**"' स्तम्भमा **सेतो बाघ** उपन्यासका बारेमा यस प्रकार मत प्रस्तुत गरेका छन् "**सेतो बाघ**ले केही ऐतिहासिक तथ्यका सीमालाई उल्लङ्घन गरे तापनि ऐतिहासिक दुर्भाग्यका केही अंशलाई प्रस्तुत गरेको छ । विशेष गरेर सत्ताका लागि धीरशमशेर र उनका १७ भाइ छोराहरूले दिनलाई रात गराउन गरिएको निर्मम हत्या र षड्यन्त्रको यथार्थ तस्वीर उपन्यासमा खिचिएको छ । ...जहाँसम्म ऐतिहासिक तथ्यको कुरा छ, त्यस सम्बन्धमा के भन्न सकिन्छ भने ऐतिहासिक उपन्यासमा तथ्यको भन्दा सत्यको उद्घाटन राम्रोसँग हुनु पर्दछ । ...तर यहाँ जुन किसिमबाट इतिहासद्वारा स्थापित मान्यतालाई आँखा चिम्लेर तोडमोड गरिएको छ त्यसले ऐतिहासिक तथ्यलाई ज्यादै विकृत र दिग्भ्रमित तुल्याएको छ तैपनि त्यस्ता तथ्य पछाडि रहेका रहस्यलाई उद्घाटन गराई दिनमा यो अभ्यास ज्यादै जागरुक रहेको छ । ऐतिहासिक कृतिमा यस्तै यस्तै सत्य प्रकाशनको अपेक्षा गरिन्छ" (पृ.५४-५५) । यस दृष्टिले **सेतो बाघ**मा ऐतिहासिक सत्यको उद्घाटन राम्रोसँग भएको छ भन्न सकिन्छ ।

उप्रेती (२०३५) ले **रूपरेखा** पत्रिकामा प्रकाशित 'प्रसङ्ग **प्रतिबद्ध**को - चर्चा **'वसन्ती'** र **'सेतो बाघ'** समेतको' शीर्षकको लेखमा **सेतो बाघ**का बारेमा आफ्नो मत यस प्रकार प्रस्तुत गरेका छन् "...गगनसिंह र जङ्गबहादुरको कथाले बनेको **वसन्ती** जस्तै जङ्गबहादुरका भाइ शमशेर र छोरा जङ्गखलकका बिचको द्वन्द्वमा **सेतो बाघ**को कथानक बुनिएको छ । **सेतो बाघ**को कथा जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गका जीवन कहानीलाई केन्द्रबिन्दु बनाएर विकसित भएको छ । तिन दशकको कथामा उपन्यासका सबै घटना सीमित भए पनि **सेतो बाघ** एकसय चार वर्षभित्र नेपाली दरबारमा भएका षड्यन्त्र, हत्या र अपराधको औसत रूपको यथार्थ अभिव्यञ्जना हो । ...सत्तादेखि टाढा र निर्धन रहनु परेका कारणले जन्मिएको लघुताभासको ग्रन्थीले ग्रस्त वीरशमशेरलाई हत्या र षड्यन्त्रको विभीषिका रच्ने बनाउँछ भने उता सत्ता र कुलीनताको गुरुताभासी ग्रन्थीले ग्रस्त जगत्जङ्ग आफू भित्रभित्रै सल्केको मनोग्रन्थीको पुरस्कारमा आफ्नै निर्मम हत्या निम्त्याउँछन्" (पृ.१५) ।

घिमिरे (२०३८) ले **अरूणोदय** पत्रिकामा प्रकाशित 'उपन्यासकार डायमनशमशेरसँग लिइएको अन्तरवार्ता' शीर्षक अन्तर्गत **वसन्ती, सेतो बाघ** र **प्रतिबद्ध** उपन्यासहरूको सामान्य चर्चा गरिएको छ ।

पोखरेल (२०३९) ले **जूही** पत्रिकाको 'डायमन शमशेरका उपन्यास' शीर्षकको लेखमा **वसन्ती, सेतो बाघ, प्रतिबद्ध** र **सत्प्रयास** उपन्यासहरूको सामान्य चर्चा गरिएका छन् । उनले **सेतो बाघ** उपन्यासमा "तत्कालिक राजभवनका विशेषताहरू, राणा फूटाउने प्रयास, राणाहरू बिचको मनोमालिन्य, सत्ताका लागि स्वार्थ, हत्या र अन्याय, श्री ५ सँग वैवाहिक सम्बन्ध, दरबारियाहरूको चाकरी, चाप्लुसी, चाटुकारिता र पीपलपाते स्वभाव, शिक्षा र प्रजातन्त्रको विरोध, जनआवाजको दमन, बहुविवाह, दरबारिया अभिव्यक्ति, प्रजातन्त्रको शङ्खघोष, अनुशासनहीनता,

मत्स्यन्याय, प्रेम, बाधा सत्तासङ्घर्ष, गुटबन्दी, विरोधाभास, आदर्श पक्षको दमन र दुर्दशा जस्ता विषयहरू विवेच्य विषयहरू हुन्" (पृ.९४) भनेका छन् ।

प्रधान (२०४०) ले **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि** कृतिको 'आधुनिक नेपाली उपन्यासको विकासक्रम र त्यसको उत्तरार्द्ध चरण' शीर्षक अन्तर्गत **सेतो बाघ** उपन्यासको सामान्य चर्चा गरिएको छ ।

भट्टराई (२०४०) ले **'प्रतिभै प्रतिभा र नेपाली साहित्य'** कृतिमा **वसन्ती, सेतो बाघ, प्रतिबद्ध** र **सत्प्रयास** उपन्यासहरूको सामान्य व्याख्या गरेका छन् । **सेतो बाघ** उपन्यासका बारेमा भट्टराई भन्छन् "**सेतो बाघ**मा जङ्गबहादुर र उनका छोरा जगत्जङ्ग मुख्य चरित्रका रूपमा छन् । उनीहरू माथि शमशेरहरूको विजय कसरी भयो यसले स्पष्ट देखाउँछ" (पृ.३९३) ।

शर्मा (२०४२) ले **उपन्यासकार डायमनशमशेर राणाको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा जीवनी, व्यक्तित्व तथा **वसन्ती, सेतो बाघ, प्रतिबद्ध** र **सत्प्रयास** उपन्यासको विवेचना गरेकी छिन् । उनले **सेतो बाघ** उपन्यासका बारेमा आफ्नो मत यस प्रकार प्रस्तुत गरेकी छिन् "...**सेतो बाघ**मा कल्पना र इतिहास समान्तर रूपमा आएको छ (पृ.५३) । ...इतिहासगत तथ्यहरूको मतभेद धेरै ठाउँमा पाइए तापनि यस उपन्यासमा जुन इतिहास अगाडि बढेको छ त्यस इतिहासलाई नदोहोऱ्याएर यथार्थ घटित इतिहासको पुनरावलोकन भएको छ । सङ्कुचित लिप्सा र त्यसैबाट प्रेरित राजनीतिले यस्तो स्थिति सृजना गऱ्यो जहाँ सत्ताको निम्ति षड्यन्त्रले प्रोत्साहन पाएर भयानक दुर्घटनाहरू आमन्त्रित गरायो । यसमा एउटा व्यक्तिको उदयमा दीपावली मनाइन्छ । त्यसैको हत्या वा विरोधमा पनि त्यति नै हर्सोल्लासका साथ महोत्सव र दीपावली मनाइन्छ । यस्तै यस्तै जोड घटाउको चमत्कारिता र कल्पनाको योगहरू **सेतो बाघ**मा पाइन्छ" (पृ.६२) ।

रेग्मी (२०५४) ले **उपन्याकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा **वसन्ती, सेतो बाघ** र **सत्प्रयास** गरी तिन उपन्यासहरूलाई ऐतिहासिक उपन्यासका रूपमा र **प्रतिबद्ध, अनीता** र **धनको धब्बा** गरी तिन उपन्यासहरूलाई ऐतिहासिक पृष्ठभूमिका सामाजिक राजनैतिक उपन्यासका रूपमा वर्गीकरण गरी विश्लेषण गरेका छन् । रेग्मीले **सेतो बाघ** उपन्यासका बारेमा भन्छन् "...यस उपन्यासमा राणा शासन कालको नेपाली जीवनको यथार्थ चित्रण पाइन्छ । चाकडी, चाप्लुसी गर्न र पीपलपाते चरित्र बनाउन विवश नेपाली जनताको दरिद्रताको कहानी **सेतो बाघ** उपन्यास हो । यसमा सच्चा देशभक्त व्यक्तिको पतन देखाइएको छ भने षड्यन्त्रकारीहरूको उत्थान भएका देखाइएको छ । **सेतो बाघ** उपन्यासले सत्ता प्राप्तिका लागि गोत्रहत्या गर्नसम्म पनि पछि नपर्ने राणा शासनको यथार्थ चित्रण भएको छ । ...यस उपन्यासमा नेपाली जनताको गिरेको आर्थिक अवस्थाको चित्रण गरिएको छ । ...**सेतो बाघ** एक सफल ऐतिहासिक उपन्यासमात्र नभएर तत्कालीन अवस्थाको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक पतनको दर्पणको रूपमा पनि आएको छ" (पृ.८३) ।

गौतम (२०५८) ले 'विभिन्न कोणबाट 'सेतो बाघ' उपन्यासको विश्लेषण : मूल्याङ्कन' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक, भाषिक र कलात्मक कोणबाट **सेतो बाघ** उपन्यासको विश्लेषण गरेकी छन् ।

पोखरेल (२०६०) ले **गरिमा** पत्रिकामा प्रकाशित 'ऐतिहासिक उपन्यासमा कल्पनाको प्रयोग' शीर्षकको लेखमा इतिहास र कल्पनाको प्रयोग भएको सन्दर्भहरूलाई प्रकाश पार्दै **सेतो बाघ** उपन्यासमा प्रशस्त कल्पनाको प्रयोग भए तापनि ऐतिहासिक मर्म माथि न्याय गरिएको कुरा उल्लेख गरेका छन् ।

पोखरेल (२०६०) ले **सिद्धान्त, सिर्जना र समालोचना** कृतिको 'ऐतिहासिक नेपाली उपन्यासको सर्वेक्षण' शीर्षकको लेखमा डायमनशमशेरका अन्य उपन्यासका अतिरिक्त **सेतो बाघ** उपन्यासको बारेमा पनि विवेचना गरेका छन् । **सेतो बाघ** उपन्यासका बारेमा पोखरेल भन्छन् " ...ऐतिहासिक नेपाली उपन्यास लेखनको सबैभन्दा महत्त्वपूर्ण पाइलोको रूपमा डायमनशमशेर राणाको **सेतो बाघ**लाई लिन सकिन्छ । **सेतो बाघ** डायमनशमशेर राणाको उत्कृष्ट उपन्यास त हुँदै हो । यो ऐतिहासिक नेपाली उपन्यास क्षेत्रकै सबैभन्दा सफल उपन्यास पनि हो । जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गलाई केन्द्रबिन्दुमा राखी जङ्ग खलकको पतन र शमशेर खलकको उदयको ऐतिहासिक पृष्ठभूमि र घटनालाई सफल रूपमा उपन्यासमा प्रयोग हुन सक्छ भनेर सिद्ध गर्न सक्ने उपन्यासको रूपमा यो उपन्यासलाई लिन सकिन्छ । धेरै काल्पनिक घटनाक्रम जोडिए पनि **सेतो बाघ** उपन्यासलाई सफल ऐतिहासिक नेपाली उपन्यास भन्नमा कुनै कञ्जुस्याइँ गर्नु पर्दैन किनभने यसले कलात्मक ऐतिहासिक उपन्यास लेख्ने परिपाटीलाई अगाडि सारेको छ" (पृ.३५) ।

प्रधान (२०६१) ले **नेपाली उपन्यास र उपन्यासकार** कृतिमा ऐतिहासिक उपन्यासका बारेमा विवेचना गर्ने क्रममा **सेतो बाघ** उपन्यासको बारेमा पनि सामान्य विवेचना गरेका छन् ।

कोइराला (२०६३) ले **मधुपर्क**मा प्रकाशित 'डायमनशमशेरको औपन्यासिक सफलता' शीर्षकको लेखमा डायमनशमशेरले स्रष्टापरक सफलता, पाठकपरक सफलता र कृतिपरक सफलता प्राप्त गरेको कुरा उल्लेख गर्दै कृतिपरक सफलता अन्तर्गत **वसन्ती, सेतो बाघ, सत्प्रयास, गृहप्रवेश** उपन्यासहरूको विवेचना गरेका छन् ।

विवश (२०६३) ले **मधुपर्क**मा प्रकाशित 'ऐतिहासिक उपन्यास र डायमनशमशेर राणा' शीर्षकको लेखमा **सेतो बाघ** उपन्यासको पनि चर्चा गरेका छन् । **सेतो बाघ** उपन्यासका बारेमा विवश भन्छन् यस (सेतो बाघ) मा जङ्गबहादुर राणाका जेठा छोरा जगत्जङ्गको जेठा छोरा जगत्जङ्को कथा वृत्तान्त समाविष्ट छ । करुणा, माया, प्रेम, शङ्का, षड्यन्त्र, राजनीतिक घटना विवरण आदि प्रसङ्ग यसमा मार्मिक रूपमा उल्लेख छ । ...**सेतो बाघ**ले ऐतिहासिक पृष्ठभूमिमा औपन्यासिक कल्पनाशीलनता र सत्य तथ्यको संयोजित सामञ्जस्य त्यत्तिकै सार्थकरूपमा उद्घाटन गरेको पाउन सकिन्छ ।

सुवेदी (२०६४) ले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** कृतिको परिशिष्ट खण्डमा ऐतिहासिक उपन्यासहरूको चर्चा गर्ने क्रममा डायमनशमशेर राणाका **वसन्ती, सेतो बाघ,**

**सत्प्रयास प्रतिबद्ध** र **अनिता** उपन्यासको सामान्य चर्चा गरेका छन् । **सेतो बाघ** उपन्यासका बारेमा सुवेदी भन्छन् "जङ्गबहादुरको उदयदेखि आरम्भ भएर वीरशमशेरको सत्तारोहणसम्मको समयका उतारचढाव, सत्ता कब्जाका दाउपेच र लुछाचुँडीहरू, दरबारको चार घेराभित्रका षड्यन्त्र र तिनबाट सृजना भएका परिणतिका पहिचानहरू समेतको स्थापना गर्ने पद्धतिका प्रसङ्गहरू उपन्यासले आत्मसात गर्न सकेको छ । लामो समयसम्मको राजनीतिक दाउपेचमा जङ्ग, शाह र शमशेरका तानातानी र उत्थान पतनसम्मका यथातथ्यलाई औपन्यासिक रङ्ग दिएर रचनाको रूप प्रदान गर्ने कामचाहिँ **सेतो बाघ** उपन्यासले गरेको छ" (पृ.५०८) ।

भट्टराई (२०६५) ले **आख्यानकार डायमन** कृतिको **'सेता बाघ**को सिंहावलोकन र मायिक यथार्थवादको पुनर्पठन' शीर्षकको लेखमा **सेतो बाघ** उपन्यासलाई मायिक यथार्थवादको कसीमा राखेर विश्लेषण गरेका छन् ।

भण्डारी (२०६५) ले **आख्यानकार डायमन** कृतिको 'सैद्धान्तिक आधारमा डायमनशमशेरको **सेतो बाघ'** शीर्षकको लेखमा ऐतिहासिक उपन्यासका सन्दर्भमा **सेतो बाघ** उपन्यासको विवेचना गरेका छन् । यस उपन्यासका बारेमा भण्डारी भन्छन्, "...सचेत भएर कलम चलाउने उपन्यासकार डायमनशमशेरको **सेतो बाघ** निश्चय नै उल्लेखनीय कृति हो । इतिहास र उपन्याससँगै राखेर पढ्दा केही तिथिमिति नमिलेका भेटिए पनि समग्रमा ऐतिहासिक तथ्यलाई कलात्मक संयोजन गरी जनमानसमा पुऱ्याउन उपन्यासकार सफल भएका छन्" (पृ.११७) ।

खतिवडा (२०६५) ले **आख्यानकार डायमन** कृतिको 'सेतो बाघभित्रको रायपाटे बाघ' शीर्षकको लेखमा भन्छन्, "...**सेतो बाघ**ले जङ्गबहादुरको शासनकाल कस्तो थियो, सामाजिक चेतना कस्तो थियो, जनताको आय-आम्दानी कस्तो थियो, राजनीति कस्तो थियो, यावत् पक्षलाई उजागर गरेको छ । यी सबै कुराको आधारमा समाजको सामाजिक चेतना, उत्पादनको प्रक्रियादेखि राज्यसत्ताको मूल चरित्र के थियो भन्ने कुरा छर्लङ्ग पार्दछ" (पृ.२०७) ।

पोखरेल (२०६५) ले **आख्यानकार डायमन** कृतिको 'डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास : कल्पनाको प्रयोग र इतिहासको रक्षाको प्रश्नका सन्दर्भमा' शीर्षकको लेखमा **सेतो बाघ** उपन्यासमा प्रयुक्त ऐतिहासिक र काल्पनिक पक्षको विवेचना गरिएको छन् ।

पोखरेल (२०६५) ले **डायमनशमशेर राणाका उपन्यासमा ऐतिहासिक तत्त्व** शीर्षकको अप्रकाशित पीएच्.डी. शोधपत्रमा डायमनशमशेर राणाका सात वटा औपन्यासिक कृतिहरूमध्ये **वसन्ती, सेतो बाघ, सत्प्रयास** र **गृहप्रवेश**लाई ऐतिहासिक उपन्यासको कोटिमा र अन्य **प्रतिबद्ध, अनिता** र **धनको धब्बा** जस्ता उपन्यासहरूलाई सामाजिक राजनैतिक उपन्यासका कोटिमा राखी अध्ययन-विश्लेषण गरेका छन् । उनले **सेतो बाघ** उपन्यासको कथावस्तुमा भएको ऐतिहासिक घटनाहरू, काल्पनिक घटनाहरू, विचलन भएका ऐतिहासिक घटनाहरू र स्वाभाविक तथा अस्वाभाविक घटनाहरूको पनि उल्लेख गरेका छन् ।

वराल र एटम (२०६६) ले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** कृतिको 'ऐतिहासिक यथार्थवादी धारा' शीर्षक अन्तर्गत डायमनशमशेर राणालाई ऐतिहासिक यथार्थवादी धाराका रूपमा

प्रस्तुत गर्दै उनका **वसन्ती, सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास** र **अनिता** उपन्यासहरूको सामान्य चर्चा गरेका छन् ।

राई (२०६७) ले **नेपाली उपन्यासका आधारहरू** कृतिमा डायमनशमशेर राणाका **वसन्ती** र **सेतो बाघ** उपन्यासका बारेमा समालोचकीय धारणा प्रस्तुत गरेका छन् । **सेतो बाघ** उपन्यासका बारेमा राई भन्छन् **"सेतो बाघ**मा अतीव घत पार्ने छ उपन्यासकारको दरबारी राजनीतिक व्यावहारिक प्रौढता । ...जङ्गबहादुरको तातो फलामको व्यक्तित्व र जगत्जङ्गको घमैलो रवाफ बेस अङ्कित छ, वीरशमशेरको आर्थिक दैन्य राम्रो चित्रित छ, अन्य स्त्री पुरुषहरू ऐतिहासिक भएरै चिनिन्छन्, उपन्यासमा पुनजीर्वित चरित्रहरू भएनन् । यसको एक कारण उपन्यासकारको रुचि बढ्ता कथा नै कहनतिर, कथालाई सोझ्याउनतिर र कथामा पर्ने मसिना बेहोरा नछोड्नतिर भएकाले छ । **वसन्ती**को दाँजामा प्रौढता लेखकको आफूले पढेका साहित्यिक सिद्धान्तहरूको प्रयुक्तिको त्यजनमा छ, ऐतिहासिक आख्यानमा जुन छ त्यही पर्याप्त मानेकोमा छ" (पृ.१०२) ।

अर्याल (२०६९) ले **डायमन शमशेर : चिन्तन र चित्रण** कृतिको **'सेतो बाघ** : सङ्क्षिप्त अध्ययन' शीर्षकको लेखमा **सेतो बाघ** उपन्यासको विषयवस्तु, द्वन्द्व, उपन्यासमा चित्रित चरित्र र समाज र उद्देश्यको विश्लेषण गरेका छन् । **सेतो बाघ** उपन्यासको बारेमा भन्छन् "...**सेतो बाघ** विकराल ऐतिहासिक घटनाको रोचक वर्णन भएको कृति हो । दृष्टभुक्त यथार्थ भन्दा सुनाइ, सम्झाइ र पढाइका सहाराले रचना भएको यस **सेतो बाघ** उपन्यासमा लेखक राणा र विषयवस्तु भएका राणाहरूको जुन प्रकारको चारित्रिक व्यवहारको अन्तर्विरोध हुन्छ, त्यसले विश्वसनीयतालाई गुमाएको छैन । **सेतो बाघ** ऐतिहासिक यथार्थतामा आधारित सशक्त उपन्यास हो" (पृ.१९) ।

पन्त (२०६९) ले **डायमन शमशेर : चिन्तन र चित्रण** कृतिको 'नेपाली ऐतिहासिक उपन्यासको परम्परा र उपन्यासकार डायमनशमशेर राणा' शीर्षकको लेखमा **सेतो बाघ** उपन्यासका बारेमा पनि विश्लेषण गरेका छन् । उनले **सेतो बाघ**का बारेमा भन्छन्, "यस (**सेतो बाघ**) मा माया, प्रेम, करुणा, षड्यन्त्र, शङ्का, इतिहास, राजनीति, द्वन्द्वजस्ता भाव र व्यवहारसित सम्बद्ध विभिन्न पक्षको मार्मिक प्रस्तुति छ । ...जङ्गबहादुरले आफ्नो शेषपछि प्रधानमन्त्रीजस्तो देशको शक्तिशाली पदमा भाइहरूको रोलक्रम निर्दिष्ट गरेको, दरबार र समाजमा हत्या, हिंसा र अत्याचारको शृङ्खलामा वृद्धि भएको, हजारौं देवालय, चैत्य र सांस्कृतिक धरोहर रहेको काठमाडौं उपत्यकाका दुर्गन्धबाट महामारी फैलिएको, सतीप्रथा, दासप्रथा, भूतप्रेत र बोक्सीको त्रास, गरिबी, अभावजस्ता अनेकौं विसङ्गतिले ग्रस्त निम्न वर्ग र जालझेल, हत्या, हिंसा, अविश्वासको वातावरणमा रुमलिएको दरबारिया जीवन लगायतका कुराको प्रभावकारी बयान पाइन्छ । ...**सेतो बाघ** उपन्यास ऐतिहासिक पृष्ठभूमिमा औपन्यासिक कल्पनाशीलता र वास्तविक घटनाको समिश्रणबाट तयार पारिएको उपन्यास हो" (पृ.१६५) ।

उपर्युक्त पूर्वकार्यहरूबाट **सेतो बाघ** उपन्यासमा ऐतिहासिक पक्षको प्रत्यक्ष अप्रत्यक्ष रूपमा चर्चा भएको छ । कमल दीक्षित, प्रतापचन्द्र प्रधान, घटराज भट्टराई, ज्ञानेन्द्र विवश, कुलप्रसाद कोइराला, नवराज खतिवडा आदिले **सेतो बाघ** उपन्यासका बारेमा सामान्य चर्चा गरेका छन् । नयनराज पन्त, दिनेशराज पन्त र चित्तरञ्जन नेपालीले **सेतो बाघ** उपन्यासलाई इतिहासका

कोणबाट टिप्पणी गरेका छन् भने कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, इन्द्रबहादुर राई, राजेन्द्र सुवेदी, कृष्णहरि बराल र नेत्र एटम, गङ्गाप्रसाद उप्रेती, कुसुम शर्मा, भोलानाथ रेग्मी, समिना गौतम, टीकाराम पोखरेल, गोविन्दराज भट्टराई, दुर्गाप्रसाद अर्याल, नयराज पन्तहरूले ऐतिहासिक उपन्यासको कोणबाट **सेतो बाघ** उपन्यासको विश्लेषण गरेका छन् । टीकाराम पोखरेलले **डायमनशमशेरका उपन्यासमा ऐतिहासिक तत्त्व** शीर्षकको पिएच्. डी. शोधपत्रमा **सेतो बाघ** उपन्यासका कथावस्तुमा पनि ऐतिहासिकता, काल्पनिकता, ऐतिहासिक घटनाहरूको विचलन, स्वाभाविक र अस्वाभाविक घटनाहरूको खोजी गरेका छन् । तर **सेतो बाघ** उपन्यासको कथावस्तुका अतिरिक्त चरित्र चित्रण, परिवेशमा पनि ऐतिहासिकताको खोजि गर्न सकिन्छ । यसरी हेर्दा **सेतो बाघ** उपन्यासमा ऐतिहासिकताको विश्लेषण अपूर्ण देखिन्छ । यसर्थ यही शीर्षकमा केन्द्रीत रही यस शोध पत्रमा प्राज्ञिक अध्ययन विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य

डायमनशमशेर राणाका सात वटा उपन्यासहरू मध्ये **सेतो बाघ** एक सफल ऐतिहासिक उपन्यास हो । यस उपन्यासका बारेमा विभिन्न शोधपत्र, टिप्पणी, समीक्षात्मक लेखहरू पनि लेखिएका छन् तर **सेतो बाघ उपन्यासमा ऐतिहासिकता** भन्ने शीर्षकमा केन्द्रित रही प्राज्ञिक अध्ययन विश्लेषण हुन बाँकी रहेको छ । यसर्थ यही शीर्षकमा केन्द्रित रही प्राज्ञिक अध्ययन विश्लेषण गर्नु स्वयम्मा औचित्यपूर्ण छ ।

## १.६ शोधको सीमा

प्रस्तुत शोधपत्रमा डायमनशमशेर राणाका सात वटा औपन्यासिक कृतिहरू मध्ये **सेतो बाघ उपन्यासमा ऐतिहासिकता**को प्राज्ञिक अध्ययन विश्लेषण गरिएको छ । यस उपन्यासको कथावस्तु, चरित्र चित्रण र परिवेशमा ऐतिहासिकता र काल्पनिकताको प्रकाश पार्नु नै यस शोधपत्रको सीमा हो ।

## १.७ शोध विधि

शोध विधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा पर्दछन् । प्रस्तुत शोधपत्रमा यिनै दुई विधिको प्रयोग गरिएको छ जसलाई निम्नानुसार देखाइएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको समस्या कथनमा उठेका समस्याहरूको समाधानका लागि पुस्तकालीय अध्ययन कार्यबाट सामग्री सङ्कलन गरिएको छ । **सेतो बाघ** उपन्यास प्रस्तुत शोधको आधारभूत सामग्रीका रूपमा उपयोग गरिएको छ भने उपन्यासमा ऐतिहासिकता विश्लेषणमा सैद्धान्तिक र अवधारणात्मक सन्दर्भ, **सेतो बाघ** उपन्यासका बारेमा अध्ययन अनुसन्धान गरिएका सम्पूर्ण पूर्वकार्यहरू प्रस्तुत शोधमा सन्दर्भ सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधका समस्याको समाधानका लागि इतिहास सिद्धान्त र आख्यान सिद्धान्तको अन्तर्विषयक समन्वय गरी त्यसबाट उपन्यासमा ऐतिहासिकता विश्लेषणको अवधारणा निर्माण गरिएको छ र त्यसैका आधारमा तथ्यहरूको विश्लेषण गरिएको छ । त्यसैले प्रस्तुत शोधका लागि सङ्कलित सामग्री विश्लेषणको मूल आधार उपन्यास सिद्धान्त र इतिहास सिद्धान्त हो । उक्त दुई सिद्धान्तको समन्वयबाट अवधारणाका रूपमा उपन्यासमा ऐतिहासिकता विश्लेषणको निम्न लिखित ढाँचा तयार गरिएको छ :

समस्या 'क' को समाधानका लागि निम्न लिखित अवधारणात्मक ढाँचाको प्रयोग गरिएको छ :

१. **सेतो बाघ** उपन्यासको ऐतिहासिक पृष्ठभूमि

२. **सेतो बाघ** उपन्यासको कथावस्तु

३. **सेतो बाघ** उपन्यासको कथावस्तुमा ऐतिहासिकता

४. **सेतो बाघ** उपन्यासको कथावस्तुमा ऐतिहासिक तथ्यमाथि विचलन

५. **सेतो बाघ** उपन्यासमा प्रयुक्त काल्पनिक घटनाहरू

समस्या 'ख' को समाधानका लागि निम्न लिखित अवधारणात्मक ढाँचाको प्रयोग गरिएको छ :

१. विषय परिचय

२. **सेतो बाघ** उपन्यासको चरित्र चित्रणमा ऐतिहासिकता

२.१ ऐतिहासिक पात्र

२.२ काल्पनिक पात्र

३. निष्कर्ष

समस्या 'ग' को समाधानका लागि निम्न लिखित अवधारणात्मक ढाँचाको प्रयोग गरिएको छ :

१. विषय परिचय

२. **सेतो बाघ** उपन्यासको परिवेशमा ऐतिहासिकता

२.१ बाह्य परिवेश

२.२ आन्तरिक परिवेश

३. निष्कर्ष

प्रस्तुत शोधको समस्या समाधानका लागि सङ्कलित सामग्रीहरूको अध्ययन विश्लेषणमा विश्लेषणात्मक, वर्णनात्मक र तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोध पत्रको संरचनालाई सन्तुलित र व्यवस्थित रूप दिनका लागि छ वटा परिच्छेदमा विभाजन गरिएको छ । यस बाहेक अध्ययनको क्रममा आवश्यकता अनुसार उक्त परिच्छेदहरूमा थप उपशीर्षकहरूको समेत व्यवस्था गरी अध्ययन गरिएको छ । यस शोधपत्रको प्रमुख परिच्छेदहरू निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : उपन्यासमा ऐतिहासिकता विश्लेषणका आधारहरू

तेस्रो परिच्छेद : **सेतो बाघ** उपन्यासको कथावस्तुमा ऐतिहासिकता

चौथो परिच्छेद : **सेतो बाघ** उपन्यासको चरित्र चित्रणमा ऐतिहासिकता

पाँचौँ परिच्छेद : **सेतो बाघ** उपन्यासको परिवेशमा ऐतिहासिकता

छैटौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

## १.९ सन्दर्भ सामग्री सूची

प्रस्तुत शोध पत्र तयार गर्ने क्रममा प्रयोगमा आएका सम्पूर्ण सामग्रीहरूलाई यस शोध पत्रको अन्त्यमा राखिएको छ ।

## दोस्रो परिच्छेद

# उपन्यासमा ऐतिहासिकता विश्लेषणका आधारहरू

## २.१ विषय परिचय

सैद्धान्तिक आधार विना कुनै पनि कार्यले अपेक्षाकृत सफलता प्राप्त गर्न नसक्ने हुँदा यस परिच्छेदमा उपन्यासमा ऐतिहासिकता विश्लेषणका आधारहरूको चर्चा गरिएको छ । यस परिच्छेदमा क्रमशः ऐतिहासिक उपन्यासको परिचय र परिभाषा, इतिहास र उपन्यासकाका बिचको सम्बन्ध, इतिहासको औपन्यासिकीकरण, उपन्यासका तत्त्वहरूमा ऐतिहासिकता भन्ने शीर्षकमा चर्चा गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २.२ ऐतिहासिक उपन्यासको परिचय

इतिहास+इक र उपन्यास शब्दहरूको मेलबाट नै 'ऐतिहासिक उपन्यास' पदावली बनेको हो । 'उपन्यास' तत्सम शब्द हो । उपन्यास शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्' प्रत्यय लागेर बनेको हो । 'अस्' धातुको अर्थ राख्नु भन्ने हुन्छ भने 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने अर्थ निष्पन्न हुन्छ (बराल र एटम, २०६६ : ३) ।

इतिहासका प्रख्यात घटना, पात्र, परिवेशलाई ग्रहण गरी कलात्मक प्रतिभाद्वारा औपन्यासिक कलाको कसीमा ढालेर लेखिएको उपन्यास नै ऐतिहासिक उपन्यास हो । यस प्रकारको उपन्यासमा मूलतः ऐतिहासिक विषयवस्तु, पात्र, परिवेशको उपस्थिति रहेको हुन्छ । ऐतिहासिक उपन्यासको सिर्जना गर्दा उपन्यासकारलाई कल्पनाको प्रयोग गर्ने छुट रहेको हुन्छ तर यसो गर्दा इतिहासद्वारा स्वीकृत सामग्रीलाई विकृत हुने किसिमले कल्पनाको प्रयोग गरिनु हुँदैन । ऐतिहासिक उपन्यासमा कल्पनाको सन्तुलित प्रयोग हुनु पर्दछ जसले गर्दा तथ्य र कलाको संयोजन भई ऐतिहासिक तथ्यहरूले सुन्दरता, कलात्मकता, जीवन्तता, मौलिकता, अमरता प्राप्त गर्दछ । सुवेदी (२०६४) ले इतिहासका कच्चा पदार्थले औपन्यासिक स्वरूप प्राप्त गर्न इतिहासका जुनसुकै खण्डमा आधारित उपन्यास भए पनि वस्तुमा अलिकति प्रस्तुतिगत रूपान्तरण, अलिकति वस्तु स्थापनाको विचलन, अलिकति शिल्पविन्यासको नवीनता, अलिकति भाषिक काव्यात्मकता आवश्यकता पर्ने (पृ.५०५) मत प्रस्तुत गरेका छन् । ऐतिहासिक उपन्यास रचनाको लागि उपन्यासकारलाई एकातर्फ इतिहास सम्बन्धी विशद् ज्ञान हुनु पर्दछ भने अर्कोतर्फ ऐतिहासिक औपन्यासिक कलाको पनि ज्ञान हुनु पर्दछ तब मात्र इतिहास तत्त्व र उपन्यास कलाको सन्तुलित संयोजन भई सफल ऐतिहासिक उपन्यास बन्दछ । आफूले सुनेका एकाध किंवदन्तिका आधारमा ऐतिहासिक उपन्यास लेख्नु दुरुह कार्य हो भन्दै शर्मा (२०४२) ले भूतसित वर्तमानको समन्वय गरी भविश्य निर्माणका लागि उपन्यासकारलाई इतिहास सम्बन्धी विशेष अभिरुचि र जानकारी हुनु पर्ने (पृ.२६) मत व्यक्त गरेकी छन् । ऐतिहासिक उपन्यास लेख्ने उपन्यासकारमा इतिहास ज्ञान हुनु पर्दछ भन्ने मत प्रस्तुत गर्दै पोखरेल (२०६८) ले "ऐतिहासिक उपन्यास भनेको इतिहासको पुनः

सिर्जन हो । ऐतिहासिक उपन्यासले इतिहासले अन्याय गरेका पात्रलाई न्याय दिन सक्दछ र इतिहासले गरेको गल्ती सच्याउन वा नदोऱ्याउनका लागि वर्तमानलाई प्रेरणा दिन सक्दछ" (पृ.४५) भन्दछन् ।

ऐतिहासिक उपन्यासकारले जुनसुकै काल खण्डका ऐतिहासिक घटनाहरूलाई उपन्यासको कच्चा पदार्थका रूपमा ग्रहण गरे तापनि ती ऐतिहासिक तथ्यहरूलाई औपन्यासिक कलात्मकता भित्र मौलिकता, सत्यता तथा विश्वासनीयताका साथ संयोजन गर्नु पर्दछ । तब मात्र सफल ऐतिहासिक उपन्यास बन्दछ । अन्यथा ऐतिहासिक सामग्रीको स्तरहीन प्रस्तुति मात्र बन्दछ ।

## २.३ ऐतिहासिक उपन्यासको परिभाषा

ऐतिहासिक उपन्यासका बारेमा अध्ययन विश्लेषण गर्ने क्रममा विभिन्न समालोचक, विद्वान् तथा अध्येताहरूले विभिन्न कृति, लेख, शोध ग्रन्थमा आ-आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । ती धारणाहरूलाई यहाँ परिभाषाका रूपमा निम्नानुसार देखाई ऐतिहासिक उपन्यासका बारेमा अझ स्पष्ट पार्ने प्रयत्न गरिएको छ :

प्रधान (२०६१) ले ऐतिहासिक उपन्यासका बारेमा चिन्तन गर्दै "ऐतिहासिक उपन्यास इतिहास नभई इतिहासका औपन्यासिक घटनाहरूको पुनरावलोकन र पुर्नव्याख्या हो" (पृ.१३३) भनेका छन् । प्रधानको उपर्युक्त ऐतिहासिक उपन्यास सम्बन्धी परिभाषालाई समीक्षा गर्दा उनले तीन वटा बुँदामा जोड दिएका छन् :

(१) ऐतिहासिक उपन्यास इतिहास होइन ।

(२) ऐतिहासिक उपन्यास इतिहासका घटनाहरूको पुनरावलोकन हो ।

(३) ऐतिहासिक उपन्यास इतिहासका घटनाहरूको पुर्नव्याख्या हो ।

ऐतिहासिक उपन्यास इतिहास होइन भन्नुको तात्पर्य ऐतिहासिक उपन्यास साहित्यिक कृति भएका हुनाले यसमा कलात्मक, मौलिकता, सरसता हुन्छ र इतिहास साहित्येतर विधा भएका हुनाले यसमा उपर्युक्त विशेषता हुँदैन भनी देखाउनु हो । ऐतिहासिक उपन्यासमा ऐतिहासिक घटनाहरूको पुनरावलोकन र पुर्नव्याख्या हुन्छ ।

राई (२०६७) ले ऐतिहासिक उपन्यासका बारेमा चिन्तन गर्दै भन्छन् :

> ऐतिहासिक उपन्यास ऐतिहासिक यथार्थ पक्रेर उभिएको हुन्छ । ऐतिहासिक चरित्र, परिवेश, घटनाका यथार्थहरू सश्रम सङ्ग्रह गरिएका र चुनिएका हन्छन् । ऐतिहासिक यथार्थ ऐतिहासिक उपन्यासकारको मूल माटो हो । ती अङ्कित गर्दा ऐतिहासिक उपन्यासकारले प्रायशः तीप्रति न्याय गर्न खोज्छन् । स्पष्टतः यो न्याय उपन्यासकारको धारणासम्भूत न्याय हुन्छ (पृ.८८) ।

उपर्युक्त राईका धारणा अनुसार ऐतिहासिक उपन्यास ऐतिहासिक घटना, चरित्र, परिवेशको यथार्थलाई पक्रेर रचना गरिएको हुन्छ । उपन्यासकारले ऐतिहासिक यथार्थलाई उपन्यासमा

देखाउँदा इतिहास नमर्ने गरी देखाउँछ । यो नै ऐतिहासिक उपन्यासकारले ऐतिहासिक तथ्यको कलात्मक प्रस्तुतिप्रति देखाएको न्याय हो, कतर्व्य हो ।

न्यौपाने र पाण्डेद्वारा सम्पादित कृतिमा डायमनशमशेर राणा (२०६५) द्वारा प्रस्तुत गरिएको ऐतिहासिक उपन्यासको परिभाषालाई यस प्रकार प्रस्तुत गरेका छन् : "मौलिकता तथा सत्यताका साथ इतिहासको साहित्यिक रूपान्तरण नै ऐतिहासिक उपन्यास हो" (पृ.११३) ।

राणाले उपर्युक्त परिभाषामा इतिहासका कच्चा पदार्थरूपी घटना, पात्र, परिवेश आदिलाई उपन्यासकारले आफ्नो औपन्यासिक कलात्मक प्रतिभाद्वारा औपन्यासिक रूपान्तरण गर्नु ऐतिहासिक उपन्यास हो जसमा उपन्यासकारको मौलिकता र ऐतिहासिक सत्यता हुने मत प्रस्तुत गरेका छन् ।

बराल र एटम (२०६६) ले ऐतिहासिक उपन्यासका बारेमा यस्तो मत प्रस्तुत गरेका छन् : "ऐतिहासिक उपन्यासमा इतिहासको कुनै महत्त्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्र चित्रणका साथै सोही अनुसारको देशकाल र वातावरणको सिर्जना गरिन्छ" (पृ.४९) ।

उपर्युक्त परिभाषालाई विश्लेषण गरी हेर्दा समालोचक द्वयले ऐतिहासिक उपन्यासमा इतिहासका प्रख्यात तथा महत्त्वपूर्ण कालखण्ड, घटना, वीरपुरुषको चरित्रचित्रण हुने र सोही अनुसारका परिवेशको पनि उपन्यासकारद्वारा सीर्जना हुने कुरामा जोड दिएका छन् ।

प्रधान (२०४०) का अनुसार "ऐतिहासिक उपन्यासका घटना काल्पनिक अधिक नभई ऐतिहासिक सत्यानुरूपकै हुन्छन् । यस दृष्टिले इतिहास घटनाक्रमको एउटा आवृति हो भने ऐतिहासिक उपन्यास त्यसैको पुनरावृत्ति हो" (पृ.६३) ।

यस परिभाषाले ऐतिहासिक उपन्यासमा कल्पनाको प्रयोग बढी नभई ऐतिहासिक सत्यानुरूप हुनु पर्नेमा जोड दिएको छ । यसको तात्पर्य हो- कल्पना र इतिहासको सन्तुलित संयोजन हुनु पर्ने । इतिहासको पुनरावृत्ति नै ऐतिहासिक उपन्यास हो ।

शर्मा (२०४२) ले आफ्नो स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा ऐतिहासिक उपन्यासका बारेमा यस प्रकारको धारणा प्रस्तुत गरेकी छिन् : "ऐतिहासिक घटना वा समस्यालाई आत्मसात् गर्दै विगतका विशिष्ट पानालाई र तिनको जीवनको विशिष्ट बिन्दु विशेषलाई समातेर सम्बन्धित सामाजिक, सांस्कृतिक उत्थान पतन र निर्माण र संहारको विशिष्ट आस्वाद चखाउने प्रवृति र वैशिष्ट्य भएका उपन्यास ऐतिहासिक उपन्यास मानिन्छन्" (पृ.३२) ।

यस परिभाषा अनुसार शर्माले ऐतिहासिक उपन्यास इतिहासका विशिष्ट तथा महत्त्वपूर्ण घटना, पात्रलाई समातेर रचना गरिने कुरामा जोड दिएकी छन् । यस किसिमको उपन्यासले पाठक वर्गलाई तत्कालीन सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक आदि पक्षको उत्थान पतन र निर्माण र संहारको विशेष किसिमको ज्ञान तथा रसानुभूति दिने शर्माको मत रहेको छ ।

रेग्मी (२०५४) ले पनि आफ्नो स्नातकोत्तर अप्रकाशित शोधपत्रमा ऐतिहासिक उपन्यास सम्बन्धी यस प्रकारको मत प्रस्तुत गरेका छन् : "ऐतिहासिक पात्र, घटना, वा समस्यालाई

आत्मसात् गरेर तत्कालीन समयको सामाजिक, सांस्कृतिक उत्थान वा पतनको चित्रण गरी कल्पना र सत्यको मिलनबाट लेखिएको उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ" (पृ.३२) ।

यस परिभाषालाई विश्लेषण गरी हेर्दा शर्मा (२०४२) को परिभाषासँग मेल खान्छ तर रेग्मीले ऐतिहासिक उपन्यासमा कल्पना र सत्यको सन्तुलित संयोजन हुने कुरामा थप जोड दिएका छन् ।

पोखरेल (२०६८) ले ऐतिहासिक उपन्यासको परिभाषा यस प्रकार दिएका छन् : "इतिहासका रूपमा स्वीकार गरिएका घटना वा पात्रलाई ऐतिहासिक परिवेशमै औपन्यासिक ढाँचामा प्रस्तुत गरिएको सामग्रीलाई ऐतिहासिक उपन्यास भनिन्छ" (पृ.५०) ।

यस परिभाषामा पोखरेलले ऐतिहासिक उपन्यासका घटना वा पात्र इतिहासले स्वीकार गरेको हुनु पर्नेमा विशेष जोड दिएका छन् र यस्ता घटना वा पात्रलाई ऐतिहासिक परिवेशमै देखाई औपन्यासिक स्वरूप प्रदान गरिएको उपन्यास नै ऐतिहासिक उपन्यास हो ।

उपर्युक्त परिभाषाहरूबाट के निष्कर्ष निकाल्न सकिन्छ भने ऐतिहासिक घटना, पात्र, परिवेशलाई उपन्यासको कच्चा पदार्थको रूपमा ग्रहण गरी औपन्यासिक कलाको साँचोमा राखेर ऐतिहासिक तथ्य विकृत नहुने गरी उपन्यासकारले आफ्नो कलात्मक प्रतिभाद्वारा कलात्मकता, मौलिकता, जीवन्तता, अमरता प्रदान गर्नु नै ऐतिहासिक उपन्यास हो जसमा ऐतिहासिक तत्त्व र औपन्यासिक कलाको सन्तुलित संयोजन हुन्छ ।

## २.४ उपन्यास र इतिहासको सम्बन्ध

साहित्यका विभिन्न विधाहरू छन् । ती विधाहरू मध्ये उपन्यास पनि साहित्यको एउटा विधा हो । जुन आख्यानात्मक विधा अन्तर्गत पर्दछ भने इतिहास साहित्येतर विधा हो । यसरी साहित्यिक विधा उपन्यास र साहित्येतर विधा इतिहास बिच के कस्तो सम्बन्ध वा असमानता र समानता रहेको छ भन्ने कुरा यहाँ देखाइएको छ । यस बारे तलको उपशीर्षकहरूमा चर्चा गरिएको छ :

### २.४.१ उपन्यास र इतिहासबिचको असमानता

पोखरेल (२०६८) ले उपन्यास र इतिहास बिच असमानता यस प्रकार देखाएका छन् :

> उपन्यासको क्षेत्र विस्तृत हुन्छ भने इतिहासको क्षेत्र सीमित हुन्छ । उपन्यासका लागि नियमको बन्धन खुकुलो हुन्छ भने इतिहासको लागि नियमको बन्धन कठोर हुन्छ । उपन्यासमा कल्पनाको स्थान रहन्छ भने इतिहासमा कल्पनाको स्थान रहन्न । उपन्यासमा भूत, भविष्य र वर्तमान तीनै कालको वर्णन हुन सक्छ भने इतिहासमा भूतकालको मात्र वर्णन हुन्छ । उपन्यासमा व्यक्ति महत्त्वपूर्ण हुनसक्छ भने इतिहासमा व्यक्ति महत्त्वपूर्ण हुँदैन । उपन्यासमा खण्डित घटनालाई कल्पनाद्वारा जोड्न सकिन्छ भने इतिहासमा खण्डित घटनालाई विना तथ्य जोड्न सकिन्न । उपन्यासमा अन्तरङ्ग चित्रण संभव हुन्छ भने इतिहास मानिसको बाह्य चित्रण मात्र संभव छ । उपन्यासमा हृदयद्वारा

प्रसारित भावनाको उद्घाटन हुन्छ अर्थात भावनालाई प्रश्रय दिइन्छ भने इतिहासमा बुद्धिद्वारा नियन्त्रित सत्यको उद्घाटन हुन्छ अर्थात बुद्धिलाई प्रश्रय दिइन्छ । उपन्यासमा सार्वजनिक सत्य हुन्छ भने इतिहासमा आफ्नै परिधिमा मात्र सत्य हुन्छ । उपन्यासमा आलाङ्कारिक भाषाको प्रयोग हुन्छ भने इतिहासमा रुखो भाषाको प्रयोग हुन्छ । उपन्यासमा लेखक स्वतन्त्र हुन्छ भने इतिहासमा लेखक बन्धनमा हुन्छ (पृ.६६) ।

उपन्यास र इतिहास बिचका केही असमानतालाई निम्न लिखित बुँदामा देखाइएको छ :

(१) इतिहास साहित्येतर विधा भएकाले यसमा सरल, बोधगम्य भाषाको प्रयोग हुन्छ भने उपन्यास साहित्यिक विधा भएकाले यसमा विषयवस्तुको भावपूर्ण तथा घतलाग्दो प्रस्तुति हुन्छ । यसका साथै भाषाको आलङ्कारिक तथा प्रतीकात्मक प्रयोग पनि उपन्यासमा  हुन्छ ।

(२) इतिहास विगतका घटनाहरूको कालक्रमिक सङ्ग्रह हो । तसर्थ इतिहासमा भावना भन्दा बुद्धिको आवश्यकता पर्दछ भने उपन्यास भावनाकै छत्रछायामा हुर्केको हुन्छ ।

(३) इतिहासमा जे भएको थियो त्यो तथ्यपरक रूपले प्रतिविम्बन भएको हुनाले नीरस, अरुचिकर हुन्छ भने उपन्यास बनाइएको वा मानव निर्मित भाषिक कला भएकाले रोचकता, सरसता, कलात्मकता, जीवन्नता हुन्छ ।

(४) इतिहासमा घटना र पात्र प्रामाणिक नै हुन्छ । यसमा वर्णित देशकाल, परिस्थिति, घटना र पात्रको नामप्रति इतिहासकार इमानदारीपूर्वक सचेत रहेको हुन्छ भने ऐतिहासिक उपन्यासमा चाहिँ उपन्यासकारले घटना प्रस्तुतीकरणका लागि मानवीय सत्यको उद्घाटन गर्ने धृष्टता देखाएको हुन्छ । यसर्थ इतिहास तथ्यगत सत्यमा आधारित हुन्छ भने ऐतिहासिक उपन्यास चाहिँ भावनागत सत्यमा आधारित हुन्छ (प्रधान, २०४० : ६३) ।

(५) इतिहासकारले विगतका सबै कुरालाई कोट्याएर जनमानस सामु प्रस्तुत गर्दछ । इतिहासकारले कुनै पनि युग र समाजको घटित सत्यको तिथिमिति सहित वफादारी पूर्वक प्रस्तुत गर्दछ भने उपन्यासकारले ती सत्यभित्र पसेर वास्तविकतालाई अँगाल्दै र कल्पनाको बाटो हुँदै आन्तरिक सत्यमाथि प्रकाश पार्दछ ।

(६) इतिहास स्वनिर्मित हुन्छ भने उपन्यास मानव निर्मित हुन्छ ।

(७) इतिहासको पात्रहरूका अन्तरङ्ग चित्रण गरिएको हुँदैन तर उपन्यासमा आएका ती सबै पात्रहरूका अन्तरङ्ग चित्रण गरिएको हुन्छ । उपन्यासकारले ती पात्रहरूका मनोविज्ञानको कुशलता पूर्वक चिरफार गरेका हुन्छन् ।

(८) इतिहासमा वातावरणको सजावट, लवाइ खवाइ र जीवनशैलीको सामान्य वर्णन हुन्छ भने उपन्यासमा प्रत्यक्ष र जीवन्त वर्णन हुन्छ ।

(९) इतिहासका घटनाहरू विशृङ्खलित हुन्छन् भने उपन्यासका कथावस्तु कार्यकारण शृङ्खलामा आबद्ध हुन्छन् आदि ।

उपन्यास र इतिहास बिच यति धेरै असमानता देखिनु स्वाभाविक हो किनभने उपन्यास साहित्यिक विधा हो भने इतिहास साहित्येतर विधा । तर यति हँदा हुँदै पनि यी दुई बिचका अन्तर्सम्बन्ध रहने कुरालाई नकार्न भने सकिँदैन । यी दुई बिचको अन्तर्सम्बन्धलाई तलको शीर्षकमा प्रस्तुत गरिएको छ ।

## २.४.२ उपन्यास र इतिहास बिचको समानता

उपन्यासकारले उपन्यासको विषयवस्तुको छनोट गर्दा विभिन्न स्रोतबाट छनोट गरेका हुन्छन् । त्यस्ता स्रोतबाट प्राप्त कच्चा पदार्थलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी साहित्यिक प्रतिभाद्वारा कलात्मकता, सरसता, जीवन्तता प्रदान गर्दछन् । अझ ऐतिहासिक उपन्यासका लागि त इतिहास नै मुख्य स्रोत हो । ऐतिहासिक उपन्यासमा इतिहासको अपरिहार्यता हुन्छ । त्यसैले त इतिहास विना ऐतिहासिक उपन्यासको परिकल्पना गर्न सकिँदैन । इतिहासका विशृङ्खलित स्थितिलाई उपन्यासले शृङ्खलाबद्ध गर्दछ । इतिहासका सामग्रीले ऐतिहासिक उपन्यासका लागि पोषक तत्त्व प्रदान गर्दछ । यसर्थ यी दुईको अन्योन्याश्रित सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

प्रधान (२०३७) ले "साहित्य भन्दा इतिहास अवश्य जेठो छ, इतिहास स्वनिर्मित हुन्छ, साहित्य मानव निर्मित । त्यसैले मानिस जन्मनु भन्दा अगाडिको इतिहास हुन्छ, साहित्य हुन सक्दैन । वस्तुत इतिहाससँग साहित्यको हाडनाता हुन्छ, इतिहास नै साहित्यको जन्मदाता हो" (पृ.१) भन्छन् । यस भनाइमा प्रधानले इतिहास र उपन्यास बिच हाडनाता वा वंशाणुगत सम्बन्ध हुने र साहित्यको जन्म पनि इतिहासबाट नै हुने कुरामा बढी जोड दिएका छन् । यसर्थ यस मतबाट पनि उपन्यास र इतिहासको सम्बन्ध रहने कुरा प्रस्ट हुन्छ ।

ऐतिहासिक घटनाहरूका बारेमा लेखिएका रचना चीरकालसम्म सुरक्षित हुने र त्यस्ता ऐतिहासिक घटनाहरूलाई दीर्घजीवि बनाउने र आफूमा संवरण गर्न सक्ने क्षमता उपन्यासमा हुने मत वराल र एटम (२०६६ : ८) को छ । यस मतले पनि इतिहास र उपन्यासबिच अन्तरसम्बन्ध रहेको स्पष्ट हुन्छ ।

पोखरेल (२०६८) ले "उपन्यासका तत्त्वहरू कथानक, चरित्र र वातावरणभित्र इतिहासका मुख्य तत्त्वहरू घटना, व्यक्ति, काल र स्थान अटाउँछन् । इतिहासको घटना ऐतिहासिक उपन्यासको कथानक बन्दछ । इतिहासमा व्यक्ति ऐतिहासिक उपन्यासका पात्र बन्दछ । इतिहासका काल र स्थानलाई उपन्यासको देश, काल र वातावरणले समेट्दछ" (पृ.५१) भनेका छन् । यस भनाइबाट पनि इतिहास र उपन्यास बिचको निकट सम्बन्ध रहेको प्रस्ट हुन्छ । अझ पोखरेल (२०६८) ले उपन्यास र इतिहास बिचको समानतालाई यस प्रकार उल्लेख गरेका छन् : उपन्यास र इतिहास दुवैमा मानवीय क्रियाकलापको वर्णन हुन्छ । दुवैमा घटना, चरित्र र वातावरण हुन्छ । दुवैको उद्देश्य लोकमङ्गलकारी हुन्छ । अवसर प्राप्त गर्ने बित्तिकै दुवै एक-

अर्काको प्रवृत्ति अपनाउन सक्छन् (पृ.६५-६६) । उपर्युक्त उपन्यास र इतिहास बिचको समानताले उपन्यास र इतिहासका बिच निकट अन्तर्सम्बन्ध रहेको प्रष्ट हुन्छ ।

## २.५ इतिहासको औपन्यासिकीकरण

इतिहासका घटना, पात्र, परिवेशलाई लेखक वा उपन्यासकारले आफ्नो विशिष्ट कलात्मक प्रतिभाद्वारा औपन्यासिक स्वरूप प्रदान गर्नु नै इतिहासको औपन्यासिकीकरण हो । ऐतिहासिक उपन्यासकारले इतिहासका विषयवस्तु, पात्र, परिवेशलाई औपन्यासिकीकरण गर्दा जस्ताको तस्तै प्रस्तुत नगरी कलात्मकता, जीवन्तता, मौलिकता, सरसताका साथ प्रस्तुत गर्दछन् । यसका लागि कल्पनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । इतिहासको औपन्यासिकीकरण बारेमा तलका उपशीर्षकहरूबाट अझ प्रस्ट पार्न सकिन्छ ।

### २.५.१ ऐतिहासिक घटनाको आख्यानीकरण

इतिहासको कुनै काल खण्डका घटनाहरूलाई उपन्यासको कथानकका रूपमा शृङ्खलाबद्ध गर्नु नै ऐतिहासिक घटनाको आख्यानीकरण हो । "उपन्यासकारले आफ्नो उद्देश्य अनुरूप ऐतिहासिक घटनाको आधारमा एउटा कथानकको रूपरेखा तयार पार्दछ । उसले मानव जीवनको कुनै विशेष स्थिति आफ्नो उपन्यासमा देखाउन चाहेको हुन्छ । त्यसका निम्ति सुहाउँदा घटना उसले इतिहासमा पहिल्याउँछ र ती घटनाहरूलाई कहाँ कहाँ राख्ने भन्ने विषयमा उपन्यासकारले योजना तय गर्नु पर्दछ किन भने इतिहासका घटनाहरू उपन्यासकारलाई चाहिने ढङ्गमा सिलसिलेवार रूपमा चट्ट मिलेको हुँदैनन्" (प्रधान, २०३७ : ३) । यसर्थ यस्ता ऐतिहासिक घटनाहरूलाई औपन्यासिक कथानकको रूपमा प्रस्तुत गर्दा कल्पनाको आवश्यकता पर्दछ । कल्पनाले विशृङ्खलित ऐतिहासिक घटनाहरूलाई उपन्यासमा कार्यकारण शृङ्खलामा आबद्ध गराउँदछ । यसको लागि काल्पनिक उपकथानकहरूको पनि आवश्यकता पर्दछ । जुन कल्पनाद्वारा नै सम्भव छ । कथानक भित्रका घटनाहरूका बिचको कार्यकारण सम्बन्ध कल्पनाद्वारा उद्बुद्ध हुन्छ । त्यसैले ऐतिहासिक घटनाहरूलाई सूत्रबद्ध गर्दै उपन्यासको कथानक जुन धाराप्रवाहमा अगाडि बढिरहेको हुन्छ, त्यो कहिलेकाहीँ इतिहासभन्दा विचलित पनि हुन्छ । अतः यस परिस्थितिमा भरसक इतिहासबाट विचलित नहुनाका निम्ति उपन्यासकारको चातुर्यताको आवश्यकता पर्दछ (प्रधान, २०३७ : ४) । तर कल्पनाको प्रयोग स्वच्छन्द तथा उच्छृङ्खल हुनु हुँदैन बरु ऐतिहासिक पुष्ट्याइ हुनु पर्दछ । कल्पना र ऐतिहासिकताको सन्तुलित संयोजन हुनु पर्दछ तब मात्र सफल ऐतिहासिक उपन्यासको रूपमा परिचित हुन्छ ।

### २.५.२ ऐतिहासिक पात्रको प्रारूपीकरण

ऐतिहासिक उपन्यासमा ऐतिहासिक पात्रहरूको उपस्थिति रहेको हुन्छ । यसको तात्पर्य काल्पनिक पात्रको उपस्थिति नै हुँदैन भन्नु होइन, प्रमुख पात्र ऐतिहासिक हुन्छन् र सङ्ख्यात्मक रूपमा पनि ऐतिहासिक पात्र बढी हुन्छन् भन्नु हो । "कथा रचनाका सन्दर्भमा प्रारूपीकरण भनेको कच्चा सामग्रीको चयन, व्यवस्थापन र आवश्यकता अनुरूपको सामग्री पुनरुत्पादन गर्नु हो, कोरा

सामग्रीलाई कलात्मक रङ्गरोगनद्वारा सुन्दर र परिष्कृत तुल्याउनु हो" (पौडेल, २०६७ : ५९) । यसर्थ ऐतिहासिक पात्रमा सौन्दर्यात्मक सुगठन र संश्लेषण गरी तिनलाई सक्षम बनाउनु नै ऐतिहासिक पात्रको प्रारूपीकरण हो । बराल (२०६३) ले प्रारूपीय पात्र सामान्य र विशिष्टको योग हो । यस्तो पात्र सपाट, गतिहीन र चेप्टो हुँदैन, बरु गतिशील, गोलो र जीवन्त हुन्छ । यस्तो पात्रले उपन्यासको समग्र अन्तर्वस्तुलाई प्रभावित पारिराखेको हुन्छ (पृ.३६) भन्छन् । ऐतिहासिक व्यक्तिको इतिहासमा जस्तो भूमिका थियो त्यस्तै भूमिका उपन्यासमा हुँदैन वा दिइँदैन । ती व्यक्तिहरूलाई औपन्यासिक चरित्रका रूपमा प्रस्तुत गर्दा उपन्यासकारले आफ्नो उद्देश्य अनुरूप पात्रको उदात्तीकरण वा विद्रूपीकरण गर्दछन् । यो नै ऐतिहासिक पात्रको प्रारूपीकरण हो । आख्यानात्मक विधामा प्रारूपीकरणको तात्पर्य विषय वस्तु, पात्र, घटना, परिवेश, क्रिया व्यापार आदिको रागात्मक एवम् कलात्मक पुनःसिर्जन हो (पौडेल, २०६७ : ५९) । इतिहासमा ऐतिहासिक व्यक्तिहरूको हृदयको अन्तरङ्ग चित्रण गरिएको हुँदैन, त्यसमा प्रायः घटित घटनाहरूको वर्णन मात्र हुन्छ तर उपन्यासमा ऐतिहासिक उपन्यासकारले ती ऐतिहासिक व्यक्तिहरूको कलात्मक रूपले अन्तरङ्ग चित्रण गरेका हुन्छन् । त्यस्तै इतिहासको कुनै काल खण्डमा कसले कोसँग कुन समयमा कसरी कुरा गऱ्यो भन्ने कुरा इतिहासमा वर्णन पाइदैन तर उपन्यासमा पात्रहरू बिच जीवन्त कुराकानी हुन्छ । यो नै ऐतिहासिक पात्रको प्रारूपीकरण हो ।

## २.५.३ ऐतिहासिक परिवेशको काल्पनिकीकरण

ऐतिहासिक उपन्यासमा निश्चित काल खण्डको परिवेश चित्रण गरिएको हुन्छ, ती परिवेशलाई जस्ताको तस्तै उपन्यासमा चित्रण गरिँदैन । उपन्यासको कथानक, पात्रको क्रियाव्यापार, उद्देश्य अनुकूल परिवेश पनि हुनु पर्दछ । यसको लागि सफल ऐतिहासिक उपन्यासकारले विशिष्ट प्रतिभाद्वारा ऐतिहासिक परिवेशको काल्पनिकीकरण गरेका हुन्छन् । यसको लागि उपन्यासकारलाई ऐतिहासिक परिवेशको बारेमा ज्ञान हुनु पर्दछ । जस्तै : नेपालको राणा कालीन कुनै शासकको बारेमा उपन्यास सिर्जनाका लागि सम्बन्धित शासकका वेशभूषा, आनीबानी, लवाइ, खवाइ आदि कुराको बारेमा ऐतिहासिक उपन्यासकारलाई जानकारी हुनु पर्दछ । यसका अतिरिक्त दरबारिया भवनहरूको चित्रण, दरबारिया विलासीपन, भारदारी, नोकर चाकरका क्रियाव्यापार तथा चाप्लुसी प्रवृत्तिको बारेमा पनि जानकारी उपन्यासकारलाई हुनु पर्दछ । यही ज्ञानको आधारमा उपन्यासकारले इतिहास सम्भाव्य कल्पनाद्वारा आवश्यकता अनुसार ती ऐतिहासिक परिवेशको काल्पनिकीकरण गर्दछन् । यस किसिमको ऐतिहासिक परिवेशको काल्पनिकीकरणले ऐतिहासिक उपन्यासको घटनाक्रम र चरित्र चित्रणका लागि प्रभावकारी, विश्वसनीयता, रोचकता प्रदान गर्दछ । यसका साथै उपन्यासकारले परिवेशको काल्पनिकीकरण लागि आवश्यकता अनुसार खोला, नाला, वन उपवन, पहाड, हिमाल, लेक बेँसी, बजार, बिहान, साँझ, रात, दिन, सूर्योदय, सूर्यास्त आदिको वर्णन पनि गरिएको हुन्छ ।

## २.६ उपन्यासका तत्त्वहरू र ऐतिहासिकता

कुनै पनि वस्तु वा चिजले स्वायत्तता तथा पूर्ण अस्तित्व प्राप्त गर्नका लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । त्यस्ता तत्त्वहरूलाई संरचक घटक, अङ्ग, अवयव, उपकरण जस्ता नामले पनि चिनाएको पाइन्छ । उपन्यास विधाको सन्दर्भमा उपन्यासको तत्त्व भन्नाले उपन्यासले स्वायत्तता र पूर्ण अस्तित्व प्राप्त गर्नका लागि आवश्यक पर्ने अङ्ग वा अवयव वा संरचक घटक वा उपकरणलाई बुझिन्छ । कथानक, चरित्र वा पात्र, कथोपकथन वा संवाद, परिवेश, उद्देश्य वा विचार तत्त्व, भाषाशैली, दृष्टिबिन्दु, द्वन्द्व, विम्ब प्रतीकहरू उपन्यासका तत्त्वहरू हुन् । यिनीहरूको सन्तुलित संयोजनले नै उपन्यासले स्वायत्तता र पूर्ण अस्तित्व प्राप्त गर्दछ । अन्य उपन्यासमा झैं ऐतिहासिक उपन्यासमा पनि माथि उल्लेखित तत्त्वहरू हुन्छन् । तर ऐतिहासिक उपन्यासका कथानक, चरित्र वा पात्र, परिवेश, उद्देश्य वा विचार तत्त्व, भाषाशैली जस्ता तत्त्वहरूमा ऐतिहासिकता पाइन्छ । यी तत्त्वहरूको परिचय दिदै यी तत्त्वहरूमा ऐतिहासिकता कसरी आएका हुन्छन् भन्ने कुराको चर्चा यहाँ गरिएको छ ।

### २.६.१ कथानक र ऐतिहासिकता

कथानक उपन्यासको अनिवार्य तथा महत्त्वपूर्ण संरचक घटक वा तत्त्व हो । यसले विशृङ्खलित घटनाहरूलाई शृङ्खलाबद्ध मालामा उन्ने काम गर्दछ । कथानक कार्यकारण सम्बन्धमा बाँधिएको र कलात्मक हुनु पर्दछ । “यो उपन्यासको आधारवस्तु हो । यसले उपन्यासको घटनाक्रमलाई एक अर्कासँग जोड्ने र कथालाई सुगठित गर्ने तथा कार्यकारणको शृङ्खलामा तारताम्य मिलाउने काम गर्दछ” (पोखरेल, २०६८ : ५२) । यसर्थ कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्दछ । जुन कथानक आदि, मध्य र अन्त्य भागको कार्यकारण शृङ्खलामा आबद्ध हुनु पर्दछ । कथानकलाई बुझ्नका लागि उपन्यासको कथा र कथानकबिच फरक जान्नु पर्दछ ।

उपन्यासमा कथा र कथानक भन्ने कुरा भिन्न हुन् । कथा र कथानकका बिच भिन्नता देखाउँने पहिलो व्यक्ति ई. एम्. फोर्स्टर हुन् (बराल र एटम, २०६६ : २१) । “कथा घटना मात्र हो भने कथानक भनेको घटना, के कसरी र किन भन्ने कार्यकारण सम्बन्ध समेत जोडिएको हुन्छ । अनि कथानकले घटनापछि अब के होला भन्ने जिज्ञासा समेत उत्पन्न गराउँछ । यसमा रहस्य पनि रहन्छ । जसबाट कुतूहलताको सिर्जना हुन्छ । कतै कतै पूर्वस्मृतिमा पनि यात्रा गराउँछ । कथानकको मुख्य काम भनेकै उपन्यासलाई गतिशील बनाउनु हो” (पोखरेल, २०६८ : ५२) । यसर्थ उपन्यासलाई गतिशील बनाउँने मुख्य तत्त्वका रूपमा कथानकलाई लिन सकिन्छ ।

उपन्यासकारले उपन्यास लेखनका लागि विभिन्न स्रोतबाट कथावस्तु वा विषयवस्तु ग्रहण गरेका हुन्छ । उपन्यासको कथावस्तुको स्रोतका रूपमा समाज, इतिहास, पुराण, समसामयिक यथार्थमूलक घटना, मिथक, प्रेमकथा, तथा काल्पनिक रहेका हुन्छन् । यस्ता स्रोतहरूबाट ग्रहण गरिएका विषयवस्तु विशृङ्खलित हुन्छन् । यस किसिमको विशृङ्खलित विषयवस्तुलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी आफ्नो कलात्मक प्रतिभाद्वारा कार्यकारण शृङ्खलामा आवद्ध, गतिशील र कूतुहलतायुक्त कथानकका रूपमा प्रस्तुत गर्दछन् । उपन्यासका विषयवस्तु

जुनसुकै स्रोतबाट लिए तापनि उत्कृष्ट कथानकमा शृङ्खलाबद्ध, गतिशीलता र कुतूहलता जस्ता विशेषता हुनु पर्ने कुरामा पोखरेल (२०६८ : ५३-५४) ले जोड दिएका छन् । उपन्यासमा कथानक कार्यकारण शृङ्खलावद्ध हुनु पर्दछ । जुन आदि, मध्य र अन्त्यमा आवद्ध हुनु पर्दछ । शर्मा (२०६३) ले कथानकको आदि भाग अन्तर्गत चिनारी र सङ्घर्षविकास गरी दुई भागमा विभाजन गर्दै चिनारी भागमा पात्रहरूको परिचयका साथै तिनीहरू (पात्रहरू) ले बेहोर्नु पर्ने समस्या र परिस्थितिको पनि जानकारी दिइने कुरा उल्लेख गरेका छन् भने सङ्घर्ष विकास भागमा कुनै आकस्मिक पस्थिति वा घटना विशेषका कारण पात्रहरूमा सामुन्ने समस्या तेर्सिन्छ र पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ । त्यस्तै शर्माले मध्य भागलाई कथानकको मुख्य भागको रूपमा चिनाएका छन् ।  यसमा पहिलो सङ्कटावस्थाले दोस्रो तेस्रो आदि अन्य सङ्कटावस्थाहरूलाई जन्माउँछ र सङ्कटावस्थाहरूको एउटा शृङ्खला तयार हुन्छ । विभिन्न सङ्कटावस्थाका कारण चरित्रमा परिवर्तन आउँछ र नयाँनयाँ समस्या उत्पन्न भएर सङ्घर्ष चर्किंदै गई कथानकको विकास हुन्छ । शर्माले अन्त्य भागलाई पनि सङ्घर्षह्रास र उपसंहार गरी दुई भागमा विभाजन गर्दै सङ्घर्षह्रास भागमा पात्रहरूको चर्को सङ्घर्ष मत्थर हुने, छरिएका घटनाप्रवाहलाई समेट्ने र सँगाल्ने र कार्य कारण सङ्घर्ष टुङ्गाउनीतिर लाग्छ भनेका छन् भने उपसंहार भागमा पात्रहरूको सङ्घर्ष टुङ्गिने, पात्रहरूले आफ्ना कार्य अनुसारको फल पाउँने र समस्याको समाधान हुने (पृ.३८८-३८९) कुरा उल्लेख गरेका छन् ।

ऐतिहासिक उपन्यासमा झन कथानकको कार्यकारण शृङ्खला मिलाउँनु पर्दछ किन भने ऐतिहासिक उपन्यासको स्रोत नै इतिहास हो । जहाँ इतिहासका तथ्यहरू शृङ्खलावद्ध नभई छरिएर रहेका हुन्छन् । यस्ता विषयवस्तुहरूलाई औपन्यासिक स्वरूप प्रदान गर्दा उपन्यासकारले आफ्नो कलात्मक प्रतिभाद्वारा शृङ्खलावद्ध गर्नु पर्दछ । उपन्यासमा मुख्य र सहायक गरी दुई प्रकारका कथानक हुन्छन् । उपन्यासको सुरुदेखि अन्त्यसम्म व्याप्त कथानक मुख्य हुन्छ भने सहायक कथानक मुख्य वा प्रधान कथानकको सहायताका लागि आउँछ, जुन बिचमा आएर बिचैमा टुङ्गिन्छ ।

उपन्यासको कथानक गतिशील पनि हुनु पर्दछ । उपन्यसकारले उपन्यासको कथानक अनुसार पात्रहरूको छनोट गरी तिनीहरूको क्रियाव्यापारद्वारा कथानकलाई गतिशील तुल्याउँनु पर्दछ । यसका साथै उपन्यासका कथानक कुतूहलतापूर्ण हुनु पर्दछ । उपन्यास पढ्दा पाठकलाई अब के होला ? को जिज्ञासा जागृत बनाउने खालको कथानक हुनु पर्दछ । आदि भागमा कुतूहलको विस्तारै जागृत गराउँदै मध्यभागमा गएर पाठकलाई पूर्णरूपमा कुतूहलको भावना जागृत गराउँनु पर्दछ र अन्त्य भागमा ती सम्पूर्ण कुतूहल वा जिज्ञासाको शमन गराउँनु पर्दछ । यसरी सफल कथानकमा शृङ्खलाबद्ध, गतिशील र कुतूहलपूर्ण हुनु पर्दछ ।

ऐतिहासिक उपन्यासका सन्दर्भमा सबै भन्दा बढी ऐतिहासिक तत्त्व कथानकमा पाइन्छ । उपन्यासकारले  ऐतिहासिक उपन्यास रचनाको लागि इतिहासबाट नै विषयवस्तु ग्रहण गरी आफ्नो औपन्यासिक कलात्मक प्रतिभाद्वारा औपन्यासिक स्वरूप प्रदान गर्दछन् । यस प्रकृतिको उपन्यासमा मूल कथावस्तु नै ऐतिहासिक घटना रहेको हुन्छ । इतिहासका विशृङ्खलित घटनाहरूलाई

कार्यकारण शृङ्खलामा आबद्ध गर्न उपन्यासकारले इतिहास सत्यानुरूप काल्पनिक उपकथाहरूको सिर्जना गर्दछन् ।

## २.६.२ पात्र र ऐतिहासिकता

उपन्यासको अनिवार्य तथा महत्त्वपूर्ण संरचक घटकका रूपमा पात्र पनि रहेको हुन्छ । पात्रलाई चरित्र, सहभागी, भोक्ता, नेता आदि शब्दहरूले चिनाउँने गरेको पाइन्छ । उपन्यासको कथानकलाई गति दिने काम पात्रद्वारा नै हुने गर्दछ अर्थात पात्रहरूको क्रियाव्यापारद्वारा नै कथानकले गति पाउँछ । पात्रहरूको क्रियाव्यापार, चालचलन, बोलीचालीबाट नै सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक आदि पक्षको उद्घाटन गर्नुका साथै जीवन जगत्का सकरात्मक तथा नकरात्मक पक्षको पनि उद्घाटन हुन्छ । उपन्यासमा मानव तथा मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको पाइन्छ तर मुल रूपमा मानव पात्रको प्रयोग बढी पाइन्छ ।

बराल (२०६३) ले उपन्यासका चरित्रका बारेमा यस प्रकारको धारणा प्रस्तुत गरेका छन् :

> उपन्यासका चरित्रहरू कथावस्तुको समग्रतालाई गति र अन्वितिमार्फत निश्चित रूपमा फेर्ने माध्यमहरू हुन् । चरित्रहरू उपन्यासको सारतत्त्व वा विचारलाई संवहन गर्ने माध्यम हुन् । उपन्यासकार आफ्नो उपन्यासमा के भन्न चाहन्छ, उसको जीवनदृष्टिकोण कस्तो छ भन्ने कुराको प्रस्तुति र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट अवगत गर्न सकिन्छ । पात्रहरूको संवाद, कार्य र गतिमा कथावस्तुको विस्तार हुनुको साथै विचार र उद्देश्यको पनि विस्तार भइरहेको हुन्छ । वास्तवमा पात्रहरू विचारसम्प्रेषणका माध्यम हुन् र चारित्रीकरण उपन्यासकारको कलाकारिता हो । उपन्यासले भन्न खोजेको कुरा पात्रहरूका कार्यव्यापारबाट प्रकट हुने भएकोले पात्रहरू सबै विचारधाराका उपन्यासकारहरूका लागि उत्तिकै महत्त्वका हुन्छन् (पृ.३३) ।

मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व ने चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । व्यक्तिका अन्तर र बाह्य रूपमा प्रकट हुँदा सामाजिक तत्त्वमा रूपान्तरित हुन्छ र व्यक्ति अन्तर्पक्षमा सङ्कुचित हुँदा उसको चरित्र मनोविज्ञानमा रूपान्तरित हुन्छ (सुवेदी, २०६४ : २३) ।

चरित्रका प्रकारका बारेमा विभिन्न विद्वान्हरूले फरक फरक मत प्रस्तुत गरेका छन् । बराल (२०६३) ले गतिशील पात्र र स्थिर, गोला पात्र र चेप्टा पात्र, प्रतिनिधि पात्र र व्यक्तिपरक पात्र, अन्तर्मुखी पात्र र बहिर्मुखी पात्र (पृ.३४) रूपमा चरित्रको प्रकार उल्लेख गरेका छन् । त्यस्तै बराल र एटम (२०६६ : २७-२९) ले उपन्यासका चरित्रका प्रकारहरू निम्नानुसार प्रस्तुत गरेका छन् :

(क) गतिशील र गतिहीन

(ख) यर्थाथ र आर्दश

(ग) अन्तर्मुखी र बहिर्मुखी

(घ) गोला र च्याप्टा

(ङ) सार्वभौम र आञ्चलिक

(च) पास्परिक र मौलिक

**(क) गतिशील र गतिहीन** : उपन्यासको कथावस्तुको मोड वा आरोह अवरोह अनुसार पात्रको चरित्रमा असल खराब वा भिन्न भिन्न प्रवृत्ति देखा पर्नु गतिशील पात्र हो अर्थात उपन्यासको आदिदेखि अन्त्यसम्म विभिन्न प्रवृत्तिहरू देखिनु नै गतिशील पात्र हो भने उपन्यासको आरम्भदेखि अन्त्यसम्म एउटै मूल्य, एउटै चरित्र र एउटै प्रवृत्ति पाईनु स्थिर पात्र हो ।

**(ख) यथार्थ र आर्दश** : समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने खालको पात्र यथार्थ हुन्छ, जसको हरेक क्षणमा संवेदित भई मनोभावलाई यस्तै अनुकूल बनाउँछ । यस्ता उपन्यास पढ्दा जीवन पात्रले होइन आफैँले भोगे जस्तो लाग्छ । त्यस्तै आदर्श पात्रले उच्च आकाङ्क्षा बोके पनि 'यस्तो हुनु पर्दछ' भन्ने सन्देश दिन आउने हुँदा उसमा यथार्थको अभाव हुन्छ ।

**(ग) अन्तर्मुखी र बहिर्मुखी** : जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहाने तथा आफ्ना मनका कुरा कसैप्रति नखोल्ने पात्र नै अन्तर्मुखी पात्र हो भने आफ्ना मनका सबै कुरा अरूलाई भन्ने र बाहिरी सम्पर्कमा रम्ने पात्र नै बहिर्मुखी पात्र हो ।

**(घ) गोला र च्याप्टा** : जीवनलाई जटिल रूपले भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमान्चकपूर्ण बनाउने पात्रलाई गोला पात्र भनिन्छ । गोला पात्रमा स्वच्छन्दता र स्वाभाविक ज्यादा हुन्छ । जीवनलाई सपाट रूपमा भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा पात्र भनिन्छ ।

**(ङ) सार्वभौम र आञ्चलिक** : जताजतै उहि रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छ जसका क्रियाकलाप वातावरणमा आरूढ हुँदैनन् । मानवकै मौलिक सम्पत्तिका रूपमा तिनले मान्यता पाउँछन् । आञ्चलिक पात्र भने आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । यिनले निजि संस्कार र आन्तरिक रूप प्रदर्शन गर्दछन् ।

**(च) पारम्परिक र मौलिक** : पूर्वपरिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदिहिँड्ने पात्र पारम्परिक वा रूढ हुन्छन् । सिर्जना भइसकेको वा परम्पराको गोरेटोमा हिड्ने त्यस्ता पात्रहरू कहिलेकाहीँ प्रभावकारी सिद्ध पनि हुन्छन् जब तिनले प्रतीकात्मक रोगन पाउँछन् । मौलिक पात्र भनेको स्रष्टाको नौलो सिर्जना हो । यसमा पाठकलाई तान्ने शक्ति हुन्छ । नवीन ढङ्गमा जीवनको अन्वेषण गर्ने त्यस्ता पात्रले आस्वादनका नयाँ ढोकाहरू खोल्दछन् ।

शर्मा (२०६३ : ४१६) ले लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा चरित्र चित्रण गर्न सकिने कुरा व्यक्त गरेका छन् :

(क) **लिङ्गका आधारमा** : लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर, नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो कुरा छुट्याउन सकिन्छ ।

(ख) **कार्यका आधारमा** : उपन्यासमा अनेक प्रकारका पात्रहरूको उपस्थिति गराइएको हुन्छ र तिनीहरूको औपन्यासिक भूमिका पनि अलग अलग हुन्छ । कार्य वा भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारका पात्रहरू हुन्छन् । उपन्यासको आरम्भदेखि अन्त्यसम्म नै उपस्थित रहेर सबैभन्दा बढी कृतिगत भूमिका निर्वाह गर्ने पात्रलाई प्रमुख पात्र भनिन्छ । वास्तवमा प्रमुख पात्रले नै औपन्यासिक घटना सञ्चालन गरेको हुन्छ र औपन्यासिक कथानकको मूल प्रवाहमा पनि प्रमुख पात्रको भूमिका महत्त्वपूर्ण तथा प्रभावकारी रहेको हुन्छ । प्रमुख पात्रको भन्दा औपन्यासिक भूमिका कम भएको पात्रलाई सहायक पात्र भनिन्छ । यस्ता पात्रहरूको कार्यले प्रमुख पात्रको कार्यमा सहयोग गरको हुन्छ । सहायक पात्रहरूको भन्दा कम भूमिका हुने, उपन्यासको कथानक विकासमा प्रभाव नपार्ने, उपन्यासमा कहिले काही मात्र देखा पर्ने र ती पात्रहरूलाई उपन्यासबाट हटाई दिदा पनि उपन्यासको कथानकमा खासै असर नपर्ने पात्रहरू नै गौण पात्र हुन् ।

(ग) **प्रवृत्तिका आधारमा** : उपन्यासको कथावस्तु तथा उद्देश्य अनुसार उपन्यासकारले सत् र असत् पात्रको औपन्यासिक भूमिका दिएका हुन्छन् । उपन्यासमा सकरात्मक निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको मनमा घृणा भाव जगाउँने पात्र असत् हुन्छ ।

(घ) **स्वभावका आधारमा** : स्वभावका आधारमा पात्र गतिशील र गतिहीन वा स्थिर हुन्छन् । उपन्यासको आदिदेखि अन्त्यसम्मको कथावस्तुमा पात्रहरूको चरित्रमा विभिन्न आरोह अवरोहहरूले गर्दा विभिन्न प्रवत्तिहरू देखा पर्दछ भने त्यस्तो पात्र गतिशील पात्र हो । त्यस्तै, उपन्यासको आदिदेखि अन्त्यसम्मको कथावस्तुमा पात्रको चरित्रमा एकै किसिमको वा स्थिर किसिमको प्रवृत्ति पाइन्छ भने त्यस्तो पात्र स्थिर पात्र हो ।

(ङ) **जीवनचेतनाका आधारमा** : जीवनचेतनाका आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई किसिमका हुन्छन् । उपन्यासमा कुनै समाज वा वर्गको भूमिका निर्वाह गरी त्यही समाज वा वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी वा वैशिष्ट्य तथा वैयक्तिकताको मात्र प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत हुन्छ ।

(च) **आसन्नताका आधारमा** : उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान बिन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

(छ) **आबद्धका आधारमा** : उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाईलाई नै आबद्धता भनिन्छ । यस आधारमा पात्र मुक्त र बद्ध गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा कथानकमा खासै असर पर्दैन ।

ऐतिहासिक उपन्यासमा इतिहासका घटना कथावस्तुका रूपमा आएको हुन्छ । ती कथावस्तुलाई गति दिन ऐतिहासिक व्यक्तिको उपस्थिति रहन्छ । इतिहासका व्यक्तिलाई औपन्यासिक पात्रको भूमिका दिँदा इतिहासमा जस्तो भूमिका थियो त्यस्तै भूमिकाको रूपमा प्रस्तुत गरिँदैन । ऐतिहासिक व्यक्तिलाई औपन्यासिक पात्रको रूपमा चरित्र चित्रण गर्दा स्वाभाविकता, सजीवता, मनोविज्ञान, र पूर्णतामा ध्यान दिनु पर्ने कुरा पोखरेल (२०६८ : ५४-५६) ले जोड दिएका छन् । जुन यस प्रकार छ :

(क) **स्वाभाविकता** : स्वाभाविकता ऐतिहासिक उपन्यासका पात्रको सबैभन्दा ठूलो गुण हो । ऐतिहासिक उपन्यासका पात्रलाई उपन्यासकारले कठपुतली बनाउँनु हुँदैन । ऐतिहासिक पात्र त्यस्तो हुनुहुन्न जसलाई उपन्यासकारले जतिबेला चाह्यो त्यतिबेला माथि उठाओस् वा तल गिराओस् । यसै गरी ऐतिहासिक पात्र कार्यकारण शृङ्खलामा बाँधिएको हुनुपर्दछ । चाहे उत्थान होस् वा पतन दुवै शृङ्खलित हुनुपर्दछ । जब कार्यकारणको शृङ्खला टुट्छ तब पात्र अस्वाभाविक हुन्छ । त्यसैले कार्यकारणको शृङ्खलामा पात्रको चरित्र चित्रण गर्नुपर्दछ ।

(ख) **सजीवता** : सफल पात्रको दोस्रो गुण हो सजीवता । ऐतिहासिक उपन्यासका पात्रमा सजीवताको ठूलो महत्त्व छ । सजीवताले नै इतिहासका पात्रलई औपन्यासिक पात्र बनाउँछ किनभने इतिहासले पात्रको शरीर प्रस्तुत गर्दछ सजीवता प्रस्तुत गर्दैन तर ऐतिहासिक उपन्यासकारले त्यो इतिहासको शरीरमा प्राण भरेर सजीवता प्रदान गर्दछ । यसरी इतिहासका व्यक्ति र औपन्यासिक पात्रलाई छुट्याउने लक्ष्मणरेखा भनेकै पात्रको सजीवता हो ।

(ग) **मनोविज्ञान** : उपन्यासकारले पात्रको चरित्र चित्रणमा मनोविज्ञानको सहारा लिन्छ । पात्रलाई सजीव बनाउँने तत्त्व भनेको नै पात्रको मनोवैज्ञानिक चित्रण हो । ऐतिहासिक उपन्यासका पात्रलाई सजीव बनाउन पनि उपन्यासकारले मनोवैज्ञानिकै सहारा लिन्छ । उपन्यासकारले आफ्नो कल्पनाद्वारा पात्रको मनोवैज्ञानिक पक्षको चित्रण गर्दछ ।

(घ) **पूर्णता** : ऐतिहासिक उपन्यासमा पात्रको जीवनको पूर्णतामा ध्यान दिनुपर्दछ । इतिहासमा जीवनको अधुरो सङ्केत मिल्दछ । त्यसलाई उपन्यासमा ढाल्दा पूर्णता दिनुपर्दछ । पूर्णता दिनका लागि उपन्यासकारले कल्पनाको सहारा लिनु पर्दछ ।

शर्मा (२०६३) ले पनि असल चरित्र चित्रणमा अनुकुलता, स्वभाविकता, सजीवता, यथार्थता, मौलिकता र कलात्मक (पृ.३९५) जस्ता गुणहरू हुनु पर्ने कुरा बताएका छन् ।

ऐतिहासिक उपन्यासमा ऐतिहासिक व्यक्तिको उपस्थिति अनिवार्य हुन्छ । ती ऐतिहासिक व्यक्तिलाई औपन्यासिक पात्रको रूपमा उभ्याउँदा उपन्यासकारले ऐतिहासिक तथा काल्पनिक

भूमिकाका साथ प्रस्तुत गर्दछन् । इतिहासमा नायकत्व ठानिएका व्यक्तिलाई औपन्यासिक पात्रका रूपमा प्रस्तुत गर्दा उपन्यासकारले नायकत्व कै रूपमा प्रस्तुत गर्दछ कि त सामान्य पात्रका रूपमा प्रस्तुत गर्दछ । त्यस्तै इतिहासमा सामान्य ठानिएका व्यक्तिलाई पनि सामान्य पात्रकै रूपमा वा नायकको रूपमा प्रस्तुत गर्दछ । यसका साथै इतिहासमा असत् चरित्र भएका व्यक्तिलाई उपन्यासमा असत् चरित्र कै रूपमा कि त सत् चरित्रको रूपमा प्रस्तुत गरिएको हुन्छ । यसरी ऐतिहासिक व्यक्तिलाई औपन्यासिक पात्रको रूपमा प्रस्तुत गर्दा ती ऐतिहासिक पात्रको चरित्र चित्रणमा स्वाभाविकता, सजीवता, मौलिकता, कलात्मक, मनोविज्ञान र पूर्णता हुनु पर्दछ ।

### २.६.३ परिवेश र ऐतिहासिकता

परिवेश पनि उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगत् नै परिवेश हो (शर्मा, २०६३ : ३९६) । परिवेशलाई देश, काल र वातावरण पनि भनिन्छ । परिवेश अन्तर्गत पर्ने देशकालले उपन्यासमा कथास्थल र कथाकाललाई चित्रण गर्दछ । देशकालको अर्थ उपन्यासमा चित्रित कार्यव्यापारको समय र ठाउँ हो । ऐतिहासिक उपन्यासमा औपन्यासिक कार्यव्यापारको समय र ठाउँको चित्रण उपन्यासकारले कथावस्तु अनुकूलको देशकाल अन्तर्गत रहेर गर्दछन् ।

परिवेश पनि बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्य परिवेश भन्नाले बाह्य रूपमा देखा पर्ने स्थान, समय र अन्य भौतिक वातावरणलाई बुझिन्छ भने आन्तरिक परिवेश भन्नाले पात्रको अन्तर्मनमा देखा पर्ने उचार चढावलाई बुझिन्छ । बाह्य परिवेश सामाजिक, ऐतिहासिक जस्ता उपन्यासमा पाइन्छ भने आन्तरिक परिवेश मनोवैज्ञानिक उपन्यासमा पाइन्छ ।

इतिहासका विभिन्न युगका आफ्नै वातावरण हुन्छन् । वातावरण अन्तर्गत कथावस्तुको योजनामा सहायता दिने आचार-विचार, रीतिरिवाज, चालचलन, सामाजिक, सांस्कृतिक, प्रशासनिक, राजनीतिक, धार्मिक आदि विशेषता पर्दछन् । यिनै विशेषताहरूले नै ऐतिहासिक उपन्यासको वातावरणको स्वरूप निर्माण गर्दछ ।

पोखरेल (२०६८ : ५६-५७) ले ऐतिहासिक उपन्यासमा देशकालको उचित निर्वाह हुनु पर्ने कुरा उल्लेख गर्दै उपन्यासमा उपन्यासकारले ऐतिहासिक वातावरणको सिर्जना गर्नु पर्दछ र यसका लागि इतिहास सम्बद्ध घटनालाई औपन्यासिकीकरण गरेर वा कुनै काल्पनिक घटनालाई ऐतिहासिक सन्दर्भ वा सत्यसँग जोडेर उपन्यासमा ऐतिहासिक वातावरणको सिर्जना गर्नु पर्ने कुरामा जोड दिएका छन् । यसका अतिरिक्त ऐतिहासिक उपन्यासकारले देशकालको निर्माणको भाषा, वस्तु र विचार सम्बन्धी विशेष ध्यान दिनु पर्ने मत पोखरेलले राखेका छन् । ऐतिहासिक उपन्यासमा ऐतिहासिक पात्र वा परिवेश अनुसारको भाषाको पयोग हुनु पर्ने, विषयवस्तु ऐतिहासिकक विषयवस्तुसँग मेल खाने हुनु पर्ने र उपन्यासमा अभिव्यक्त भएको विचार उपन्यासकारको इच्छा अनुरूप नभई इतिहासको पात्र वा घटना अनुरूप हुनु पर्ने धारणा पोखरेलको छ ।

ऐतिहासिक उपन्यासमा कथावस्तु, पात्र ऐतिहासिक भए जस्तै परिवेश पनि ऐतिहासिक हुन्छ । उपन्यासलाई जीवन्त बनाउन उपन्यासकारलाई तत्कालीन युगको राजनीतिक, सामाजिक, संस्कृति, आचार विचार, वेशभूषा, परम्परा र धार्मिक मूल्यमान्यता बारेमा जानकारी हुनु पर्दछ जसले गर्दा वर्तमान दर्शकवर्गलाई अतीतकालीन युगमा विचरण गराउँछ र त्यो युगसँग उनीहरूलाई परिचित गराई तत्कालीन स्थितिको जानकारी गराउँदछ । यदि उपन्यासकारमा ऐतिहासिक परिवेश ज्ञानको अभाव भएमा वा ज्ञान भएर पनि यसलाई सम्यक तरिकाले उपन्यासमा चित्रण गर्न सकेन भने त्यो उपन्यास ऐतिहासिकताको दृष्टिले कमजोर बन्न पुग्दछ ।

ऐतिहासिक उपन्यास इतिहासका निश्चित कालखण्डको घटनाक्रमलाई विषयवस्तुका रूपमा ग्रहण गरी रचना गरिएको हुन्छ । यसरी रचना गरिएको उपन्यासमा तत्कालीन राजदरबार, भवन, मठमन्दिर, सडक, खोलानाला, तराई, पहाड, हिमालको प्राकृतिक चित्रण तथा सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, शैक्षिक अवस्थाको चित्रण हुन्छ । यसर्थ ऐतिहासिक उपन्यासका परिवेशमा पनि ऐतिहासिक हुन्छ भन्ने कुरालाई नकार्न सकिँदैन ।

## २.६.४ भाषाशैली र ऐतिहासिकता

उपन्यासका महत्त्वपूर्ण तथा अनिवार्य तत्त्वका रूपमा भाषाशैली पनि रहेको छ । भाव वा विचार अभिव्यक्तिको साधन नै भाषा हो । शब्दहरूको व्यवस्थित विन्यास नै भाषा हो । भाषा अन्तर्गत शब्दयोजना र वाक्ययोजना पर्दछन् ।

पोखरेल (२०६८ : ६०) ले लेखकको भाव र विचारका लागि भाषा अपरिहार्य रहेको कुरा उल्लेख गर्दै जसरी आत्मा र शरीरको अन्योन्याश्रित सम्बन्ध छ त्यसैगरी उपन्यासकारको भाव वा विचार र भाषाबिच अन्योन्याश्रित सम्बन्ध रहेको मत प्रस्तुत गरेका छन् । यसका साथै पोखरेलले ऐतिहासिक उपन्यासमा स्थिर, प्रवहमान, अलङ्कृत र काव्यात्मक भाषा गरी चार प्रकारका भाषाको प्रयोग र वर्णनात्मक, कथात्मक र संवादात्मक शैली गरी तीन प्रकारका शैली प्रयोग हुने धारणा पनि प्रस्तुत गरेका छन् ।

ऐतिहासिक उपन्यासमा तत्कालिन परिवेश अनुकूलको भाषाशैलीको प्रयोग हुन्छ । उपन्यासकारले तत्कालिन घटनावली, कथावस्तु, इतिहास तत्त्व र ऐतिहासिक पात्रको व्यक्तित्वलाई आधार मानेर उपन्यासमा भाषाशैलीको प्रयोग गर्दछन् । ऐतिहासिक भाषाका माध्यमबाट तत्कालीन समयको आचार, विचार, दर्शन, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि पक्ष व्यक्त भएको हुन्छ । यसर्थ भाषाशैलीमा पनि ऐतिहासिकता पाइन्छ ।

## २.६.५ उद्देश्य र ऐतिहासिकता

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्वका रूपमा उद्देश्य रहेको हुन्छ । कुनै पनि साहित्यकारले कुनै साहित्यिक कृतिको रचना गर्दा विना उद्देश्य रचना गरेको हुँदैन । यसर्थ कुनै कृति रचना गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । विभिन्न समीक्षकहरूले उद्देश्यलाई सारवस्तु, विचार तत्त्व, मूलभाव, जीवन दर्शन जस्ता शब्दले पनि चिनाएका छन् ।

कुनै पनि कृतिको पूर्ण अध्ययनबाट पाठकवर्ग वा अध्ययनकर्तामा जे भाव बोध हुन्छ त्यो नै उद्देश्य हो । उपन्यासकारहरूले आ-आफ्ना औपन्यासिक कृतिहरूबाट भिन्न भिन्न उद्देश्य राखेका हुन्छन् । ती उद्देश्य प्राप्तिको लागि सोही अनुरूप विषयवस्तु, पात्र, परिवेश आदिको छनोट गरेका हुन्छन् ।

ऐतिहासिक उपन्यासको उद्देश्यका सन्दर्भमा पोखरेल (२०६८) ले मनोरञ्जन, सामाजिक राजनैतिक समस्याको उठान, इतिहासको विशेष व्यक्ति वा प्रसङ्गको अझ प्रभावपूर्ण वर्णन र लेखकको विचार वा दृष्टिकोणको प्रचार (पृ. ५९-६०) गरी चार वटा उद्देश्य हुने कुरा उल्लेख गरेका छन् । जुन यस प्रकार छ :

(क) **मनोरञ्जन** : ऐतिहासिक उपन्यासकारले पाठकलाई मनोरञ्जन दिने उद्देश्यले ऐतिहासिक उपन्यासको रचना गर्दछ । उपन्यासकारले उपन्यासमा इतिहासका पात्र वा घटनालाई विशेष रूपमा चित्रण गरेर र ती पात्रहरूको प्रणय कथालाई प्रस्तुत गरेर पाठकलाई मनोरञ्जन प्रदान गर्दछ ।

(ख) **सामाजिक राजनैतिक समस्याको उठान** : ऐतिहासिक उपन्यासकारले ऐतिहासिक घटनाको माध्यमबाट समाज वा राष्ट्रको तत्कालीन सामाजिक राजनैतिक समस्याको चित्रण गर्दछ र त्यसको समाधान प्रस्तुत गरी वर्तमानलाई सन्देश दिन्छ ।

(ग) **इतिहासको विशेष व्यक्ति वा प्रसङ्गको अझ प्रभापूर्ण वर्णन** : जब उपन्यासकार इतिहासको कुनै व्यक्तिको व्यक्तित्व वा घटनाबाट प्रभावित हुन्छ तब त्यसको जीवन प्रसङ्ग वा घटनालाई स्पष्ट पार्न उपन्यास लेख्दछ ।

(घ) **लेखकको विचार वा दृष्टिकोणको प्रचार** : उपन्यासकारले आफ्नो विचार वा दृष्टिकोण प्रस्तुत गर्न उपन्यास लेख्दछ । तर आफ्नो विचारको प्रचारका लागि मात्र उपन्यास लेखिनु हुन्न । अर्थात विचारको बोझले घटना वा पात्र थिचिनु हुँदैन ।

अतीतको मानव सभ्यता, सामाजिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक, शासन पद्धती, शासक तथा सर्वसाधरणको वस्तु स्थितिको यथार्थ चित्रण गर्नु ऐतिहासिक उपन्यासको उद्देश्य हो । यसका साथै देशका महान् विभूतिको कार्यशैलीसँग पाठक वर्गलाई परिचित गराई पाठकवर्गमा ती विभूतिहरूको महान् कार्यको सम्मान तथा आदार गर्न र देशप्रेमको भावना जगाउनु पनि ऐतिहासिक उपन्यासको एक उद्देश्य हो । राष्ट्रका महान् पुरुषहको क्रियाकलापको चित्रण, प्राचीन संस्कृतिको उद्घाटन, ऐतिहासिक युगका माध्यमद्वारा वर्तमान समस्याको निरुपण गर्नु ऐतिहासिक उपन्यासको मूलभूत उद्देश्य हो ।

## २.७ निष्कर्ष

ऐतिहासिक घटनावली, व्यक्ति र परिवेशलाई क्रमशः उपन्यासको कथावस्तु, पात्र र परिवेशको रूपमा ग्रहण गरी औपन्यासिक कलात्मक प्रतिभाद्वारा रचना गरिएको उपन्यास नै ऐतिहासिक उपन्यास हो । यस प्रकृतिको उपन्यासमा ऐतिहासिक तत्त्व, औपन्यासिक कला र

लेखकको विशिष्ट कल्पनाको सन्तुलित संयोजन हुन्छ । ऐतिहासिक उपन्यास इतिहासको आख्यानीकरण वा औपन्यासिकीकरण हो । यस प्रकारको उपन्यास रचना गर्दा उपन्यासकारले आफ्नो कल्पनाशक्तिद्वारा इतिहासका विशृङ्खलित घटना र चरित्रका बिच तादात्म्यको स्थिति स्थापित गर्दछ ।

उपन्यास र इतिहास क्रमशः साहित्यिक र साहित्येतर विधा भएकाले यी दुई बिच कतिपय कुरामा असमानता पाइनु स्वभाविक हो तर ऐतिहासिक उपन्यासका सन्दर्भमा इतिहास नै मूल आधार वा वीज भएकाले इतिहास र ऐतिहासिक उपन्यास बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । इतिहासका घटना, व्यक्ति र वातावरण क्रमशः उपन्यासका कथावस्तु, पात्र र परिवेशका रूपमा आएका हुन्छन् । यसर्थ पनि इतिहास र ऐतिहासिक उपन्यास बिच अन्तरसम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ ।

इतिहासको आख्यानीकरण नै ऐतिहासिक उपन्यास हो । इतिहासलाई आख्यानीकरण गर्दा वा औपन्यासिक स्वरूप प्रदान गर्दा उपन्यारकारले विशिष्ट कल्पनाको प्रयोग गरी विशृङ्खलित ऐतिहासिक घटनावलीहरूलाई कार्यकारण शृङ्खलामा आवद्ध गर्दछ । उपन्यासको कथावस्तुको कार्यकारण शृङ्खला मिलाउने नाउँमा इतिहासद्वारा स्वीकृत भएका तथ्यहरूलाई विकृत हुने गरी स्वतन्त्र कल्पनाको प्रयोग गरिनु हुँदैन, बरु इतिहास सत्यानुरूप कल्पनाको प्रयोग गरिनु पर्दछ । यस किसिमको उपन्यास रचनाको लागि एकातर्फ उपन्यासकारलाई इतिहास र औपन्यासिक कला सम्बन्धी विशद् ज्ञान हुनु पर्दछ भने अर्कोतर्फ ऐतिहासिक तत्त्व र औपन्यासिक कलाबिचको सन्तुलित संयोजन गर्ने क्षमता वा खुवि हुनु पर्दछ । तब मात्र सफल ऐतिहासिक उपन्यासको रचना हुन सम्भव हुन्छ । यस किसिमको ज्ञान र खुवी भएको उपन्यासकारद्वारा रचित उपन्यासले मात्र पाठकवर्गलाई ऐतिहासिक ज्ञान र उपन्यास रस आस्वादन गराउँन सक्दछ । अन्यथा मूल्यहिन उपन्यासको रूपमा मूल्याङ्कन हुन पुग्दछ ।

ऐतिहासिक उपन्यासले स्वायत्तता र पूर्ण अस्तित्व प्राप्त गर्न आवश्यक पर्ने तत्त्वहरू नै यसका तत्त्व हुन् । अन्य उपन्यासमा जस्तै ऐतिहासिक उपन्यासमा पनि कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य, कथोपकथन, भाषाशैली, दृष्टिविन्दु, विम्ब र प्रतीक जस्ताहरू तत्त्वहरू रहेका हुन्छन् । यी तत्त्वहरूको सन्तुलित संयोजनबाट नै ऐतिहासिक उपन्यासले स्वायत्तता र पूर्ण अस्तित्व प्राप्त गर्दछ तर ऐतिहासिक उपन्यासका उपर्युक्त तत्त्वहरूमध्ये कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीमा धेरथोर ऐतिहासिकता पाइन्छ ।

ऐतिहासिक उपन्यासको मुख्य कथानक ऐतिहासिक घटना अनुरूप नै हुन्छन् र ती घटनाहरूलाई कार्यकारण शृङ्खलामा आबद्ध गराउन उपन्यासकारले ऐतिहासिक सत्यानुरूप काल्पनिक उपकथाहरूको संयोजन गर्दछन् जसले गर्दा कथानकमा गतिशीलता, शृङ्खलता र कुतूहलता ल्याउँछ । ऐतिहासिक उपन्यासका प्रमुख पात्रहरू ऐतिहासिक हुन्छन् र ती पात्रहरूको चरित्र चित्रण गर्दा स्वाभाविकता, कलात्मकता, सजीवता, मनोविज्ञान र पूर्णतामा ध्यान दिनु पर्दछ । ऐतिहासिक उपन्यासको परिवेश पनि ऐतिहासिक नै हुन्छ । अर्थात ऐतिहासिक सत्यानुरूपको काल्पनिक परिवेशको सिर्जना उपन्यासकारले गरेको हुन्छ । ऐतिहासिक उपन्यासमा तत्कालिन

ऐतिहासिक परिवेश अनुकूलको भाषाशैलीको प्रयोग भएको हुन्छ जसको माध्यमबाट तत्कालिन समयको आचार विचार, दर्शन, राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक आदि पक्षको यथार्थ स्थिति व्यक्त भएको हुन्छ । ऐतिहासिक उपन्यासका मनोरञ्जन प्रदान गर्नु, अतितकालीन सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक, शासन पद्धति आदि पक्षका यथार्थ चित्रण गर्नु, इतिहासको विशेष व्यक्ति वा प्रसङ्गको अझ प्रभावपूर्ण वर्णन गर्नु र तिनीहरूको सुकार्यको आदर तथा सम्मान गरी सर्वसाधारणमा राष्ट्रप्रेम भाव जगाउनु जस्ता उद्देश्यहरू रहेका हुन्छन् ।

## तेस्रो परिच्छेद

# सेतो बाघ उपन्यासको कथावस्तुमा ऐतिहासिकता

### ३.१ विषय परिचय

डायमनशमशेर राणा ऐतिहासिक सामग्रीलाई उपन्यासको विषयवस्तुका रूपमा ग्रहण गरी उपन्यास रचना गर्ने उपन्यासकार हुन् । उनीद्वारा लिखित **सेतो बाघ** उपन्यास ऐतिहासिक घटनाको औपन्यासिकीकरण हो । यसर्थ यस परिच्छेदमा **सेतो बाघ** उपन्यास इतिहासको कुन पृष्ठभूमि, कुन काल खण्ड र के कस्ता घटनासँग सम्बन्धित छन् ? उपन्यासमा आएका के कस्ता घटना विवरणहरू ऐतिहासिक घटनासँग मेल खान्छन् ? के कति घटनाहरू काल्पनिक रहेका छन् ? ऐतिहासिक तथ्यहरूलाई के कसरी विचलन गरीएको छ ? सो कुराको विश्लेषण गरिएको छ ।

### ३.२ सेतो बाघ उपन्यासको ऐतिहासिक पृष्ठभूमि

**सेतो बाघ** उपन्यासमा वि.सं. १९११-१२ को नेपाल-तिब्बत युद्धदेखि रणोद्दीपसिंह, जगत्जङ्गको हत्यासँगै शमशेरभाइहरूको सत्ता कब्जा अर्थात वि.सं. १९४२ सालको पर्वसम्मको समयावधिको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक पक्षको चित्रण भएको छ । यस उपन्यासमा जहानियाँ एकतन्त्रीय शासन प्रणालीलाई कायम राख्न जङ्गका भाइ-भतिजाहरूले अपनाएका षड्यन्त्र, हत्याहरू नै मूल विषयवस्तु बनेर आएका छन् । यसका अतिरिक्त तत्कालीन शासकहरूको शासन पद्धति, उनीहरूको भोग विलास, दरवारमा काम गर्ने कर्मचारीहरूको चाकडी चाप्लुसी प्रवृत्ति र सर्वसाधरणको यथार्थ चित्रण यस उपन्यासमा भएको छ । यही ऐतिहासिक पृष्ठभूमिमा यस उपन्यासको रचना भएको छ ।

### ३.३ सेतो बाघ उपन्यासको कथावस्तु

वि.सं. २०६८ को पन्ध्रौं संस्करण अनुसार यो उपन्यास ४३ वटा परिच्छेद र ३५२ पृष्ठमा संरचित रहेको छ जसको कथावस्तु यस प्रकार रहेको छ :

**परिच्छेद एक** : नेपाल-तिब्बत बिच हुन लागेको युद्धका विषयलाई लिएर श्री ५ सुरेन्द्र र जगत्जङ्ग बिच भएको वार्तालापबाट यस उपन्यासको कथावस्तु सुरुवात भएको छ । लेखकीय मुखारबिन्दुबाट अर्थात तृतीय पुरुष पात्रको माध्यमबाट सोमनाथलाई राजदरबारका महापण्डितका रूपमा चिनाउँदै उनलाई संस्कृत र अंग्रेजी भाषामा निपूर्ण भएका कारण जङ्गबहादुरसँग बेलायत यात्रा गर्ने सौभाग्य मिलेको र नेपाल फर्के पछि उनले जङ्गबहादुरलाई बेलायतको जस्तो संसदीय शासन प्रणाली लागु गर्न अनुरोध गरेको कुरा यस परिच्छेदमा देखाइएको छ । यसका अतिरिक्त जङ्गका भाइहरू जर्नेल बमबहादुर र जर्नेल धीरशमशेरका नेतृत्वमा १०/१० हजार फौज लिएर क्रमशः केरुङ र कुतीको बाटो हुँदै ल्हासा आक्रमण गर्न गएको प्रसङ्ग, युद्धबाट फर्के पछि धीरशमशेका जेष्ठ पुत्र वीरशमशेर र श्री ५ सुरेन्द्रकी जेठी शाहज्यादीको विवाह गरिदिने अठोटका साथ यस परिच्छेदको अन्त्य भएको छ ।

**परिच्छेद दुई :** यस परिच्छेदमा नेपाल-तिब्बत बिचको युद्धले गर्दा कलिलो छोरा, नौजवान लोग्ने कोही घाइते भएको, कोही मारिएको, कोही अङ्ग भङ्ग भएको प्रसङ्ग, बेलायतकी महारानी भिक्टोरियाले जङ्गबहादुरलाई प्रदान गरिएको उच्च पदक "नाइट ग्र्याण्ड क्रस अफ दी बाथ" लाई अनर्थ लगाई जङ्गबहादुरको अनुचित भ्रमात्मक प्रचार गरेका प्रसङ्ग, जगत्‌जङ्ग राजदरबारको मुख्य हजुरिया भएकाले नेपाल तिब्बत युद्धको सूचना सम्प्रेषण गरेको प्रसङ्ग, राजा सुरेन्द्रले धीरशमशेरको वास्तविक स्थिति बताउन  जगत् समक्ष आग्रह गर्दा जगत्‌ले "सान्नानी बाको १७ जना छोरा र ७ जना छोरी" भएको बताएका प्रसङ्गहरू मुख्य कथावस्तुका रूपमा आएका छन् ।

**परिच्छेद तिन** : यस परिच्छेदको प्रारम्भमा राजभवन क्याम्प भित्रको सानो बङ्गलाको सुन्दरताको वर्णन गरिएको छ । त्यहीँ राजदरबार क्याम्प भित्रको सँभ्यालाई जगत्‌जङ्गको निवासस्थानको रूपमा चिनाउँदै जगत्‌जङ्गले राजदरबारको हजुरिया तथा सर्वोच्च न्यायलय, जङ्गी वन्दोवस्त, अर्थविभाग, विदेश तथा गृहविभागको प्रमुख भई कर्तव्यनिष्ठ रूपमा काम गरेको देखाइएको छ । राजदरबारका नोकर्नीहरूले शाहज्यादीको सामुन्ने जगत्‌जङ्गको व्यक्तित्वको चाहिदो भन्दा बढी गुणगान, प्रशंसा गरेका छन् । यहीँ प्रशंसीत जगत्‌जङ्गको व्यक्तित्वले गर्दा शाहज्यादीको मनमा जगत्‌जङ्ग र वीरशमशेर दाँजिन पुगेका छन् ।

**परिच्छेद चार** : यस परिच्छेदमा शमशेर खलकको कमजोर आर्थिक अवस्था रहेको तथा वीरशमशेरको चरित्र पनि बदमास, कुरूप रहेको कुरा चारैतर्फ हल्ला चलेपछि शाहज्यादी वीरप्रति विकर्षण हुँदै गएकी छिन् भने जगत्‌जङ्गको व्यक्तित्वको चौतर्फी प्रशंसाले गर्दा उनीप्रति आकर्षित हुँदै गएकी छिन् । अन्त्यमा शाहज्यादीले जगत्‌जङ्गलाई माया गर्न थालेकी कुरा सोमनाथकी छोरी शशीकलालाई भनेकी छिन् । यसकासाथै उनले धनहजुरीको विवाह वीरशमशेरसँग गराई आफूले जगत्‌जङ्गसँग विवाह गर्ने आफू र धनहजुरी गोप्य योजना रहेको कुरा पनि शशीकलालाई भनेकी छिन् । यसका अतिरिक्त यस परिच्छेदमा युवराज त्रैलोक्यलाई बालक कालदेखि नै परिश्रमी, स्वाभिमानी, शौर्य र महत्त्वाकाङ्क्षा जस्ता गुण भएको पात्रका रूपमा देखाइएको छ । उनले आफ्नो राजदरबारबाट प्रधानमन्त्रीको हातमा गएको शक्तिलाई पुनः दरबारमै ल्याउन जगत्‌जङ्ज जस्तो लोकप्रिय व्यक्तिलाई हतियार बनाउन चाहेको कुरा उल्लेख छ ।

**परिच्छेद पाँच** : यस परिच्छेदमा जगत्‌जङ्गको व्यक्तित्वबाट प्रभावित शाहज्यादीले आफ्नो कोठाको झ्यालमा बसी दुर्बिनद्वारा जगत्‌जङ्गको निवास स्थल सँभ्या र जगत्‌जङ्गको सम्पूर्ण क्रियाव्यापारको अवलोकन गरेकी छन् । यसै समयमा जगत्‌जङ्ग प्रतिको प्रेमाकर्षणले आतुर शाहज्यादीले आफ्ना नोकर्नीहरूलाई सम्बोधन गर्दै "प्रेम भनेको के हो ?" भन्ने प्रश्नमा शशीकलाले "जब कुनै युवतीको नजरमा युवक नाच्न थाल्दछ, मनमा पनि त्यही मायालु युवकको सम्झना आइरहन्छ । उसलाई देखे संसार फक्रन्छ, नदेखे ओइलाउँछ । प्रेम भनेको त्यही हो ।" (पृ.२६) भन्ने प्रतिउत्तर दिएकी छे । सुसारेहरूले शाहज्यादीको गोडा मिडिरहेको अवस्थामा शाहज्यादी निन्द्रामा पर्छिन् । उनले जगत्‌जङ्ग आफ्नो कोठामा आएर विस्तारामा बसेको, चाकर्नीहरू बाहिर गएको, जगत् हात समातेर तानेको, आफूले प्रतिकार गर्न खोजेको, जगत्‌जङ्ग

डराइ आत्महत्या गर्न खोजेको, अन्तिम पटक नजर जुज्दा शाहज्यादीको आखाँमा दयाको भाव देखाइ एकापसमा निस्फिक्री रमाएको सपना देखेकी छन् ।

**परिच्छेद छ** : यस परिच्छेदमा शशीकलाले शाहज्यादीको बाहुलीबाट बनेको परिकारलाई सुनको रिकापी र कचौरामा लिएर एक हुल बाहुनीहरूको साथ सँझ्यामा जगत्जङ्गको बिहानको भोजनका लागि गएकी छे । सुनको रिकापी र कचौरामा आफ्नो लागि परिकार ल्याएको आश्चर्य मानेर जगत्जङ्गले "मेरो लागि सुनको रिकापी र कचौरामा परिकार किन ल्याइएको हो ?" (पृ.२९) भन्ने प्रश्नको उत्तरमा शशीकलाले "शाहज्यादीको बाहुलीबाट बनेको र उहाँले नै हजुरका लागि पठाइ बक्सेको हो" (पृ.३०) भन्छे । जगत्जङ्गले आफ्नो लागि यस्तो तकलिप, दुःख कष्ट नगर्नु पर्ने भन्ने प्रश्नमा शशीकलाले "हजुरका लागि तकलिप गर्दा आनन्द आउँछरे" (पृ.३०) भन्दै शाहज्यादी आफ्नो (जगत्जङ्गको) प्रेममा परेको रहस्य खुलाएकी छे । शाहज्यादीको बाहुलीबाट बनेको प्रेमोपहार रूपी परिकारलाई स्वीकार गर्ने वा नगर्ने भन्ने विषयमा जगत्ले अनेक तर्क वितर्कहरू गरेका छन् । अन्त्यमा यस्तो समस्याबाट उम्कन जगत्जङ्गले महापण्डित सोमनाथ, खजान्ची सुब्बा र कविराज समक्ष राय सल्लाह माग्दछन् तर सबैले प्रेम गर्नु कुनै पाप होइन भन्ने सल्लाह दिन्छन् ।

**परिच्छेद सात** : यस परिच्छेदमा एकातर्फ शाहज्यादी जगत्जङ्गको प्रेम आशक्तिले गर्दा बिरामी भई ओछ्यान परेकी छन् भने अर्कोतर्फ जगत्जङ्गले शाहज्यादी आफूसामु आई अद्‌भूत दया र माया देखाएको तर आफूले (जगत्) यो पुण्यभूमिमा पाप गर्न नसक्ने बताए पछि शाहज्यादीले प्रेम पाप होइन भन्दै भयानक आत्महत्या गरेको सपना देखेको छन् जसले गर्दा उनको हृदयमा ठूलो हलचल आएको छ । उनले इसकपरी (दरबारमा काम गर्ने रूपवती केटी) लाई हतियार बनाएर शाहज्यादीको प्रेमबाट उम्कन चाहान्छन् । त्यसैले उनी इसकपरीसँग रक्सी पिउँदै, नाच्दै बिटुलिन पुगेका छन् ।

**परिच्छेद आठ** : यस परिच्छेदमा प्रेम व्यथाले ओछ्यान परेकी शाहज्यादीको रोग बारे कुनै पनि चिकित्सकले पत्ता लगाउन सकेका छैनन् । राजाले विट्रिस दूतावासको गोरा डाक्टरद्वारा शाहज्यादीको उपचार गर्ने विचार व्यक्त गर्दछन् तर गोराले छोएमा अगति परिन्छ भन्ने रानीको रूढिवादी ग्रस्त सङ्कीर्ण सोचले गर्दा उपचार गरिँदैन । बरु माथिको देवता नै लागेको हो भन्ने संकीर्ण रूढिवादी सोचबाट परिचालित भई अक्षता मन्छाइन्छ, तान्त्रिक विधिहरू गरिन्छ, धेरै देवी देवताहरूको भाकल गरिन्छ तर शाहज्यादीको स्वास्थ्यमा कुनै परिवर्तन आएको छैन ।

त्यस्तै शाहाज्यादीको प्रेमाकर्षणले गर्दा हिजो प्रेमलाई पाप सम्झने जगतजङ्गले आज त्यसैलाई धर्म मान्न थालेका छन् । हिजोको शूर वीरयोद्धाबाट आज एउटा प्रेमिमा परिणत हुन थालेका छन् ।

**परिच्छेद नौ** : आखे वैद्यका सबै सन्तान, नाउ वैद्यका दाजुभाइ, राजज्योतिषी महापण्डित सोमनाथ उपाध्याय, झारफुक वैद्य, गुभाज्यू (नेवारको पण्डित) र नेपाल खाल्डोका सबै कविराजहरूले शाहज्यादीको स्वास्थ्य लाभको बारेमा धेरै शास्त्रार्थ वादविवाद गरी अन्त्यमा शाहज्यादीको

स्वास्थ्यमा कुनै शारिरीक रोग नभएको र मानसिक रोग निको पार्ने औषधी तिनीहरूको औषधशास्त्रमा नभएको निष्कर्ष निकालेका छन् । यस किसिमको निष्कर्षबाट राजा रानी चिन्तित बनेका छन् । शाहज्यादीको मनलाई शान्त पार्नका लागि राजाले आफ्नो जिजुमुमाज्यू राजेन्द्रलक्ष्मीको बहादुरी कार्यको इतिहास भन्न जङ्गलाई आग्रह गर्दछन् तर ऐतिहासिक पुरुषको यशको व्याख्या गर्न बाबु भन्दा छोरा सिपालु भएका कारण जगत्ले राजेन्द्रलक्ष्मीको बहादुरी कार्यको बयान गरेका छन् ।

शाहज्यादीको सवारी अन्त कतै चलाउनु पर्‍यो भनी जङ्गले रानीलाई आग्रह गरे पश्चात् रानीले पुत्रीलाई स्वयम्भू पठाएर अजिमाको दर्शन गराउने विचार गरिन् । सोही अनुसार भोलीपल्ट धाई सुसारे, जगत्हरूले स्वयम्भूको अजिमाको दर्शन गराउन शाहज्यादीलाई लगेर जान्छन् । कोही धाइ सुसारे भगवान्को दर्शन गर्न, कोही अजिमाको पुजा गर्न लाग्छन् तर शाहज्यादी बाँदरलाई लखेट्दै जङगलभित्र पस्छन् र जगत्जङ्ग पनि पछि लागेर जान्छन् ।

**परिच्छेद दस :** यस परिच्छेदमा शाहज्यादीले स्वयम्भूबाट ल्याएको प्रसाद खुःसी हुँदै राजा, रानी र दाइहरूलाई बाँडेकी छिन् । त्यसै समयमा रानीले 'भगवान्सित के वर माग्यौ ?' भनी प्रश्न गर्दा शाहज्यादीले जगत्जङ्गलाई पाउने वर मागेको भन्न चाहे तापनि त्यहाँ बाबु र दाजुहरूको उपस्थितिले गर्दा भन्न सकेकी छैनन् ।

त्यस्तै नेपाल-तिब्बत युद्ध सन्तोषजनक भएको सुचित गर्दै नर्मदेश्वर महादेवस्थानमा श्री ५ कान्छी बडामहारानीको लाखबत्ती बाल्ने भाकल पूजामा श्री ५ जेठी शाहज्यादीको सवारीसाथ आउन वीरले जगत्जङ्गलाई आग्रह गरेको व्यक्तिगत चिठी जगत्जङ्गले राजपरिवारमा पढेर सुनाएका छन् ।

**परिच्छेद एघार** : यस परिच्छेदमा नर्मदेश्वर महादेवस्थानमा पूजा गर्नका लागि बाटो असहज भएका कारण अन्य राजपरिवार नजाने भएका छन् तर शाहज्यादी नै पूजाको मूल कारणी भएकाले त्यहाँ जान उनले अनेक शृङ्गार पट्टार गरेकी छिन् । जगत्जङ्ग शाहज्यादीका सवारी चलाउन उपस्थित भएको छ । अर्को तर्फ दिल बहादुर धाई आमाले शाहज्यादी र जगत्जङ्गको सम्बन्ध थाहा पाएर "एक चौटा मासुका निम्ति दुईओटा कुकुरको सधै कहल भएको देखिन्छ ।" (पृ.६३) भनेकी छे । शशीकलाको "के जगत्जङ्ग र वीरशमशेर कुकुर हुन् र ?" (पृ.६३) भन्ने प्रश्नमा धाईआमाले "आफ्नो तामसिक इच्छापूर्तिका लागि यी मोरा लोग्नेमानिस भनाउँदाहरू कुकुर त के दैत्यको रूप धारण गर्दछन्" (पृ.६३) भनेकी छे ।

**परिच्छेद बाह्र** : यस परिच्छेदको कथा पूर्वी २ नं. पहाडको धनहजुरीको कोठामा घटित रहेको छ । यो परिच्छेद शाहज्यादीले धनहजुरीलाई आफूहरू त्यहाँ आउने कुरा र स्वयम्भूको घटनाको बारेमा लेखी पठाएको पत्रको पठनबाट सुरु भएको छ । पूर्वी २ नं. पहाडमा युद्धाभ्यास गर्दा भोक र धपेडीका कारण ढिकबाट लडी घाइते भएका नवयुवकरूपी वीरलाई झाँक्रीले धनहजुरीको घरमा लिएर राखेका हुन्छन् । धनहजुरी र चाकर्नी लक्ष्मीले विवाहको कुरा गरेको समयमा एक्कासी अर्को कोठाबाट जय जयन्ती सा रे ग म रे को राग सुन्छिन् । त्यो रागको आकर्षितले गर्दा लक्ष्मी केटी

त्यस तर्फ जान्छे, त्यो लक्ष्मी र अपरिचित नवयुवक वीरको देखादेख हुन्छ । वीर लक्ष्मी केटीप्रति आकर्षित हुन्छन् भने धनहजुरी अपरिचित नवयुवकरूपी वीरप्रति । वीर र धनहजुरी बिच वार्तालापको क्रममा वीरले निकट भविष्यमा एक जनासँग विवाह हुने भएको तर आज ती लक्ष्मी केटीलाई मन परेको कुरा व्यक्त गरेको छ । वीरले परिचय माग्दा धनहजुरीले 'धन' नाम लेखिएको औँठी प्रेमोपहार स्वरूप दिएकी छे ।

**परिच्छेद तेह्र** : शाहज्यादी र जगत्जङ्ग धनहजुरीको घर पूर्व २ नं. पहाडमा आईपुगेका छन् । धनहजुरी र शाहज्यादी बिच स्वयम्भूमा घटेका घटनाको बारेमा भएको वार्तालापबाट यस परिच्छेदको प्रारम्भमा भएको छ । पूर्व सर्त अनुसार शाहज्यादीले धनहजुरीको निम्ति वीरशमशेरको तस्विर दिएकी छिन् तर धनहजुरीले भोटे वर्दीमा आएका अपरिचित गायक (वीर) सँग प्रेममा परिसकेकाले वीरसँग विवाह नगर्ने कुरा गरेकी छिन् । दिदी बहिनीको वार्तालापबाट आफू गरिब, बदमास र खान नपाएर जेठा बाबु (जङ्गबहादुर) का भाते बस्न गएको, शाहज्यादी र जगत्जङ्गको विवाह हुने कुरा अर्को कोठाबाट अपरिचित गायक वीरले सुनिरहेका हुन्छन् । जगत्जङ्ग पूर्व पट्टिका प्राकृतिक सौन्दर्य हेर्न कोठाभित्र प्रवेश गर्दछन् । रिसले चूर भएका वीरले अचानक जगत्प्रति आक्रमण गर्दछ र दुई भाइको जोडतोडका साथ लडाइँ हुन्छ । लडाइँ भएको थाहा पाएर दिदी बहिनी बाहिर आउँछन् र शाहज्यादीले को हो तिमी ? भनी प्रश्न गर्दा अपरिचित वीरले धीरशमशेरका छोरा वीरशमशेर हुँ भनेर परिचय दिएको छ ।

**परिच्छेद चौध** : वीरशमशेर र माहिला साहेब ज्यू अर्थात् धनहजुरीको बुबा उपेन्द्रविक्रम बिच भएको परिचयबाट यस परिच्छेदको सुरुवात भएको छ । वीरको निधारमा रगत देखेपछि उपेन्द्रले "तेरो निधार फुटेछ, हृदय दुख्यो होला । तिघ्रा नकँपाएस्, भाग्य चम्किन्छ" (पृ.८३) भनेका छन् । यही कथनलाई एक महान् तान्त्रिकको अकाट्य भविश्यवाणी ठानेर वीरले "धनी साना हुन् या ठूला, नाता वरको होस् या परको, ती सबलाई खतम गर्छु, अनि मेरो भाग्य चम्किन्छ । आफै सर्वेसर्वा शक्तिमान् हुन्छु, कुबेर बन्छु ।" (पृ.८४) भन्ने प्रतिज्ञा गरेको छन् । यसका अतिरिक्त वीर र धनहजुरी बिच पूर्व घटनाको बारेमा भएको वार्तालाप, धनले वीरको घाउमा मलमपट्टि गरीदिएको र वीर काठमाडौँ फर्किने तयारी भएको प्रसङ्ग यस परिच्छेदको मुख्य घटनाको रूपमा आएको छ ।

**परिच्छेद पन्ध्र** : वीरशमशेर पूर्व २ नं. पहाडबाट काठमाडौँमा आई पुगेका छन् । उनले आफ्ना भाइहरूलाई पूर्व २ नं. पहाडमा धनहजुरी र आफ्नो प्रेम बसेको कुरा बाहेक आफू भीरबाट लडेको, शाहज्यादी र जगत्जङ्ग दाइ बिच प्रेम भएको, आफ्नो र जगत्जङ्ग दाइ बिच भएको लडाइँ तथा आफूले लिएको प्रतिज्ञा सबै बताएका छन् । यस विषयमा शमशेर भाइहरू बिच भएको छलफलमा खड्गले "मर्न नै कम्मर कस्ने हो भने यहाँ प्रलय रचेर मात्र मरुँला, कि हस्तिनापुरको रजाइँ कि चपरीमुनिको वास" (पृ.९०) भन्ने रिसको झोकमा अठोट गरेका छन् तर चन्द्रको "तपाईँ खुरुक्क जगत्जङ्ग दाइ र शाहज्यादीकहाँ जानोस् ! उनीहरूले जसो भन्छन् त्यसै गर्नोस् । जति छिटो उति असल । यो दरबारको मामला हो, एक स्त्रीको जीवनको सवाल छ । फेरि हाम्रो आफन्तको कुरा पर्‍यो । यसमा पाखुरा खैंचनु म उचित देख्दिनँ । तपाईँ र जगत्जङ्ग दाइमा

जसको विवाह शाहज्यादीसित भए पनि हाम्रा सन्तानको इज्जत बढ्छ । यस विषयमा हामीले कुचुद्दे गर्नु ठीक परोइन ।" (पृ.९१) भन्ने भनाइमा सबै भाइहरूको सहमत हुन्छ र वीर जगत्जङ्ग दाइ कहाँ जान तयार भएका छन् । यसका अतिरिक्त यस परिच्छेदमा शमशेरका १७ भाइहरू मध्ये एक देवशमशेर आफ्ना काका कृष्ण राणाकहाँ बसेकाले उनलाई धनी र पुलपुलिएका देखाइएको छ भने अन्य शमशेर भाइहरूको आर्थिक स्थिति कमजोर रहेको देखाइएको छ । त्यस्तै प्रधानमन्त्रीकी छोरीहरूको विवाह दरबारमा गर्ने प्रसङ्ग पनि यस परिच्छेदमा आएको छ ।

**परिच्छेद सोह्र** : यस परिच्छेदमा जगत्जङ्गलाई देशको प्रशासनिक तथा अड्डा अदालतका काम सम्बन्धी रुचि हराएकाले भोग विलासको जीवन बिताउन थालेको देखाइएको छ । सोमनाथको "जुन देशमा संसदीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएको छ, त्यहाँ मात्र जीउधनको सुरक्षा हुन्छ, अन्त हुँदैन" (पृ.९८) भन्ने भनाइमा जङ्ग भाइहरूको विरोध छ । अझ सोमनाथलाई गिल्ला गरी बौलाहाको संज्ञा दिइएको छ । जगत्जङ्गले आफ्ना भाइ भारदारहरू समक्ष "जङ्गबहादुरले बसालेको शासन पद्धतिमा उनका भाइ, छोरा, भतिजा र नाता कुटुम्बको विशेष भूमिका हुन्छ । ...यो ईश्वरीय देन हो । बेलायतको व्यवस्था हामीलाई चाहिएको छैन । हामी हाम्रै व्यवस्था, हाम्रै देश र हाम्रै वेश चाहन्छौँ । हामी यहाँ सुरक्षित छौँ ।" (पृ.९८) भन्ने सन्देश पठाएका छन् ।

वीरशमशेर र देवशमशेर जगत्जङ्गको निवास मनहरामा आइपुगेका छन् । पूर्व २ नं. पहाडमा घटेको घटनालाई संयोगवश भएको हो भन्ने कुरामा वीरले जगत्जङ्गलाई नाटकीय तवरले विश्वास दिलाएका छन् । 'नहुनु भन्दा कानो मामा वेश' भने झैँ धनहजुरीलाई पाउन वीरले शाहज्यादी र जगत्जङ्गको वैवाहिक सम्बन्ध स्थापित गराई दिन जगत्जङ्गले लेखेको बिन्ती पत्र लिएर शाहज्यादीकहाँ जान तयार भएका छन् ।

**परिच्छेद सत्र** : जगत्जङ्गको पत्र लिएर वीर दरबार गएका छन् । रानीले पूर्व २ नं. पहाडको घटनालाई लिएर दाजुभाइ किन लडेको ? भनी वीरलाई प्रश्न गर्दा प्रतिउत्तरमा आफू भोटे र जगत्जङ्ग नेपाली भई युद्धाभ्यास गरेको भनी नाटकीय तवरले वीरले रानीलाई विश्वास दिलाएका छन् । त्यस्तै वीरले शाहज्यादीलाई पनि पूर्वी पहाडको झगडाको बारेमा स्पष्टीकरण पेश गर्दै जगत् र आफू बिच मिल्ती भइसकेको कुरा भनेका छन् र जगत्ले पठाएको पत्र शाहज्यादीलाई दिएका छन् । वीरले शाहज्यादीलाई पनि जगत्लाई पत्र लेख्न लगाएका छन् । शाहज्यादीले वीरका साथ पत्र र २ शिशी फ्रेन्च ह्विस्की उपहार स्वरूप पठाएका छन् । शाहज्यादीको चिठी लिएर वीर मनहरा फर्कदा वीरलाई त्यो पत्र जगत्लाई दिउँ कि नदिउँ भनी मनोद्वन्द्व चलेको छ । तर मनहरा आईपुगे पछि वीरले जगत्लाई थाहै नदिई शाहज्यादीले जगत्लाई पठाएका मदका शिशी मैयाहरूलाई बेचेका छन् ।

**परिच्छेद अठार** : वीर र शाहज्यादीको विवाहको निम्ति चिना मिलाउने र वागदान हुने दिनको प्रसङ्गबाट यस परिच्छेदको सुरुवात भएको छ । यस प्रकारको महत्त्वपूर्ण कार्यको सुरुवात गर्न एकातर्फ कान्छी महारानी त्रुटि हुन नदिन तल्लिन रहेकी छिन् भने अर्कातर्फ सोमनाथ र अन्य सहयोग पण्डितहरू कुण्डली हेर्न तल्लिन रहेका छन् । अन्त्यमा सोमनाथले वीरशमशेर नराम्रो मूलमा परेकाले शाहज्यादी र वीरशमशेरको विवाह जुर्न नसकेको र यदि उनीहरू दुईको विवाह

भएमा कन्याको जग्गेमा नै मृत्यु हुने कुरा प्रधानमन्त्री जङ्गलाई अवगत गराएका छन् । जङ्गबहादुरले यो ज्योतिषशास्त्रको आडमा जीवित रहेको वाग्दानको रूढिवादी स्थितिमा क्रान्तिकारी सुधार ल्याएर वीर र शाहज्यादीको विवाह सुसम्पन्न गराउने मनसुबा लिएका छन् । त्यसैले ज्योतिषशास्त्रभित्र लुकेको वाग्दानको वास्तविक तथ्यलाई सूक्ष्म रूपले अध्ययन गर्नका लागि सोमनाथलाई लिएर अर्को कोठामा गएका छन् ।

**परिच्छेद उन्नाइस** : वीरशमशेर र शाहज्यादीको विवाह कुण्डलीका अवसरमा राजा रानीहरूले सुसारेहरूलाई ७ लाख बकस दिनु भनी हुकुम भएको रकम लिएर पिपाहरूका साथ कृष्ण बहादुर राजदरबार आएका छन् तर विवाह भङ्ग भएको कारणले हो या अन्य कुनै कारणले राजाले त्यो राष्ट्रकोषको रकम फिर्ता गर्न आदेश दिएका छन् । यसै समयमा साहेब ज्यू (उपेन्द्र) को आगमन हुन्छ । उनले राष्ट्रकोषको पैसालाई गोमांस सम्झेर त्यसमाथि कसैले पनि लोभ लालच गर्न नहुने कुरा प्रकट गर्न “पिपाले यहाँ गाईको मासु किन ल्याएको ?” (पृ.१३२) भनेका छन् । तर तत्कालीन समाज अशिक्षित भएकाले उनको भनाइको अर्थ बुझ्न नसकेको कुरा देखाइएको छ ।

**परिच्छेद बिस** : जङ्गबहादुरले सोमनाथलाई हपार्दै चिना माग्दा डरले होस्‌गुम भएका सोमनाथले चिनाको सट्टा गल्तीले गर्दा जङ्गलाई प्रजातान्त्रिक विधानको मस्यौदा दिएका छन् तर पछि सोमनाथले जेठी शाहज्यादीको विवाह जगत्‌जङ्ग र माहिला साहेब ज्यूकी छोरी धनहजुरीको विवाह वीरसँग गर्ने योजना बनेको र वीरकै सल्लाह बमोजिम आफूले चिना नमिलेको भनी जङ्गबहादुर समक्ष सम्पूर्ण रहस्य खोलेका छन् । जगत्‌जङ्ग र शाहज्यादी तथा वीर र धन बिच विवाह हुने योजना बनेको सम्पूर्ण व्यहोरा जङ्गले श्री ५ सुरेन्द्र समक्ष जाहेर गरेका छन् । शाहज्यादी र जगत्‌जङ्गको विवाह हुने कुरा चारैतर्फ फैलिएको र दरबारका सबै भारदारहरू खुसी भएको कुरा यस परिच्छेदमा उल्लेख छ ।

**परिच्छेद एक्काइस** : राजपुत्रीको विवाह बारेको जटिल समस्या हल भएको खुसीयालीमा राजा रानी, प्रधानमन्त्री तथा अन्य भारदारहरूले भोज गरेका छन् । रानीले भण्डारमा राखिएको २ शिशी फ्रेन्च ह्विस्कीको खोजी हुँदा शाहज्यादीले वीरको हातमा जगत्‌लाई उपहार स्वरूप पठाएको रहस्य सुसारे बेगमपरीले खोलेकी छिन् । यसका अतिरिक्त यस परिच्छेदमा जङ्गबहादुरले बेलायत यात्रा गर्दा त्यहाँ आफूलाई गरिएको सम्मानको वर्णन, नेपाल फर्कदा बेलायतकी महारानी भिक्टोरियाले उपहार स्वरूप दिएको ह्विस्कीको गुणको वर्णन र बेलायती शाहज्यादीको विवाह गर्ने संस्कृतिको वर्णन पनि यस परिच्छेदमा गरिएको छ ।

**परिच्छेद बाइस** : दरबारबाट हराएका फ्रेन्च ह्विस्की जेठी महारानीसँग फेला परेको छ । प्रधानमन्त्रीका छोरीहरूले युवराजहरूलाई उपहार स्वरूप पठाएको रहस्य ठूली द्वारेबाट खोलिएको छ । राजाले जङ्गबहादुरलाई बेलायतको गफ गर्न आग्रह गरे पछि जङ्गले बेलायतमा प्रधानमन्त्री सागको पात फेरिए झैं बराबर बदली रहने, उनीहरूले आफूलाई नेपालमा पनि बेलायतको जस्तो शासन पद्धति लागू गर्न आग्रह गरेको कुरा व्यक्त गरेका छन् ।

सोमनाथले बेलायत लगायत जापान र अन्य युरोपियन मुलुकको जस्तो राजनैतिक व्यवस्थाका पक्षमा वकालत गरेका छन् । जङ्गबहादुरले कास्की र लमजुङका श्री ३ महाराजका पदवी पाएको, आफ्नो थर राणा लेख्ने घोषित भएको, शाहज्यादी र जगत्जङ्गको विवाहको पक्का पक्की भएका घटनाहरू यस परिच्छेदमा उल्लेख भएका छन् ।

**परिच्छेद तेइस** : बमबहादुर र धीरशमशेरको नेतृत्वमा गएको नेपाली फौजले ल्हासा विजय प्राप्त गरेर काठमाडौं फर्केका छन् । यसै दिन शाहज्यादी र जगत्जङ्गको विवाह जुराइएको छ । यस विवाहमा जङ्गका भाइ छोराहरू बहुमूल्य गरगहना सझधजकासाथ उपस्थित भएका छन् भने धीरका छोरा देव बाहेक अन्य छोराहरू सामान्य पहिरनमा उपस्थित भएका छन् । जगत्जङ्ग र शाहज्यादीको विवाहको खुसीयालीमा सहरमा जताजतै खुसीयाली मनाइएको छ । विवाह भव्य, सानदार तथा तामझामका साथ सम्पन्न भएको छ । ठूलो राशीको दाइजो उठेको छ । काठमाडौंका तिनै सहर हर्षोल्लासमा मग्न रहेको देखाइएको छ ।

**परिच्छेद चौबिस** : शाहज्यादीले पुत्र जन्माएकी छिन् । नेपाल नरेश र प्रधानमन्त्रीका नातिको जन्म भएकाले जङ्गबहादुरको नातिलाई जर्नेलको पद दिइएको छ । नाति जर्नेलको जन्मको खुसीयालीमा नौ तोपको जर्नेली सलामी दिइएको छ । सहरका कुनाकाप्चा, चारैतिरबाट मानिसहरू मनहरा आई नाति जर्नेलको मुख हेरेका छन् र जङ्गबहादुर र जगत्जङ्गलाई दाम राखेर भक्ति पूर्वक बधाई व्यक्त गरेका छन् । यही खुसीयालीमा ३६ घण्टा जुवा फुकाइएको छ, दुई दिन अड्डा बिदाको घोषणा गरिएको छ, कैदीहरू जेल मुक्त भएका छन् ।

राजा, शाहज्यादी र युवराजहरूले जङ्गबहादुरको शेष पछि जगत्जङ्गले नै उक्त पदको उत्तराधिकारी हुन पाउने रोलक्रम बाँध्न जङ्गबहादुरलाई आग्रह गरेका छन् तर जङ्गबहादुरले त्यसो नगरेर श्री ३ महाराज र प्रधानमन्त्रीको पद तथा काम, कर्तव्य भाइ-भाइमा सर्दै जाने र श्री ३ को खानगी रकम छोरामा सर्दै आउने रोलक्रम बाँधेका छन् । यस रोलक्रममा असन्तुष्ट हुँदै बमबहादुरले श्री ५ र श्री ३ समक्ष जगत्जङ्गको शेखपछि उनको जेष्ठ पुत्रका हैसियतले श्री ३ को खानगी मात्र होइन कि श्री ३ को मान, हाल हुकुम, इज्जत र प्रभुत्व सबै जगत्जङ्गले पाउनु पर्ने निवेदन गरेका छन् । यस निवेदनमा अन्य भाइहरूले पनि समर्थन जनाएका छन् ।

जगत्जङ्गले श्री ३ को खानगी पाएको खुसीयालीमा कविलास, भीमढुङ्गा आदि ठाउँबाट हर्षबढाइका लागि मानिसहरू आएका छन् । अङ्ग्रेज राजदूतले काठमाडौंका मानिसहरूले जगत्जङ्गको भक्ति गरेको दृश्य दुर्बिनद्वारा हेरेको देखाइएको छ तर राजदूतले नेपालको अन्धकार भविष्य मात्र देखेको छ र उसलाई "नेपाल एउटा पुलिस थाना जस्तो रहेछ, जहाँ न कसैलाई विरोध गर्ने अधिकार छ न हिम्मत" (प.१८३) भन्ने लागेको छ । जङ्गबहादुरले सोमनाथलाई प्रजातन्त्रको बारेमा वकालत गरेको अभियोगमा बोक्सो, बौलाहाको संज्ञा दिई देशनिकाला गरेका छन् ।

**परिच्छेद पच्चिस** : युवराज त्रैलोक्यको राजनीतिक सक्रियता बढेको छ । जङ्गबहादुरको सेखपछि उनको रिक्त स्थानमा श्री ३ महाराज र नेपालको प्रधानमन्त्री पदमा नियुक्त हुनका निम्ति श्री ५

सुरेन्द्रबाट लालमोहर प्राप्त नहुने र त्यो उच्च पदमा जगत्‌जङ्गलाई मनोनित गर्ने गोप्य योजना थाहा पाई जङ्गबहादुर शिकारको निहुँमा दलबलका साथ पूर्व तराई पत्थरघट्टामा गएका छन् । शिकारको क्रममा जङ्गबहादुरको आँखाको पक्षघातले गर्दा साधारण पाटे बाघलाई सेतो देखेका छन्, मयूरका भाले पोथीको जोडीलाई बकुल्ला ठानेका छन् र उनको निसाना पनि चुकेको छ ।

जङ्गबहादुरले राजपरिवार, भाइ, छोरा र भतिजा बिच सत्ताका लागि हुन सक्ने महासंहारको सम्भावना देखेर आफूलाई बेलायती मित्रहरू र सोमनाथले बारम्बार प्रजातान्त्रिक शासन व्यवस्था लागू गर्न आग्रह गरेको कुरालाई सम्झेका छन् ।

जङ्गबहादुर एकाएक विरामी हुन्छन् र उनले सोमनाथलाई बोलाएर "तिमी नेपाल जाऊ । म मरेको खबर कसैले थाहा नपाउने गरेर मेरा भाइहरूकहाँ पुऱ्याउनू" भनी आदेश दिएका छन् । अन्त्यमा आफ्नो पारिवारिक कहल हुन लागेको वातावरणप्रति घृणा गरी आफ्ना महारानीहरूलाई सती आउन आग्रह गर्दै मरेका छन् ।

त्यस्तै यस परिच्छेदमा सोमनाथलाई देश निकाला गरेपछि उनको परिवारको विचल्ली भएको स्थिति देखाइएको छ । सोमनाथको छोरा भएको नाताले उनका छोरा नरसिंहले समेत बेइज्जती खेप्नु परेको छ । सोमनाथकी छोरी शशीकलालाई दरबारबाट निकाएको छ । छोरा नरसिंहनाथ कमजोर आर्थिक स्थितिका कारण रानी पोखरीमा हाम फालेर आत्महत्या गरेका छन् तर सोमनाथको विरोधीहरूले सोमनाथकी पत्नीलाई बोक्सीको आरोप लगाई छोरालाई उनले नै मारेको आरोप लगाएका छन् । पछि मुद्दाको सुनुवाईमा जङ्गबहादुरले सोमनाथकी पत्नीलाई निर्दोष ठहऱ्याई माफी दिएका छन् ।

**परिच्छेद छब्बिस** : जङ्गबहादुरले आफू मर्नु भन्दा पूर्व आफू मरेको खबर भाइ धीरशमशेरकहाँ पुऱ्याउनु भनी श्री ३ बडामहारानीलाई गोप्य रूपमा भनेका थिए । सोहीअनुसार श्री ३ बडामहारानीले जङ्गबहादुरको मृत्युको दुःखद समचार एक पत्रवाहकद्वारा काठमाडौँ पठाएकी छिन् । जङ्गको मृत्युका बारेमा जङ्गका भाइहरू र धीरका छोराहरू बाहेक कसैलाई पनि जानकारी दिइएको छैन । धीर र जगत्‌शमशेरले जङ्गबहादुरको रिक्त स्थानमा रणोद्दीपलाई आसीन गराएर उनलाई श्री ३ महाराज भएको शाही घोषणा गर्नका निम्ति श्री ५ सुरेन्द्रको लालपन्जापत्र गर्नु पर्ने आवश्यक देखे । तर युवराजहरू (त्रैलोक्य र नरेन्द्र) को उपस्थितिमा राजाबाट लालपन्जापत्र प्राप्त गर्न गाह्रो र असम्भव भएकाले उनीहरूलाई जङगबहादुरले भेट्ने इच्छा गरेको भनी जाल रचेका छन् । सोही अनुसार जाल रचिँदा युवराज त्रैलोक्यले षड्यन्त्रको शङ्का गरी सवारी हुन साइत नजुरेको वाहानामा पत्थरघट्टा नजोने अठोट गरेका छन् तर अन्त्यमा आफू पत्थरघट्टा नगएमा धीरले सैनिक कारवाही गर्न सक्ने सम्भावना देखेर पत्थरघट्टा जान मञ्जुर भएका छन् ।

**परिच्छेद सत्ताइस** : श्री ३ महाराज र नेपालको प्रधानमन्त्री पदमा रणोद्दीपसिंह, कमाण्डर इन चिफ र मुख्तियारको पदमा जगत्‌शमशेर र मुख्य जर्नेलको पदमा धीरशमशेर नियुक्त भएका छन् भने जगत्‌जङ्ग, जीतजङ्ग र पद्मजङ्ग क्रमशः पूर्व कमाण्डिङ जर्नेल, दक्षिण कमाण्डिङ जर्नेल र उत्तर कमाण्डिङ जर्नेलको पदमा घोषित भएका छन् । पत्थरघट्टा प्रस्थान गरेका युवराजहरू र

जगत्‌जङ्गले आधा बाटोमा नै षड्‌यन्त्रको यथार्थ कुरा थाहा पाए पछि काठमाडौं फर्केका छन् । युवराज त्रैलोक्यले जगत्‌जङ्गलाई श्री ३ बनाएर आफ्नो अभिष्ट पूरा गर्ने अठोट लिएका थिए तर असफल भए पछि पुनः अर्को योजनाको तयारीमा लागेका छन् ।

**परिच्छेद अठ्ठाइस** : युवराज त्रैलोक्यको जनसम्पर्क बढ्दै गएका कारण उनी झन् लोकप्रिय बन्न पुगेका छन् । जगत्‌शमशेरको मृत्यु पश्चात् कमाण्डर इन चिफको पदमा धीरशमशेर र मुख्य जर्नेलको पदमा जगत्‌जङ्ग नियुक्त भएका छन् तर जगत्‌जङ्ग मुख्य जर्नेल भए पनि सम्पूर्ण अधिकार धीरले खोसेकाले काका-भतिजाको अनमन सुरु भएको छ । जगत्‌जङ्ग त्रैलोक्यको गुटमा सामेल भएका छन् । एकातर्फ त्रैलोक्य र जगत्‌जङ्गको गुट शक्तिशाली बन्दै गएको छ भने अर्कोतर्फ धीर र शमशेर भाइहरूको गुट उत्तिकै शक्तिशाली गुटका रूपमा देखा परेको छ तर युवराज त्रैलोक्यलाई अचानक कानमा सेप्टिक हुन्छ । उनलाई उपचार गर्नको लागि अनेक प्रकारका धामी, झाँक्री, कविराज, वैद्यहरू लगाइएको छ तर उनको स्वास्थ्यमा कुनै परिवर्तन आएको छैन । अन्त्यमा धीरशमशेरले उपचारको लागि गोरा डाक्टर ल्याएका छन् तर उपचार गर्ने स्रोत र साधनको अभावमा त्रैलोक्यको राजनीतिक उद्देश्य पूरा हुन नपाउँदै मृत्यु भएको छ । जीवनको अन्तिम घडीमा त्रैलोक्यलाई आफ्ना भिनाजु जगत्‌जङ्ग र भाइ नरेन्द्रप्रति पनि विश्वास हराएको छ र उनले यी दुईबाट होसियार रहन आफ्नी कान्छी युवराज्ञीलाई आग्रह गरेका छन् ।

**परिच्छेद उन्तिस** : यस परिच्छेदमा युवराज त्रैलोक्यको मृत्यु भएको दुई वर्ष पश्चात् राजा सुरेन्द्र र पूर्वराज्यच्यूत राजा राजेन्द्र शाह र सुरेन्द्रकी जेठी कान्छी दुवै पटरानीको मृत्यु भएकाले वंश परम्परा अनुसार नाबालक पृथ्वीवीरविक्रम शाहलाई राजगद्दीमा आसिन गराइएको छ । त्रैलोक्यकी कान्छी युवराज्ञीलाई राजा पृथ्वीको माता भएकाले श्री ५ राजमाताको नामले सम्बोधन गरिएको छ । उनले पती त्रैलोक्यले मर्ने बेलामा भनेको कथनलाई आत्मसात् गर्दै देवर र दाइसँग सधैं होसियार रही शमशेर खलकसँगको सम्बन्ध बढाएकी छिन् । यसका अतिरिक्त यस परिच्छेदमा एकातर्फ युवराज नरेन्द्रले दाजु त्रैलोक्यलाई गोरा डाक्टरद्वारा मन्द विष प्रयोग गराई धीरले मारेको भन्दै त्यसको बदला लिने अठोट गरेका छन् भने अर्कोतर्फ धीरशमशेर श्री ५ र श्री ३ को विश्वास पात्रको रूपमा स्थापित भई राज्यको सम्पूर्ण प्रशासकीय व्यवस्था सम्बन्धी अधिकार आफ्नो हातमा लिएर शक्तिशाली बनेका छन् ।

**परिच्छेद तिस** : यस परिच्छेदको प्रारम्भमा जगत्‌जङ्गलाई भोगविलास, तडकभडक, सुखसयल र धार्मिक कार्यमा सम्पूर्ण दिनहरू बिताउन थालेको देखाइएको छ । जगत्‌जङ्गको यस प्रकारको व्यवहार देखेर काका धीरशमशेरलाई सह्य हुँदैन । यस कारण उनले श्री ३ महाराजको हजुरिया, निजामती अड्डा र बाबुको उत्तराधिकारीको हैसियतले पाउने गरेका २ लाखको खानगीबाट जगत्‌जङ्गलाई वञ्चित गराएका छन् । यसले गर्दा झन् काका-भतिजा बिचको मनोमालिन्य बढेको छ । अन्त्यमा जगत्‌जङ्ग र युवराज नरेन्द्र मिलि धीरशमशेरको विरूद्धमा पुनः सङ्गठित हुने क्रममा पक्राउमा परी राजद्रोहीको अभियोग लगाई आजीवन कारावासको सजाय दिइएको छ । अन्य दस जना बाहुन मुडिए, पचासजना जति मध्ये केहीलाई शूलीमा चढाइएको छ, केहीलाई फाँसी दिइएको छ, केहीको सर्वस्वहरण गरिएको छ भने शेखर र भोलाजस्ता पीपलपाते पात्रहरूले

त्रैलोक्यको पालामा बनेको गोप्य योजनाको कागजपत्रलाई नरेन्द्र र जगत्जङ्गले हालसालै बनाएको भनी धीरशमशेर समक्ष पेश गरेर निर्दोष ठहरिएका छन् ।

**परिच्छेद एकतिस** : धीरशमशेरको घाँटीमा हाड अड्किएर उपचारको अभावमा मृत्यु भए पछि उक्त रिक्त पद (कमाण्डर इन चिफ र मुख्तियार) मा जीतजङ्ग नियुक्त भएका छन् । धीरको मृत्यु पश्चात रणोद्दीपसिंहले भारतको इलाहावादमा जेल जीवन बिताई रहेका जगत्जङ्ग र नरेन्द्रलाई काठमाडौं झिकाएका छन् । श्री ३ महाराज तथा प्रधानमन्त्रीको पद जगत्जङ्गलाई जिम्मा लगाएर आफू काशीवास जाने धीरका र उनका पत्नीको मनसाय रहेको छ । जगत्जङ्ग श्री ३ महाराज हुने हल्ला चारैतिर फैलिएपछि उनको चाकडी चाप्लुसी गर्नेहरूले जयजयकार र भक्तिभाव देखाएका छन् भने शमशेर खलकको निन्दा गरेका छन् । हिजो त्रैलोक्यले बनाएको गोप्य योजनाको कागजपत्रलाई जगत्जङ्ग र नरेन्द्रले बनाएका हुन् भन्ने कागजपत्र पेश गरी धीर समक्ष निर्दोष ठहरिएका शेखर र भोला जस्ता पीपलपाते, चैते र चाप्लुसी व्यक्तिहरू आज जगत्जङ्गको जयजयकार र शमशेरको निन्दा गर्न उपस्थित भएका छन् ।

**परिच्छेद बत्तिस** : ब्रिटिस रेजिडेन्टले राजदूतको प्रमाणपत्र श्री ५ पृथ्वीवीरविक्रम शाह समक्ष पेस गर्ने भएकोले हनुमानढोका गद्दी बैठकमा जङ्गी निजामती कर्मचारीहरू भेला भएका छन् । रणोद्दीपले जगत्जङ्गलाई श्री ३ महाराजको पद सुम्पिएर आफू काशीवास जाने विचार गरेकाले आफ्नो चौघोडे बग्गी दिएर गद्दी बैठकमा जान आदेश दिएका छन् । आदेश अनुसार चौघोडे बग्गीमा बसेर जगत्जङ्ग बग्गी बैठक गएका छन् तर जगत्जङ्गको रोलक्रम पहिले नै काटिएको हुँदा रोलक्रममा भएका आफ्ना भाइ छोराले विरोध गरेका छन् । त्यस्तै श्री ५ राजमाता (पृथ्वीकी माता) ले पनि जगत् श्री ३ हुन लागेको देखेर विरोध गरेकी छिन् ।

**परिच्छेद तेत्तिस** : यस परिच्छेदमा जगत्जङ्ग श्री ३ महाराज भएमा आफ्नो अस्तित्व नरहने सम्भावना देखी शमशेर भाइहरू त्रसित रहेको कुरा देखाइएको छ । यसको प्रतिवादको लागि उनीहरूले योजना बनाउन थालेका छन् । श्री ५ राजमाता र वीरशमशेरले रणोद्दीप, जगत्जङ्ग लगायत उनका सबै समर्थकहरूलाई मार्ने गोप्य योजना भएको कुरा बागकी कान्छी मैयाँ (जङ्गकी छोरी/उपेन्द्रकी बुहारी) ले खड्गशमशेरलाई बताएकी छिन् ।

**परिच्छेद चौतिस** : यस परिच्छेदमा ब्रिटिस-भारत सरकारले ठूलो सैनिक प्रदर्शनको आयोजना गर्ने भएकोले त्यसमा भाग लिन वीरशमशेरको नेतृत्वमा चार सशस्त्र पल्टन रावलपिण्डी जाने भएको कुरा देखाइएको छ । यो पल्टन काठमाडौं फर्के पश्चात रणोद्दीपसिंहले जगत्जङ्गलाई श्री ३ महाराज पद सुम्पि काशीवास जाने कुरा खड्गशमशेरलाई व्यक्त गरेका छन् तर रणोद्दीप काशीवास गएमा श्री ३ महाराज र प्रधानमन्त्री पदका लागि झैझगडा, रक्तपात हुने र जगत्जङ्गलाई कसैले पनि श्री ३ महाराज नमान्ने कुरा खड्गले रणोद्दीपलाई बताएका छन् । यसरी रणोद्दीपसिंह आफ्ना भतिजाहरूमा मेल मिलाप गराएर काशीवास जाने यस पल्टको प्रयत्न पनि विफल भएपछि चिन्तित बनेका छन् ।

**परिच्छेद पैंतिस** : यस परिच्छेदमा शमशेर भाइहरू (वीर, खड्ग, भीम, डम्मर, रण), श्री ५ राजमाता (राजा पृथ्वीकी आमा), वागकी कान्छी मैयाँ, केशरसिंह थापा (शमशेरभाइहरूको मामा), शमशेरखलकका नामी ज्योतिषी शिरोमणी आचार्यहरूले रणोद्दीपसिंहको हत्याको लागि योजना तथा हातहतियारको व्यवस्था गरेका छन् । उनीहरूले रणोद्दीपको हत्याको लागि रातको १०:४५ बजे साइत जुराइएका छन् ।

**परिच्छेद छत्तिस** : उता रणोद्दीपको हत्याको योजना बन्दै गर्दा मनहरा दरबारमा नाचगान भईरहेको छ । नृत्य सकिने बित्तिकै **हत्या** नामक नाटकमा शमशेरहरूलाई दुष्टको रूपमा देखाइएको छ । यो दृश्य जगत्जङ्ग र शाहज्यादीलाई मन नपरेकोले नाटक रोक्न आदेश दिएका छन् तर उपस्थित चाकरीवाज सबैले नाटक देखाउन अनुरोध गरेकोले पुनः नाटक देखाइएको छ । नाटकको अन्त्यमा देव बाहेक सबै शमशेरभाइहरूको एक चिहान भएको दृश्य देखाइएको छ ।

**परिच्छेद सैंतिस** : पूर्व योजना अनुसार रातको १०:४५ बजे शमशेर भाइहरू (खड्गशमशेर, डम्बरशमशेर, चन्द्रशमशेर, भीमशमशेर, र रणशमशेर) श्री ५ को लङ्गबाट रणोद्दीपको लङ्गतर्फ जान सफल भएका छन् तर रणोद्दीपको कोठा भित्रबाट बन्द भएको हुनाले भाइहरू सल्लाह गरी रावलपिण्डी जानको लागि बिन्ती गर्न हाजिर भएको तथा लिगेसनबाट जरूरी पत्र आएको निहुँ बनाई कोठा भित्र पस्न सफल भएका छन् । खड्ग, डम्बर र रणले क्रमशः रणोद्दीपसिंहको गोली हानी हत्या गरेका छन् । गोली चलेको आवाज सुनी रणोद्दीपसिंहको सुरक्षाका लागि खटिएका ७ बिजुली गारत हल्ला गर्दै आएका छन् । शमशेर भाइहरू मारिने निश्चित थियो तर बिजुली गारतका अफिसरहरू धीरका साला जेठान भएकाले भानिजहरू बाँचेका छन् । अन्त्यमा खड्गले बिजुली गारतका सैनिकलाई सम्बोधन गर्दै जङ्गबहादुरले बसालेको रीतिथिति कायम राख्न रणोद्दीपलाई मार्नु परेको कुरा पनि बताएका छन् ।

**परिच्छेद अठ्तिस** : यस परिच्छेदमा एकातर्फ श्री ३ रणोद्दीपसिंहलाई मार्न गएका भाइहरूको षड्यन्त्रको पर्दाफास हुन्छ कि भन्ने डरले वीर त्रसित छन् भने अर्कातर्फ भाइहरू सफल भएर आए पनि उनीहरूले खड्गशमशेरलाई श्री ३ महाराज बनाएर आफूलाई पनि काका रणोद्दीपलाई जस्तै बनाउने हुन् कि भन्ने डरले वीर सशङ्कित बनेका छन् । यसका अतिरिक्त आफ्नो योजना सफल भए पश्चात शमशेरभाइहरू भेला भई आफ्ना नामको पछाडि 'जङ्गबहादुर राणा' राख्ने निर्णय गरेका छन् भने राजा पृथ्वीले वीरशमशेरलाई श्री ३ महाराज, प्रधानमन्त्री र सर्वोच्च सेनापतिको पदमा नियुक्त गरेका छन् ।

**परिच्छेद उनन्चालिस** : यस परिच्छेदमा जगत्जङ्गको निवासस्थल मनहरा दरबारमा घटित घटनाहरू रहेका छन् । मनहरा दरबारमा **हत्या** नामक नाटकको प्रदर्शन सकिएपछि सबै भारदारहरू रामकिर्तन गरिहेका छन् । यसै समयमा अचानक टुँडीखेलमा तोप पड्किएको आवाज सुनिन्छ । जङ्गबहादुरका काहिँला छोरा हर्षजङ्ग मनहरा आई रणोद्दीपको हत्या भएको सूचना दिएका छन् । रणोद्दीपको हत्या भएको थाहा पाएर पनि जगत्जङ्गले शाहज्यादीलाई अवगत गराएका छैनन् बरु श्री ३ महाराज वीरशमशेरको सलामीमा पड्केको तोपलाई पनि जगत्ले रावलपिण्डीमा जान लागेको फौजको तालिम भनी शाहज्यादीलाई ढाँटेका छन् । रणोद्दीपको हत्या

तथा वीरशमशेर श्री ३ भएको सूचना पाए पछि जगत्जङ्गका भारदार तथा नोकरहरू मध्ये कोही मुग्लान पसेका छन् भने कोही जगत्को निन्दा गर्दै वीरको जयजयकार गर्न पुगेका छन् । अन्त्यमा जगत्ले भागेर जाने कुनै उपाय नदेखेपछि मूल बाटोमा मर्नु भन्दा आफ्नै निवासमा मर्न इज्जत सम्झी आफ्नै निवास मनहरा दरबारमा अधैर्यका साथ बसेका छन् ।

**परिच्छेद चालिस :** श्री ३ महाराज वीरशमशेरले आफ्ना भाइ छोराहरूको रोलक्रम वृद्धि गर्नुका साथै आफ्ना जेठी र कान्छी पत्नीहरूलाई क्रमशः श्री ३ जेठी बडामहारानी र श्री ३ कान्छी बडामहारानीको दर्जामा नियुक्त गरेका छन् । सत्र भाइ शमशेरको पाप काट्न शिरोमणि आचार्य महायज्ञ गर्न काशी जाने र त्यसको लागि ११ लाख राष्ट्रकोषबाट झिक्ने निर्णय शमशेर भाइहरूले गरेका छन् । यसका साथै यस परिच्छेदमा चाकडी चाप्लुसी गर्ने भारदार तथा नोकरहरूले षड्यन्त्रकारी, हत्यारा शमशेर खलकको अन्धाधुन्दा भक्तिभाव देखाएका छन् भने रणोद्दीपको निन्दा गरेका छन् । हिजो जगत्जङ्गलाई श्री ३ हुने सम्भावना देखेर उनकै प्रशंसा गर्ने र **हत्या** नामक नाटक देखाएर शमशेर भाइहरूको एक चिहान भएको दृश्य देखाउने केशर र भोलाजस्ता अवसरवादी, चैते व्यक्तिहरूले आज अङ्ग्रेज दूतावासका निम्ति आएको गाईको मासुलाई जगत्जङ्गले खान झिकाएको भनी सहर भरी भ्रमात्मक प्रचार गरी क्रमशः मेजर र सुब्बाको दर्जा पाएको छ र शमशेरहरूको बफादार नोकर ठहरिएको छ ।

**परिच्छेद एकचालिस :** यस परिच्छेदमा मेजर केशर एक पल्टन फौज लिएर जङ्गखलकको मुख्य निवास स्थल थापाथली गएका छन् । रणोद्दीपको हत्या भएको सूचना पाएपछि थापाथलीबाट सबै जङ्ग खलक भागेर गइसकेका हुन्छन् । जङ्गखलकसँग देवको लवाई खवाई मिल्ने हुनाले उनी खानपिन गरेर रणवीरजङ्गको घरमा सुतेका हुन्छन् तर देवलाई गत रातको रणोद्दीपको हत्या काण्डको बारेमा केही थाहा हुँदैन । केशरले रणोद्दीपको हत्या भएको, वीर श्री ३ महाराज भएको आदि सबै कुरा देवलाई भनेको छ ।

जङ्गखलकका मुख्य निवासस्थान थापाथलीबाट भोग विलासका सबै जिन्सीहरू शमशेर खलकको निवासस्थान लालदरबार लगिएको छ । शमशेरभाइहरू (देवबाहेक), शमशेर पत्नीहरू तथा नोकर चाकरहरूले ती गरगहना उल्टोपाल्टो लगाएको देखाइएको छ । यसका अतिरिक्त 'वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ' भने जस्तै काका मार्नेले मलाई पनि मार्न सक्छ भनी आफ्ना भाइहरूमाथि शङ्का गर्ने वीरशमशेरको मनको आन्तरिक द्वन्द्वलाई यस परिच्छेदमा देखाइएको छ ।

**परिच्छेद बयालिस :** यस परिच्छेदको प्रारम्भमा रणोद्दीपसिंहको हत्या भएको सूचना पाउनासाथ जीतजङ्ग, पद्मजङ्ग, ध्वजनरसिंह, अम्वरजङ्ग, श्री ५ जेठी युवराज्ञी र नरेन्द्रविक्रम ब्रिटिस राजदूतावास गइसकेका थिए भन्ने कुरा उल्लेख गरिएको छ तर रणवीरजङ्ग र नाति जर्नेल युद्धप्रतापजङ्ग खाली हात आएकोले लिगेसनमा पुगेर के खाने ? के खर्च गर्ने ? भनी पुनः नाति जर्नेल थापाथली फर्की जवाहरत लिएर (किसानीको भेषमा) फर्किंदा मेजर केशरले चिनी गोली हानी हत्या गरेको छ । यसका साथै आज जसले जुन पदको मानिसलाई मार्छ त्यसले त्यही पद पाउँछ भनी हल्ला चलेकोले सिपाही च्याङ्बाले मेजर केशर र एक हवल्दारलाई समेत मारेको छ ।

**परिच्छेद त्रिचालिस :** मृत्यु हुने निश्चित भइसकेका जगत्जङ्गले आत्मविश्लेषण गरेका छन् । उनले अपरिपक्क राजनीतिले नै यो सबै हत्या भएको ठानेका छन् । हिजोसम्म एक तन्त्रीय राणा शासन व्यवस्थालाई असल ठान्ने जगत्जङ्गले आज बेलायती संसदीय शासन व्यवस्थाको आत्मा स्वीकारोक्ति गरेका छन् । उनले अन्तिम विदाइका लागि शाहज्यादीलाई चिठी लेखेका छन् । अन्त्यमा सिपाही च्याङ्बाद्वारा जगत्जङ्ग र शाहज्यादीको गोली हानी हत्या भएको छ । यसरी यस उपन्यासको कथावस्तु दुखान्तमा टुङ्गिएको छ ।

## ३.४ सेतो बाघ उपन्यासको कथावस्तुमा ऐतिहासिकता

**सेतो बाघ** ऐतिहासिक घटनाको औपन्यासिकीकरण हो । यस उपन्यासमा वि.सं. १९११-१२ देखि वि.सं. १९४२ सालसम्मको राणाकालीन नेपालको इतिहासको घटनाहरू मुख्य कथावस्तुका रूपमा आएका छन् । यसर्थ यसका अधिकांश घटनाहरू ऐतिहासिक छन् । त्यस्ता ऐतिहासिक घटनाहरू निम्न छन् :

पोखरेल (२०६५) ले आफ्नो पिएच्. डी. शोध पत्रमा **सेतो बाघ** उपन्यासमा वर्णित त्यस्ता ऐतिहासिक घटनाहरूलाई निम्नानुसार प्रस्तुत गरेका छन् :

(१) के दलाई लामासित कुरा मिलेन ? (पृ.१) भन्दै **सेतो बाघ**को उठान नेपाल-तिब्बत युद्धको प्रसङ्गबाट भएको छ । जङ्गबहादुरको समयमा वि.सं. १९११-१२ मा नेपाल तिब्बत बिच युद्ध भएको थियो । यसर्थ नेपाल-तिब्बत युद्धको प्रसङ्गबाट भएको **सेतो बाघ**को उठान ऐतिहासिक घटनाबाट भएको छ । यस युद्धमा जङ्गका भाइहरू बमबहादुर, धीरशमशेर आदिले भाग लिएका थिए । जङ्गबहादुरका समयमा तिब्बतमा नेपालीहरू चिनियाँ पक्षबाट लुटिएका हुँदा नेपालले त्यसको क्षतिपूर्ति स्वरूप एक करोड माग गरेको थियो तर चिनियाँ पक्षले पाँच लाख मात्र क्षति भएकाले त्यतिमात्र क्षतिपूर्ति दिने भनेपछि कुरा नमिली नेपाल-तिब्बत बिच युद्ध भएको थियो (पृ.१३४) ।

(२) धीरशमशेरको ठूलो जहान भएकाले उनलाई घरमा खान समेत मुश्किल परेको प्रसङ्ग उपन्यासमा छ । धीरशमशेरका १७ भाइ छोरा र ७ छोरी भएकाले उनलाई परिवार धान्न धौ धौ परेको कुरा ऐतिहासिक प्रसङ्गसँग मिल्दो छ (पृ.१३४) ।

(३) उपन्यासमा जङ्गबहादुर बेलायत गएकाले उनको जात गएको हल्ला चलाइएको छ । उनकै भाइ र सम्बन्धीहरूले नेपालमा यस्तो हल्ला चलाएर उनी विरुद्ध षड्यन्त्र गरेका थिए । यसर्थ यो ऐतिहासिक छ (पृ.१३५) ।

(४) जङ्गबहादुरले बेलायतकी महारानीबाट "नाइट ग्याण्ड क्रस अफ दि बाथ" नामक पदक प्राप्त गरेको भन्ने कुरा ऐतिहासिक छ । वि.सं. १९१५ मा श्री ३ जङ्गले भारतमा भएको अङ्ग्रेज विरोधी आन्दोलन दबाउन अङ्ग्रेजलाई ठूलो

सहयोग गरेबापत वि.सं. १९१५ मा जङ्गबहादुरलाई “नाइट ग्र्याण्ड क्रस अफ दि बाथ” बाट विभूषित गरिएको थियो (पृ.१३४) ।

(५) शाहज्यादी विवाह गर्ने वरलाई जर्नेल दर्जा दिने भन्ने सन्दर्भ ऐतिहासिक देखिन्छ किनभने राजाकी छोरी विवाह गर्नेलाई कुनै पदवीले सुशोभित गर्ने परम्परा देखिन्छ (पृ.१३५) ।

(६) वीरशमशेर खान पाउँदैन, जेठाबाबु (जङ्गबहादुर) कहाँ भाते बस्न गएको छ ...भन्ने हल्ला चलाइएको भन्ने वर्णनमा भाते बस्न गएको भन्ने कुरा काल्पनिक भए पनि वीर जङ्गबहादुर कहाँ बसेको भन्ने प्रसङ्ग चाहिँ ऐतिहासिक छ किन भने वीरशमशेर जन्मँदै मूलमा परेका र उनी जन्मने बित्तिकै उनकी आमाको मृत्यु भएकाले यिनलाई जङ्गबहादुरले लगेर पालेका थिए (पृ.१३५) ।

(७) युवराज त्रैलोक्यले प्रधानमन्त्रीकहाँ गएको शक्ति फिर्ता गर्न चाहेको र यसका लागि जगत्जङ्गलाई हतियार बनाउन चाहेको भन्ने कुरा ऐतिहासिक तथ्यसँग मेल खान्छ किनभने जगत्जङ्ग त्रैलोक्यका नाता (बहिनी ज्वाइँ) पर्ने भएका कारण त्रैलोक्यलाई जगत्जङ्गप्रति विश्वास थियो (पृ.१३५) ।

(८) जगत्जङ्गले आफ्ना पुस्ताले दरबारको सेवा गर्दै आएका छन् भन्दै रामकृष्ण कुँवर सर्वोच्च सेनापति भएको, रेवन्त र बलवन्तको त्यस्तै ठूलो नाम भएको, बालनरसिंह काजी भएको, बा (जङ्गबहादुरलाई) हाल प्रधानमन्त्री बक्सेको छ भन्ने वर्णनमा परिवेश काल्पनिक भए पनि यसमा भनिएका कुराहरूमा ऐतिहासिक तथ्य छ किनभने जगत्जङ्गका बाबुबाजेले पनि दरबारको सेवा गरेका थिए (पृ.१३५) ।

(९) श्री ५ रणबहादुर शाह नाबालक भएकाले त्यसबेला राजेन्द्रलक्ष्मीले नायवी भएर शासन चलाएकी र चिप्लेटी, सिरानचोक, लमजुङ्ग, पैयुँ, नुवाकोट, भीरकोट, सिरिङ्ग कब्जा गर्न सफल भएकी भन्दै शाहज्यादीलाई सुनाइएको वर्णन परिवेश काल्पनिक भए पनि भनिएको तथ्य चाहिँ ऐतिहासिक छ किनभने राजेन्द्रलक्ष्मीले आफ्नो नायबी कालमा माथि उल्लेखित ठाउँहरू नेपालमाथि गाभी नेपालको एकीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएकी थिइन् (पृ.१३५) ।

(१०) युवराज त्रैलोक्य र नरेन्द्रले प्रधानमन्त्रीको दोस्रो रोलक्रममा जगत्जङ्गलाई नियुक्त गर्न चाहेको र भविश्यमा जगत्जङ्गको माध्यमबाट दरबारबाट गुमेको शक्ति दरबारमै फिर्ता गर्ने योजना बनाएको भन्ने प्रसङ्ग ऐतिहासिक छ (पृ.१३५) ।

(११) पूर्वी पहाडमा वीरको लक्ष्मी केटीसँग र धनहजुरीसँग भेट भएको, वीर भन्ने थाहै नपाई धन त्यही नवयुवकरूपी वीरको प्रेममा परेकी र वीरसँग चाहिँ विवाह नगर्ने विचार नगरेकी तर युवकरूपी वीर चाहिँ लक्ष्मी केटीसँग लोभिएका भन्ने वर्णनको परिवेश काल्पनिक भए पनि लक्ष्मी केटीसँगको प्रसङ्ग ऐतिहासिक छ

किनभने इतिहासमा दाइजोमा आएकी सुसारेलाई वीरले विवाह गरेका थिए (पृ.१३५-१३६) ।

(१२) उपेन्द्रविक्रमले वीरलाई “तेरो निधार फुटेछ, हृदय दुख्यो होला, तिघ्रा नकँपाएस्, भाग्य चम्किन्छ” भनेको र वीरले धनी साना हुन् वा ठूला, नाता वरको होस् वा परको ती सबलाई खत्तम गर्छु अनि मेरो भाग्य चम्किन्छ, आफैँ सर्वेसर्वा शक्तिमान हुन्छु, कुवेर बन्छु, भनी वीरले प्रतिज्ञा गरेको कुरा काल्पनिक भए पनि यो वीरको इतिहाससम्मत चरित्रलाई प्रस्तुत गर्न आएको हुँदा यसलाई ऐतिहासिक मान्न सकिन्छ किनभने वीरप्रति उपेन्द्रको सहानुभूति थियो भन्ने कुरा उपेन्द्रले आफ्नी छोरीसँग विवाह गरिदिनुले पुष्ट्याइँ गर्दछ भने वीरले १९४२ सालमा गोत्रहत्या गरी सम्पूर्ण शक्ति हत्याएकाले वीरको चरित्र पनि उनले अठोट गरे जस्तो देखा पर्दछ (पृ.१३६) ।

(१३) शमशेर भाइहरू बिच पूर्वी पहाडमा जगत्जङ्ग र वीर बिच भएको अप्रत्याशित घटनाको विषयमा छलफल हुँदा बेरोलका डम्बर भुइँमा बसेका भन्ने कुरामा ऐतिहासिकता कति चाहिँ छ भने डम्बरशमशेर धीरका ल्याइतेपट्टिका भएकाले उनी रोलमा परेका थिएनन् (पृ.१३६) ।

(१४) जङ्गबहादुर शाह वंश र आफ्नो परिवार बिच वैवाहिक सम्बन्ध जोड्न लालयित भएको भन्ने कुरा ऐतिहासिक छ किनभने जङ्गले राजा सुरेन्द्रकी छोरीसँग जगत्जङ्ग र जीतजङ्गको विवाह गराएका थिए भने युवराज त्रैलोक्य र नरेन्द्रसँग आफ्नी छोरीहरूको विवाह गराएका थिए (पृ.१३६) ।

(१५) शमशेर भाइहरूमध्येका एकदेवलाई उनका काहिँला काका कृष्णबहादुरले गोद लिएका र पुल्पुलिएका भन्ने ऐतिहासिक छ किनभने कृष्णबहादुरका कुनै सन्तान नभएकाले देवशमशेरलाई धर्म पुत्रका रूपमा कृष्णबहादुरले पालेका थिए (पृ.१३६) ।

(१६) देव जापानको आर्थिक विकास देखेर त्यहाँको संसदीय प्रजातान्त्रिक पद्धतिबाट प्रभावित भएका भन्ने ऐतिहासिक देखिन्छ किनभने देव जापानको विकास र प्रजातान्त्रिक पद्धतिबाट प्रभावित थिए (पृ.१३६) ।

(१७) शमशेर खलकमा रोलक्रममा चढेका र नचढेका भनी छुट्याउने चलन भएको तर जङ्गका सबै छोरा रोलमा भएकाले यो समस्या नभएको भन्ने ऐतिहासिक छ किनभने शमशेर र जङ्गको यो समस्या थियो र रोलमा चढेका र नचढेका बिचमा भेदभाव पनि थियो (पृ.१३६) ।

(१८) मनहरामा भएको छलफलमा जगत्जङ्गले जङ्गबहादुरले बसालेको शासन पद्धतिको बारेमा विचार व्यक्त गर्दै बेलायत जस्तो संसदीय पद्धतिको विरोध गरेका भन्ने कुरा यतिसम्म चाहिँ ऐतिहासिक हो कि उनी आफ्ना बाबुको शासन प्रणालीको पक्षधर थिए (पृ.१३६-१३७) ।

(१९) दरबारमा वीर र शाहज्यादी बिच युवराज त्रैलोक्यले जङ्गकी जेठी छोरी र माहिली तथा नरेन्द्रले साहिँली विवाह गर्ने रे भनी कुरा भएको भन्ने प्रसङ्ग उपन्यासमा वीर र शाहज्यादी बिच कुराकानी भएको प्रसङ्ग काल्पनिक भए पनि ऐतिहासिक चाहिँ यस अर्थमा छ कि इतिहास अनुसार पनि युवराजहरू त्रैलोक्य र नरेन्द्रले जङ्गका छोरीहरूसँग विवाह गरेका थिए (पृ.१३७) ।

(२०) कोतपर्वमा जर्नेल कृष्णबहादुरको औँला काटिएकोले उनले देब्रे हातले सलाम गर्ने गरेको भन्ने उपन्यासमा वर्णित इतिहासको तथ्य बमोजिम छ, कोतपर्वमा कृष्णबहादुरको औँला काटिएको थियो भन्ने इतिहासकारहरूको भनाइ छ (पृ.१३७) ।

(२१) शाहज्यादीको विवाह जुराउने दिन सुसारेहरूलाई सात लाखको बक्सिस दिइने भयो भन्ने प्रसङ्ग ऐतिहासिक छ किनभने राजाकी छोरीको विवाह साइत जुराउने दिन सुसारेहरूलाई बक्सिस दिइन्थ्यो (पृ.१३७) ।

(२२) साहेब ज्यूलाई सबैले गिल्ला गर्ने, तरङ्गी र बौलाहा भन्ने गरेको भनिएको पनि यस अर्थमा ऐतिहासिक छ कि उनी तान्त्रिक थिए, सबैले उनलाई तरङ्गी भन्ने गर्दथे (पृ.१३७) ।

(२३) साहेब ज्यूले वीरलाई आफ्नी छोरी दिन्छु भनेको प्रसङ्ग काल्पनिक भए पनि इतिहाससम्मत छ किनभने वीरसँग उपेन्द्रकी पुत्रीको विवाह भएको इतिहास साँची छ (पृ.१३७) ।

(२४) जगत्जङ्ग र शाहज्यादी बिचको विवाह हुने खबरले दरबारमा खुसीयालीको भोज भएको ऐतिहासिक देखिन्छ किनभने राजाकी छोरीको विवाहमा भोज हुनु स्वाभाविक हो (पृ.१३७) ।

(२५) छोराले रक्सी खाएको राज्यच्यूत राजा राजेन्द्रले नदेखून् भनी उत्तरपट्टिको झ्याल थुनिएको भन्ने यस अर्थमा ऐतिहासिक छ कि जङ्गबहादुरले राजा राजेन्द्रलाई राज्यच्यूत गरेका थिए (पृ.१३७) ।

(२६) राजा रानी र जङ्ग बिच बेलायतकी महारानीले रक्सी पिएको भन्ने कुरा ऐतिहासिक हुनसक्छ किनभने जङ्गबहादुर बेलायत गएका थिए, त्यहाँकी महारानीसँग उनको भेटघाट भएको थियो । नेपालमा नारीहरूले रक्सी नखाने हुनाले बेलायतकी महारानीले रक्सी खाएको विषय नौलो भई चर्चा चल्नु स्वाभाविक हो (पृ.१३७) ।

(२७) जेठी महारानीले जङ्गबहादुरसँग आफूमाथि राजाले पक्षपात गरेको भनी दुःख पोखेकोलाई ऐतिहासिक मान्न सकिन्छ किनभने सौतेनी रिस, रागका कारण यस्तो दुःख पोख्नु स्वाभाविक हो (पृ.१३७)

(२८) बेलायतका प्रधानमन्त्री सागको पात झैं फेरिने गरेको भनी जङ्गले भनेको सन्दर्भ काल्पनिक होला तर ऐतिहासिक पनि छ किनभने एकछत्र सधै प्रधानमन्त्री भएर बसेका जङ्गलाई बेलायतमा प्रधानमन्त्री फेरिने व्यवस्था मन नपर्नु स्वाभाविक देखिन्छ (पृ.१३७) ।

(२९) भीमसेन थापा र माथवरसिंहको प्रधानमन्त्रीत्व कालमा गोरा जातिलाई एसियाबाट धपाउने योजना हुन्थ्यो भनी वर्णन गरिएको यस अर्थमा ऐतिहासिक छ कि भीमसेन थापा र माथवरसिंह थापा अङ्ग्रेज विरोधी थिए (पृ.१३८) ।

(३०) दरबारमा भएको जमघटमा राजालाई सल्लाह दिँदा सोमनाथले प्रजातन्त्रको पक्षमा वकालत गर्दा जङ्गले विद्यमान राजनैतिक व्यवस्थाकै पक्षमा विचार व्यक्त गरेको र जङ्गको भनाइमा राजा रानीको चित्त बुझेको भन्ने वर्णनमा सोमनाथको प्रसङ्ग काल्पनिक भए पनि राजा र जङ्गको विचार मिलेको भन्ने ऐतिहासिक छ (पृ.१३८) ।

(३१) जङ्गबहादुरले कास्की र लमजुङको श्री ३ महाराजको पदवी पाएको र आफ्नो थर पछाडि पनि राणा लेख्न थालेको भन्ने वर्णन ऐतिहासिक छ किनभने श्री ५ सुरेन्द्रबाट १९०५ मा जङ्गले राणाको उपाधि र वि.सं. १९१३ मा कास्की र लमजुङको श्री ३ महाराजको उपाधि प्राप्त गरेका थिए (पृ.१३८) ।

(३२) जगत्जङ्ग र शाहज्यादीको विवाह पक्का भएको वर्णनलाई ऐतिहासिक भन्ने बलियो आधार छ किनभने उनीहरू बिच विवाह भएको थियो । उपन्यासमा शाहज्यादी भनिए पनि शाहज्यादीको नाम चाहिँ टीकालक्ष्मी थियो भनी इतिहासमा उल्लेख गरिएको छ (पृ.१३८) ।

(३३) धीरशमशेर र बमबहादुर ल्हासामा प्रभुत्व जमाउन पुगेको र दलाई लामासँग शान्ति सन्धि गरी नेपाल फर्किएको प्रसङ्ग ऐतिहासिक छ । वि.सं. १९१३ मा नेपाल भोट बिच सन्धि भएको थियो (पृ.१३८) ।

(३४) जगत्जङ्ग र शाहज्यादीको धुमधामसँग विवाह भएको ऐतिहासिक हो । वि.सं. १९११ मा जगत्जङ्ग र शाहज्यादी बिच विवाह भएको थियो (पृ.१३८) ।

(३५) विवाहमा दुलही फिर्ता गर्दा त्रैलोक्य र नरेन्द्र समेत सहभागी भएको भन्ने कुरालाई इतिहास सम्मत मान्न सकिन्छ (पृ.१३८) ।

(३६) जगत् र शाहज्यादीको विवाहको खुसीयालीमा सहरमा जताततै खुसीयाली मनाइएको भन्ने इतिहास सम्मत छ किनभने तत्कालीन व्यवस्थामा देशको सबै भन्दा उच्च पदका व्यक्तिको छोरा छोरीको विवाहमा खुसीयाली मनाइएको हुन सक्छ (पृ.१३८) ।

(३७) माहिली शाहज्यादीको विवाह जीतजङ्गसँग भएको इतिहासको तथ्य अनुरूप छ । सन् १८५५ मा जीतजङ्ग र माहिली शाहज्यादीको विवाह भएको थियो (पृ.१३८) ।

(३८) त्रैलोक्यको विवाह जङ्गकी जेठी र माहिली तथा नरेन्द्रको विवाह जङ्गकी साँहिली छोरीसँग भएको थियो भन्ने कुरा सबै ऐतिहासिक छन् । इतिहासका अनुसार यो विवाह सन् १८५४ मा भएको थियो (पृ.१३८) ।

(३९) उपेन्द्रकी छोरी धनहजुरीका विवाह वीरशमशेरसँग भएको भन्ने पनि ऐतिहासिक छ तर इतिहासमा उनलाई मुनिन्द्र दिव्यश्वरी भनिएको छ । इतिहासकी तिनै मुनिन्द्र दिव्यश्वरी उपन्यासकी धनहजुरी हुन् भन्न सकिन्छ (पृ.१३८-१३९) ।

(४०) तिब्बतले नेपालसँग निहुँ खोज्नुको कारण चीनको आश्वासन पाएर हो भन्ने छलफल भएको ऐतिहासिक देखिन्छ किनभने तत्कालीन नेपाल-तिब्बत युद्धमा चीनको समेत सहभागिता थियो (पृ.१३९) ।

(४१) शाहज्यादीको पुत्र जन्मेको र जन्मदै जर्नेलको पगरी गुताई नाति जर्नेलको उपनाम दिइएको भन्ने वर्णन इतिहास सम्मत छ (पृ.१३९) ।

(४२) नाति जर्नेल जन्मेको खुसीयालीको खबर लिएर वीर दरबार गएको र दरबारमा पनि खुसीयाली मनाइएकोलाई ऐतिहासिक भन्न सकिने आधारहरू छन् किनभने नाति जर्नेल जन्मँदा जन्मेको खबर लिएर कोही दरबार गएको हुन सक्छ र राजाको नातिको जन्म भएको खुसीयालीमा राजदरबारमा खुसीयाली मनाइएको हुन सक्छ (पृ.१३९) ।

(४३) नाति जर्नेलको जन्म भएको खुसीयालीमा काठमाडौँमा ३६ घण्टा जुवा फुकाइएको भन्ने विवरण पनि ऐतिहासिक हुन सक्छ किनभने श्री ३ र श्री ५ का नातिको जन्म भएकोले यस्तो हर्ष बढाइँ गरिएको हुनसक्छ (पृ.१३९) ।

(४४) श्री ५ महाराज, महारानी र युवराज मनहरा दरबार पुगेका भन्ने ऐतिहासिक छ किनभने नाति जन्मेको खुसीयालीमा राजा, रानी आफ्नी छोरी भेट्न गएका हुन सक्छन् (पृ.१३९) ।

(४५) जङ्गपरिवारलाई बक्सिस दिने नाममा राष्ट्रकोषबाट १० लाख मनहरा भित्रिएको भन्ने ऐतिहासिक छ किनभने त्यसबेला राष्ट्रकोषलाई निजी जस्तो गरी खर्च गरिन्थ्यो (पृ.१३९) ।

(४६) नाति जन्मेको खुसीयालीमा मनहरामा पनि जुवा खेलिएको, धाईसुसारेलाई बक्सिस दिइएको, ठुलो भोज गरिएको जस्ता विवरण ऐतिहासिक छ किनभने पुत्रलाभको उपलक्ष्यमा यस्ता क्रियाव्यापार गर्नु स्वाभाविक हो (पृ.१३९) ।

(४७) धनको दाइजोमा आएकी लक्ष्मी केटीलाई वीरले धनको सौताको रूपमा भित्र्याएकोले धन निराश भएकी भन्ने ऐतिहासिक छ किनभने वीरले उपेन्द्रकी

छोरी मुनिन्द्र दिव्यश्वेरी (उपन्यासकी धनहजुरी) लाई विवाह गरेका र उनीसँग दाइजोमा आएकी केटीलाई समेत विवाह गरेका थिए (पृ.१३९) ।

(४८) मनहरामा जुवा खेल्दा श्री ३ र श्री ५ बाट हारेको रूपैयाँ राष्ट्रकोषबाट व्यहोरिने ऐतिहासिक छ किनभने तत्कालीन अवस्थामा राष्ट्रकोषलाई निजी रूपमा प्रयोग गरेको इतिहास पाइन्छ (पृ.१३९) ।

(४९) मनहरामा श्री ३ को रोलक्रमको पहिलो उत्तराधिकारी जगत्जङ्गलाई बनाउन श्री ५ लगायत उनका परिवारले अनुरोध गरेका तर जङ्ग नमानेका भन्ने सन्दर्भ पनि ऐतिहासिक छ किनभने जङ्गले आफूलाई कोतपर्वमा साथ दिने भाइहरूलाई अति नै विश्वास गरेको र आफ्ना छोरालाई दरबारको ज्वाइँ भएका कारण त्यति विश्वास नगरेको देखिन्छ । त्यसैकारण उनले भाइभाइमा रोलक्रम बाँधिदिएका थिए (पृ.१३९) ।

(५०) भाइ, भतिजा र छोरामा मारकाट नहोस् भनेर नै जङ्गले भाइमा प्रधानमन्त्रीको पद जाने रोलक्रम बाँधेका र यसरी रोलक्रम उल्लङ्घन हुने छाँट देखी जङ्गबहादुर विरक्तिएको भन्ने ऐतिहासिक छ (पृ.१४०) ।

(५१) श्री ५ बाट पनि जगत्जङ्गलाई श्री ३ बनाउने इच्छा व्यक्त भएको तर जङ्गबहादुर रोलक्रम नतोड्न दृढ थिए भन्ने वर्णन ऐतिहासिक मान्न सकिन्छ किनभने दरबारका ज्वाइँ भएका कारण राजाको जगत्जङ्गप्रति सहानुभूति हुनु स्वाभाविकै हो र जङ्गले पनि भाइहरूको रोलक्रम बाँधेकोले त्यो ऐतिहासिक छ (पृ.१४०) ।

(५२) श्री ३ जङ्गको पदको पहिलो उत्तराधिकारी जेठो भाइमा जाने त्यो उच्च पदको खानगी रु.२ लाख जगत्ले पाउने गरी काम एकातिर र माम अर्कोतिरको अव्यवहारिक सम्झौता श्री ५ र श्री ३ बिच भएको भन्ने ऐतिहासिक छ (पृ.१४०) ।

(५३) युवराजधिराज त्रैलोक्यले बलिअहद महाराजको सम्माननीय ओजस्वी पद ग्रहण गरेका भन्ने ऐतिहासिक छ किनभने उनलाई इतिहासमा बलिअहद महाराज भन्ने गरिएको छ (पृ.१४०) ।

(५४) बेलायतका राजकुमार सप्तम एडवर्डसँग नेपाल आएका डाक्टर फेररले जङ्गबहादुरको स्वास्थ्य परीक्षण गरी अब उनको आयु धेरै छैन भनेको कुरा ऐतिहासिक छ (पृ.१४०) ।

(५५) जगत्जङ्गलाई श्री ३ को पहिलो उत्तराधिकारी बनाउने काममा त्रैलोक्य जोडले लागेको भन्ने कुरा ऐतिहासिक देखिन्छ, जगत्जङ्ग र त्रैलोक्यको पछि गुट नै बनेको छ (पृ.१४०) ।

(५६) जङ्गबहादुर शिकार खेल्न पत्थरघट्टा गएको भन्ने कुरा ऐतिहासिक छ किनभने इतिहासका अनुसार त्यही जङ्गबहादुरको निधन भएको थियो (पृ.१४०) ।

(५७) जङ्गबहादुरले आफूले सेतो बाघ देखेको र निशाना चुकेको भनी शिकार क्याम्पमा आई भनेका भन्ने कुरामा सेतो बाघ नै भन्ने काल्पनिक भए पनि आँखा कमजोर भएको भन्ने चाहिँ इतिहासको नजिक देखिन्छ किनभने मर्ने बेलामा मुटुमा बोसो जमेकाले उनको आँखा कमजोर भएको थियो (पृ.१४०) ।

(५८) जङ्गबहादुरले मयूरलाई बकुल्ला देखी ताकेको तर निशाना चुकेको घटना इतिहाससम्मत देखिन्छ (पृ.१४०) ।

(५९) मयूरलाई बकुल्ला, सोमनाथलाई पहिले कालो र पछि सेतो तथा टाटेपाट बाघलाई सेतो बाघ देखेको हुँदा केही वर्ष अघि नेपाल आएका डाक्टर फेररले उनको अन्त्य अवस्थामा आँखामा पक्षघात हुन्छ भनेको सम्झी सेतो बाघ जङ्गबहादुरको दृष्टिभ्रम भएको कुरा उनलाई होस् आएको र जङ्गले ‘अब म धेरै बाँच्दिन’ भनेको भनी वर्णित घटनामा सोमनाथ र बाघका रङ्ग सेतो नै भन्ने प्रसङ्ग बाहेक अरू ऐतिहासिक लाग्दछन् (पृ.१४०) ।

(६०) मर्ने बेलामा जङ्गबहादुरले आफू मरेको खबर भाइहरूलाई मात्र गर्नु भनी अह्राइ मरेका भन्ने वर्णन ऐतिहासिक देखिन्छ किनभने इतिहासमा जङ्ग मरेको खबर पहिले उनका छोराहरूले भन्दा भाइहरूले पाएका थिए (पृ.१४०-१४१) ।

(६१) मर्नु अघि जङ्गबहादुरलाई भविष्यमा भाइ, भतिजा र छोराहरू बिच हुने सङ्घर्षको बोध भएको भन्ने कुरालाई ऐतिहासिक सन्दर्भमा नकार्न सकिँदैन (पृ.१४१) ।

(६२) जङ्गबहादुरले शासनसत्ता भाइ-भाइमा जाने प्रचलन चलाएर ठूलो बेइमानी गरेको भन्ने त्रैलोक्य र नरेन्द्रलाई लागेको यो चालबाजीमाथि युवराजहरूको असन्तुष्टि थियो भन्ने जस्ता प्रसङ्ग यसकारण पनि ऐतिहासिक छ कि त्रैलोक्यको राणाविरोधी गुट नै थियो (पृ.१४१) ।

(६३) जङ्गबहादुरले युवराजसँग भेट गर्न चाहेको भनी दरबारमा जगत्जङ्गले खबर पुऱ्याएको ऐतिहासिक पुष्ट्याइँका लागि आएको देखिन्छ (पृ.१४१) ।

(६४) नरेन्द्रले जगत्जङ्गलाई जङ्गको मृत्युपछि श्री ३ बनाउने आश्वासन दिएका तर जगत्जङ्गले खानगीमै चित्त बुझाएका भनी गरिएको वर्णन चाहिँ यस अर्थमा ऐतिहासिक हुन सक्दछ कि जगत्जङ्ग नरेन्द्रका ज्वाइँ भएकाले उनले यस्तो आश्वासन दिएका हुन सक्दछ (पृ.१४१) ।

(६५) दरबारमा जगत्जङ्गको वैवाहिक सम्बन्ध जोडिएपछि जङ्गले छोराहरूलाई भन्दा भाइहरूलाई बढी विश्वास गर्न थालेको कुरा जगत्जङ्गले युवराजहरूलाई बोध गराएका भन्ने वर्णन ऐतिहासिक घटना पुष्ट्याइँको लागि आएको छ (पृ.१४१) ।

(६६) धीरशमशेरले युवराज र जगत्जङ्ग्लाई पत्थरघट्टा तत्काल पठाउने योजना बनाएको भन्ने ऐतिहासिक छ । अझ इतिहासमा त धीरले नै उनीहरूलाई आफैँले लिई गएका थिए (पृ.१४१) ।

(६७) मैयाँ महारानी पहिले जगत्जङ्गको पक्षमा भए पनि अन्त्यमा उनले लोग्नेको इच्छा पूरा गराउन चाहेकीले जङ्ग मरेको खबर धीरशमशेर कहाँ मात्र पठाएकी भन्ने औपन्यासिक वर्णन ऐतिहासिक छ किनभने जङ्ग मरेको खबर पहिले धीरशमशेरकहाँ नै पुगेको थियो (पृ.१४१) ।

(६८) बिजुलीगारत अपर्झट धीरका लागि दरबार आएको र त्रैलोक्यलाई अपर्झट पत्थरघट्टा जानुपर्ने कुरा सुन्दा त्रैलोक्यले षड्यन्त्र भएको आशङ्का लागि त्रैलोक्यले विना साइत पत्थरघट्टा नजाने भनेका कुरा ऐतिहासिक छ किनभने त्रैलौक्य सधैँ धीरसँग सशङ्कित थिए (पृ.१४१) ।

(६९) धीरले त्रैलोक्यलाई जसरी भए पनि पत्थरघट्टा पठाइ छाड्ने सङ्कल्प गरेकाले उनले श्री ५ को आदेश भनी किर्ते हुकुम चलाएर त्रैलोक्यलाई पत्थरघट्टा प्रस्थान गर्न बाध्य गराएका भन्ने ऐतिहासिक छ किनभने यही अठोटका कारण नै धीरले उनीहरूलाई पत्थरघट्टातिर पठाउन सफल भएका थिए (पृ.१४१) ।

(७०) हिड्ने बेलामा युवराजले जुन दिनसम्म गुमेको राजनैतिक अधिकार फिर्ता हुँदैन त्यस दिनसम्म पगरी नलगाउने अठोट गरेका भन्ने ऐतिहासिक छ किनभने युवराज त्रैलोक्य राणा शासन विरोधी थिए र यस तर्कमा इतिहासकारहरूको पनि मत रहेको छ (पृ.१४१-१४२) ।

(७१) त्रैलोक्य, नरेन्द्र र जगत्जङ्ग पत्थरघट्टा लागेपछि यता उनीहरूको अनुपस्थितिमा रणोद्दीप श्री ३ महाराज र नेपालको प्रधानमन्त्री, जगत्शमशेर कम्यान्डर इन चिफ र मुख्तियार तथा धीरशमशेर मुख्य जर्नेलमा नियुक्त भएका, जगत्जङ्ग, जीतजङ्ग र पद्मजङ्गलाई क्रमशः पू. क. ज., द. क. ज., र उ. क. ज. मा नियुक्त भएका र यो जानकारी पाएपछि युवराज र जगत्जङ्ग आधा बाटोबाटै काठमाडौँ फर्केका भन्ने घटना इतिहास सम्मत छ (पृ.१४२) ।

(७२) युवराजहरू राजनीतिबाट पाखा लागेका थापा र बस्नेतहरूलाई समेत मिलाएर आफ्नो गुमेको अधिकार खोस्ने र जगत्जङ्गलाई श्री ३ बनाउने लिखित योजना बनाउन थालेको भन्ने कुरा ऐतिहासिक देखिन्छ (पृ.१४२) ।

(७३) जङ्गबहादुरका नाति, राजाका पनि नाति भएकोले नाति जर्नेल बनाइएको र नाति जर्नेल मर्यादाक्रममा शमशेरहरूभन्दा माथि भए पनि शमशेरहरूले मर्यादा गर्न छाडेका भन्ने कुरा ऐतिहासिक लाग्दछ किनभने जङ्गका नाति युद्धप्रतापजङ्ग रोलक्रममा शमशेरहरूभन्दा माथि थिए (पृ.१४२) ।

(७४) बलिअहद त्रैलौक्यले काठमाडौं बासीसँग सम्पर्क बढाउँदै लगेको भन्ने वर्णन ऐतिहासिक घटनाक्रमको पुष्ट्याइँको लागि आएको देखिन्छ (पृ.१४२) ।

(७५) श्री ५ त्रैलौक्यकी पत्नीहरू जेठी युवराज्ञीबाट सानू शाह र कान्छी युवराज्ञीबाट श्री ५ पृथ्वीको जन्म भएको ऐतिहासिक तथ्य अनुरूप छ (पृ.१४२) ।

(७६) जगत्शमशेरको मृत्यु भएकाले धीरशमशेर कमान्डर इन चिफ र जगत्जङ्ग मुख्य जर्नेल भएका भन्ने पनि ऐतिहासिक छ (पृ.१४२) ।

(७७) श्री ३ महाराजको हजुरिया काम मुख्य जर्नेलको पदेन हुने भए पनि धीरशमशेरले जगत्जङ्गलाई नदिई आफैको मातहतमा राखेका भन्ने ऐतिहासिक पुष्ट्याइँको लागि आएको देखिन्छ  (पृ.१४२) ।

(७८) धीरशमशेर र जगत्जङ्ग बिच विवाद बढ्दै गएको र श्री ३ रणोद्दीप धीरको पक्ष लिएका भन्ने उपन्यासको वर्णन यसकारण ऐतिहासिक छ कि धीरका अगाडि रणोद्दीप निरीह थिए (पृ.१४२) ।

(७९) धीरशमशेर गुट र त्रैलोक्य गुटको जन्म भएको र जगत्जङ्ग त्रैलोक्यको गुटमा सामेल भएका भन्ने कुरा इतिहासको तथ्य अनुरूप छ (पृ.१४२) ।

(८०) रणोद्दीप धीरशमशेरको सल्लाह र सहमति बिना केही पनि गर्न नसक्ने भएकाले रणोद्दीप भन्दा धीरशमशेर शक्तिशाली देखिएका भन्ने इतिहासको तथ्य अनुरूप छ (पृ.१४२) ।

(८१) उता युवराजहरूलाई पनि रणोद्दीपले राम्रै गर्ने भएकाले उनीहरू पनि कम शक्तिशाली नभएका भनी गरिएको वर्णन इतिहासको घटनालाई पुष्ट्याइँ गर्नका लागि आएको देखिन्छ (पृ.१४२) ।

(८२) त्रैलोक्यको गुट निकै शक्तिशाली भइसकेको हुँदा उनले आँटेर हिँसात्मक कार्य गरी आफ्नो योजना सफल बनाउन चाहेका तर जगत्जङ्ग महाराजका रणोद्दीपका पनि प्यारा भतिजा भएका र रणोद्दीपकी महारानीले पनि जगत्जङ्गलाई मन पराउने हुनाले शान्तिपूर्ण रूपमा शक्ति आफ्नो हातमा आउने कुरामा आसावादी भई हिंसात्मक कार्वाहीलाई साथ नदिएकाले त्रैलोक्यले ठीक समयमा हिंसात्मक कदम चाल्न खोज्दा जगत्जङ्ग बाधक बनेका भन्ने प्रसङ्ग इतिहासको तथ्य अनुरूप छ किनभने पिताको अशौच नै नसकी काकाहरूको हत्या गरौं भनी जगत्जङ्ग हिंसात्मक कार्वाहीबाट तर्केका थिए (पृ.१४३) ।

(८३) जगत्जङ्गको रवाफ पनि दिनप्रतिदिन बढ्दै गएको भन्ने कुरा पनि ऐतिहासिक देखिन्छ (पृ.१४३) ।

(८४) कान दुख्ने रोगले बलिअहद महाराज अचानक बिरामी परेका प्रसङ्ग ऐतिहासिक छ (पृ.१४३) ।

(८५) देवदेवीको मन्दिरमा पूजा गर्ने लगायत विभिन्न औषधी उपचार गर्दा पनि ठीक नभएकाले बलिअहदले बाँच्ने आशा त्यागेका र मर्नुअघि बलिअहदले आफ्नो योजना बनाएका सम्पूर्ण कागजपत्र आगोमा हालेका, केही बाँकी रहेका केशर र भोलालाई दिएका । साथसाथै मर्नुअघि उनले राजगद्दीका निम्ति आजको आफ्नो मानिस भोलि परचक्री बन्न सक्ने हुनाले होस् गर्नु भनी कान्छी युवराज्ञीलाई अह्राएका, म मरेपछि बालक छोरालाई देखेर यसको हकमा कसैले थिचोमिचो गर्ला, दिदी बहिनीले होस् गर्नु भनी दुवै युवराज्ञीलाई अह्राएका, त्रैलोक्यको आशय जगत् र नरेन्द्रबाट होस् गर्नु भन्ने भएको तर जेठी युवराज्ञीले शमशेरबाट होस् गर्नु भनेको बुझेकी जस्ता उपन्यासमा वर्णित घटना इतिहास सत्य वर्णन देखिन्छ (पृ.१४३) ।

(८६) त्रैलोक्यको गोरा डाक्टरबाट पनि जाँच गराइएको तर आधुनिक यन्त्रको अभावमा गोरा डाक्टर पनि उपचार गर्न असक्षम भएको र त्रैलाक्यको निधन भएकोले जगत्जङ्गको राजनीतिक भविश्यको सूर्य पनि अस्त भएको भन्ने ऐतिहासिक छ (पृ.१४३) ।

(८७) त्रैलोक्यको मृत्यु भएको दुई सालभित्र उनका पिता सुरेन्द्र, सुरेन्द्रकी रानीहरू र पितामह राजेन्द्रको समेत मृत्यु भएको भन्ने ऐतिहासिक यस अर्थमा रहेको छ कि राजा राजेन्द्र र सुरेन्द्रको मृत्यु युवराज त्रैलाक्यको भन्दा पछि भएको थियो (पृ.१४३) ।

(८८) सुरेन्द्रको मृत्यु पछि नरेन्द्र र पृथ्वीमध्ये कसलाई राजा बनाउने भन्ने कुरा उठे पनि पृथ्वीलाई नै राजगद्दीमा राखिएको र यसमा धीरशमशेरको विशेष भूमिका भएको ऐतिहासिक छ किनभने नरेन्द्रले यस्तो आशा गरेका र प्राप्त नभएकाले असन्तुष्ट भएको इतिहास पाइन्छ (पृ.१४३) ।

(८९) पृथ्वीको आमाको नाताले श्री ५ कान्छी युवराज्ञीको प्रतिष्ठा बढ्दै गएको र जेठीको बिलाउँदै जान लागेको भन्ने वर्णन ऐतिहासिक पुष्ट्याइँको लागि आएको देखिन्छ (पृ.१४३) ।

(९०) धीरशमशेरको आर्थिक अवस्था दिनप्रतिदिन सुध्रिँदै गएको भन्ने ऐतिहासिक देखिन्छ किनभने शासनको शिखर चढ्दै जाँदा आर्थिक अवस्था सुधार हुनु स्वाभाविक हो (पृ.१४३) ।

(९१) श्री ५ राजमाता (पृथ्वीकी आमा) धीरका छोराहरूलाई नजिक र जगत् र नरेन्द्र पर गर्न लागिन् भन्ने वर्णन ऐतिहासिक पुष्ट्याइँको लागि आएको देखिन्छ किनभने जगत्जङ्ग राजमाताका सौतेला दाजु थिए र नरेन्द्रसँग पनि आफ्नो नाबालक छोराको शासन सत्ता खोस्ने डर उनलाई हुन सक्छ (पृ.१४४) ।

(९२) धीरका विरोधीहरूले धीरले मन्द विषको प्रयोग गराइ त्रैलोक्यलाई मारेको भनी हल्ला चलाएका, यसमा नरेन्द्रको समेत समर्थन रहेको, तर श्री ५ यसमा सहमत नभएकी भन्ने इतिहास सम्मत छ (पृ.१४४) ।

(९३) त्रैलोक्यको योजना पूरा गर्ने उद्देश्यले त्रैलोक्यले बनाएको योजनाका कागज नरेन्द्रले श्री ५ सँग मागेका, तर श्री ५ ले नदिएकाले राजमाता र नरेन्द्र दुवै एक अर्कालाई शङ्काको दृष्टिले हेर्न थालेका भन्ने कुरा ऐतिहासिक पुष्ट्याइँका लागि आएको देखिन्छ (पृ.१४४) ।

(९४) जेठी युवराज्ञीले कुरैकुरामा श्री ५ पृथ्वीसँग पञ्जापत्र लिने कुरा गर्दा जेठी युवराज्ञीले आफ्नी छोरी सानू शाहलाई राजगद्दीमा राख्न खोजेका भनी कान्छी युवराज्ञी सशङ्कित भएकी भन्ने ऐतिहासिक छ किनभने स्वयम् जगत्जङ्गले पनि जेठी युवराज्ञीलाई यस्तो आश्वासन दिएका थिए । (पृ.१४४)

(९५) जेठी युवराज्ञी र कान्छी युवराज्ञी बिच ठूलो शङ्का र अविश्वास भएको भन्ने वर्णन ऐतिहासिक छ किनभने उनीहरू बिच सौतेला डाह विद्यमान थियो (पृ.१४४) ।

(९६) त्रैलोक्यको मृत्युपछि जगत्जङ्गको राजनैतिक दाउपेच हराएको, जगत्जङ्ग ऐस आराममा जीवन बिताउन थालेको भन्ने कुरा ऐतिहासिक छ किनभने उनी ऐस आरामी थिए भन्ने कुरा इतिहासले पनि भनेको छ (पृ.१४४) ।

(९७) जगत्जङ्गको तडकभडक धीरलाई मन नपरेको, चेतावनीका निम्ति उनले जगत्जङ्गका भागमा परेको निजामति अड्डा खोसेर लिएका थिए भन्ने कुरा ऐतिहासिक छ किनभने जगत्जङ्ग अत्यन्त विलासी थिए । एकदिन उनको बग्गी जाँच गर्दा बग्गीको पिसाप खानामा एउटा तरुनी फेला परेकी थिई भन्ने इतिहासकारहरूको भनाई छ (पृ.१४४) ।

(९८) जगत्जङ्गले घर सिँगार्ने, नौघोडे बग्गी चढ्ने र धार्मिक कार्य गर्न थालेकोले धीरलाई चित्त नबुझेको, त्यसको नसिहत स्वरूप उनको खानगी खोसी सो खानगी श्री ३ कै बनाइएको भन्ने कुरा ऐतिहासिक घटनाको पुष्ट्याइँका लागि आएका हुन् (पृ.१४४) ।

(९९) धीरविरुद्धको नरेन्द्रको गुटमा जगत् सङ्गठित भएका भन्ने प्रसङ्ग ऐतिहासिक छ किनभने जगत् र नरेन्द्र एकै सङ्गठनका थिए (पृ.१४४) ।

(१००) नरेन्द्र र जगत्जङ्ग मिलेर धीरको विरुद्धमा छलफल गरिरहेको बेला डेढ सय जना समातिए भन्ने कुरा तत्कालीन षड्यन्त्रपूर्ण राजनीतिक वातावरणको प्रस्तुतिका लागि आएका ऐतिहासिक वर्णन हुन् (पृ.१४४) ।

(१०१) त्रैलोक्यका पालामा बनेका सबै कागजपत्र जगत्जङ्ग र नरेन्द्रले हालसालै बनाएको भनी केशर र भोलाले धीर समक्ष प्रस्तुत गरी आफू निर्दोष सावित गरिए भन्ने कुरा तत्कालीन इतिहासका स्वार्थी चरित्र चित्रणको लागि आएकाले ऐतिहासिक छन् । तत्कालीन अवस्थामा त्यस्ता चरित्रहरूको वर्णन इतिहासमा पाइन्छ (पृ.१४५) ।

(१०२) सभामा रणोद्दीपसिंहलाई काशी पठाउने, धीरलाई मार्ने, जगत्जङ्गलाई श्री ३ महाराज बनाउने कुरा लेखिएका कागज प्रमाणको रूपमा पेश भएका भन्ने ऐतिहासिक घटनाको पुष्ट्याइँका लागि आएका वर्णनहरू हुन् (पृ.१४५) ।

(१०३) रणोद्दीपसिंहले जगत्जङ्गलाई धीरसमक्ष माफी माग्न भने पनि जगत्को सबै मान प्रतिष्ठा खोसिएकोले जगत् आक्रोशित बनेका, रणोद्दीप जगत्लाई माफी दिन चाहाने, धीर सानो नसिहत दिन, तर काका भतिजा बिचको भनाभनले उग्र रूप लिएको भन्ने घटना वर्णन पनि जगत्जङ्ग र धीर बिचको तीतो सम्बन्धको पुष्टि गर्न आएकोले ऐतिहासिक छ (पृ.१४५) ।

(१०४) जगत्जङ्गले महाराजको छोरा महाराज हुन्छ, भाइ हुँदैन भनेपछि जगत्का भाइ जीतजङ्ग पनि झस्केका र जङ्ग भाइहरू पनि जगत्को विपक्षमा देखिएमा भन्ने प्रसङ्ग पनि ऐतिहासिक देखिन्छ किनभने जङ्ग भाइहरू बिचमा पनि आपसी मेलमिलाप थिएन (पृ.१४५) ।

(१०५) सभामा श्री ५ को उपस्थिति भएको तर त्यहाँ अनपेक्षित परिणाम भएको तथा नरेन्द्र र जगत्लाई आजीवन कारावास सजाय भएको भन्ने ऐतिहासिक छ (पृ.१४५) ।

(१०६) धीरशमशेरको मृत्युपछि इलाहवाद जेलमा रहेका जगत्जङ्ग र नरेन्द्रलाई काठमाडौँ झिकाएको तर यता जीतजङ्ग कम्याण्डर इन चिफ मुख्तियार भइसकेका थिए भन्ने कुरा पनि ऐतिहासिक छ (पृ.१४५) ।

(१०७) रणोद्दीपले जगत्जङ्गलाई श्री ३ बनाउने र उनी काशीवास जाने हल्ला चलेको भन्ने ऐतिहासिक तथ्य अनुरूप छ (पृ.१४५) ।

(१०८) जगत् श्री ३ हुने हल्लाले सबै उनको स्तुतिगान गर्न लागेका भन्ने वर्णनमा ऐतिहासिक छ किनभने तत्कालीन समयमा शासन र शक्ति पूजा गर्ने प्रवृत्ति व्याप्त थियो (पृ.१४५) ।

(१०९) श्री ३ हुने हल्ला चलेपछि केशर र भोला जगत्को चाकरीमा पुगी आफूहरू रानीपोखरीमा हाम फाल्न खोजेको भनी नाटकीय कुरा गरी जगत्को विश्वासपात्र बनेको वर्णन काल्पनिक भए पनि चाकरीप्रथाको उदाहरणस्वरूप यस्ता घटना ऐतिहासिक लाग्दछन् (पृ.१४५) ।

(११०) शमशेरहरूले सेतो लुगा लगाएकोले सत्र बकुल्ला खरिको बोटमा झुण्ड्याउने हल्ला केशर र भोलाले फिँजाए भन्ने वर्णन लेखकिय काल्पनिकताको उपज भए पनि यतिसम्म चाहिँ ऐतिहासिक छ कि शमशेरहरू त्यसबेला बरखी बारी सेतो लुगामा थिए (पृ.१४५) ।

(१११) ब्रिटिस रेजिडेण्टले नेपाल नरेश समक्ष ओदाहाको प्रमाणपत्र पेश गर्ने कार्यक्रममा स्थानको विषयमा गडबडी भएको ऐतिहासिक यस अर्थमा छ कि त्यसबेला जगत्जङ्गको पदीय हैसियत र रोलक्रम बारे कुनै टुङ्गो लागेको थिएन (पृ.१४६) ।

(११२) जगत्जङ्गलाई कम्याण्डर इन चिफको सलामी दिएको तर बस्ने स्थान नभएको, रणोद्दीपले श्री ३ को आसनमा बसाउँदा रोलवालाहरूले कचमच झिकेका र समारोह नै स्थगित गर्नु परेको भन्ने कुरालाई जगत्जङ्गको रोलक्रम नभएको हुँदा सोही तथ्यसँग जोडी त्यसैको पुष्टिका लागि ऐतिहासिक बनाइएको हो (पृ.१४६) ।

(११३) खड्गशमशेर रोलक्रमका बारेमा उत्पन्न गम्भीर परिस्थितिको बारेमा छलफल गर्न बागकी कान्छी मैयाँकहाँ गएको भन्ने ऐतिहासिक छ किनभने उनीहरू बिच अत्यन्त घनिष्ठ सम्बन्ध थियो । वीरबाट खड्ग धपाइँदा बागकी कान्छी मैयाँ पनि सँगै धपाइएकी थिइन् (पृ.१४६) ।

(११४) बागकी कान्छी मैयाँको जङ्ग खलकसँग मिल्ती नभएको तर शमशेर खलकसँग घनिष्ठ सम्बन्ध रहेको भन्ने कुरा ऐतिहासिक घटनाको पुष्ट्याइँका लागि आएको छ किनभने उनको जगत्जङ्गसँग सौतेलौ सम्बन्ध थियो (पृ.१४६) ।

(११५) श्री ५ पनि जगत्सँग सशङ्कित रहेको कुरा खड्गले बागकी कान्छी मैयाँबाट थाहा पाएका भन्ने कुरामा ऐतिहासिक सत्यता देखिन्छ (पृ.१४६) ।

(११६) रणोद्दीप र जगत्जङ्गलाई मार्ने बारेमा श्री ५ र वीर बिच योजना बनेको कुरा खड्गले बागकी कान्छी मैयाँबाट थाहा पाएका भन्ने इतिहास सम्मत छ । खड्ग र बागकी कान्छी मैयाँ बिच अनैतिक सम्बन्ध थियो भन्ने कुरा इतिहासमा पनि पाइन्छ (पृ.१४६) ।

(११७) जगत्जङ्गले रणोद्दीपलाई शमशेरहरूको षड्यन्त्रपूर्ण योजना बारे बताएका तर रणोद्दीपले नपत्याएका बरु छिट्टै श्री ३ को पदभार जगत्जङ्गलाई सुम्पेर काशी

जाने भनेका भन्ने कुरा ऐतिहासिक छ । रणोद्दीपले आफूमाथि भाइका छोराहरूले षड्यन्त्र गर्लान् भन्ने कुरा पत्याएनन् (पृ.१४६) ।

(११८) पहिलेदेखि जगत्जङ्गलाई श्री ३ बनाउने रणोद्दीपको योजना बारे अविश्वास गरिरहेको केशरसिंह थापाले पनि रणोद्दीप काशी जाने सुनेपछि केशरसिंह पनि हिंसात्मक कार्वाहीको समर्थन गर्न पुगेका भन्ने कुरा ऐतिहासिक छ किनभने केशरसिंह थापा पनि रणोद्दीप हत्या षड्यन्त्रमा सामेल भएका थिए (पृ.१४६) ।

(११९) खड्गले प्रधानमन्त्री पदको लागि खिचलो उठ्ने हुनाले रणोद्दीपलाई काशी नजान अनुरोध गरेका भन्ने प्रसङ्ग ऐतिहासिक छ किनभने जगत्जङ्गलाई श्री ३ बनाउने कुरामा खड्ग र वीरहरू सहमत थिएनन् (पृ.१४६) ।

(१२०) ३८ सालमा रोल काटिएकाले जगत्जङ्गलाई श्री ३ बनाउने कुरामा खड्गले असहमति व्यक्त गरेको भन्ने कुरा ऐतिहासिक छ (पृ.१४६-१४७) ।

(१२१) जगत्जङ्ग श्री ३ भएमा शमशेरहरूलाई मार्छन् भनी शमशेरहरू सशङ्कित भएका भन्ने ऐतिहासिक छ किनभने काठमाडौँ आएपछि जगत्जङ्ग शमशेरहरू विरुद्ध षड्यन्त्र गर्न लागिसकेका थिए (पृ.१४७) ।

(१२२) जगत्जङ्ग श्री ३ भएपछि नरेन्द्रलाई श्री ५ बनाउने वा सानू शाहलाई राजगद्दीमा बसाउने र कान्छी युवराज्ञीलाई भाङ्ग्राको लुगा लगाएर हत्या गरिन्छ भन्ने हल्लाले श्री ५ पनि ज्यादै सशङ्कित भएकी भन्ने वर्णन ऐतिहासिक छ । स्वयम् जगत्जङ्ग नै जेठी राजमातालाई यस्तो आश्वासन दिएका थिए । नरेन्द्र गुट पनि नरेन्द्रलाई राजा बनाउन तल्लीन थियो (पृ.१४७) ।

(१२३) श्री ५ र शमशेरको स्वार्थ मिलेकोले श्री ५ का लागि दाजु भाइ टाढा र शमशेरहरू नजिक भएका भन्ने कुरा ऐतिहासिक छ (पृ.१४७) ।

(१२४) बागदरबारमा शमशेर र श्री ५ को भेला भई रणोद्दीपलाई मार्न अन्तिम योजना बनाइएको भन्ने कुरा ऐतिहासिक घटनाको पुष्ट्याइँका लागि आएको छ (पृ.१४७) ।

(१२५) षड्यन्त्र गर्दा राजालाई आफ्नो पकडमा राख्नुपर्ने भएकाले श्री ५ पृथ्वीलाई एक तला माथिको झ्यालबाट धाइसुसारेहरूले खसाल्ने र केशरसिंह थापाले पोल्टामा थाप्ने र बाहिर निकाली बागदरबार ल्याइने योजना भयो भन्ने कुरा सबै रणोद्दीपसिंहको हत्याको घटनासँग सम्बन्धित छन् र ऐतिहासिक हुन् (पृ.१४७) ।

(१२६) काम फत्ते गर्न बेलुकी १०:४५ को साइत तय भएको भन्ने कुरा ऐतिहासिक छ बेलुकीको समयमा रणोद्दपिको हत्या भएको थियो (पृ.१४७) ।

(१२७) वीरलाई आफू जेठीपट्टिको छोरो भएकोले भाइहरूले शक्ति हत्याएपछि आफूलाई पन्छाउँछन् कि भन्ने आशङ्का भयो भन्ने वर्णन ऐतिहासिक छ किनभने उनका

भाइहरू षड्यन्त्रमा माहिर थिए । पछि वीर श्री ३ महाराज भएपछि वीर विरुद्ध अरू शमशेर भाइहरूले षड्यन्त्र नै गरेका थिए (पृ.१४७) ।

(१२८) जगत् श्री ३ हुने हल्लाले मनहरा दरबारमा चाहिँ चाकरी गर्नेहरूको ओइरो लागेको र शमशेरहरूलाई सराप्नेको भीड जम्मा भएको भन्ने वर्णन ऐतिहासिक घटनाको पुष्ट्याइँको लागि आएको देखिन्छ (पृ.१४७) ।

(१२९) १०:४५ बजे पर्खाल चढेर शमशेरहरू रणोद्दीपकहाँ पुगे । त्यहाँ महाराज बेलायतमा प्रधानमन्त्री फेरिने तरिकाको बारेमा कुरा गर्दै रामनाम जप्दै थिए । त्यही बेला भीमले रावलपिण्डी जाने बारेमा बिन्ती चढाउन आएको भनेर ढोका खोल्न लगाए भन्ने कुरा ऐतिहासिक छ । इतिहासका अनुसार शमशेरहरू रणोद्दीपको हत्या गर्न जाँदा ब्रिटिस राजदूतकहाँबाट जरुरी पत्र आएको छ भनी राती रणोद्दीपसिंह कहाँ गएका थिए (पृ.१४७) ।

(१३०) रणोद्दीपको ढोका खुल्नेबित्तिकै खड्ग, डम्बर, रण र भीमले पेस्तोल चलाए । पेस्तोल चलाउने प्रत्येकलाई एक-एक लाख दिने भनिएको एक लाखको लोभले भीमले मरेका रणोद्दीपमाथि गोली चलाए भन्ने ऐतिहासिक छ (पृ.१४७-१४८) ।

(१३१) रणोद्दीपको हत्या हुँदा चलेको बन्दुकको आवाज सुन्नेबित्तिकै बिजुलीगारत रणोद्दीपकहाँ आइपुगेको तर सेनामा सबै शमशेरहरूका आफन्त भएका र जङ्गबहादुरले बसालेको शासन पद्धति र देशको लागि नै आफूहरूले रणोद्दीपको हत्या गरेको भनी शमशेरहरूले भनेपछि बिजुलीगारत चुप लाग्यो भन्ने ऐतिहासिक छ (पृ.१४८) ।

(१३२) उता बागदरबारमा रहेका वीर षड्यन्त्रको भण्डाफोर हुन्छ कि वा भाइहरूले खड्गलाई नै महाराज बनाउँछन् कि भनी सशङ्कित थिए भन्ने कुरा ऐतिहासिक सत्यानुरूप छ (पृ.१४८) ।

(१३३) हत्या भएपछि शमशेरभाइहरू बागदरबारमा जम्मा भए । उनीहरूले आफ्नो नाम पछाडि जङ्गबहादुर थप्ने निर्णय गरे भन्ने कुरा पनि ऐतिहासिक हो किनभने शमशेरहरूले नाम पछाडि जङ्गबहादुर थपेको र अहिलेसम्म पनि धीरशमशेरका सन्तती राणाहरूको नामपछि जङ्गबहादुर लेख्ने चलन छ (पृ.१४८) ।

(१३४) खरिको बोटमा गएर वीरशमशेरलाई श्री ५ पृथ्वीद्वारा विधिवत् श्री ३ घोषणा गरियो भन्ने ऐतिहासिक छ । श्री ५ को आदेश भन्दै श्री ५ (श्री ५ पृथ्वीकी आमा) ले वीरलाई श्री ३ घोषित गरेकी थिइन् (पृ.१४८) ।

(१३५) काठमाडौँमा रणोद्दीपको हत्याको घटना हुँदा मनहरामा प्रलय भयो, ज्यान बचाओ भन्ने केही हल्ला मात्र सुनियो भन्ने वर्णन ऐतिहासिक छ (पृ.१४८) ।

(१३६) हर्षजङ्गले आएर रणोद्दीपको हत्या भएको र वीर श्री ३ भएको खबर दिएपछि मनहरामा भागाभाग मच्चियो भन्ने कुरा ऐतिहासिक छ । जङ्गका छोरा हर्षजङ्ग पनि रावलपिण्डी जाने पल्टनमा खटिएका थिए । उनले हत्याको खबर राती नै थाहा पाई सबै जङ्गभाइहरूलाई खबर गरेका थिए (पृ.१४८) ।

(१३७) जङ्ग खलकलाई जहाँ देखे पनि गोली ठोक्नू भन्ने आदेश भएको भन्ने कुरा ऐतिहासिक छ (पृ.१४८) ।

(१३८) सबै भागे पनि जगत्जङ्गले भाग्न नचाहेको भन्ने कुरा पनि ऐतिहासिक छ किनभने उनले आफूलाई ढाक्रे ठानेका थिए (पृ.१४८) ।

(१३९) सहरबासी सबै वीरशमशेरको प्रशंसा र जगत् र रणोद्दीपको निन्दा गर्न लागेका भन्ने ऐतिहासिक पुष्ट्याइँका लागि आएको घटना हो (पृ.१४८) ।

(१४०) धन र लक्ष्मीकेटी श्री ३ महारानी बनेका कुरा ऐतिहासिक छ किनभने वीर श्री ३ भएपछि उनका पत्नीहरू श्री महारानी भएको कुरा इतिहास सम्मत छ (पृ.१४८) ।

(१४१) खड्ग कम्याण्डर इन चिफ, रण जङ्गीलाठ नियुक्त भएका सबै भाइको रोल बढेको भन्ने वर्णन ऐतिहासिक छ (पृ.१४८) ।

(१४२) हत्याको पाप कटनीका लागि ६ लाख रूपियाँ र हत्या गरे बापत् दिनुपर्ने ५ लाख रूपैयाँ राष्ट्रकोषबाट झिकिने निर्णय भएको भन्ने कुरा तत्कालीन अवस्थामा राष्ट्रकोषको दुरुपयोगलाई पुष्टि गर्न आएको घटना हो (पृ.१४९) ।

(१४३) देवको १८ रोलक्रम दर्जा माथि उठेको भन्ने ऐतिहासिक हो (पृ.१४९) ।

(१४४) रणोद्दीपको हत्यापछि शमशेर भाइले तुरुन्तै एक अर्कालाई शत्रु देख्न थालेका भन्ने कुरा ऐतिहासिक छ । जङ्गहरूको पतनपछि शमशेरहरू बिच पनि सत्ताको लागि हानथाप परेको कुरा इतिहासले पनि पुष्टि गरेको छ (पृ.१४९) ।

(१४५) सबै जङ्गभाइहरूको भागाभाग भएको, जीतजङ्ग, पद्मजङ्ग, त्रैलौक्य पत्नी ब्रिटिस राजदूतावासमा शरण लिन पुगेका भन्ने कुरा ऐतिहासिक छ (पृ.१४९) ।

(१४६) नाति जर्नेल सम्पत्ति सहित किसानको भेषमा भाग्न लाग्दा सैनिकले चिनेकाले मारिएका भन्ने कुरा ऐतिहासिक छ (पृ.१४९) ।

(१४७) काठमाडौँमा सबैतिर वीरशमशेरको जय लेखिएको लुट टाँगिएको भन्ने कुरा ऐतिहासिक छ किनभने यो शक्तिपूजाको नमूना हो (पृ.१४९) ।

(१४८) जगत्को दूरबीन थापाथली नजिक घोप्टिएको नाति जर्नेलको लासमा परेको तर राम्ररी चिन्न नसकेका भन्ने ऐतिहासिक छ किनभने नाति जर्नेल थापाथलीमा नै मारिएका थिए (पृ.१४९) ।

(१४९) चिठी शाहज्यादीको सिरानमा राखी जगत् भऱ्याङ ओर्लँदै गर्दा च्याङ्बाले नाति जर्नेललाई आफूले लडाएर आएको खबर सुनायो र जगत्को छातिमा गोली हान्यो भन्ने वर्णनमा यस अर्थमा ऐतिहासिक छ कि जगत्जङ्गलाई गोली हानी हत्या गरिएको थियो (पृ.१४९) ।

यसका अतिरिक्त **सेतो बाघ** उपन्यासमा ऐतिहासिक घटनाहरू निम्नानुसार रहेका छन् :

(१५०) **सेतोबाघ** उपन्यास (पृ.१) मा सोमनाथ संस्कृत र अङ्ग्रेजी दुवै भाषामा निपुर्ण विद्वान् भएकाले उनलाई जङ्गबहादुसँग युरोप भ्रमण जान सौभाग्य मिलेको वर्णनमा सोमनाथसँग सम्बन्धित कुरा काल्पनिक भए पनि जङ्गबहादुर युरोप भ्रमण गएको भन्ने प्रसङ्ग ऐतिहासिक छ किनभने जङ्गबहुरले वि.सं. १९०६ माघ ४ गते (दीक्षित, २०५८ : २) बेलायत भ्रमणका लागि गएका थिए ।

(१५१) धीरशमशेरको घरेलु नाउँ सान्नानी भएको (पृ.६) वर्णन ऐतिहासिक छ किनभने इतिहासकारहरूले पनि यो कुरालाई स्वीकार गरेका छन् ।

(१५२) कलिलो छोरो, नौजवान लोग्ने, कोही घाइते भए, कोही मारिए, कोही आँखाका अन्धा, कसैको अङ्गभङ्ग भएको (पृ.८) वर्णनमा यस अर्थ ऐतिहासिक छ कि नेपाल-तिब्बत युद्ध हुँदा दुवै तर्फका सैनिकहरू मारिएका, घाइते तथा अन्धा भएका थिए भन्ने कुरामा इतिहासकारहरूले पनि उल्लेख गरेका छन् ।

(१५३) जङ्गबहादुरले बेलायतकी महारानीबाट "नाइट ग्याण्ड क्रस अफ दि बाथ" नामक पदक प्राप्त गरेको (पृ.९) भन्ने वर्णन ऐतिहासिक छ किनभने जङ्गबहादुरले सन् १८५७ को भारतको सिपाही विद्रोहमा अङ्ग्रेज सरकारलाई महत्त्वपूर्ण सहयोग दिए वापत अङ्ग्रेज सरकारले जङ्गबहादुरलाई सन् सेप्टेम्वर २४ ता. १८५९ "नाइट ग्याण्ड क्रस अफ दि अडर अफ दि बाथ" नामक पदक (ज.ब.रा., २०६५ : १२६) प्रदान गरेको थियो ।

(१५४) पूर्व २ नं. पहाडबाट वीरले जगत्जङ्गलाई पठाएको पत्रमा (पृ.५७) भोटको सहायताका लागि चिनियाँ फौज ल्हासा आउने भएको छ भन्ने वर्णन ऐतिहासिक छ किनभने नेपाल-भोट युद्ध हुँदा चिनीयाँ फौजले भोटे फौजलाई सहयोग गरेको थियो ।

(१५५) शमशेरभाइहरूको छलफलमा खड्गले "मर्न नै कम्मर कस्ने हो भने यहाँ पर्लय रचेर मात्र मरुलाँ, कि हस्तिनापुरको रजाँइ कि चपरीमुनीको वास" (पृ.९०) भनेको कुरा काल्पनिक भए पनि यो खड्गको इतिहास सम्मत चरित्रलाई प्रस्तुत गर्न आएको हुँदा यसलाई ऐतिहासिक भन्न सकिन्छ किनभने खड्गले १९४२ सालको पर्व घटाउनमा सक्रिय भूमिका खेलेका थिए ।

(१५६) राजपुत्रीको जन्म भएको दिनदेखिन् उनको विवाहमा दाइजो जाने मालसामानको जोगावट हुन थाल्दथ्यो (पृ.१०९) भन्ने वर्णन ऐतिहासिक लाग्दछ किनभने राजाकी छोरीको विवाहमा दाइजोको लागि जोगावट गर्नु स्वाभाविक हो ।

(१५७) जङ्गबहादुरले वीरलाई कैले भन्दथे (पृ.१२५) भन्ने कुरा ऐतिहासक छ किनभने वीरशमशेरको कपाल कैलो भएकोले निजलाई जङ्गले कैले भनी सम्बोधन गर्दथे (ज.ब.रा., २०६५ : १५९) ।

(१५८) उहिले कालमोचनघाटमा जङ्गलाई मार्न बसेका दुई षड्यन्त्रकारीको हातबाट बन्दुक खस्दा, गुरुप्रसाद शाहले बहिनीद्वारा विष प्रयोग गराउँदा र भण्डारखालको रहस्य उद्घाटन हुँदा अपराधीहरूको मनस्थिति जसरी बिग्रेको उनले देखेका थिए अहिले सोमनाथको मुखाकृति पनि त्यस्तै नै भयभित भएको (पृ.१३५) भन्ने वर्णनमा सोमनाथसँग सम्बन्धित कुरा काल्पनिक भए पनि अन्य प्रसङ्ग ऐतिहासिक देखिन्छ ।

(१५९) श्री ५ सुरेन्द्रको हुकुम जङ्गबहादुरले सधैँ तुरुन्त तामेल गरिहाल्दथे । अहिले गद्दीआसिन भएपछि मात्र होइन, सुरेन्द्र युवराज छँदै देखिन् । उनको इच्छा जङ्गबहादुरका लागि सधैँ शिरोपर थियो । उनको लहडी इच्छापूर्तिका लागि जङ्गबहादुरले घोडासहित त्रिशूलीको पुलबाट हाम फालेका थिए, बाह्रवर्षीय इनारमा पसेर खुट्टा भाँचे, काठमाडौँमा स्थापित धरहराबाट हाम फाल्न तयार परेका थिए तर अहिले श्री ३ को उत्तराधिकारीको रोलक्रम तोड्न तयार भएनन् (पृ.१७८) भन्ने वर्णित घटना ऐतिहासिक तथ्य अनुरूप छ ।

(१६०) कोतपर्व, भण्डारखालपर्व, लन्डनयात्रा, लखनऊको गदर, तिब्बतको युद्ध आदिमा सफल हुने प्रेरणा धीरशमशेरलाई जङ्गबहादुरबाट मिलेको थियो (पृ.२०९) भन्ने वर्णन ऐतिहासिक छ ।

(१६१) धीरले तिब्बतको युद्धमा यी पल्टनसँग रगत र पसिना साथै चुहाएका थिए । उनीहरूको सफलता र असफलतामा धीरको पनि जीवन-मरणको सवाल थियो । सन् १८५७ को लखनऊ लुटमा पनि धीरको नेतृत्वमा यी फौजले हीरा फोरर सुन कमाएका थिए (पृ.२११) भन्ने वर्णन ऐतिहासिक छ किनभने नेपाल-तिब्बतको युद्ध र लखनऊ लुटमा नेपाली फौजको नेतृत्व गर्नेहरू मध्ये धीर पनि एक थिए । यसर्थ यो वर्णन ऐतिहासिक छ ।

(१६२) खजान्ची शिव प्रसाद, सुब्बा टङ्कनाथ, सुब्बा होमनाथ लगायत दस बाहुन मुडिने भए । कर्नेल कर्नेल विक्रमसिंह थापा, कर्नेल अमरविक्रम थापा, कर्नेल समरविक्रम थापा, कर्नेल इन्द्रसिंह बस्नेत, कुलमानसिंह बस्नेत, मेजर सङ्ग्रामसुर विष्ट आदि पचास जनाजति कोही शूलीमा पर्ने भए, कसैलाई फाँसी हुने भयो । अरू बाँकी जतिको सर्वस्वहरण गरेर जीवनभर कैद पर्ने सजाय तोकियो (पृ.२४७)

भन्ने वर्णन ऐतिहासिक छ किनभने १९३८ सालको काण्डमा परी माथि उल्लेखित व्यक्तिहरूले सजाय पाएको इतिहास छ ।

(१६३) जीतजङ्ग कम सुन्दथे, त्यस माथि पनि जगत्जङ्गले सोधेको कुरा नसुनेको जस्तो बहाना गरेर रणवीरजङ्गसित कुरा गरिरहे (पृ.२६३) भन्ने वर्णनमा जीतजङ्गले कान कम सुन्ने कुरा ऐतिहासिक छ किनभने कान कम सुन्ने भएकै कारण कानको उपचार गर्ने बहाना बनाई वि.सं. १९४२ सालको पर्व हुनु अघि भारत गएका थिए ।

(१६४) ब्रिटिस भारत सरकारले ठूलो सैनिक प्रदर्शनको आयोजना गर्ने भएकाले त्यसमा भाग लिन वीरशमशेरको नेतृत्वमा चार सशस्त्र पल्टन रावलपिण्डी जाने भएको थियो (पृ.२७५) भन्ने वर्णन ऐतिहासिक छ किनभने सन् १८८५ नोभेम्बर २३ ता. रावलपिण्डीमा भारतीय फौजको सैनिक प्रदर्शन हुने भएको थियो र यस प्रदर्शनमा नेपाललाई पनि आमन्त्रीत गरिएको थियो । यस प्रदर्शनमा भाग लिन सन् १८८५ नोभेम्वर २१ ता. मा वीरशमशेरलाई नेतृत्वमा खटाइ चार पल्टन सेना जवानहरू र हातहतियार दिइएको थियो । (ज.ब.रा., २०६५ : २४४) यही मौका छोपी शमशेरभाइहरूले वि.सं. १९४२ सालको काण्ड घटाएका थिए ।

(१६५) जङ्ग र शमशेर खलक एकै कुल र घरानका भए पनि उनीहरूमा आर्थिक असमानताको कारणले गर्दा वैमनस्य उत्पन्न भएको थियो (पृ.२७९) भन्ने वर्णन ऐतिहासिक देखिन्छ ।

(१६५) धीरशमशेरको घाँटीमा कालीजको हड्डी अड्की सेफ्टीक भई मृत्यु भएको (पृ.३४६) भन्ने प्रसङ्ग ऐतिहासिक तथ्यअनुरूप छ ।

(१६६) रणोद्दीपसिंह, जगत्जङ्ग र युद्धप्रतापजङ्गहरूको वि.सं. १९४२ को पर्वमा शमशेर भाइहरूको षड्यन्त्रमा परी हत्या भएको देखाउनु इतिहास सम्मत छ ।

यसरी माथि उल्लेखित ऐतिहासिक घटनाहरूलाई **सेतो बाघ** उपन्यासमा समायोजन गरिएको छ । यस्ता ऐतिहासिक घटनाक्रमले वि.सं. १९११-१२ देखि वि.सं. १९४२ को पर्वसम्मको राणाकालीन शासनपद्धति, सत्ता प्राप्तिका लागि शाह, जङ्ग र शमशेर खलकहरू बिच भएको षड्यन्त्र, हत्याको यथार्थ चित्रण, तत्कालीन सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक पक्षलाई प्रस्तुत गरेको छ । समग्रमा यस उपन्यासमा ऐतिहासिक चेतना र मूल्यको पूर्णत निर्वाह गरिएको छ ।

## ३.५ सेतो बाघ उपन्यासको कथावस्तुमा ऐतिहासिक तथ्यको विचलन

**सेतो बाघ** राणाकालीन नेपालको इतिहासको घटनाहरूलाई कथावस्तुको रूपमा ग्रहण गरी लेखिएको ऐतिहासिक उपन्यास हो । ऐतिहासिक उपन्यासमा इतिहासद्वारा स्वीकृत तथ्यहरूलाई विकृत गरिनु हुँदैन भन्ने कुराको अपेक्षा गरिन्छ तर यो उपन्यास ऐतिहासिक भएर पनि

इतिहासद्वारा स्वीकृत कतिपय तथ्यहरूलाई विचलन गरिएको छ । त्यस्ता विचलन गरिएका घटनाहरूलाई पन्त (२०३१) ले विभिन्न तथ्यहरूका साथ निम्नानुसार प्रस्तुत गरेका छन् :

(१) **सेतो बाघ**मा श्री ५ सुरेन्द्रसँग भोटयुद्धको समयमा राजनीतिक विषयका गम्भिर कुरा अधिकारपूर्वक गरेको र भोटयुद्धक विषयको खबर राजदरबारका मूख्य हजुरिया जगत्जङ्गले राजा रानीलाई सुनाएको वर्णन छ । जगत्जङ्गको जन्म वि.सं. १९०४ फागुन १६ गते भएको हो । वि.सं. १९११-१२ मा नेपाल भोट युद्ध हुँदा जगत्जङ्ग ७-८ वर्षका मात्र देखिन्छन् । यसरी ७-८ वर्षका बालकले तत्कालीन राजनीतिक विषयमा गम्भीर कुरा गर्नु र उनी मुख्य हजुरिया हुनु असम्भव भएकाले यो उठान र भोटयुद्धसँग सम्बन्ध जगत्जङ्गविषयका अरू कुरा असत्य देखिन्छ (पृ. १३-१४) ।

(२) **सेतो बाघ**मा नेपाल-भोटयुद्धताका जर्नेल बमबहादुर र जर्नेल धीरशमशेर लेखिएको छ । यसबाट यिनीहरूको दर्जा एउटै भएको भान हुन्छ तर नेपाल-भोटयुद्धताका बमबहादुरको पद मिनिष्टर र कम्याण्डर-इन-चिफ थियो र धीरशमशेरको पदचाहिँ जर्नेल मात्र थियो (पृ.१४-१७) ।

(३) **सेतो बाघ**मा पण्डित सोमनाथ संस्कृत र अङ्ग्रेजी दुवै भाषामा निपूर्ण भएकाले जङ्गबहादुरसँग बेलायत जाने सौभाग्य मिलेको र बेलायतबाट फर्केपछि उनले नेपालमा पनि बेलायतको जस्तो संसदीय शासन व्यवस्था लागू गर्न जङ्गबहादुरलाई सल्लाह दिए भनी लेखिएको छ । तर त्यसताका नेपालका प्रसिद्ध पण्डितले अङ्ग्रेजी पढेको कुरा अहिलेसम्म कतै नसुनिएकोले र जङ्गबहादुरसँग बेलायत भ्रमणमा जानेमा पनि यिनको नाम नदेखिएकाले यी पण्डित वास्तविक व्यक्ति नभई कल्पित व्यक्ति देखिन्छन् । यसकारण यी कुरा र सोमनाथ सम्बन्धी अरू धेरै कुरा कल्पित देखिन्छन् (पृ.१८-२०) ।

(४) **सेतो बाघ**मा अङ्ग्रेजसँग युद्ध हुँदा बलभद्र कुँवरको मृत्यु भयो भनी लेखिएको छ । नेपाल-अङ्ग्रेज युद्ध वि.सं. १८७१-७२ मा भएको छ । नेपाल-अङ्ग्रेज युद्धपछि बलभद्र कुँवर पञ्जाबका राजा रणजित् सिंहको सेनामा भर्ती भए । रणजित् सिंहको पक्षबाट अफगानहरूसँग लड्दा वि.सं. १८७९ चैत्र ३ गते नौशेरा नामक स्थानमा बलभद्र कुँवरको मृत्यु भएको थियो (पृ.२०-२१) ।

(५) **सेतो बाघ**मा नेपाल-भोटको खटपट हुनाको कारण भोटमा चल्ने मल्ल राजाहरूका मुद्रा खिइदैं जानु हो भनिएको छ तर नेपाल-चीनयुद्ध सम्बन्धी संस्मरणपत्रमा नेपाल र भोटमा खटपट हुनाको कारण खोटो टक र सक्कली टकको कलहले हो भनी लेखिएको छ (पृ.२१) ।

(६) **सेतो बाघ** उपन्यासमा १८४६ सन् र १८४८ सन्मा नेपाल-भोट युद्ध भयो भनी लेखिएको हुँदा पाठकको मनमा इस्वी सन् १८४६ मा र १८४८ मा नेपाल-भोट

युद्ध भएको भन्ने भ्रम पर्ने हुन्छ । यसकारण वि.सं. १८४६ र वि.सं. १८४८ सालमा लेखिनु पर्थ्यो (पृ.२२-२३) ।

(७) **सेतो बाघ**मा १८४६ पछि नेपाल-भोट युद्ध भयो भनी लेखिएको छ तर वि.सं. १८४५ मा नेपाल-भोट युद्ध सुरू भइसकेको थियो । यस कारण १८४६ पछि नेपाल-भोटयुद्ध भएको थियो भनी लेखिएको अशुद्ध देखिन्छ (पृ.२३) ।

(८) **सेतो बाघ**मा १८४८ मा नेपाली फौज लड्दै ल्हासा पुग्यो भनिएको छ । तर नेपाल-चीन युद्ध सम्बन्धी संस्मरणपत्रमा नेपाली फौज भोटको दिगार्चासम्म पुगेको र त्यहाँबाट अघि नबढी नेपाल फर्केको वर्णन परेको छ । त्यसकारण नेपाली फौज लड्दै ल्हासा पुग्यो भनी लेखिएको कुरा अशुद्ध देखिन्छ (पृ.२४-२५) ।

(९) **सेतो बाघ**मा बमबहादुर १० हजार फौज लिएर केरुङतिर र धीरशमशेर १० हजार फौज लिएर कुतीतिर लड्न गएको कुरा लेखिएको छ तर बमबहादुर १८०० सिपाही र धीरशमशेर १२०० सिपाही लिएर लड्न गएका हुँदा उक्त लेखिएको कुरा अशुद्ध देखिन्छ (पृ.२५) ।

(१०) **सेतो बाघ**मा भोट युद्धको समयमा बमबहादुर वृद्ध अवस्थामा प्रवेश गर्न लागेको भनी लेखिएको छ । वि.सं. १८७५ आषाढ ८ गते जन्मेका बमबहादुर नेपाल-भोट युद्ध हुँदा ३६-३७ वर्षका मात्र थिए भन्ने देखिन्छ । ३६-३७ वर्षका मानिस वृद्ध अवस्थामा प्रवेश गर्न लागेका हुन् वा होइनन् यो विचारणीय छ (पृ.२६) ।

(११) **सेतो बाघ**मा श्री ५ युवराजाधिराज त्रैलोक्यवीरविक्रमले जङ्गबहादुरसँग भोट युद्धको विषयमा आदेशात्मक रूपले बहस गरेको देखाइएको छ । तर वि.सं. १९०४ मार्ग १६ गते जन्मेका युवराज त्रैलोक्य वि.सं. १९११-१२ को नेपाल भोट हुँदा ७-८ वर्षका मात्र देखिन्छन् । ७-८ वर्षका बालकले नेपाल-भोट युद्धका विषयमा गम्भीर तर्क गरेको भनी लेखिएको असत्य देखिन्छ (पृ.२६-२८) ।

(१२) **सेतो बाघ**मा नेपाल-भोट युद्ध हुँदा जेठी शाहज्यादीसँग वीरशमशेरको विवाह हुने कुरो चलेको, पूर्व २ नं. मा युद्ध अभ्यास गरेको, युद्ध अभ्यास गर्दा वीरशमशेर भीरबाट खसी उपेन्द्रविक्रमको घरमा आइपुगेको, उपेन्द्रकी छोरी धनहजुरीको वीरशमशेरसँग प्रेम परी धनहजुरीले वीरशमशेरलाई औँठी दिएको जस्ता वर्णन परेको छ । तर वि.सं. १९०९ मार्ग २७ गते जन्म भएका हुँदा उनी नेपाल-भोट युद्ध हुँदा २-३ वर्षका मात्र देखिन्छन् । २-३ वर्षका बालकले यी सबै क्रियाकलाप गरेको अपत्यारिलो भएको हुँदा वीरशमशेरसँग जोडिएर आएका कुरा र यी वर्णनसँगै तानिएका अरू कुरा कल्पित देखिन्छन् (पृ.२८-२९) ।

(१३) **सेतो बाघ**मा हिमालध्वज पल्टन केरुङतिर लड्न गएको वर्णन परेको छ । तर हिमालध्वज पल्टन पूर्व ओलाङ्चुङगोलातिर लड्न गएको थियो (पृ.२९-३२) ।

(१४) **सेतो बाघ**मा जगत्जङ्ग बालनरसिंहका जेठा नाति हुन् भनी लेखिएको छ र जगत्जङ्गले छोरा खलकमा सबभन्दा जेठो म हुँ भनी कुरा गरेको वर्णन परेको छ। जगत्जङ्गको जन्म वि.सं. १९०४ मा भएको हो। बद्रीनरसिंह (जङ्गका भाइ) का छोरा केदारनरसिंहको जन्म वि.सं. १८९६ मा भएको देखिन्छ। यसरी जगत्जङ्गभन्दा केदारनरसिंह ८ वर्ष जतिले जेठा देखिएको हुँदा बालनरसिंहका जेठा नाति जगत्जङ्ग हुन् भनी लेखिएको कुरा अशुद्ध देखिन्छ (पृ.३२-३४)।

(१५) **सेतो बाघ**मा थापा खलकको भानिज हुन् भनी लेखिएको छ। तर जङ्ग बहादुरले आफ्नी पहिली गृहिणीको मृत्यु भएपछि सनकसिंहकी बहिनीसँग विवाह गरेका थिए। सनकसिंह पहिले आफूलाई खत्री भनी लेख्थे। पछि लाहुरे टण्डन क्षेत्री भनी लेख्न थाले। जगत्जङ्ग यिनै सनकसिंहका भानिज हुन्। यस कारण जगत्जङ्ग थापा खलकका भानिज हुन् भनी लेखिएको कुरा अशुद्ध देखिन्छ (पृ.३४-३७)।

(१६) **सेतो बाघ**मा भोट युद्ध चलिरहेको बेलामा धीरशमशेरका १७ जना छोरा, ७ जना छोरी थिए भनी लेखिएको छ। तर धीरशमशेरका छोराहरूमध्ये वीरशमशेर १९०९, डम्बरशमशेर १९१५, खड्गशमशेर १९१७, रणमेहर १९१८, देवशमशेर १९१९, चन्द्रशमशेर १९२०, भीमशमशेर १९२२, फत्यशमशेर १९२४, ललितशमशेर १९२४, जीतजङ्ग १९२५, पूर्णशमशेर १९२८, यदुशमशेर १९२९, दुर्गाशमशेर १९३१, शेरशमशेर १९३१, जुद्धशमशेर १९३२, खम्बशमशेर १९३२, हर्षशमशेर १९३८, काहिँली छोरी १९१६ सालमा जन्म भएको थियो। यसबाट नेपाल-भोट युद्ध हुँदा धीरशमशेरका जेठा छोरा वीरशमशेरबाहेक अरू कुनै छोराको जन्मेका थिएनन् र बढीसेबढी ३ वटा छोरी भन्दा हुन सक्दैन भन्ने स्पष्ट हुन्छ। यस कारण भोट युद्ध हुँदा धीरशमशेरका १७ जना छोरा र ७ जना छोरी थिए भनी लेखिएको कुरा असत्य देखिन्छ (पृ.३७-४०)।

त्यस्तै नेपाली (२०३१) ले पनि **सेतो बाघ** उपन्यास भएका विचलनहरू निम्नानुसार उल्लेख गरेका छन् :

(१७) ऐतिहासिक तथ्यअनुसार तत्कालीन नेपाल-तिब्बत युद्ध सुरू हुनु भन्दा अगाडि नै सम्पन्न भैसकेको शाहज्यादी र जगत्जङ्गको विवाहलाई **सेतो बाघ** उपन्यासमा युद्धको समाप्ति पछि देखाइनु (पृ.४८)।

(१८) पूर्व २ नं. पहाडमा वीरशमशेरको जगत्जङ्गसित भएको झगडाको परिणामको सम्बन्धमा शमशेर खलकको बिच सल्लाह हुँदा चन्द्रशमशेर, भीमशमशेर आदि पनि सल्लाहकारका रूपमा उपस्थिति थिए र उक्त घटना नेपाल-तिब्बत युद्धको समकालीन रूपमा देखाएको थियो, जुन बेला यिनीहरूको जन्मनै भइसकेको थिएन (पृ.५१)।

(१९) जगत्‌जङ्गको दलानको बैठकमा भएको राजनैतिक छलफलको प्रसङ्गमा सोमनाथको संसदीय व्यवस्थावादी सिद्धान्तको विरोध राणा परिवारको अतिरिक्त त्यहाँ उपस्थित अन्य भारदारहरूले पनि गरेको बयान **सेतो बाघ** उपन्यासमा छ । यसरी विरोध गर्ने भारदारहरूको नाममा कर्णेल बिक्रमसिंह थापा, इन्द्रसिंह बस्नेत, संग्रामसूर विष्ट, होमनाथ पण्डित आदि उल्लेखित छन् । यी भारदारहरूले सोमनाथको विचारधारासम्म विरोध गरेको कुराको उल्लेख भएको भए यहाँ भनिरहनु पर्ने थिएन, किनभने तिनीहरूले यस व्यवस्थालाई नचाहेर होस् वा नबुझेर होस् समर्थन नगर्नु अस्वाभाविक थिएन । तर यसै सिलसिलामा ती भारदारहरूले "जङ्गबहादुर प्रति आफ्नो अटल भक्ति देखाउन मौका पाए भनी लेख्नु निःसन्देह ती भारदारहरूप्रति अपमान गर्नु हो, जसले राणाविरोधमा संवत् १९३८ सालमा सबभन्दा पहिले संगठित रूपमा विद्रोह गरेका थिए (पृ.५१-५२) ।

(२०) इतिहासमा जङ्गबहादुर आफ्नो छोरा बबरजङ्गको मृत्युबाट दुःखित भइ मानसिक शान्तिका निम्ति तराई गएको कुराको उल्लेख गरिएको छ तर **सेतो बाघ** उपन्यासमा राजनैतिक दवाबको कारणबाट शान्ति खोज्न गएको देखाइएको छ (पृ.५४) ।

(२१) इतिहास अनुसार जङ्गबहादुर तराइतर्फ झरेको तीन महीनामा पत्थरघट्टामा उनको मृत्यु भएको थियो तर **सेतो बाघ** उपन्यासमा दुई वर्षदेखि नै अविछिन्न रूपमा राजधानीबाट बाहिर रहेको र सोही समयमा उनको मृत्यु भएको भनी लेखिएको छ (पृ.५४) ।

(२२) **सेतो बाघ**मा जङ्गबहादुरको मृत्युको सूचना नदीकन युवराज त्रैलोक्यलाई नरेन्द्र बिक्रम र जगत्‌जङ्गको साथ पत्थरघट्टामा पठाउन गरिएको षड्यन्त्रको प्रसङ्गमा धीरशमशेरसित दरबारमा उपस्थित हुने व्यक्तिहरूमा अरूको अतिरिक्त बबरजङ्गलाई पनि देखाइएको छ तर इतिहास अनुसार बबरजङ्ग कै मृत्युको कारणबाट दुःखित भई उनी मरेको बाह्रौं दिनमा घर छोडेर गएका थिए (पृ.५४-५५) ।

(२३) रणोद्दीप सिंहको हत्या भएको राति वीरशमशेर बाग दरबारमा अधैर्यसाथ पर्खिरहेको कुरा **सेतो बाघ**को अठतीसौँ परिच्छेदमा देखाइएको छ । तर इतिहास अनुसार त्यो रात स्वयम् वीरशमशेर पनि नारायणहिटी दरबारमा गएका थिए, जहाँ श्री ५ पृथ्वी वीर विक्रमको साथ श्री ३ रणोद्दीपसिंह रहन्थे र उनको हत्याको तत्काल श्री ५ महाराजाधिराजलाई समेत साथमा लिई वीरशमशेर हत्याकाण्डमा सक्रिय रहेका आफ्ना भाइहरूसहित बागदरबार गएका थिए (पृ.५९) ।

(२४) **सेतो बाघ**मा शमशेरहरूले आफ्नो नाम पछाडि जङ्गबहादुर राणा लेख्ने प्रचलन वीरशमशेरका पालादेखि चलाएको भन्ने कुरा ऐतिहासिक छैन किनभने आफ्नो नाम

पछाडि जङ्गबहादुर राणा लेख्ने चलन वीरशमशेरको पालादेखि नभएर चन्द्रशमशेरको पालादेखि भएको थियो (पृ.६०) ।

(२५) **सेतो बाघ**मा लेखकले एक ठाउँमा तत्कालीन युवराजलाई श्री ५ त्रैलोक्य विक्रमको नामको अगाडि 'पृथुलाधीश' को उपाधि प्रयोग गर्नु भएको छ तर इतिहासमा तत्कालीन समयमा पृथुलाधीश शब्द प्रयोगमा आएको कुरामा मौन छ (पृ.६१) ।

(२६) ऐतिहासिक विषयवस्तुको आधारमा ऐतिहासिक पात्रहरू प्रस्तुत गरी लेखिएको यो उपन्यास **'सेतो बाघ'** ऐतिहासिक गल्तीहरूले भरिएको छ र संक्षेपमा भन्ने हो भने यस उपन्यासमा दुई वर्षका बच्चा सैनिक अभ्यास गर्छ, ६ र ८ वर्षका बालबालिकाहरू आपसमा प्रेमलिला गर्छन् । जन्मी नसकेका व्यक्तिहरू यहाँ ठूलठूला सिद्धान्त बक्छन्, राजनैतिक सल्लाह, साउती गर्छन् । सयौँ कोस टाढा भारतमा बसेका व्यक्ति फुमन्तर भैँ गरी नेपालमा मुद्दाको पैरवी गर्छन्, आपसमा स्थान, शक्तिको निम्ति हानथाप गर्छन् । यसैगरी मरिसकेका व्यक्तिहरू ज्यूँदो भै हिँड्न थाल्छन्, एकको श्रेय अरूलाई दिइन्छ , पछि हुने कुरा अघि नै भनिन्छ, भैसकेको कुरा उल्लेख नै नभई लोप हुन्छ, कायरको प्रसंशा हुन्छ र वीरहरूको अपमान गरिन्छ । मानूँ यो एउटा दन्त्य कथा हो, औपन्यासिक दन्त्यकथा, ऐतिहासिक दन्त्यकथा हो (पृ.६२) भनी उल्लेख गरेका छन् ।

त्यसै गरी पोखरेल (२०६५) ले **सेतो बाघ** उपन्यासको कथावस्तुमा भएका विचलनहरूलाई यस प्रकार प्रस्तुत गरेका छन् :

(२७) जङ्गबहादुरले बेलायतकी महारानीबाट "नाइट ग्र्याण्ड क्रस अफ दि बाथ" नामक पदक प्राप्त गरेको भन्ने वर्णनमा कतिपय कुरा इतिहास सम्मत भए पनि त्यहाँ ऐतिहासिक विचलन पनि छ । वि.सं. १९१५ मा श्री ३ जङ्गले भारतमा भएको अङ्ग्रेज विरोधी आन्दोलन दबाउन अङ्ग्रेजलाई ठूलो सहायता दिए बापत् वि.सं. १९१५ मा जङ्गबहादुरलाई "ग्र्याण्ड क्रस अफ दि बाथ" बाट विभूषित गरिएको थियो । तर यसमा नाइट भन्ने शब्द थिएन र बेलायत भ्रमणको बखत दिइएको पनि होइन (पृ.१५२) ।

(२८) वीरशमशेर खान पाउँदैन, जेठाबाबु (जङ्गबहादुर) कहाँ भाते बस्न गएको छ ... भन्ने हल्ला चलाइएको प्रसङ्गमा ऐतिहासिक विचलन भएको छ किनभने वीरशमशेर खान नपाएर नभई मूलमा परेर जन्मेका र उनी जन्मनेबित्तिकै उनकी आमाको मृत्यु भएकाले यिनलाई लगेर पालेका थिए (पृ.१५२) ।

(२९) युवराज त्रैलोक्य प्रधानमन्त्रीकहाँ गएको शक्ति फिर्ता गर्न चाहाने र यसका लागि उनले जगत्जङ्गलाई नियुक्त गर्न चाहेको र भविष्यमा जगत्को माध्यमबाट दरबारबाट गुमेको शक्ति दरबारमै फिर्ता गर्ने योजना बनाएको भन्ने ऐतिहासिक

भए पनि जुन परिवेशमा जगत्जङ्ग र त्रैलोक्य दुवै बालक भएकाले यो पनि ऐतिहासिक विचलन भएको छ (पृ.१५२) ।

(३०) जगत्जङ्ग र शाहज्यादी बिचको प्रेमप्रसङ्ग काल्पनिक हो र यसमा ऐतिहासिक विचलन पनि छ किनभने इतिहासअनुसार जगत्जङ्ग र शाहज्यादीको विवाह उपन्यासमा वर्णन गरिएअनुसार प्रेम विवाह नभएर मागी विवाह भएको थियो । विवाह हुदाँ जगत्जङ्गको उमेर ८ वर्षको र शाहज्यादीको उमेर ६ वर्षको थियो (पृ.१५२) ।

(३१) छोराले रक्सी खाएको राज्यच्यूत राजा राजेन्द्रले नदेखून् भनी उत्तरपट्टिको झ्यालमा थुनिएको भन्ने वर्णनमा इतिहासमाथि विचलन छ किनभने राज्यच्यूत राजा राजेन्द्रलाई दरबारको कुनै कुनामा नराखी भक्तपुरमा राखिएको थियो (पृ.१५२) ।

(३२) जङ्गबहादुरले कास्की र लमजुङको श्री ३ महाराजको पदवी पाएको र आफ्नो थर पछाडि पनि राणा लेख्न थालेको भन्ने प्रसङ्ग ऐतिहासिक भए पनि यहाँ तिथिमितिमा भने ऐतिहासिक विचलन भएको छ किनभने वि.सं. १९१३ मा श्री ५ सुरेन्द्रबाट जङ्गले कास्की र लमजुङको श्री ३ महाराजको उपाधि प्राप्त गरे । तर १९०५ मा नै राणाको उपाधि प्राप्त गरेका थिए । श्री ३ महाराजको पद भने जगत्जङ्गको विवाह पछाडि पाएका थिए । त्यस कारण यहाँ पनि इतिहासलाई विचलन गरेको देखिन्छ (पृ.१५३) ।

(३३) धीरशमशेर र बमबहादुर ल्हासामा प्रभुत्व जमाउन पुगेको र दलाई लामासँग शान्ति सन्धि गरी नेपाल फर्किएको प्रसङ्गमा पनि ऐतिहासिक विचलन भएको छ किनभने नेपाल-भोट बिचको सन्धि भोटमा नभई वि.सं. १९१३ मा थापाथलीमा भएको थियो । जुन थापाथली सन्धिका नामले प्रसिद्ध छ (पृ.१५३) ।

(३४) उपेन्द्रकी छोरी धनहजुरीको विवाह वीरशमशेरसँग भएको भन्ने ऐतिहासिक भए पनि उनको नाममा विचलन छ किनभने वीरशमशेरले विवाह गरेकी उपेन्द्रकी छोरीको नाम धनहजुरी नभएर मुनिन्द्र दिव्यश्वरी थियो (पृ.१५३) ।

(३५) श्री ३ जङ्गको पदको पहिलो उत्तराधिकारी जेठो भाइमा जाने त्यो उच्च पदको खानगी रू. २ लाख जगत्ले पाउने गरी काम एकातिर र माम अर्कोतिरको अव्यवहारिक सम्झौता श्री ५ र श्री ३ बिच भएको भन्ने ऐतिहासिक भए पनि खानगी जगत्जङ्गमा जाने वर्णन इतिहासमा कतै प्राप्त हुँदैन त्यसैले ऐतिहासिक विचलन पनि देखिन्छ (पृ.१५३) ।

(३६) आफू मरेका खबर भाइहरूलाई मात्र गर्न भनी सोमनाथलाई खटाई जङ्गबहादुर मरेका भन्ने वर्णनमा ऐतिहासिक विचलन देखिन्छ किनभने जङ्गबहादुर मरेको खबर सोमनाथले नलगी जङ्गका हजुरिया जर्नेल अमरजङ्गले जगत्शमशेरकहाँ पठाएका थिए (पृ.१५३) ।

(३७) धीरशमशेरले युवराज र जगत्जङ्गलाई पत्थरघट्टा तत्काल पठाउने योजना बनाएका भन्ने वर्णनमा पनि ऐतिहासिक विचलन छ किनभने धीरले उनीहरूलाई पठाउने योजना मात्र नबनाएर आफैं पत्थरघट्टा लिई गएका थिए (पृ.१५३) ।

(३८) त्रैलोक्यको मृत्यु भएको दुई सालभित्र उनका पिता सुरेन्द्र र उनका रानीहरूको र पितामह राजेन्द्रको समेत मृत्यु भएको भन्ने वर्णन ऐतिहासिक छ तर १९३४ मा त्रैलोक्य र १९३८ मा राजेन्द्र र सुरेन्द्रको मृत्यु भएकोले दुई सालभित्र नभई चार सालभित्र मृत्यु भएकाले ऐतिहासिक विचलन छ (पृ.१५३) ।

(३९) धीर विरुद्धको नरेन्द्रको गुटमा जगत् सङ्गठित भए र सङ्गठन पुनः बन्यो भन्ने ३८ साल सम्बद्ध प्रसङ्ग ऐतिहासिक भए पनि यसमा विचलन पनि छ किनभने नरेन्द्र गुटमा निम्त्याएनन् । ३८ साल पर्वमा स्वयम् जगत्जङ्ग भारतमा थिए (पृ.१५३) ।

(४०) नरेन्द्र र जगत्जङ्ग मिलेर धीर विरुद्धको छलफल गरिरहेको बेला नरेन्द्र र जगत्जङ्ग सहित डेढ सय जना समातिए भन्ने वर्णनमा विचलन भएको छ किनभने यो वर्णन ३८ साल पर्वसँग सम्बन्धित छ र ३८ साल पर्वमा जगत्जङ्ग भारतमा थिए । बरु बमबहादुरका छोरा बमवीरविक्रम नरेन्द्रका गुटमा लागेका थिए । पछि उनीहरू भारतको चुनारकगढको किल्लामा कैद गरिए (पृ.१५३-१५४) ।

(४१) केशर र भोलाले त्रैलोक्यका पालामा बनेको सबै कागजपत्र जगत् र नरेन्द्रले हालसालै बनाएको भनी धीर समक्ष प्रस्तुत गरी आफू निर्दोष सावित गरिएको छ तर केशर र भोलाले नभई गगनसिंहको छोरा उत्तरध्वज भण्डारीले धीरसमक्ष यो षड्यन्त्रको पोल खोलेकाले उनीहरू समातिएका थिए त्यसकारण यहाँ पोलाहाको नाममा ऐतिहासिक विचलन देखिन्छ (पृ.१५४) ।

(४२) रणोद्दीपसिंहले जगत्लाई धीरसँग माफी माग्न लगाउन खोजे तापनि जगत्को सबै मान प्रतिष्ठा खोसिएकोले जगत् आक्रोशित बनेका, रणोद्दीप माफी दिन चाहने, धीर सानो नसिहत दिन तर काका भतिज बिचको भनाभनले उग्र रूप लिएको, जगत्जङ्गले महाराजको छोरा महाराज हुन्छ, भाइ हुँदैन भनेपछि जीतजङ्ग पनि झस्केका र जङ्गभाइहरू पनि जगत्को विपक्षमा देखिएका भनी ३८ साल पर्वको सन्दर्भलाई लिएर गरिएको यो विवादमा ऐतिहासिक विचलन छ किनभने यसबेला जगत्जङ्ग नेपालमा थिएनन् । नेपालमै नभएका मानिसले यो विवादमा भाग लिएको कुरा सत्य हुन सक्दैन (पृ.१५४) ।

(४३) सभामा श्री ५ को उपस्थिति भएको र त्यहीँ नरेन्द्र र जगत्जङ्गलाई आजीवन कारावासको सजाय भएको ऐतिहासिक भएर पनि विचलन छ किनभने त्यो विवादमा जगत्जङ्ग होइन बमबहादुरका छोरा बमवीरविक्रमलाई नरेन्द्रसँग कारावास सजाय दिइएको थियो (पृ.१५४) ।

(४४) धीरशमशेरको मृत्युपछि इलाहावाद जेलमाा रहेका जगत्जङ्ग र नरेन्द्रलाई काठमाडौँ झिकाइएको भन्ने कुरा चाहिँ ऐतिहासिक हो तर नरेन्द्रसँग जेलमा चाहिँ जगत्जङ्ग थिएनन् बरु बमवीरविक्रम थिए त्यसैले विचलन यसमा पनि छ (पृ.१५४) ।

(४५) ब्रिटिस रेजिडेण्टले नेपाल नरेश समक्ष ओदाहाको प्रमाणपत्र पेश गर्ने कार्यक्रममा स्थानको विषयमा गडबडी भएको, जगत्जङ्गलाई कम्याण्डर इन चिफको सलामी दिइएको तर बस्ने स्थान नभएको, रणोद्दीपले श्री ३ को आसनमा बसाउँदा रोलवालाहरूले कचमच झिकेका र समारोह नै स्थगित गर्नुपरेको भन्ने घटनामा ऐतिहासिक विचलन भएको छ (पृ.१५४) ।

(४६) जगत्जङ्ग र नरेन्द्र इलाहावादबाट छुटेपछि शमशेरहरूलाई मार्ने काट्ने र छाला काढ्ने अठोट गरेको भनी ब्रिटिस भारत सरकारले जाहेरीपत्र पठाएको भनिएको वर्णनमा विचलन भएको छ किनभने इतिहासमा यस्तो पत्र पठाएको कतै फेला पर्दैन (पृ.१५४) ।

(४७) शमशेर भाइहरूप्रति जगत्को कहिल्यै कुदृष्टि नभएको भन्ने कुरामा ऐतिहासिक विचलन छ किनभने जगतजङ्ग काठमाडौँमा आइपुग्नासाथ शमशेरहरू विरुद्ध षड्यन्त्र गर्न लागेका थिए (पृ.१५४-१५५) ।

(४६) जगत्ले रणोद्दीपलाई शमशेरहरूको षड्यन्त्रपूर्ण योजनाका बारेमा बताएका तर रणोद्दीपले नपत्याएका बरु छिट्टै पदभार सुम्पेर काशी जाने भनेका भन्ने कुरा ऐतिहासिक भएर पनि विचलन भएको छ किनभने शमशेरहरूले रणोद्दीप विरुद्ध षड्यन्त्र गरेको कुरा जगत्ले नभएर पद्मजङ्गले रणोद्दीपलाई बताएका थिए । तर उनले पत्याएनन् (पृ.१५५) ।

(४७) खड्गले प्रधानमन्त्री पदको लागि खिचलो उठ्ने हुनाले रणोद्दीपलाई काशी नजान अनुरोध गरेका भन्ने प्रसङ्ग ऐतिहासिक भएर पनि विचलन छ किनभने जगत्लाई श्री ३ बनाउने भन्दा वीरहरू सहमत भएनन् र विरोध गर्दा रिसको झोकमा जेठी महारानीले वीर लगायत भाइहरूलाई १० घण्टा रणोद्दीपको गारतमा थुनेकी थिइन् । तर खड्गले रणोद्दीपलाई काशी नजान अनुरोध गरेको कुरा कतै फेला पर्दैन (पृ. १५५) ।

(४८) रणोद्दीपलाई मार्ने षड्यन्त्रपूर्ण कार्य गर्दा राजालाई आफ्नो पकडमा राख्नुपर्ने भएकाले श्री ५ पृथ्वीलाई एकतलामाथिको झ्यालबाट धाईसुसारेले खसाल्ने, केशरसिंह थापाले पोल्टामा थाप्ने र बाहिर निकाली बागदरबार ल्याइने योजना भयो भन्ने वर्णन ऐतिहासिक भएर पनि विचलन छ किनभने केशरसिंह थापा अन्तिम अवस्थामा आफू भऱ्याङबाट लडेको बहाना बनाई हत्यामा सहभागी हुन आएनन् । त्यसै गरी रणोद्दीपको हत्या अघि नै श्री ५ लाई बाहिर ल्याएको नभई रणोद्दीपको

हत्यापछि श्री ५ हरू त्यहीँ हत्या स्थलमा उपस्थित भएको तथा हत्याका लागि भित्र पसाउने काममा  बागकी कान्छी मैयाँले महत्त्वपूर्ण भूमिका खेलेको भन्ने इतिहासमा उल्लेख पाइन्छ (पृ.१५५) ।

(४९) हत्याको योजना बनाउँदा बनाउँदै हजुरिया कर्नेल समरबहादुर आइपुगेको उसलाई बन्दी बनाइएको घटना काल्पनिक पनि छ र ऐतिहासिक विचलन पनि छ किनभने त्यसबेला रणोद्दीपसिंहको हत्या हुने बखत उनको हजुरिया जर्नेल समरबहादुर नभएर ध्वजनरसिंह थिए जसलाई रणोद्दीपसिंहको हत्या हुने बेला रणशमशेरद्वारा रक्सीको नसामा मताएर अल्मल्याइएको थियो (पृ.१५५) ।

(५०) **सेतो बाघ**मा रणोद्दीपको हत्या गर्ने योजना सहित १०:४५ बजे पर्खाल चढेर शमशेरहरू रणोद्दीपकहाँ पुगे, त्यहाँ महाराज बेलायतमा प्रधानमन्त्री फेरिने तरिका बारेमा छलफल गर्दै रामनाम लेख्दै थिए भनिएको छ । हत्याको समयको बारेमा इतिहासकारहरू बिच पनि विवाद पाइन्छ । रणोद्दीपसिंहको हत्याको समय प्रमोदशमशेरका अनुसार ९ बजे, बालचन्द्र शर्माका अनुसार १० बजेतिर आदि उल्लेख पाइन्छ (पृ.१५५) ।

(५१) **सेतो बाघ**मा ढोका खोल्नेबित्तिकै खड्ग, डम्बर, रण र भीमले पेस्तोल चलाए भन्ने कुरा ऐतिहासिक छ । तर रणशमशेर पनि त्यहाँ पुगेको भन्ने कुरा तथ्यमाथि विचलन भएको छ । बरु रणशमशेर ध्वजनरसिंहलाई अल्मल्याउन गएका थिए (पृ. १५५-१५६) ।

(५२) **सेतो बाघ**मा उता बागदरबारमा रहेका वीर षड्यन्त्रको भण्डाफोर हुन्छ कि वा भाइहरूले खड्गलाई नै महाराज बनाउँछन् कि भनी सशङ्कित थिए भन्ने वर्णन ऐतिहासिक भएर पनि विचलन छ किनभने वीरले रणोद्दीपसिंहलाई मार्न गोली नहानेको भए पनि वीर पनि हत्यास्थलमै उपस्थित थिए । इतिहासका अनुसार उनले नै विजुलीगारतलाई नियन्त्रणमा लिएका थिए (पृ.१५६) ।

(५३) हत्यापछि बागदरबारमा शमशेर भाइ जम्मा भए । उनीहरूले आफ्नो नाम पछाडि जङ्गबहादुर राणा थप्ने निर्णय गरे भन्ने कुरा ऐतिहासिक भएर पनि विचलन भएको छ किनभने शमशेरको नामको पछाडि जङ्गबहादुर राणा थप्ने निर्णय हत्याको तुरुन्तै भएको थिएन (पृ.१५६) ।

(५४ जङ्ग खलकलाई जहाँ देखे पनि गोली ठोक्नु भन्ने आदेश भएको भन्ने वर्णनमा ऐतिहासिक विचलन छ किनभने श्री ३ बाट पक्रनु भन्ने मात्र आदेश भएको थियो तर पनि खड्गले चाहिँ आफ्ना विरोधीहरू गोली नै हानेका थिए (पृ.१५६) ।

(५५) सबै जङ्गभाइहरूको भागाभाग भएको, जीतजङ्ग, पद्मजङ्ग, त्रैलोक्यकी पत्नी ब्रिटिस राजदूतावासमा शरण लिन पुगेका भन्ने कुरामा ऐतिहासिक विचलन चाहिँ

यसरी भएको छ कि जीतजङ्ग शरण लिने टोलीमा थिएनन् । उनी आँखाको उपचार गराउने बहानामा पहिलेदेखि नै भारतमा थिए (पृ.१५६) ।

(५६) जगत् भऱ्याङ ओर्लँदै गर्दा च्याङ्बाले नाति जर्नेललाई मैले लडाएर आएको भनी खबर सुनायो र जगत्को छातिमा गोली हान्यो भनिएको छ यसमा घटना ऐतिहासिक भएर पनि विचलन छ किनभने जगत्लाई गोली हान्ने मान्छे च्याङ्बा नभएर कविराज थापा थियो (पृ.१५६) ।

(५७) शाहज्यादी पनि त्यहीँ ढल्न आइपुगिन् । दुवैको प्राण पखेरु उड्यो भनी वर्णन गरिएबाट उपन्यासमा जगत्जङ्ग र शाहज्यादीको एकै पटक निधन भएको भन्ने देखिन्छ तर इतिहासमा यस्तो वर्णन कतै छैन स्वयम् उपन्यासकारले पनि जगत्जङ्गको भन्दा शाहज्यादीको धेरै अगाडि निधन भएको र उनी आफ्नै कालगतिले मरेको बताएका थिए (पृ.१५६) ।

यसका अतिरिक्त **सेतो बाघ** उपन्यासमा ऐतिहासिक घटनाहरूको विचलन निम्नानुसार रहेका छन् :

(५८) **सेतो बाघ** उपन्यास (पृ.९) मा नेपाल-भोट युद्धका समयमा जङ्गबहादुरको बदनाम गर्ने प्रयासमा बेलायतकी महारानीले उनलाई प्रदान गरेको मान पदवी "नाइट ग्र्याण्ड क्रस अफ दि बाथ" को अर्कै अर्थ लगाएर जङ्गबहादुर र बेलायतकी महारानी भिक्टोरिया महारानी बिचमा भएको विलासपूर्ण आनन्दीमय घटनाको यादकारी निम्ति स्मारक वस्तुका रूपमा यो पदक प्रदान गरेकी थिइन् भन्ने विषयमा सर्वसाधरणले हल्ला गरेको प्रसङ्ग छ । यसमा पदक पाएको प्रसङ्ग ऐतिहासिक भए पनि अन्य कुरामा विचलन रहेको छ । जङ्गबहादुरले उक्त पदवी नेपाल-भोट युद्धताका पाएका नभई वि.सं. १९१६ मा पाएका थिए । यो पदवी उनीहरूको विलासपूर्ण घटनाको यादकारीका लागि प्रदान गरिएको भन्ने हल्लामा विचलन छ किनभने जङ्गबहादुरले भारतको सिपाही विद्रोहमा महत्त्वपूर्ण सहयोग दिए बापत यो पदवी दिइएको थियो । त्यस्तै पदवीको नाममा पनि विचलन रहेको छ किनभने उक्त पदवीको नाम इतिहासमा "नाइट ग्र्याण्ड क्रस अफ दि अडर दि बाथ" (ज.ब.रा., २०६५ : १२६) रहेको छ तर उपन्यासमा "नाइट ग्र्याण्ड क्रस अफ दि बाथ" रहेको छ । पोखरेल (२०६५) ले उक्त पदको नाम "ग्र्याण्ड क्रस अफ दि बाथ" (पृ.१५२) रहेको उल्लेख गरेका छन् ।

(५९) **सेतो बाघ** उपन्यास (पृ.१५६-१६४) नेपाल-भोट पश्चात जगत्जङ्ग र शाहज्यादी बिचको विवाह भव्यताका साथ सम्पन्न भएको वर्णन छ । यस वर्णन जगत्जङ्ग र शाहज्यादी बिचको विवाह ऐतिहासिक तथ्य अनुरूप भए पनि विवाहको मितिमा विचलन भएको छ किनभने यिनीहरूको विवाह नेपाल-भोट युद्ध हुनु भन्दा पूर्व सन्

१८५४ मे ८ मा भएको थियो (ज.ब.रा., २०६५ : ९१) । यसर्थ उपन्यासमा नेपाल-भोट युद्धपछि उनीहरूको विवाह भएको देखाइनु ऐतिहासिक विचलन हो ।

(६०) **सेतो बाघ** उपन्यास (पृ.१८६-१८७) मा राजदरबारबाट राजकाजको जटिल समस्यामा हस्तक्षेप हुन लागेकोले जङ्गबहादुर शान्तिको खोजीमा तराई गएको दुई वर्ष भइसकेको र पत्थरघट्टामा मृत्यु भएको भन्ने वर्णन छ । यस वर्णनमा जङ्गबहादुर तराई गएको र पत्थरघट्टामा मृत्यु भएको भन्ने कुरा ऐतिहासिक भए पनि राजदरबारबाट राजकाजको जटिल समस्यामा हस्तक्षेप हुन लागेको र तराई गएको दुई वर्ष भई सकेको भन्ने प्रसङ्गमा ऐतिहासिक विचलन भएको छ किनभने जङ्गबहादुर आफ्नो छोरा बबरजङ्गको मृत्युबाट दुःखित भई मानसिक शान्तिका लागि तराई शिकार खेल्न वि.सं. १९३३ मङ्सिर १४ (ज.ब.रा., २०६५ : १८१) का दिन गएका थिए भने उनको मृत्यु वि.सं. १९३३ फागुन ३ गते (शर्मा, २०३३ : ३४१) भएको थियो ।

(६१) **सेतो बाघ** उपन्यासमा जङ्गबहादुरले आफू मर्नु पूर्व आफू मरेको सूचना मेरो भाइहरूलाई मात्र दिनु भनी सोमनाथलाई आग्रह गरेको वर्णनमा (पृ.१९८) तथा श्री ३ बडामहारानी हिरण्यगर्भदेवीले एक पत्रबाहकद्वारा जङ्ग मरेको सूचना पठाएको (पृ.२०६) वर्णनमा ऐतिहासिक विचलन भएको छ किनभने इतिहासका तथ्यअनुसार जङ्गबहादुरले अन्तिम शिकार सवारीमा हजुरिया बनाई लगेका आफ्ना भतिजा कर्णेल अम्वरजङ्ग (जगत्शमशेरका छोरा) ले जङ्गबहादुरको मृत्यु भएको खबर आफ्ना विश्वासी आठपरिया हवल्दार यमबहादुर कार्कीद्वारा काठमाडौंमा पठाएका थिए (ज.ब.रा., २०६५ : २११) ।

(६२) जङ्गबहादुरको मृत्युको सूचना नदिईकन युवराजद्वय त्रैलौक्य र नरेन्द्रलाई जगत्जङ्गको साथ पत्थरघट्टा पठाउने क्रममा धीरशमशेरसित दरबारमा उपस्थित हुने व्यक्तिहरूका अतिरिक्त बबरजङ्गलाई (पृ.२०८) पनि देखाइएको छ । इतिहास अनुसार बबरजङ्गको मृत्यु वि.सं. १९३३ मङ्सिर १४ गते (ज.ब.रा., २०६५ : १८१) भएको थियो । यिनै छोराको मृत्युका कारण पुत्रशोकमा परेका जङ्गबहादुर शान्तिका निम्ति तराई पत्थरघट्टा शिकार खेल्न गएका थिए र तिन महिना पछि वि.सं. १९३३ फागुन ३ गते उनको मृत्यु भएको थियो । यसरी बाबु जङ्गबहादुर भन्दा अगाडि मृत्यु भइसकेको छोरा बबरजङ्गलाई बाबुको मृत्युको समयमा जिउँदो देखाउनु ऐतिहासिक विचलन हो ।

(६३) **सेतो बाघ** उपन्यास (पृ.२१०) मा जङ्गबहादुरले बत्तिस वर्षसम्म नेपालको शासनको बागडोर हातमा लिएर देश र नरेशको सेवा गरेका थिए भन्ने वर्णनमा शासन गरेको वर्णन ऐतिहासिक भए पनि बत्तिस वर्षसम्म शासन गरेको भन्ने वर्णनमा ऐतिहासिक विचलन भएको छ किनभने इतिहासमा जङ्गबहादुरले पुगनपुग ३० वर्षसम्म शासन गरेको इतिहास छ ।

(६४) **सेता बाघ** उपन्यास (पृ.२२९) मा अहिले बत्तिस वर्षको लोग्ने (त्रैलोक्य) को मुखबाट मर्ने कुरा सुनेर जेठी युवराज्ञीको हंसले ठाउँ छोड्यो भन्ने वर्णनमा ऐतिहासिक विचलन भएको छ । इतिहासमा त्रैलोक्यको जन्म वि.सं. १९०४ मङ्सिर १६ र मृत्यु वि.सं. १९३४ चैत १२ भएको देखिन्छ । यसरी हेर्दा त्रैलोक्यको जीवनकाल ३० वर्ष ४ महिनालाई ३२ वर्ष देखाउनु ऐतिहासिक विचलन हो ।

**सेतो बाघ** उपन्यासमा यस प्रकारको ऐतिहासिक तथ्यहरूको विचलन देखिए तापनि यो इतिहासको दस्तावेज, वृत्तान्त, वंशावली नभएर ऐतिहासिक उपन्यास भएकोले मुख्य घटनाहरूलाई स्वाभाविकता प्रदान गर्न र ऐतिहासिक घटनाहरूमा कार्यकारण शृङ्खला मिलाउन साना तिना ऐतिहासिक घटनाहरूलाई विचलन गरी कल्पनाको जलप लगाएका छन् । यस उपन्यासमा ऐतिहासिक तिथिमिति तलमाथि भए पनि ऐतिहासिक सत्यलाई भने मारेको छैन ।

## ३.६ सेतो बाघ उपन्यासमा प्रयुक्त काल्पनिक घटनाहरू

इतिहासका घटनाहरूलाई औपन्यासिक स्वरूप प्रदान गर्दा उपन्यासकारले ऐतिहासिक घटनाहरूमा काल्पनिक घटनाहरूको संयोजन गरी कार्यकारण शृङ्खलामा आबद्ध गर्दछ । **सेतो बाघ** उपन्यासमा पनि विशृङ्खलित ऐतिहासिक घटनाहरूलाई कार्यकारण शृङ्खलामा आबद्ध गर्न डायमन शमशेरले काल्पनिक घटनाहरूको प्रयोग गरेका छन् । **सेतो बाघ** उपन्यासमा प्रयुक्त काल्पनिक घटनाहरूलाई पोखरेल (२०६५ : १५७-१६५) ले निम्नानुसार प्रस्तुत गरेका छन् :

(१) जगत्जङ्गले युद्धको वर्णन गरेको, सोमनाथले जङ्गबहादुरसँग युरोप यात्रा गरेको र संस्कृत र अङ्ग्रेजी दुवै जानेको, उसले बेलायतको राजनैतिक व्यवस्थाको वकालत गरेको, युद्धका बारेमा समेत उसले महाराज महारानीसँग कुराकानी गर्ने गरेको, जङ्गबहादुरकी पत्नी (तत्कालीन डोला मैया) र कान्छी बडामहारानी आफ्ना भावी सन्तानको वैवाहिक सम्बन्ध जोड्ने गोप्य कबुल गरेको, युवराज त्रैलौक्यले युद्धको बारेमा बहस गरेको, जगत्जङ्गसँग विवाह हुनु अघि शाहज्यादीको विवाह वीरशमशेरसँग हुने कबुल गरेको प्रसङ्ग ।

(२) नेपाल-तिब्बत बिच भएको युद्धको वर्णन सुन्न शाहज्यादीले झिँजो मानेको, युद्ध वर्णन भइरहेको बेलामा राजाले विवाहको कुरा सुनिस् भनेर जगत्लाई सोधेको तर जगत्ले चाहिँ स्रङचङगम्पो र भृकुटीको ? भनी सोधेकी तर राजाले शाहज्यादीको विवाहको बारेमा सोधेको, जगत्जङ्ग सँभ्यामा बस्ने गरेका ।

(३) दरबारका धाई सुसारेहरूले जगत्जङ्गको प्रशंसा गरेको, सुसारेहरूले उपेन्द्रकी छोरी धनहजुरीको विवाह जगत्सँग भएपनि हुने भनी अनुमान गरेको, वीरशमशेरको कतै प्रशंसा नसुनिएको तर जगत्जङ्गको जताजतै प्रशंसा भएको, जगत्लाई एकचोटी छोएपछि सबै पाप काटिन्छ भन्ने हल्ला चलेको, जगत्जङ्गको प्रशंसा सुन्दा सुन्दा शाहज्यादी शनैः शनैः जगत्तिर आकर्षित भएकी तर जगत् यसमा जगत् अनभिज्ञ रहेको ।

(४) उपेन्द्रविक्रम जलवायु परिवर्तन लागि पूर्व २ नं. पहाडमा बसाई सरेको र उनकी छोरी धनहजुरी पनि त्यही गएको, धनहजुरी र शाहज्यादी बिच धनहजुरीको विवाह वीरशमशेरसँग र शाहज्यादीको विवाह जगत्सँग गराउने योजना बनेको र यसमा उपेन्द्रविक्रमको समेत सहमति रहेको ।

(५) दरबारका सुसारेहरूले जङ्गबहादुरलाई हाउगुजी, सोमनाथलाई बेलायती बाजे र जगत्जङ्गलाई सेतो बारुला भनी उपनाम राखेको, शाहज्यादीले जगत्जङ्गसँग प्रेम गरेको सपना देखेको, शाहज्यादीले जगत्जङ्गलाई सुनका रिकापीमा आफूले बनाएको परिकार राखी जगत्लाई पठाएको र त्यो देखि जगत् झस्केको, जगत्जङ्गले आफूसँग शाहज्यादी नजिकिएको कुरा सोमनाथलाई सुनाएको, शाहज्यादीले जगत्जङ्गलाई मोहनी लगाएको रहस्य सोमनाथले खोलेको, सोमनाथले धार्मिक र व्यवहारिक व्याख्या गर्दै जगत्जङ्गलाई प्रेम पाप होइन भन्ने सल्लाह दिएको, खजाञ्ची र कविराज कसैले पनि प्रेमलाई अपराध नमानेको ।

(५) प्रेम आशक्तिले शाहज्यादी बिरामी परेकी, जगत्जङ्ग बगैँचामा घुमिरहेको बेलामा इसकपरी दरबारबाट भागेर जाने उद्देश्यले पर्खाल नाघेर बगैँचामा आइपुगेकी र जगत् शाहज्यादीसँग टाढा हुने उद्देश्यले इसकपरीसँग बिटुलिएका, बिरामी भएकी राजपुत्रीलाई उपचारका अनेक विधि अपनाउँदा पनि आराम नभएको ।

(६) शाहज्यादीलाई अजिमाको दर्शन गराउन स्वयम्भू लगिएको र सवारीमा जगत्जङ्ग पनि सामेल भएका, त्यहीँ जगत् र शाहज्यादी बिच प्रेमले फक्रने मौका पाएको, स्वयम्भूमा शाहज्यादीले जगत्सँग विवाह होस् भनी भगवानसित वर मागेको ।

(७) प्रधानमन्त्रीको पहिलो रोलमा जगत्जङ्गलाई नराखेकोमा "उसलाई अन्याय पऱ्यो रे" भनी शाहज्यादीले भन्दा श्री ५ (सुरेन्द्र) रिसाएर जगत्लाई गाली गरेको तर जगत्लाई चाहिँ शाहज्यादीसँग प्रेम गरेकोले श्री ५ ले आफूलाई गाली गरेको होला भनी भ्रम परेको, वीरशमशेरले पूर्व २ नं. पहाडबाट युद्ध लगायत आफ्नो व्यक्तिगत प्रेमको विषयमा समेत जगत्जङ्गलाई चिठी लेखेको ।

(८) शाहज्यादी र जगत्जङ्ग पूर्वी पहाडमा गएको, शाहज्यादीले पनि पूर्वी पहाड जानुअघि आफ्नो र जगत्को अनि धनहजुरी र वीरको प्रेम र विवाहका विषयमा वर्णन गर्दै धनलाई पत्र लेखेको, वीरशमशेर पूर्वी पहाडमा युद्ध अभ्यास गर्दा लडी बेहोस भएको र उनलाई धनकहाँ पुऱ्याइएको, पूर्वी पहाडमै वीरको लक्ष्मीकेटी र धनहजुरीसँग भेट भएको, वीर भन्ने थाहै नपाई धन त्यहीँ नवयुवकरूपी वीरको प्रेममा परेकी, तर युवकरूपी वीर चाहीँ लक्ष्मीकेटीसँग लोभिएका, वीरले लक्ष्मी केटी जस्ती राम्री केटी कहिल्यै नदेखेको भनी अभिव्यक्ति गरेको, धनले वीरलाई पूर्वी पहाडमा नै धन लेखिएको औँठी प्रेमोपहार स्वरूप दिएको ।

(९) वीरशमशेरसँग विवाह गर्न राजी भएकी धन चिन्दै नचिनेको एक नवयुवकपी वीरसँग प्रेममा परेकी र वास्तविक वीरसँग विवाह गर्न इन्कार गरेकी, वीरशमशेर जेठो बाबु कहाँ भाते बस्न गएको भनी दुई दिदी बहिनीले कुरा गरेको, पूर्वी पहाडमा वीर र जगत्जङ्ग बिच लडाइँ परेको, उपेन्द्रविक्रमले वीरलाई "तेरो निधार फुटेछ, हृदय दुख्यो होला, तिघ्रा नकँपाएस्, भाग्य चम्किन्छ" भनेको, वीरले "धनी साना हुन् वा ठूला, नाता वरको होस् वा परको ती सबलाई खत्तम गर्छु अनि मेरो भाग्य चम्किन्छ, आफैँ सर्वेसर्वा शक्तिमान हुन्छु, कुवेर बन्छु" भनी प्रतिज्ञा गरेको ।

(१०) शमशेर भाइहरू बिच पूर्वी पहाडमा जगत् र वीर बिच भएको अप्रत्याशित घटनाको विषयमा छलफल भएको, यस छलफलमा खड्गले मर्नु परे पनि प्रलय मच्चाएर मर्ने अठोट गरेको, उनीहरूको लवेदा सुरुवाल च्यातिएको, घुँडा फाटेको र टालेको भएको, दरबारमा विवाह हुने भएकोले विवाह अगाडि जङ्गका छोरीहरूलाई दरबारका धाइसुसारे आई दरबारिया भाषा सिकाएका ।

(११) शाहज्यादीको विवाह वीरसँग हुने कुरा देवले मन नपराएको, देवकी आमाले प्रधानमन्त्री पद छोरामा जान लागेको हल्ला छ रे त्यसो भएमा तेरा बाबुहरूको के दुर्दशा होला भनी देवसँग भनेको, पूर्वी पहाडमा भएको घटनाका विषयमा जगत्सँग माफी माग्ने ध्येय राखी देवसँगै वीर पनि मनहरा गएका, मनहरामा सोमनाथले बेलायतको जस्तो संसदीय पद्धतिको वकालत गरेको ।

(१२) मनहरामा भएको बहसमा जगत्जङ्गले जङ्गबहादुरले बसालेको शासन पद्धतिको बारेमा विचार व्यक्त गर्दै बेलायतको जस्तो संसदीय पद्धतिको विरोध गरेको, वीरले पूर्वी पहाडमा भएको घटनालाई अन्जानमै भएको घटना भनी नाटकीय रूपान्तरण गरी जगत्लाई चित्त बुझाएको र आफू निर्दोष भएको जिकिर प्रस्तुत गरेको ।

(१३) जगत्जङ्गको मनहरा दरबार नौ तले भएको, जगत्जङ्ग बिरामी पर्दा सहरवासीले आफ्नो आयु काटिएर जगत्माथि थपियोस् भनी प्रार्थना गरेको, जगत्ले वीरलाई तिम्रो र शाहज्यादीको विवाह हुने कुरा छ भनेको, वीरले चाहिँ शाहज्यादीले आफूसँग विवाह नगर्ने रे, जबर्जस्ती विवाह गराएमा आत्महत्या गर्ने रे, शाहज्यादीले जगत्सँग विवाह गर्ने रे भनी जगत्लाई भनेको, वीरले जगत् र शाहज्यादी बिच विवाह गराउने कुरालाई सार्थक तुल्याउने काम आफूले जिम्मा लिई आफू जगत् र शाहज्यादी बिच तगारो नबन्ने भनेको, शाहज्यादीलाई बिन्तिपत्र लेख्नुस् भनी वीरले जगत्लाई अनुरोध गरेको, जगत्को पत्र लिएर वीर दरबार गएको ।

(१४) विवाहको मिति किटान हुनु अगावै दरबारमा विवाहको तयारी भइरहेको, वीर दरबार पुगेर शाहज्यादीलाई पूर्वी पहाडको झगडाको बारेमा स्पष्टीकरण पेश गर्दै

आफू र जगत् बिच मिल्ती भएको कुरा भनेको, शाहज्यादीले वीरको औंलामा 'धन' लेखिएको औँठी देखेको, जगत्को चिठी वीरले शाहज्यादीलाई दिएको, वीरले शाहज्यादीलाई पनि चिठी लेख्न लगाएको ।

(१५) शाहज्यादीले वीरका साथ मदका २ शिशी जगत्लाई उपहार स्वरूप पठाएको, शाहज्यादीको चिठी लिएर वीर मनहरा फर्कदा वीरलाई त्यो पत्र जगत्लाई दिउँ कि नदिउँ भनी मनोद्वन्द्व चलेको, जगत्लाई थाहै नदिई शाहज्यादीले जगत्लाई पठाएका मदका शिशी वीरले मैयाँहरूलाई बेचेको ।

(१६) वीर र शाहज्यादीको चिना मिलाउने कार्यक्रम आयोजना गरिएको, चिना मिलाउने ठाउँमा शाहज्यादीले वीरसित आफ्नो विवाह भएमा मर्ने सपना देखेको बताएको ।

(१७) वीरकै सल्लाह अनुसार सोमनाथले वीरसँग शाहज्यादीको विवाह भएमा कन्याको यज्ञमा नै मृत्यु हुन्छ भनेको, सोमनाथले जङ्गबहादुरलाई यथार्थ कुरा बताएको, सुसारेलाई बक्स भएको बक्सिस लिएर पिपाको हुल दरबार पुग्दा उनीहरूको शरीरबाट गन्ध आएको र जीउमा लिखा जुम्रा देखिएको, उपेन्द्रविक्रम त्यहाँ आएर राष्ट्रकोषको सम्पत्तिलाई 'गाईको मासु यहाँ किन ल्याएको ?' भनेको ।

(१८) जन्मकुण्डली नमीलेको कुरामा के मिलेन भनी जङ्गबहादुरले सोध्दा सोमनाथ डरले थचक्क बसेको र आफू उठ्दा उठ्दै सोमनाथ बसेकोमा जङ्गबहादुरले सोमनाथले आफूलाई हेप्यो भन्ने ठानेको, सोमनाथले चिनाको सट्टा गल्तीले गर्दा प्रजातान्त्रिक संविधानको मस्यौदा दिएको, सोमनाथले जेठी शाहज्यादीको विवाह जगत्जङ्ग र माहिला साहेबज्यूकी छोरी धनको विवाह वीरसँग गर्ने योजना बनेको र वीरकै सल्लाह बमोजिम आफूले यो चिना नमिलेको भनेको भनी जङ्गबहादुर समक्ष रहस्य खोलेको, जगत्जङ्ग र शाहज्यादीको प्रेम कहानी बारे सोमनाथले जङ्गबहादुरलाई प्रस्टसँग बताएको ।

(१९) जगत्जङ्ग र शाहज्यादी तथा वीर र धनहजुरी बिच विवाह हुने योजना बनेको सम्पूर्ण व्यहोरा जङ्गले श्री ५ सुरेन्द्र समक्ष जाहेर गरेको, भण्डारमा राखिएको २ शिशी फ्रेन्च ह्विस्की खोजी हुँदा शाहज्यादीले जगत्लाई बक्स पठाएको रहस्य खुलेको, दरबारबाट हराएका ह्विस्की जेठी महारानीसँग फेला परेको र प्रधानमन्त्रीका छोरीहरूले युवराजहरूलाई चढाइ बक्सेको रहस्य खुलेको ।

(२०) जगत्जङ्ग र शाहज्यादीको विवाहमा शमशेर खलकको सामान्य पहिरनको निन्दा गरिएको, विवाहमा दुलही फिर्ता गर्दा त्रैलौक्य र नरेन्द्र समेत सहभागी भएको, यस विवाहको खुसीयालीमा शहरमा जताजतै खुसीयाली मनाइएको, जगत्ले मनहरा दरबारबाट काठमाडौँको तीनै शहरको दृश्य देखेको ।

(२१) सोमनाथलाई प्रजातन्त्रको वकालत गरेको अभियोगमा जङ्गले झपारेका र पछि देश निकाला गरिएको ।

(२२) मनहरा दरबारमा श्री ५ पुग्दा जङ्ग श्री ५ लाई बोक्न काँध थाप्न गएका, श्री ३ को रोलक्रमका विषयमा राजा र जङ्गबहादुर दुवैले एकअर्काको विपरित विचार व्यक्त गरेको र एक अर्काको आशय विपरित विचार व्यक्त गर्नु परेको दुवै दिक्क भएका, बमबहादुरले श्री ३ को खानगी मात्र नभएर श्री ३ को मान, दर्जा, इज्जत सबै जगत्ले पाउनुपर्छ भनी अनुरोध गरेका, धीर प्रस्तापक र रणोद्दीप र जगत्शमशेर समर्थक भई जगत्जङ्गलाई श्री ३ को उत्तराधिकारी बनाउनु पर्ने प्रस्ताप पेश गरेका ।

(२३) श्री ५ ले मनहरा दरबारबाट काठमाडौँमा जर्नेल जन्मेको खुसीयालीमा मनाइरहेको दृश्य हेरेका, कविलास, भीमढुङ्गाबाट समेत हर्षबढाइँमा सहभागी हुन मानिसहरू आएको दृश्य जगत्ले मनहराबाट देखेको, अङ्ग्रेज राजदूतलाई पनि काठमाडौँका मानिसहरूले गरेको जगत्जङ्ग प्रति भक्तिको दृश्य दुर्बिनद्वारा देखाइएको, तर यी सबैसँग सरोकार नभएका राजदूतले नेपालको अन्धकार भविष्य मात्र देखेका, दूतलाई नेपाल एउटा पुलिस थाना जस्तो रहेछ, जहाँ न कसैको विरोध गर्ने अधिकार छ न हिम्मत छ भन्ने लागेको, उनले अन्धकार नेपालको तस्वीर देखी दिक्दार मानेका ।

(२४) सोमनाथ जङ्गबहादुरसमक्ष माफी माग्न पत्थरघट्टा पुगेको, एकतन्त्रीय राणा शासनमा प्रधानमन्त्रीको एक्लै मर्नुपर्ने स्थिति सिर्जना भएको हुँदा बेलायती मित्र र सोमनाथले प्रजातान्त्रीक शासन स्थापना गर्न दिएको सल्लाहलाई जङ्गले सम्झेका ।

(२५) जङ्गबहादुरले सेतो बाघ देखेको र निशाना चुकेको भनी शिकार क्याम्पमा आई भनेका, धेरैले सेतो बाघलाई वनदेवी, भूत आदि भनेका र शिकार खेल्न गएका केही बिरामी पनि परेका, जङ्गले सोमनाथलाई पनि अङ्ग्रेज जस्तो देखेका ।

(२६) सोमनाथलाई देश निकाला गरेपछि उसको परिवारको विचल्ली भएको, सोमनाथको छोरा भएका नाताले उसका छोरा नरसिंहनाथले समेत बेइज्जति खप्नुपरेको, उसले रानीपोखरीमा हाम फालेर मरेको, सोमनाथकी बूढीलाई बोक्सीको आरोप लगाएर उसैको छोरा मारेको अभियोग लगाउनु, पछि सोमनाथकी बूढी निर्दोष ठहरिनु, सोमनाथले माफी पाएको ।

(२७) रणोद्दीपलाई पहिलो उत्तराधिकारी बनाएदेखि नै युवराजहरू जङ्गसँग रिसाएका र उनीहरूले जङ्गलाई जिद्दीवालाको संज्ञा दिएका, युवराजहरूले आफ्नो बाबुलाई जिद्दीवाला भनेको चित्त नबुझेर युवराज्ञीहरूले मधेसबाट फर्कने बित्तिकै आफ्नो बाबुलाई राजीनामा गराउने भनाइ राखेका ।

(२८) युवराज्ञीहरूले विवाहअघि युवराजहरूसँग विवाह होस् भनी पशुपति र दक्षिकाली भाकेका र फ्रेन्च ह्विस्कीमा टुनामुना गरी पठाएका ।

(२९) मर्नुअघि बलिअहद (त्रैलोक्य) ले राजगद्दीका निम्ति आजको आफ्नो मानिस भोलि परचक्री बन्न सक्ने हुनाले होस् गर्नु भनी कान्छी महारानीलाई अह्राएका, म मरेपछि बालक छोरालाई देखेर यसको हकमा कसैले थिचो मिचो गर्ला, दिदी बहिनीले होस् गर्नु भनी दुवै युवराज्ञीलाई भनेका, त्रैलोक्यको आशय जगत् र नरेन्द्रबाट होस् गर्नु भन्ने थियो तर जेठी युवराज्ञीले शमशेरबाट होस् गर्नु भनेको बुझेकी ।

(३०) केशर र भोलाले त्रैलोक्यका पालामा बनेको सबै कागजपत्र जगत् र नरेन्द्रले हालसालै बनाएको भनी धीर समक्ष प्रस्तुत गरी आफू निर्दोष सावित भएका, जगत्जङ्ग श्री ३ हुने हल्ला चलेपछि केशर र भोलाले जगत्जङ्गसँग आफूहरू शमशेरहरूको थिचोमिचो सहन नसकेर रानीपोखरीमा हामफाल्न खोजेको नाटकीय कुरा गरी जगत्को विश्वासपात्र बन्न खोजेका ।

(३१) शमशेरहरूले सेतो लुगा लगाएको उनीहरूलाई सङ्केत गर्दै सत्र बकुल्ला खरिको बोटमा झुण्ड्याउने हल्ला केशर र भोलाले फिजाएका, इलाहावादबाट नेपाल फर्कदा जगत्ले बाटोमा शमशेरहरूलाई झुण्ड्याउनका लागि ठूला रूखमा चिह्न लगाएको हल्ला चलेको, जगत्जङ्ग र नरेन्द्रले इलाहावादबाट छुटेपछि मार्ने, काट्ने र छाला काढ्ने अठोट गरेको भनी ब्रिटिस भारत सरकारले जाहेरी पत्र पठाएको ।

(३२) धीरले आफू मर्नुअघि शिरोमणि आचार्यलाई मेरा छोराले राम्रो काम गर्न लाग्दा मद्दत गर्नु, खराब काम गर्दा रोक्नु भनेकाले शमशेरहरूद्वारा गरिने रणोद्दीपको हत्याको योजनालाई सहयोग गर्ने कि नगर्ने भनी शिरोमणि जिल्ल परेको ।

(३३) रणोद्दीपको हत्याको योजना बन्दै गर्दा मनहरा दरबारमा नाचगान भइरकेको, नृत्य सकिने बित्तिकै **हत्या** नामक नाटक प्रदर्शन भएको जहाँ शमशेरहरूको दुष्टको रूपमा प्रस्तुत गरिएको, यो जगत् र शाहज्यादीलाई मन नपरेको, नाटक रोक्ने आदेश भएको तर उपस्थित चाकरीवाज सबैले नाटक देखाउन अनुरोध गरेका ।

(३४) रणोद्दीपको हत्या भएको थाहा पाएर पनि परिस्थितिको बोध जगत्ले शाहज्यादीलाई नगराएका, श्री ३ को सलामीमा पड्केको तोपलाई पनि जगत्ले रावलपिण्डीमा जान लागेको फौजको तालिम भनी शाहज्यादीलाई ढाँटेका ।

(३५) समरबहादुर देश निकाला भएको, केशर र भोला क्रमशः मेजर र सुब्बा भएका, केशर एक टोली फौज लिई थापाथली पुगेको, तर त्यहाँ देवलाई मात्र भेटेको, शमशेर पत्नीहरूले गहना उल्टोपाल्टो लगाएका, आज जसले जुन पदको

मानिसलाई मार्छ त्यही पद पाउछ भनी हल्ला चलेकाले च्याङ्बाले मेजर केशरलाई पनि मारेको ।

(३६) जगत्ले अपरिपक्व राजनीतिले नै यो सबै हत्या भएको ठानेका, काठमाडौँमा सबैतिर वीरशमशेरको जय लेखिएको तुल टाँगिएको, जगत्को दूर्बीन थापाथली घोप्टिएको नाति जर्नेलको लासमा परेको तर राम्ररी चिन्न नसकेका, ब्रिटिस राजदूतावासका शरणार्थी पनि हेरेका, उसले अन्तिम बिदाइका लागि शाहज्यादीलाई चिठी लेखेका, मनोहरामा जगत्सँगै शाहज्यादीले पनि प्राण त्याग गरेकी जस्ता घटनाहरू काल्पनिक हुन् ।

पोखरेलद्वारा निर्देशित उपर्युक्त घटनाहरू नै **सेतो बाघ** उपन्यासको मुलभूत काल्पनिक घटनाहरू हुन् । यस्ता काल्पनिक घटनाहरूको समावेशले **सेतो बाघ** उपन्यासको ऐतिहासिक पक्षलाई सशक्त र जीवन्त पारेको छ । डायमन शमशेरले यस उपन्यासमा घटना र चरित्रको पारस्परिक समन्वय, मूल कथावस्तुसँग प्रासङ्गिक कथावस्तुको सयोजनका लागि र औपन्यासिक सफलताका लागि कल्पनाको प्रयोग गरेका छन् । यस उपन्यासमा इतिहासमा आधारित कथावस्तुको प्रकृतिअनुरूप कल्पनाको प्रयोग भएको छ । ऐतिहासिक घटनाहरूलाई औपन्यासिक कला प्रदान गर्ने काम लेखकको कल्पनाले गरेको हुन्छ । इतिहासमा छिरलिएर रहेका इतिहासका साना-साना घटनाहरूलाई डायमनशमशेरले आफ्नो सिर्जनशील कल्पनाद्वारा एकत्रित गरी त्यसलाई औपन्यासिक रूप प्रदान गरेका छन् ।

## ३.७ निष्कर्ष

**सेतो बाघ** ऐतिहासिक घटनाको आख्यानीकरण गरिएको उपन्यास हो । यस उपन्यासमा नेपाल-भोट युद्धदेखि १९४२ सालको पर्वसम्मको ऐतिहासिक घटनाहरूलाई उपन्यासको विषयवस्तुका रूपमा ग्रहण गरी औपन्यासिक स्वरूप दिइएको छ । यस उपन्यासका घटनाहरू ऐतिहासिक छन् जसलाई औपन्यासिक स्वरूप प्रदान गर्दा डायमनशमशेरले विशिष्ट कल्पनाको प्रयोग गरेका छन् । ऐतिहासिक घटनाहरूलाई जोड्न लेखकले काल्पनिक घटनाहरूको प्रयोग गरेका छन्, जहाँ कल्पनाको प्रयोग बेजोड छ तर त्यसको बीज इतिहास रहेको छ । यस उपन्यासमा कल्पना र इतिहास एक अर्काका परिपूरक भएर आएका छन् । यस उपन्यासमा कला पक्ष, इतिहास पक्ष र कल्पना पक्षको सन्तुलित संयोजन भएको छ ।

यथातथ्य रूपमा तिथिमितिको प्रयोगले मात्र ऐतिहासिक उपन्यास नबन्ने हुँदा **सेता बाघ** उपन्यासमा लेखकले घटनाहरूको कार्यकारण शृङ्खला मिलाउन कतिपय ऐतिहासिक घटनाको विचलन गरेका छन् तर त्यसले ऐतिहासिक सत्यलाई बिगारेको छैन । ऐतिहासिक घटनाको विचलन भए तापनि यो इतिहासको दस्तावेज, वंशावली, वृत्तान्त नभएर ऐतिहासिक उपन्यास भएकाले यसले औपन्यासिक मूल्य प्राप्त गरेकै छ । त्यस्ता विचलनहरूलाई गौण मान्ने हो भने यस उपन्यासमा ऐतिहासिकता प्रबल रूपमा रहेको छ र त्यस्ता प्रकारका उपन्यासले प्रदान गर्ने औपन्यासिक आस्वादन प्रदान गर्न यो उपन्यास सफल पनि भएको छ ।

## चौथौ परिच्छेद

# सेतो बाघ उपन्यासका चरित्र चित्रणमा ऐतिहासिकता

## ४.१ विषय परिचय

**सेतो बाघ** उपन्यास बहुपात्रमा संरचित ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा ऐतिहासिक घटना र परिवेशका साथै ऐतिहासिक पात्रहरूको पनि उपस्थिति रहेको छ । चरित्र चित्रणबाट पनि ऐतिहासिक सत्यताको खोजी गर्न सकिने हुँदा यस उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये कुन-कुन पात्रहरू ऐतिहासिक हुन् ? र कुन-कुन पात्रहरू काल्पनिक हुन् ? त्यसको निर्क्यौल गरी इतिहासमा ती ऐतिहासिक पात्रहरूको भूमिका कस्तो थियो ? र ती पात्रहरूलाई औपन्यासिक चरित्रका रूपमा प्रस्तुत गर्दा कस्तो भूमिका दिइएको छ ? सो कुराको विश्लेषण गरी ऐतिहासिकता र काल्पनिकताको खोजी गरिएको छ । यस उपन्यासका कतिपय काल्पनिक पात्र हुँदा हुँदै पनि तिनीहरूको क्रियाव्यापार ऐतिहासिक रहेकाले त्यस्ता पात्रहरूको पनि चरित्र चित्रण यस परिच्छेदमा गरिएको छ ।

## ४.२ सेतो बाघ उपन्यासका चरित्र चित्रणमा ऐतिहासिकता

**सेतो बाघ** उपन्यास बहुपात्रमा संरचित ऐतिहासिक उपन्यास भएकाले यहाँका पात्रहरू मूलतः इतिहास सापेक्ष छन् । यति हुँदा हुँदै पनि यस उपन्यासमा ऐतिहासिक पात्रहरूका अतिरिक्त प्रशस्त काल्पनिक पात्रहरूको पनि उपस्थिति रहेको छ जसलाई निम्नानुसार देखाइ विश्लेषण गरिएको छ :

### ४.२.१ ऐतिहासिक पात्रहरू

**सेतो बाघ** उपन्यासका जगत्जङ्ग, शाहज्यादी, जङ्गबहादुर, बमबहादुर, कृष्णबहादुर, रणोद्दीपसिंह, जगत्शमशेर, धीरशमशेर, धीरशमशेरका १७ भाइ छोराहरू, जङ्गबहादुरकी श्री ३ बडामहारानी, श्री ५ राजेन्द्र, श्री ५ सुरेन्द्र र उनकी दुई रानीहरू, युवराजद्वय त्रैलोक्य र नरेन्द्र, श्री ५ पृथ्वीवीरविक्रम, उपेन्द्रविक्रम, जेठी र कान्छी श्री ५ महारानी, धनहजुरी, वागकी कान्छी मैयाँ, जीतजङ्ग, पद्मजङ्ग, रणवीरजङ्ग, ललितजङ्ग, डम्बरजङ्ग, बबरजङ्ग, हर्षजङ्ग, युद्धप्रतापजङ्ग, बमविक्रम, बुद्धिविक्रम, विक्रमसिंह थापा, समरसिंह थापा, इन्द्रसिंह वस्नेत, कुलमानसिंह वस्नेत, संग्रामसुर विष्ट, सुब्बा टङ्कनाथ, सुब्बा होमनाथ, केशरसिंह थापा, खन्जाची शिवप्रसाद, सुब्बा बलवान आदि पात्रहरु ऐतिहासिक हुन् । यसका अतिरिक्त यस उपन्यासमा प्रसङ्गवश अप्रत्यक्ष रूपमा ऐतिहासिक पात्रहरूको पनि नामोल्लेख गरिएको छ । त्यस्ता पात्रहरूमा भक्ति थापा, भीमसेन थापा, पृथ्वीनारायण शाह, बद्रीनरसिंह, बेलायतकी महारानी भिक्टोरिया, नेपोलियन वोनापार्ट, दलाइ लामा, भृकुटी, स्रङ्चोङ गम्पो, राधा, कृष्ण, उर्वशी, अर्जुन, काजी बालनरसिंह, राजेन्द्रलक्ष्मी, रणबहादुर, अभिमानसिंह वस्नेत, अम्मरसिंह थापा, माथवरसिंह थापा, गुरुप्रसाद शाह, दामोदर पाण्डे, बखतजङ्ग, फत्तेजङ्ग, शेक्सपियर, बेलायतका राजकुमार सप्तम एड्वर्ड र डा. फेरर आदि रहेका छन् । माथि उल्लेखित पात्रहरू इतिहासका पानामा अङ्कित पात्रहरू हुन् । यी

पात्रहरू मध्ये जगत्जङ्ग, जङ्गबहादुर, शाहज्यादी, धीरशमशेर, वीरशमशेर, युवराजद्वय त्रैलोक्य र नरेन्द्रको भूमिका महत्त्वपूर्ण रहेको छ । यस्ता ऐतिहासिक व्यक्तिको चरित्रलाई औपन्यासिक चरित्रको रूपमा प्रस्तुत गर्दा लेखकले कतिपय व्यक्तिहरूको चरित्रलाई ऐतिहासिक चरित्र अनुरूप नै प्रस्तुत गरेका छन् भने कतिपय व्यक्तिहरूको चरित्रमा काल्पनिकता दिएका छन् । यस्ता ऐतिहासिक चरित्रहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

### (क) जगत्जङ्ग

**सेतो बाघ** उपन्यासको प्रमुख पात्र जगत्जङ्गलाई इतिहासले स्वीकार गरेकोले उनी ऐतिहासिक पात्र हुन् । उनी उपन्यासको नायक पनि हुन् । उपन्यासको पृष्ठ १ मा जगत्जङ्ग र श्री ५ सुरेन्द्र बिच नेपाल-भोट युद्धको राजनीतिक विषयमा वार्तालाप गरेको प्रसङ्गबाट उपन्यासको प्रारम्भ भएको छ भने च्याङ्बाद्वारा जगत्जङ्गको हत्यासँगै उपन्यास दुःखान्तमा गएर अन्त्य भएको छ । यसर्थ उनी यस उपन्यासको प्रमुख पात्र हुन् । उपन्यासको प्रारम्भमा उनलाई बालनरसिंहका नाति, प्रधानमन्त्रीका जेठा छोरा र थापा खलकका भएकाले पुलपुलिएको देखाइएको छ । उनलाई अत्यन्त सूर, वीर, आदर्श प्रेमी, दानवीर, कुशल राजनीतिज्ञ र प्रभावशाली व्यक्तिका रूपमा देखाइएको छ, जुन इतिहास सापेक्ष देखिन्न । जसरी उपन्यासमा उनलाई चित्रित गरिएको छ सोही अनुरूप इतिहासमा चित्रित छैनन् । अझ यसो भनौँ इतिहासका अनायक वा खलनायकलाई यस उपन्यासमा नायक रूपमा उपस्थित गराइएको छ ।

जगत्जङ्गको शारीरिक बनोट पनि सुन्दर, आर्कषक रहेको छ । उनी राजदरबारको मुख्य हजुरियाको काममा नियुक्ति भएका छन् । उनले नेपाल-भोट युद्धका खबरहरू राजदरबारमा सुनाउँछन् । उनको काम, कर्तव्य तथा व्यक्तित्वको गुण गान, प्रशंसा चारै तर्फ फैलिन्छ । सबैको नजरमा प्रशंसनीय व्यक्तित्वका रूपमा स्थापित हुन पुग्दछन् । धीरशमशेरका जेठा छोरा वीरशमशेरसँग विवाह हुने पक्का पक्की भइसकेकी जेठी शाहज्यादी यही उनको (जगत्जङ्ग) प्रशंसनीय व्यक्तित्वले गर्दा आकर्षित भएकी छिन् र प्रेम प्रस्ताव स्वरूप आफ्नै बाहुलीले बनाएको खानाको परिकार शशीकलाद्वारा पठाउछिन् । यस्तो परिस्थितिमा जगतजङ्ग्को मनमा शाहज्यादीको प्रमोपहारलाई स्वीकार गर्ने वा नगर्ने भन्ने विषयमा आन्तरिक द्वन्द्व चलेको छ । उनले बिरामी शाहज्यादीलाई स्वयम्भूमा घुमाउन लगेका छन् । यहीँबाट उनीहरूको प्रेम सुरुवात भएको छ । उनी र शाहज्यादी पूर्व २ न. पहाडको नर्ममहादेवश्वर मन्दिरको दर्शन गर्न गएका छन् । सैनिक युद्धाभ्यास गर्दा लडेर घाइते भएका वीरसँग जगत्जङ्गको अचानक लडाई भएको छ । नेपाल-भोट युद्ध पश्चात शाहज्यादी र जगत्जङ्गको तामझाम र ठूलो वैभवका साथ विवाह सम्पन्न भएको देखाइएको छ । यसरी राणा परिवार र राजखानदान बिच वैवाहिक सम्बन्ध कायम भएको देखाइएको छ । यस पछि जगत्जङ्गको कार्यकुशलतामा गिरावट आएको छ ।

यस उपन्यासमा जगत्जङ्गलाई सबैमाथि पूर्णरूपमा विश्वास गर्ने पात्रका रूपमा उपस्थिति गराइएको छ । जुन उनको चारित्रिक दोष हो । उनको यही दोषका कारण आफ्नो काकाहरूको षड्यन्त्रमा परी लमजुङ र कास्कीको श्री ३ महाराज पद खोसिएको छ । तत्कालिन

कायम मुकायम प्रधानमन्त्री तथा श्री ३ धीरशमशेरको हत्या गरी गुमेको श्री ३ को पद आफ्नो हातमा लिने योजनाको रहस्योद्घाटन भए पछि जगत्जङ्गलाई (साथमा नरेन्द्र पनि) राजद्रोहीको अभियोगमा भारतको इलाहावादमा आजीवन कैद गरिएको छ तर धीरशमशेरको घाँटीमा हाड अड्की मृत्यु भए पछि रणोद्दीपसिंहले दुवैलाई काठमाडौँ झिकाएका छन् । अन्त्यमा शमशेर भाइहरूको षड्यन्त्रमा परी च्याङ्बा नामक सिपाहीद्वारा जगत्जङ्गको हत्या भएको छ ।

यस उपन्यासमा जगत्जङ्गलाई छलकपट नभएको पात्रको रूपमा उभ्याइएको छ । धीरशमशेर विरुद्ध युवराज त्रैलोक्यले थुप्रैपटक रचेको षड्यन्त्रमा उनी सहभागी बन्न अनकनाएका छन् । उपन्यासकारले उनलाई सुरुमा आफ्नो बुवा जङ्गबहादुरले बसालेको राजनीतिक पद्धतिको कट्टर समर्थकको रूपमा देखाएका छन् भने अन्तिम अवस्थामा उनलाई संसदीय व्यवस्था अपनाउन नसकेकोमा पश्चाताप भएको देखाएका छन् ।

इतिहासका जगत्जङ्गलाई औपन्यासिक जगत्जङ्गको रूपमा प्रस्तुत गर्दा आदर्शीकरण गरिएको छ । उपन्यासमा जगत्जङ्गलाई जङ्गबहादुरको छोराका रूपमा प्रस्तुत गर्नु, श्री ५ सुरेन्द्रकी जेठी शाहज्यादीसँग विवाह भएको प्रसङ्ग, राजपरिवारको ज्वाइँ चेला भएको प्रसङ्ग, आफ्ना काकाहरूको षड्यन्त्रद्वारा श्री ३ महाराजको पदवी खोसिएको प्रसङ्ग, युद्धप्रतापजङ्गको बाबु भएको प्रसङ्ग, वि.स. १९३८ को षड्यन्त्रको योजना पर्दाफास भए पछि उनि जेलमा परेको प्रसङ्ग, १९४२ सालको पर्वमा परी हत्याको भएको देखाउनु इतिहास सम्मत छ । जसरी यस उपन्यासमा जगत्जङ्गलाई वीर, दानवीर, कुशल राजनीतिज्ञ, प्रभावशाली, इतिहासवेत्ता र आदर्श प्रेमीको रूपमा देखाइएको छ सोही अनुरूपको चरित्र इतिहासमा पाइदैंन । ऐतिहासिक तथ्य अनुसार उनको जन्म वि.स. १९०४ मा भएको थियो । उपन्यासमा नेपाल-भोट युद्धको समयमा ७ वर्षको बालकलाई युवावस्थामा पुगि सकेको तथा नेपाल-भोट युद्ध विषयमा राजनीतिक बहस गरेको देखाउनु, वि.स.१९११ मा ७/८ वर्षको उमेरमा जगत्जङ्ग र राजपुत्री शाहज्यादीको मागी विवाह भएकोलाई युवावस्थामा पुगी प्रेममा फसेर विवाह भएको देखाउनु, शाहज्यादीको प्रेममा फसे पछिको विभिन्न मानसिक उतार चडाव देखाउनु, मृत्युको मुखमा पुगेको जगत्जङ्गको शाहज्यादीप्रतिको व्यवहार तथा आन्तरिक द्वन्द्व देखाउनु, वि.स. १९३८ सालको पर्वमा भारतमा भएको जगत्जङ्गलाई नेपालमै भएको देखाउनु, यही पर्वको योजनाकारको अभियोगमा भारतको चुनार किल्लामा जेल चलान गरिएकोलाई इलाहवाद जेलबाट काठमाडौँ झिकाइ इलाहवाद जेल चलान भएको देखाउनु तथा इतिहासमा वीर, दानीवर, इतिहासवेत्ता जस्ता चरित्र नभएको जगत्जङ्गलाई यस प्रकारको चरित्रमा देखाउनु औपन्यासिक चरित्र हो । त्यस्तै उपन्यास (पृ.१८२) मा जगत्जङ्गलाई कतै नेपोलियन वोनापार्टसँग र कतै पृथ्वीनारायण शाहसँग तुलना गरिएको छ । जुन ऐतिहासिक पात्रको औपन्यासिक चारित्रीकरण हो । यसर्थ जगत्जङ्गलाई इतिहासमा उल्लेख भए भन्दा बढी उदार, सज्जन र सत् पात्रको रूपमा प्रस्तुत गरिएको छ ।

### (ख) शाहज्यादी

**सेतो बाघ** उपन्यासकी नायिका शाहज्यादी ऐतिहासिक तथ्य अनुरूपकी पात्र हुन् । इतिहासमा उनका नाम टीकालक्ष्मी भए पनि उपन्यासमा चाहिं उनलाई कतै शाहज्यादी, कतै

राजपुत्री, कतै राजदुहिता नामले सम्बोधन गरिएको छ । राजपुत्रीलाई शाहज्यादी भनिने हुँदा यस उपन्यासमा उनको पदबाटै उनलाई सम्वोधन गरिएको छ । यस उपन्यासमा उनी श्री ५ सुरेन्द्रकी जेठी सुपुत्री, पहिले वीरकी प्रेमिका, पछि जगत्जङ्गकी प्रेमिका तथा पत्नी, युद्धप्रतापजङ्गकी माता र जङ्गबहादुरकी बुहारी रूपमा देखापरेकी छिन् । यसरी उपन्यासमा उनलाई पहिले वीरको प्रेमिका र पछि जगत्जङ्गको प्रेमिकाको रूपमा देखाउनु काल्पनिक भए पनि अन्य कुरा ऐतिहासिक तथ्य अनुरूप छन् ।

सुरुमा वीरशमशेरसँग विवाह गर्न राजी भएकी शाहज्यादी दरबारका सुसारेहरूले जगत्जङ्गको व्यक्तित्व प्रशंसा गरेको सुनेर जगत्जङ्गप्रति आकर्षित भई प्रेम गर्न पुगेकी छिन् भने वीरशमशेरलाई घृणा गर्न थालेकी छिन् । उनले आफ्नै बाहुलीले बनाइएको परिकार प्रेमोपहार स्वरूप शशीकलाको हातद्वारा जगत्जङ्गलाई पठाएकी छिन् ।

जगत्जङ्गको प्रेमाशक्तिले गर्दा शाहज्यादीले जगत्लाई सपनामा देखेकी छिन्, बिरामी परेकी छिन् । जगत्जङ्गलाई पतिको रूपमा पाउन उनले दिदी धनहजुरीसँग मिलेर वीरको विवाह धनहजुरीसँग गर्ने र आफूले जगत्जङ्गसँग गर्ने योजना बनाएकी छिन् । आफूलाई प्राप्त गर्नका लागि वीरशमशेर र जगत्जङ्ग बिच झगडा भएको शाहज्यादीले देखे पछि उनले आत्महत्या गर्ने निर्णय लिएकी थिइन् तर पछि उनको प्रेमले सार्थकता पाई उनी र जगत्जङ्गको वैवाहिक सम्बन्ध स्थापित भएको छ ।

यस उपन्यासमा शाहज्यादीलाई सुन्दरी, सुकुमारी, आर्दश पत्नी, धार्मिक प्रवृत्ति भएकी, सरल, सोझी स्वभावकी र कोमल हृदयकी नारीको रूपमा चित्रण गरिएको छ । जगत्जङ्गले नेपाल-भोट युद्धको समचार राजदरबारमा सुनाउँदा उनले सुन्न चाहेकी छैनन् । शमशेर र जङ्ग खलक बिच द्वन्द्व हुदाँ उनी शमशेर खलकको निन्दामा दुःखी भएकी छिन् । मनहरा दरबारमा शमशेर भाइहरूकको एक चिहान भएको **हत्या** नामक हेर्न चाहेकी छैनन् । उनले जगत्जङ्गको हरेक कुरामा विश्वास गरेकी छिन् । उनी सत्पात्र भएर पनि उपन्यासको अन्त्यमा उनको च्याङ्बा नामक सिपाहीले गोली हानी हत्या गरेको छ ।

उपन्यासकारले शाहज्यादीको ऐतिहासिक चरित्रमा काल्पनिक चरित्रको आरोपण गरेका छन् । जसरी यस उपन्यासमा शाहज्यादीलाई सुरेन्द्रकी जेठी छोरी, जगत्जङ्गकी पत्नी, जङ्गबहादुरकी बुहारी र नाति जर्नेल अर्थात युद्धप्रतापजङ्गकी आमाको भूमिकाको रूपमा देखाइएको छ त्यो कुरालाई इतिहासले पनि स्वीकार गर्दछ तर शाहज्यादीको विवाह वीरशमशेरसँग हुने पक्का पक्की भएको, पछि उनी र जगत्जङ्गको प्रेम सम्बन्ध रहेको कुरालाई इतिहासले स्वीकार गर्न सक्दैन । यसर्थ यो लेखकको कल्पनाको उपज हो भन्न सकिन्छ ।

### (ग) जङ्गबहादुर

इतिहासले जङ्गबहादर भन्ने पात्रको अस्तित्वलाई स्वीकार गरेकोले उनी ऐतिहासिक पात्र हुन् । इतिहासका नायक जङ्गबहादुर **सेतो बाघ** उपन्यासमा सह-नायकका रूपमा चित्रित छन् । यस उपन्यासमा उनी वीर, देशभक्त, राजभक्त र अनुशासित शासकका रूपमा देखा परेका छन्

तापनि उनी भित्र शङ्कालु प्रवृत्ति पनि पाइन्छ (रेग्मी, २०५४ : ८९) । इतिहासका प्रधानमन्त्री जङ्गबहादुर यस उपन्यासमा पनि प्रधानमन्त्री कै रूपमा चित्रित छन् । उनले नेपाल-भोट युद्धको लागि आफ्ना भाइहरू बमबहादुर र धीरशमशेरको नेतृत्वमा युद्ध गर्न भोट पठाएका छन् । उनले युद्धको लागि हातहतियार तथा गोली गठ्ठाको व्यवस्था गरेका छन् भने नेपालको सुरक्षाका लागि सैनिकहरूको पनि व्यवस्था गरेका छन् । जगत्जङ्ग राजदरबारका ज्वाइँ भएकै कारण जङ्गबहादुरले आफ्ना छोरा जगत्जङ्गप्रति अविश्वासको भावना राखेर सत्ताको सम्पूर्ण बागडोर सुम्पन चाहेका छैनन् भने आफू मर्ने बेलामा पनि आफू मरेको खबर आफ्ना छोराहरूलाई नदिइ भाइहरूलाई दिन आदेश दिएका छन् किनभने उनमा आफूले प्राप्त गरेको सत्ता पुनः राजदरबारमा नै फिर्ता हुन्छ कि भन्ने शङ्का छ ।

जङ्गबहादुरले धीरशमशेरहरू युद्धबाट फर्केर आए पछि धीरशमशेरका जेष्ठ पुत्र वीरशमशेरसँग राजपुत्री जेठी शाहज्यादीको विवाह गरीदिने राजा रानीसँग पक्कापक्की गरेका थिए तर परिस्थिति अर्कै भए पछि आफ्नै छोरा जगत्जङ्गसँग वैवाहिक सम्बन्ध राखी शाह र राणा बिचको सम्बन्ध स्थापित गरेका छन् । उनी सुरुमा संसदीय व्यवस्थाका विरोधी र एकतन्त्रीय जहानियाँ राणा शासनको पक्षपाती देखिन्छन् तर जीवनको अन्तिम घडीमा आफ्नै भाइ-भतिजा बिच सत्ता प्राप्तिका लागि हुन लागेको षड्यन्त्र देखी आफूले लागू गरेको शासन व्यवस्था प्रति घृणा गर्दै उनले सोमनाथ र बेलायती मित्रहरूले नेपालमा संसदीय व्यवस्था लागू गर्न आग्रह गरेको कुरा सम्झिन पुगेका छन् । यो नै उनको संसदिय शासन प्रणाली आत्मसात हो ।

आँखामा पक्षघात भएपछि जङ्गबहादुरले पहिले कालो देख्ने सोमनाथलाई सेतो, रायपाटे बाघलाई सेतो, मयूरका जोडीलाई सेतो बकुल्ला रूपमा देखेका छन् । यो नै उनको दृष्टिभ्रम हो । उनले आफ्नो दूरदर्शिता सम्झेर जुन राजनीतिक पद्धति, प्रधानमन्त्री पद र श्री ३ महाराजको रोलक्रमको व्यवस्था बसालेका थिए त्यो पछि आएर अदूरदर्शी बनेको छ ।

जङ्गबहादुर संसदीय व्यवस्थाको मूल्य नबुझ्ने पात्रका रूपमा चित्रित छन् । सोमनाथले बारम्बार संसदीय व्यवस्था लागु गर्न गरेको आग्रहलाई र आफू बेलायत जादाँ बेलायती मित्रहरूले बेलायतमा जस्तो संसदीय व्यवस्था लागु गर्न दिएको सल्लाहलाई जङ्गबहादुरले वेवास्ता गरेका छन् । झन् उनले सोमनाथलाई संसदीय शासन प्रणालीको वकालत गरेको अभियोगमा बोक्सो, बौलाहा ठहऱ्याइ देश निकाला गरेका छन् । तर उनी जीवनको अन्तिम अवस्थामा क्षमाशील देखिन्छन् । उनले सोमनाथलाई क्षमा दिएका छन् । बोक्सी र ज्यानमाराको झुटो आरोप लगाइएकी सोमनाथकी पत्नीलाई पनि उनले न्याय दिएका छन् ।

जङ्गबहादुर आफ्नो विचारमा दृढ देखिन्छन् । श्री ५ सुरेन्द्र, शाहज्यादी, युवराजद्वय त्रैलोक्य र नरेन्द्र लगायत उनका भाइहरूले समेत जगत्जङ्गलाई श्री ३ महाराज र प्रधानमन्त्रीको रोलक्रमको पहिलो उत्तराधिकारी बनाउन पटक पटक आग्रह गर्दा पनि उनले यसलाई अस्वीकार गरेका छन् । जङ्गबहादुरले आफ्नो शेषपछि भाइ र छोरा बिच सत्ताको लागि लुछाचुडी होला भनेर सधैं चिन्तित भएर भाइहरूमा रोल बाँधि दिएका छन् तर आफूले बाँधेको व्यवस्थामा गृह

कलह हुन लागेको देखेर उनी संसदीय शासन प्रणाली लागु नगरेकोमा पश्चातापमा समेत परेका छन् ।

इतिहासमा धेरै कलङ्कित काम गर्ने खलनायक जङ्गबहादुरलाई यस उपन्यासमा देशभक्ति, राजभक्ति, वीर, अनुशासित शासक र आदर्श पुरुषका रूपमा अतिरञ्जित गरेर चित्रित गरिएको छ । त्यो कुरालाई इतिहास मान्न तयार छैन । उनको इतिहासमा जे जति असत् चरित्र छ त्यो यस उपन्यासमा देखाइएको छैन । यसर्थ लेखकले जङ्गबहादुरको असत् चरित्र भन्दा सत् चरित्रको चित्रण गर्नमा मोह देखाएका छन् भन्न सकिन्छ । जङ्गबहादुर प्रधानमन्त्री पदमा रहेको, उनले दरबारमा वैवाहिक सम्बन्ध कायम राखेको, एकतन्त्रीय शासन प्रणाली लागु गरेको, प्रधानमन्त्रीको रोलक्रम भाइहरूमा बाँधेको, भाइ छोरा बिच सत्ताका लागि भएको षड्यन्त्र, उनको पत्थरघट्टामा मृत्यु भएको थियो भन्ने वर्णनहरूमा ऐतिहासिकता छ तर उनले मर्ने बेलामा संसदीय व्यवस्था लागु नगरेको पश्चाताप गरे भन्ने कुरा लेखकको कल्पनाको उपज हो ।

### (घ) **धीरशमशेर**

इतिहासले धीरशमशेर ऐतिहासिक पात्र हुन् भन्ने कुरालाई स्वीकार गरेको छ । **सेतो बाघ** उपन्यासको सुरुमा धीरशमशेर सहनायक र जङ्गबहादुरको मृत्यु पश्चात प्रतिनायकको रूपमा देखा परेका छन् । यस उपन्यासमा उनलाई सत्र भाइ छोरा र सात वटी छोरीका बाबु तथा आर्थिक अवस्था कमजोर भएको देखाइएको छ । उनी र दाजु बमबहादुरका नेतृत्वमा वि.सं. १९११-१२ को नेपाल-भोट युद्धको लडाइँमा विजय प्राप्त गरेर आएका छन् । आफ्नो छोरा वीरशमशेरसँग विवाह पक्कापक्की भई सकेकी राजपुत्री शाहज्यादीको विवाह जगत्जङ्गसँग हुँदा उनी मौन रहेका छन् । जगत्जङ्गलाई जङ्गबहादुरको शेष पछि प्रधानमन्त्री पदको उत्तराधिकारीको रोलक्रम बाँध्न बमबहादुरको लिखित प्रस्तावमा अन्य भाइहरू लगायत धीरले पनि समर्थन गरेका छन् तर उनले जङ्गबहादुरको मृत्यु भएको खबरलाई जङ्ग भाइ र शमशेर खलकमा बाहेक अन्त कतै जानकारी नगराइ जगत्जङ्ग र युवराजद्वय त्रैलोक्य र नरेन्द्रलाई पत्थरघट्टा पठाएर यता रणोद्दीपलाई कास्की र लमजुङको श्री ३ महाराज तथा नेपालको प्रधानमन्त्री बनाउन सफल भएका छन् । बलिअहद त्रैलोक्य बिरामी हुँदा धीरले गोरा डाक्टरलाई उपचार गर्न ल्याएका छन् तर उपचारको लागि वैज्ञानिक स्रोत र साधनको अभावमा युवराजको मृत्यु हुन्छ । तर धीरलाई गोरा डाक्टरद्वारा मन्द विष सेवन गराएर त्रैलोक्यको हत्या गरेको भन्ने आरोप लागेको छ ।

धीरशमशेर जगत्जङ्ग लगायत युवराज त्रैलोक्य र नरेन्द्रको पनि कट्टर विरोधीका रूपमा देखा परेका छन् । उनले जगत्जङ्गको श्री ३ महाराजको हजुरिया काम, निजामती अड्डा र आफ्नो बुबाको उत्तराधिकारीका हैसियतले पाउने गरेको दुई लाखको खानगी जागिरबाट बञ्चित बनाएका छन् । जङ्गबहादुरको मृत्यु पछि रणोद्दीप श्री ३ महाराज र प्रधानमन्त्री भए पनि धीरले सम्पूर्ण अधिकारहरू आफ्नो हातमा लिएका छन् । उनलाई जगत्जङ्गले षड्यन्त्रको गुरुको आरोप लगाएका छन् । उनले नरेन्द्र र जगत्लाई राजद्रोहीको अभियोगमा आजीवन कारावास सजाय

दिएका छन् । षड्यन्त्रका माहिर तथा सत्ता प्राप्तिका लागि महान् अभिलाषा बोकेका धीरको श्री ३ तथा प्रधानमन्त्री हुन नपाउदै घाँटीमा हड्डी अड्की सेफ्टिक भई मृत्यु भएको छ ।

यस उपन्यासमा धीरको चरित्र जसरी चित्रण गरिएको छ, त्यो ऐतिहासिक सत्य अनुरूप देखिन्छ । नेपाल-भोट युद्धमा बमबहादुर र धीरशमशेरले नेपाली फौजको नेतृत्व गरी गएको प्रसङ्ग, उनको पारिवारिक सदस्य ठूलो भएको तथा आर्थिक स्थिति कमजोर भएको प्रसङ्ग, उनी जगत्जङ्ग, त्रैलोक्य र नरेन्द्रको कट्टर विरोधी भएको प्रसङ्ग, श्री ३ तथा प्रधानमन्त्री रणोद्दीप भन्दा शक्तिशाली भएको प्रसङ्ग र घाँटीमा हड्डी अड्की सेफ्टिक भई मृत्यु भएको प्रसङ्ग ऐतिहासिक छ ।

### (ङ) रणोद्दीपसिंह

**सेतो बाघ** उपन्यासका अर्का सहायक पात्र रणोद्दीपसिंह ऐतिहासिक व्यक्ति हुन् । उनी जङ्गबहादुरको मृत्यु पश्चात कास्की र लमजुङको श्री ३ महाराज र नेपाल अधिराज्यको प्रधानमन्त्री भएका छन् । उनमा कोमल हृदय, धार्मिक प्रवृत्ति, सोझा सज्जन, कमजोर मनस्थिति जस्ता चारित्रिक विशेषता पाइन्छ । उनी श्री ३ महाराज र प्रधानमन्त्री भए पनि धीरशमशेर भन्दा कमजोर शासकका रूपमा देखा परेका छन् । त्यसैले उनी नाम मात्रका श्री ३ महाराज र प्रधानमन्त्रीका रूपमा देखा परेका छन् । धीरशमशेरको व्यक्तित्वको अगाडि सधैं डराउने रणोद्दीपसिंहले धीरशमशेरको मृत्यु पश्चात् (धीरकै दबाबमा परेर राजद्रोहीको अभियोगमा भारतको इलाहवाद जेलमा आजीवन कारावास सजाय सुनाइएका) जगत्जङ्ग र नरेन्द्रलाई काठमाडौँ झिकाएका छन् । उनले जङ्ग खलक र शमशेर खलक बिच मेलमिलाप गराउन चाहेका छन् । उनले जगत्जङ्गलाई श्री ३ महाराज र प्रधानमन्त्री पदको जिम्मा दिएर आफ्नो कान्छी पत्नीसँग काशीवास जाने योजना बनाएका छन् तर उनको पटक-पटकको प्रयत्न असफल भए पछि उनले दिक्क मानेका छन् । जगत्जङ्गले आफूहरूलाई शमशेर भाइहरूले मार्ने षड्यन्त्र भएको कुरा गर्दा समेत रणोद्दीपले विश्वास गरेका छैनन् । उनी जङ्गबहादुरले बसालेको एकतन्त्रीय राणा शासनको भक्तका रूपमा देखा परेका छन् । उनले जङ्ग खलक र शमशेर खलकको सहकार्यमा नै नेपालमा जङ्गबहादुरले बसालेको एकतन्त्रीय राणा शासन व्यवस्थाले निरन्तता पाउने विश्वास गरेका छन् तर उनको इच्छा, आकांक्षा पूरा हुन नपाउदै शमशेर भाइहरूको षड्यन्त्रमा परी हत्या भएको छ ।

जङ्गबहादुरको मृत्यु पश्चात रणोद्दीपसिंह कास्की र लमजुङको श्री ३ महाराज तथा नेपालको प्रधानमन्त्री भएको प्रसङ्ग, शमशेरभाइहरूको षड्यन्त्रमा परी हत्या भएको प्रसङ्ग ऐतिहासिक तथ्य अनुरूप छन् । यसका अतिरिक्त उनी श्री ३ महाराज र प्रधानमन्त्री भए पनि धीरशमशेरको व्यक्तित्वको अगाडि कमजोर भएको प्रसङ्ग तथा कोमल हृदय, धार्मिक प्रवृत्ति, सोझा सज्जन जस्ता चारित्रिक विशेषता भएको भन्ने वर्णनमा ऐतिहासिक सत्यानुरूप देखिन्छ ।

### (च) वीरशमशेर

वीरशमशेर **सेतो बाघ** उपन्यासमा सहनायक पात्रका रूपमा चित्रित छन् । उनलाई इतिहासले ऐतिहासिक पात्र हुन् भन्ने कुरालाई स्वीकार गरेको छ । उनलाई धीरशमशेरका जेठा

छोरा, उपेन्द्रका ज्वाइँचेलाका रूपमा देखाइएको छ, जुन इतिहास सापेक्ष छ । उपन्यासको सुरुमा उनको चरित्र अनुकूल देखिन्छ भने अन्तिमतिर प्रतिकूल । उपन्यासको सुरुमा उनलाई एक इमानदारी योद्धा र शाहज्यादीको हुनेवाला श्रीमान्‌का रूपमा चित्रण गरिएको छ तर गरिबी, तत्कालीन राजनीतिक परिस्थिति र सत्ताको मोहको कारणले आफ्नो गोत्रहत्या गर्न पनि पछि परेका छैनन् (रेग्मी, २०५४ : ९०) । धीरशमशेरका १७ भाइ छोरामध्ये वीरशमशेर जेठा छोरा हुन् । बाँकी १६ भाइमध्ये १५ भाइ वीरशमशेरकै बाटोमा हिँडेका छन् तर उनका ठाहिँला भाइ देवशमशेरको विचार भने वीरशमशेरको भन्दा भिन्न रहेको छ ।

पूर्व २ नं. पहाडमा जगत्‌जङ्गसँगको लडाइँमा घाइते भएका वीरलाई उपेन्द्रविवक्रमले “तेरो निधार फुटेछ, हृदय दुख्यो होला । तिघ्रा नकँपाएस्, भाग्य चम्किन्छ” (पृ.८३) भने पछि उनले (वीरले) “धनी साना हुन् या ठूला, नाता वरको होस् या परको, ती सबलाई खतम गर्छु अनि मेरो भाग्य चम्किन्छ । आफैं सर्वेसर्वा शक्तिमान् हुन्छु, कुबेर बन्छु” (पृ.८४) भन्ने प्रतिज्ञा गरेका छन् । गरिबीकै कारण शाहज्यादीले आफूसँग विवाह नगरेको भन्ने उनलाई लागेको छ त्यसैले परिस्थितिले उनलाई यस्तो अठोट गर्न अग्रसर गराएको छ (पोखरेल, २०६८ : १५५) । वीरले आफूसँग शाहज्यादीको विवाह नहुने देखेपछि धनहजुरीलाई पाउनको लागि शाहज्यादी र जगत्‌जङ्गको विवाह गराउने जिम्मेवारी लिएका छन् तर उनी धनहजुरीप्रति इमान्दार छैनन् । धनहजुरीसँगै आएकी दासी केटी लक्ष्मीलाई आफ्नी पत्नी बनाएर धनहजुरीको चित्त दुखाएका छन् ।

वीरशमशेर आफ्ना काका रणोद्दीप तथा जङ्ग खलकको हत्याको प्रमुख योजनाकारका रूपमा चित्रित छन् । उनले श्री ५ राजमातासँग रणोद्दीपको हत्याका लागि गोप्य योजना बनाइ भाइहरूलाई सङ्गठित गरेका छन् । योजना अनुसार काका रणोद्दीप र जङ्गखलकको हत्या गरी सम्पूर्ण शासन शक्ति आफ्नो हातमा लिई श्री ५ पृथ्वीवीरविक्रमबाट श्री ३ महाराज र प्रधानमन्त्रीका रूपमा घोषित भएका छन् ।

वीरशमशेरमा शङ्कालु प्रवृत्ति पाइन्छ । एकातर्फ रणोद्दीपको हत्या गर्न गएका भाइहरूको षड्यन्त्रको रहस्योद्‌घाटन हुने हो कि भन्ने शङ्काले वीर त्रसित छन् भने अर्कोतर्फ हत्याको षड्यन्त्र सफल भए पनि आफ्ना भाइहरूले खड्गमशेरलाई नै श्री ३ महाराज र प्रधानमन्त्री घोषित गरी वीर आफूलाई काकाको जस्तै हालत बनाउने हुन् कि भन्ने शङ्काले पिरोलिएका छन् । यस उपन्यासमा वीरशमशेर लगायत शमशेरभाइहरूलाई गरगहना लगाउन नजान्ने दीनहिन, इर्ष्यालु र शङ्कालु चरित्रका रूपमा चित्रित गरिएको छ ।

यस उपन्यासमा वीरशमशेरलाई धीरशमशेरको जेष्ठपुत्र, उपेन्द्रका ज्वाइँचेला, रणोद्दीपको हत्या गरी शासनसत्ता आफ्नो हातमा लिई कास्की र लमजुङको श्री ३ र नेपालको प्रधानमन्त्री भएको कुरा वर्णन छ जुन इतिहास सापेक्ष छ । तर उनको विवाह शाहज्यादीसँग हुने पक्कापक्की भएको प्रसङ्ग, नेपाल भोट युद्ध ताका युद्धाभ्यास गरेको प्रसङ्ग, पूर्व २ नं. पहाडमा जगत्‌जङ्गसँग भएको लडाईको प्रसङ्ग, आफू कुबेर बन्ने प्रतिज्ञा गरेको प्रसङ्ग, शाहज्यादीको विवाह जगत्‌जङ्गसँग गराउन खेलेको भूमिका काल्पनिक हुन् ।

### (छ) धनहजुरी

धनहजुरी **सेतो बाघ** उपन्यासकी सहनायिका तथा ऐतिहासिक पात्र हुन् । उनी उपेन्द्रविक्रमकी सुपुत्रीका रूपमा उपस्थित भएकी छिन् । इतिहासमा उपेन्द्रकी छोरीको नाम मुनिन्द्र दिव्यश्वरी भए पनि यस उपन्यासमा धनहजुरीको नाममा उपस्थित गराइएको छ । विवाह हुनु पूर्व उनी बाबु उपेन्द्रविक्रमसँगै पूर्व २ नं. पहाडमा बसोवास गरेकी छिन् । धनहजुरी र शाहज्यादी मिलेर शाहज्यादीले जगत्जङ्गसँग र आफूले वीरशमशेरसँग विवाह गर्ने गोप्य योजना बनाएकी छिन् । सोही अनुसार उनले जगत्जङ्ग र शाहज्यादीका बिचको प्रेम सम्बन्धलाई वैवाहिक सम्बन्धमा परिणत गर्न महत्त्वपूर्ण भूमिका खेलेकी छिन् ।

धनहजुरीको शारीरिक सुन्दरतालाई यस उपन्यासमा यस प्रकार वर्णन गरिएको छ : "धनहजुरी अग्ली, पातली, कम्मर छिनेकी, सभ्य तरिकाले आधुनिक शृङ्गार गरेर धेरै मूल्यको वस्त्राङ्कारले ढाकिएकी थिइन् । सबैभन्दा राम्रो थियो उनको भरिलो बैंस- गुलाबी गाला, तम्सिएको छाती र सुलुत्त परेको पुट्ठा (पृ.६७) ।

एकातर्फ धनहजुरीले युद्धाभ्यास गर्दा ढिकबाट लडेर घाइते भई आफ्नो घरमा ल्याइएको अपरिचित वीरप्रति आकर्षित भएकी छिन् भने अर्कोतर्फ उनले पहिला विवाह गर्न मञ्जुर भएका वीरसँग विवाह नगर्ने मनसाय शाहज्यादीलाई व्यक्त गरेकी छिन् । अपरिचित वीरले परिचय माग्दा उनले "धन" लेखिएको औँठी प्रेमोपहार स्वरूप दिएकी छिन् । अन्त्यमा उनको विवाह वीरसँगै भएको छ । उनको विवाहमा दाइजोको रूपमा आएकी लक्ष्मी केटीलाई वीरले विवाह गरेपछि उनी पतिरित्यक्ता नारीको रूपमा जीवन निर्वाह गर्न बाध्य भएकी छिन् (रेग्मी, २०५४ : ९१) । वीरशमशेर श्री ३ महाराज तथा प्रधानमन्त्री भएपछि धन श्री ३ महारानी बनेकी छिन् । उनले शाहज्यादीलाई बारम्बार सम्झिएकी छिन् र जङ्ग खलकको भलो चिताएकी छिन् । अघिल्लो समयमा धनहजुरी चञ्चले स्वभावकी देखिन्छिन् भने पछिल्लो समयमा अलि गम्भीर स्वभावकी । यस उपन्यासमा उनलाई सरल हृदयकी, सहनशील, सुन्दर र धैर्यशील चरित्र भएकी नारीका रूपमा देखाइएको छ ।

**सेतो बाघ** उपन्यासमा धनहजुरीलाई उपेन्द्रविक्रमकी छोरी तथा वीरशमशेरकी पत्नीकी रूपमा चित्रण गर्नु ऐतिहासिक तथ्यअनुरूप देखिन्छ तर इतिहासकी मुनिन्द्रदिव्यश्वरीलाई धनहजुरी रूपी चरित्रको रूपमा देखाइएको छ । लेखकले नाममा मात्र विचलन ल्याए पनि उनको क्रियाव्यापार मूलतः ऐतिहासिक सत्यानुरूप देखिन्छ ।

### (ज) श्री ५ सुरेन्द्र

श्री ५ सुरेन्द्र **सेतो बाघ** उपन्यासका ऐतिहासिक पात्र हुन् । इतिहासमा महत्त्वपूर्ण भूमिका खेलेका श्री ५ सुरेन्दलाई यस उपन्यासमा सहायक पात्रका रूपमा चित्रित गरिएको छ । यस उपन्यासको प्रमुख कथावस्तुमा उनको खासै उल्लेख्य भूमिका रहेको छैन । इतिहासमा जङ्गबहादुरलाई त्रिशुलीमा घोडा सहित हाम फाल्न लगाएका, बाह्रवर्षे इनारमा हाम फाल्न लगाएका र धरहराबाट समेत हाम फाल्न लगाएकाले उनको स्वभाव सन्काहा देखिन्छ तर यस

उपन्यासमा उनलाई सोझा र सरल स्वभावका राजाका रूपमा चित्रित गरिएको छ । उनले जङ्गबहादुरका कुनै पनि कुरा काट्न सकेका छैनन् । उपन्यासमा उनले हरेक समस्यामा जङ्गबहादुरलाई सम्झिन पुगेका छन् । उनले जङ्गबहादुरलाई लालपञ्जापत्र दिएर कास्की र लमजुङको श्री ३ महाराज घोषित गरेका छन् ।

श्री ५ सुरेन्द्रको चरित्र गतिशील देखिन्छ । उनले वीरशमशेरसँग आफ्नी छोरी शाहज्यादीको विवाह गर्ने भन्ने विषयमा जङ्गबहादुरसँग पक्का पक्की गरेका थिए तर पछि उनले जङ्गबहादुरको कुरालाई नकार्न नसकी शाहज्यादीको जगत्जङ्गसँग विवाह गरिदिएका छन् । जगत्जङ्गको प्रेमाशक्तिले गर्दा बिरामी परेकी शाहज्यादीलाई उपचार गर्ने बहसमा सुरेन्द्रले गोरा डाक्टरद्वारा उपचार गर्ने मत व्यक्त गरेका छन् तर रानीको गोराले छोए अगति परिन्छ भन्ने दृढ रूढीवादी ग्रस्त सोचले गर्दा राजा सुरेन्द्र पनि धामी झाँक्री गर्न बाध्य भएका छन् । उनले राजपुत्री शाहज्यादी र प्रधानमन्त्री पुत्र जगत्जङ्गको विवाह उत्सवमा र युद्धप्रतापजङ्गको जन्मोत्सवमा ठूलो भोज भतेर गरेका छन् । उनको जङ्गबहादुर पछि जगत्जङ्ग नै श्री ३ महाराज हुनु पर्छ भन्ने चाहना भए पनि जङ्गबहादुर समक्ष खुलेर भन्न सकेका छैनन् । उनन्तीसौं परिच्छेदमा उनको मृत्यु भएको देखाइएको छ ।

यस उपन्यासमा सुरेन्द्रलाई नेपालको राजा, शाहज्यादीको बुबा, जगत्जङ्गको ससुरा, जङ्गबहादुरको सम्धीको भूमिकाको रूपमा चित्रण गर्नु इतिहास सापेक्ष छ । इतिहासमा उनको युवावस्थामा सन्काहा स्वभाव देखिए पनि राजगद्दीमा बसे पछि जङ्गबहादुर र उनको भाइहरूको अगाडि उनी निस्तेज (शर्मा, २०३३ : ३२१) रहेको देखिन्छ र यस उपन्यासमा पनि उनीलाई जङ्गबहादुरको अगाडि निस्तेज नै देखाइएको छ । त्यसैले यो प्रसङ्ग पनि ऐतिहासिक सत्य अनुरूप देखिन्छ ।

### (झ) युवराज त्रैलोक्य

**सेतो बाघ** उपन्यासको युवराज त्रैलोक्य ऐतिहासिक पात्र हुन् । उनलाई यस उपन्यासमा सहायक पात्रको रूपमा उपस्थित गराइएको छ । यस उपन्यासमा उनी राजा सुरेन्द्रका जेठा पुत्र, युवराज नरेन्द्रका दाजु, जङ्गबहादुरका छोरी ज्वाइँ, जगत्जङ्गको साला वा बहिनी ज्वाइँ, श्री ५ जेठी र कान्छी राजमाताको श्रीमान्, सानू शाह र पृथ्वीवीरविक्रमका बुवाका रूपमा उपस्थित भएका छन् । जुन ऐतिहासिक तथ्य अनुरूप छ । यस उपन्यासमा उनलाई वीर, सुन्दर, तीक्ष्ण बुद्धि, महत्त्वाकाङ्क्षी, चतुर, दूरदर्शी, दृढनिश्चयी र लगनशील पात्रको रूपमा चित्रण गरिएको छ । यस उपन्यास (पृ.२०) मा युवराज त्रैलोक्यलाई बालककाल देखि नै परिश्रमी र स्वाभिमानी रहेको तथा उनमा शौर्य र महत्त्वाकाङ्क्षा आदि महापुरुषमा निहित रहने गुण रहेको कुरा उल्लेख गरिएको छ ।

युवराज त्रैलोक्यले प्रधानमन्त्रीको छोरीहरूसँग प्रेम विवाह गरेका छन् । उनले राजदरबारबाट प्रधानमन्त्रीको हातमा गएको शासनशक्ति पुनः राजदरबारमा नै ल्याउन चाहेका छन् । यसको सहज माध्यमका लागि उनले आफ्नो भिनाजु जगत्जङ्गलाई श्री ३ महाराज तथा प्रधानमन्त्री जङ्गबहादुरको उत्तराधिकारी बनाउन बारम्बार प्रयत्न गरेका छन् । त्यसैले उनले

जगत्जङ्गलाई श्री ३ महाराज तथा प्रधानमन्त्री पदको उत्तराधिकारी घोषणा गर्न ससुरा जङ्गबहादुरलाई आग्रह गरेका छन् । उनले जगत्जङ्गलाई श्री ३ को पद दिलाउन सक्रिय भूमिका खेलेका छन् तर धीरशमशेरहरूको षड्यन्त्रमा परी उनको योजना सफल हुन नपाउँदै कानमा सेफ्टिक भएर ३२ वर्षको उमेरमा मृत्यु भएको छ ।

त्रैलोक्यमा शङ्कालु प्रवृत्ति पाइन्छ । उनले जगत्जङ्गलाई माध्यम बनाएर आफ्नै भाइ नरेन्द्रको सहयोगमा राजदरबारबाट गुमेको शासन सत्ता पुनः राजदरबारमा नै ल्याउने प्रयास गर्दा गर्दै अन्त्यमा जगत्जङ्ग र नरेन्द्रप्रति नै शङ्का गरी आफ्नी कान्छी रानी यी दुईबाट होसियार रहन आग्रह गरेका छन् । जस्तै :

> राजगद्दीका निम्ति आजको आफ्नो मानिस भोलि परचक्री बन्न सक्दछ, पर्सि त्यही व्यक्ति शत्रु भएर तिम्रो विरोधमा षड्यन्त्र रच्न थाल्दछ । जति नजिक नाता हुन्छ, गद्दीका निम्ति त्यो उत्तिकै खतर्नाक हुन आउँछ । त्यसैले छोराका गद्दीका लागि तिमीहरूले ठूलो होस गरेर चल्नुपर्दछ । मेरो छोरा राजा नभएसम्म म मरे पनि मेरो आत्माले सन्तोष पाउने छैन । मुख्य कुरा तिम्रो देवर र हाम्रो भिनाजुको खुब मिल्ती छ, याद गरे । ती दुई मिलेर एउटा श्री ५ र अर्को श्री ३ हुने दाउ गर्न सम्भव छ, होस गरे (पृ.२२८) ।

त्रैलोक्यको यहीं अन्तिम वाक्यांशले गर्दा श्री ५ कान्छी महारानी नरेन्द्र र जगत्जङ्ग प्रति शशङ्कित भएर शमशेर खलकको गुटमा लागेका छिन् ।

**सेतो बाघ** उपन्यासमा त्रैलोक्यलाई राजा सुरेन्द्रको जेठा पुत्र, जङ्गबहादुरको ज्वाइँ, जगत्जङ्गको साला, दुई स्वास्नीको श्रीमान्, सानू शाह र पृथ्वीवीरविक्रमको बाबु, नरेन्द्रको दाजुको रूपमा र राजा हुन नपाउँदै युवराज अवस्थामा नै मृत्यु भएको देखाउनु ऐतिहासिक तथ्य अनुरूप देखिन्छ । उनले आफ्नो राजदरबारबाट प्रधानमन्त्रीको हातमा गएको शासनसत्ता पुनः राजदरबारमा फिर्ता गर्न गरेको प्रयत्न र उनको शासन शक्ति पुनः राजदरबारमा फिर्ता गर्ने उद्देश्य पूरा हुन नपाउदै मृत्यु भएको वर्णन पनि ऐतिहासिक छ । उनलाई यस उपन्यासमा वीर, अदूरदर्शी, शौर्य, महत्त्वाकाङ्क्षी, दृढनिश्चय, तीक्ष्ण बुद्धी, लगनशील, स्वाभीमानी र सुन्दर जस्ता चारित्रिक विशेषता भएको पात्रको रूपमा चित्रण गरिएको छ तर इतिहासमा यस प्रकारको विशेषतायुक्त पात्रका रूपमा उनी चित्रित छैनन् । यसर्थ उनको चारित्रीकरणमा लेखकले कल्पनाको जलप लगाएका छन् भन्न सकिन्छ । उनको मृत्युको कारण भने कानमा सेफ्टिक भएर वैज्ञानिक स्रोत र साधनको अभावमा उपचार हुन नपाई भएको देखाइएको छ तर यो कुरालाई इतिहास मान्न सक्दैन । यसर्थ यो वर्णन लेखकको कल्पनाको उपज हो भन्न सकिन्छ ।

### (ञ) युवराज नरेन्द्र

युवराज नरेन्द्र पनि **सेतो बाघ** उपन्यासको ऐतिहासिक सहायक पात्र हुन् । उनी यस उपन्यासमा राजा सुरेन्द्रका कान्छा सुपुत्र, त्रैलोक्यको सहोदर भाइ, शाहज्यादीका सहोदर दाइ, श्री ५ जेठी र कान्छी महारानीको देवर, जङ्गबहादुरका कान्छा ज्वाइँ, जगत्जङ्गका साला र पृथ्वीवीर विक्रमका काका रूपमा चित्रित छन् । राजदरबारबाट प्रधानमन्त्री जङ्गबहादुरका हातमा

गएको शासनशक्ति पुनः राजदरबारमा फिर्ता गर्नको लागि दाजु त्रैलोक्यले गरेको योजना तथा प्रयासमा उनले तनमनले दरिलो साथ दिएका छन् । तर दाजु त्रैलोक्यको मृत्यु पश्चात श्री ५ कान्छी महारानी अर्थात भाउजूको नजरमा शङ्काको पात्रका रूपमा देखा परेका छन् ।

नरेन्द्रले आफ्नो दाजु त्रैलोक्यलाई धीरशमशेरले गोरा डाक्टरद्वारा मन्द विष सेवन गराई हत्या गराएको भन्ने आरोप लगाएका छन् । यसको बदला लिन तथा दाजुको उद्देश्य पूरा गर्न योजना बनाउने क्रममा उनी पक्राउमा परी राजद्रोहीको अभियोगमा भारतको इलाहवाद जेलमा (जगत्जङ्गसँगै) आजीवन कारावासको सजाय पाएका छन् तर धीरशमशेरको मृत्यु पश्चात तत्कालीन श्री ३ महाराज तथा प्रधानमन्त्री रणोद्दीपसिंहले जगत्जङ्ग र उनलाई काठमाडौँ झिकाएका छन् । अन्त्यमा शमशेर खलकद्वारा रणोद्दीपसिंहको हत्या भएको सूचना पाए पछि उनी ब्रिटिस राजदूतावास शरण लिन गएका छन् ।

**सेतो बाघ** उपन्यासमा नरेन्द्रलाई राजा सुरेन्द्रका कान्छा सुपुत्र, त्रैलोक्यका सहोदर भाइ, जङ्गबहादुका ज्वाइँ, शाहज्यादीको सहोदर दाजु, जगत्जङ्गका जेठान, श्री ५ जेठी र कान्छी महारानीहरूका देवर, सानू शाह र पृथ्वीवीरविक्रम शाहको काकाका रूपमा देखाइनु ऐतिहासिक तथ्य अनुरूप देखिन्छ । यसका अतिरिक्त दाजु त्रैलोक्यले राजदरबारबाट प्रधानमन्त्रीको हातमा गएको शासनसत्ता पुनः राजदरबारमा फिर्ता गर्न गरेको प्रयास तथा योजनामा नरेन्द्रले गरेको सहयोग वर्णन, धीरशमशेर विरुद्ध बनाएको गुट तथा योजनाको पर्दाफास भए पछि भारतको इलाहवाद जेलमा आजीवन जेलसजाय पाएको वर्णन, धीरशमशेरको मृत्यु पश्चात रणोद्दीपले काठमाडौँ झिकाएको वर्णन, रणोद्दीपको हत्याको सूचना पाए पछि ब्रिटिस राजदूतावासमा शरण लिन गएको वर्णनमा पनि ऐतिहासिकता पाइन्छ तर उनलाई जगत्जङ्गसँगै इलाहवाद जेलमा आजीवन जेलसजाय पाएको देखाउनुमा ऐतिहासिक विचलन भएको छ । जब कि नरेन्द्रलाई भारतको इलाहवाद जेलमा र जगत्जङ्गलाई भारतको चुनार किल्लामा जेल सजाय दिइएको इतिहास छ । युवराजद्वयका बिच, देवर भाउजुका बिच, काका छोराका बिच भएको संवादमा पनि लेखकले काल्पनिकता दिएका छन् ।

### (ट) श्री ५ कान्छी महारानी

श्री ५ कान्छी महारानी **सेतो बाघ** उपन्यासको सहायक ऐतिहासिक पात्र हुन् । यस उपन्यासमा श्री ५ कान्छी महारानी भनिए तापनि उनको वास्तविक नाम ललित राज्य लक्ष्मी हो (ज.ब.रा., २०६५ : अन्तिम पृष्ठ) । यस उपन्यासमा उनी युवराज त्रैलोक्यकी कान्छी महारानी, राजा सुरेन्द्रकी बुहारी, जङ्गबहादुरकी सुपुत्री, नरेन्द्रकी भाउजु, जगत्जङ्गकी बहिनी र राजा पृथ्वीवीर विक्रम शाहकी आमाका रूपमा चित्रित छिन् । उनले फ्रेन्च ह्विस्कीमा टुनामुना गरेर प्रेमोपहार स्वरूप युवराज त्रैलोक्यलाई दिएकी छिन् । त्रैलोक्यसँग विवाह हुनु पूर्व उनले राजदरबारीया भाषा तथा हिडाई सिकेकी छिन् । उनी सुरूमा असल चरित्रका रूपमा देखा परे पनि युवराज त्रैलोक्यको मृत्यु पश्चात् श्री ५ पृथ्वीको गद्दी खोसिन्छ कि भन्ने भ्रमले गर्दा दाजु जगत्जङ्ग र देवर नरेन्द्रप्रति शशङ्कित तथा होसियार छिन् । उनले आफ्ना दाजु जगत्जङ्ग र

देवर नरेन्द्रविक्रमलाई परको र शमशेर खलकलाई वरको सम्झेकी छिन् । उपन्यासमा राजा पृथ्वीवीर विक्रमकी माता भएकीले उनलाई श्री ५ राजमाता भनिएको छ । उनले जगत्जङ्ग र नरेन्द्रलाई राजद्रोहीको अभियोग लगाई भारतको इलाहवाद जेलमा आजीवन जेल सजाय दिन मञ्जुर भएकी छिन् । उनले वीरशमशेरसँग मिलेर रणोद्दीपसिंह र जगत्जङ्गहरूलाई सखाप पार्ने गोप्य योजना बनाएकी थिइन् । सोही योजनाअनुरूप उनले रणोद्दीपसिंह, जगत्जङ्ग, शाहज्यादी र युद्धप्रतापजङ्ग (नाति जर्नेल) लाई मार्न षड्यन्त्र रचेका शमशेरहरूको नरसंहारकारी षड्यन्त्रमा सहभागी भई आफ्नै जङ्गखलकलाई विनाश पार्न समेत पछि परेकी छैनन् ।

**सेतो बाघ** उपन्यासमा श्री ५ कान्छी महारानीलाई राजा सुरेन्द्रकी बुहारी, जङ्गबहादुरकी छोरी, नरेन्द्रकी कान्छी भाउजू, जगत्जङ्गकी बहिनी, पृथ्वीवीर विक्रमकी आमाकी रूपमा चित्रण गर्नु ऐतिहासिक तथ्य अनुरूप देखिन्छ । तर पृथ्वीकी आमालाई युवराज त्रैलोक्यकी कान्छी महारानीका रूपमा चित्रित गर्नु ऐतिहासिक विचलन देखिन्छ किनभने त्रैलोक्यले तिन वटा विवाह गरेका थिए । उनका जेठी श्रीमती तारा कुमारी (जङगबहादुरकी नन्दकुमारी तर्फकी छोरी), माहिली श्रीमती ललित राज्य लक्ष्मी (जङ्गबहादुरकी हिरण्यगर्भदेवी तर्फकी छोरी), र कान्छी श्रीमती कान्छी युवराज्ञी (प्र.से. जगत्शमशेरकी छोरी) हुन् (ज.ब.रा., २०६५ : अन्तिम पृष्ठ) । उनी आफ्ना पति त्रैलोक्यको भनाईलाई अनुसरण गर्दै देवर नरेन्द्र र दाजु जगत्जङ्गप्रति सदैव शशङ्कित र होसियार रहेकी थिइन् भन्ने वर्णनमा इतिहास मौन रहे पनि रणोद्दीपसिंह र जङ्गखलकलाई हत्या गराउन तथा वीरशमशेरलाई श्री ३ महाराज तथा प्रधानमन्त्री बनाउनमा उनले महत्त्वपूर्ण सहयोग गरेकी थिइन् भन्ने कुरामा इतिहासले पनि स्वीकार गर्दछ ।

(ठ) **युद्धप्रतापजङ्ग**

**सेतो बाघ** उपन्यासमा सहायक पात्रका रूपमा चित्रित युद्धप्रतापजङ्ग ऐतिहासिक पात्र हुन् । यस उपन्यासमा जगत्जङ्ग र शाहज्यादीका जेठा सुपुत्र, प्रधानमन्त्री जङ्गबहादुर र राजा सुरेन्द्रका नातिका रूपमा चित्रित छन् । उनको जन्मको खुसियालीमा काठमाडौँका तिनै सहर हर्षोल्लासमा मग्न रहेको छ र उनको मुख हेर्न टाढा टाढाबाट मानिसहरू आएका छन् । प्रधानमन्त्री जङ्गबहादुर र राजा सुरेन्द्रका नाति भएकाले उनले जर्नेल पद पाएका छन् । त्यसैले उनलाई नाति जर्नेल उपनामले सम्बोधन गरिएको छ । उनको शारीरिक सुन्दरतालाई उपन्यासमा यस प्रकार चित्रण गरिएको छ "उनको गोरो उज्यालो मुख ठूलठूला आँखा र छरितो शरीर थियो" (पृ.२१७) । प्रधानमन्त्री जङ्गबहादुर र राजा सुरेन्द्रको नाति भएका नाताले युद्धप्रतापजङ्गलाई उपन्यास भरी नै गरगहनाले सुसज्जित भएको देखाइएको छ ।

नाति जर्नेलको चरित्र तटस्थ प्रकारको देखिन्छ । आफ्ना बाबु जगत्जङ्ग र काकाहरू बिच रोलक्रमका विषयमा झगडा हुँदा उनले कुनैको पनि पक्ष लिएका छैनन् । अन्त्यमा रणोद्दीपको हत्या भएको खबर पाई ब्रिटिस राजदूतावासमा खाली हात पुगेका नातिजर्नेल पुनः आफ्नो निवासस्थल थापाथली आई बहुमूल्य गरगहना लिई किसानीको भेषमा फर्कदा शमशेर खलकका समर्थक मेजर केशरद्वारा गोली हानी पशुवत रूपमा हत्या भएको छ । जसरी उनको

जन्ममा सारा सहरवासीले खुसियाली मनाएका थिए सोही अनुसार उनको मृत्युमा पनि सारा सहरवासी रुनु पर्ने, दुःख व्यक्त गर्नु पर्ने थियो तर त्यसो भएको छैन ।

**सेतो बाघ** उपन्यासमा युद्धप्रतापजङ्गलाई जगत्जङ्ग र शाहज्यादीका जेठा सुपुत्र, प्रधानमन्त्री जङ्गबहादुर र राजा सुरेन्द्रका नातिका रूपमा चित्रण गर्नु, उनको जन्मोत्सवमा खुसीयाली मनाएको वर्णन, प्रधानमन्त्री र राजाका नाति भएकाले जर्नेल पद पाएको वर्णन, उनको उपनाम नाति जर्नेल भएको वर्णन र १९४२ सालको पर्वमा परी मृत्यु भएको वर्णन इतिहास सापेक्ष रहेको छ । यस वर्णनमा अलिकति ऐतिहासिक विचलन भएको छ । उपन्यासमा उनलाई दिइएको पदको नाम जर्नेल पद भनिएको छ तर इतिहासअनुसार उनलाई मेजर जर्नेल पद (ज.ब.रा., २०६५ : १४०) दिइएको थियो । त्यस्तै उपन्यासमा नाति जर्नेलको हत्याराको रूपमा मेजर केशर नामक व्यक्तिलाई (पृ.३४१) देखाइएकोले यहाँ पनि ऐतिहासिक विचलन भएको छ । उनको हत्या तत्कालीन कमाण्डर मेजर ललितमानसिंह बस्नेत (ज.ब.रा., २०६५ : २५७) ले गरेका थिए । जगत्जङ्ग र काकाहरू बिच रोलक्रमका विषयमा झगडा हुँदा युद्धप्रतापजङ्गलाई तटस्थ रूपमा देखाउनु ऐतिहासिक सत्य अनुरूपका काल्पनिक घटना हो । यसलाई लेखकको कल्पनाको उपज मान्न सकिन्छ ।

### (ड) देवशमशेर

**सेतो बाघ** उपन्यासको सहनायकका रूपमा चित्रित देवशमशेर ऐतिहासिक पात्र हुन् । यस उपन्यासमा धीरशमशेरका १७ जना छोराहरू मध्ये एक छोराका रूपमा देवशमशेरलाई प्रस्तुत गरिएको छ । शमशेर भाइहरूमध्येका एकदेवलाई उनका काहिँला काका कृष्णबहादुरले गोद लिएका छन् र उनी पुल्पुलिएका छन् । उनी गरगहनाले सुसज्जित देखिन्छन् । उनी अन्य शमशेर भाइहरू भन्दा फरक विचार र प्रवृत्तिका रूपमा देखा परेका छन् । उनी शमशेर भाइहरूको थुप्रै षड्यन्त्रमा सामेल भएका छैनन् । अझ काका रणोद्दीपसिंहको हत्या गर्ने बारेमा उनलाई अवगत गराइएको छैन् । उनी संसदीय व्यवस्थाका समर्थकका रूपमा चित्रित छन् । उनले जापानको आर्थिक विकास देखेर त्यहाँको संसदीय प्रजातान्त्रिक पद्धतिबाट प्रभावित भएका छन् । मनहरामा भएको छलफलमा देवले सोमनाथको संसदीय शासन व्यवस्थमा समर्थन जनाएका छन् ।

**सेतो बाघ** उपन्यासमा देवशमशेरलाई धीरशमशेरका छोराका रूपमा प्रस्तुत गर्नु र उनलाई आफ्ना काहिँला काका कृष्णबहादुरको घरमा बसेको देखाउनु ऐतिहासिक छ । यस उपन्यासमा उनलाई इतिहासमा उल्लेख भएभन्दा बढी उदार र सज्जन व्यक्तिका रूपमा चित्रण गरिएको छ ।

### (ढ) खड्गशमशेर लगायत अन्य १४ शमशेर भाइहरू

**सेतो बाघ** उपन्यासमा ऐतिहासिक पात्र खड्गशमशेर खलनायकको रूपमा चित्रित छन् । यस उपन्यासमा उनी रिसाहा, क्रोधी र कडा स्वभावका देखिन्छन् । धीरशमशेर गरिब भएकै कारण शाहज्यादीले वीरशमशेरसँग विवाह गरिनन् भन्ने हल्लाबाट आफूहरू अपमानित भएकोले बाँच्नु भन्दा मर्नु निको भन्ने आशय रणले व्यक्त गर्दा (पृ.९०) खड्गले रिसको झोकमा “मर्न नै कम्मर कस्ने हो भने यहाँ पर्लय रचेर मात्र मरुँला, कि हस्तिनापुरको रजाइँ कि चपरीमुनिको

बास" (पृ.९०) भनेका छन् । रणको जगत्जङ्ग श्री ३ महाराज र प्रधानमन्त्री भएमा आफूहरू (शमशेरहरू) बाँचौला भन्ने आशा पनि नगरे हुन्छ भन्ने भनाइमा खड्गले आफू जीवित भएसम्म जगत्जङ्गलाई श्री ३ हुन नदिने विचार व्यक्त गरेका छन् (पृ.२६७) । रणोद्दीपसिंहले आफ्नो श्री ३ महाराज र प्रधानमन्त्रीको पद जगत्जङ्गलाई सुम्पिएर काशीवास जाने कुराको जानकारी खड्गलाई दिएका छन् तर खड्गले आफूहरूको बिचल्ली हुने, जगत्जङ्गलाई कुनै पनि भाइहरूले मान्यता नदिने र रोलक्रमका लागि रक्तपात तथा झै-झगडा हुने कुरा रणोद्दीपलाई बताएका छन् ।

रणोद्दीपको हत्या गर्नमा वीरशमशेर भन्दा खड्ग एक कदम अगाडि देखिन्छन् । रणोद्दीपको हत्या पछि हल्ला गर्दै आएका बिजुली गारतलाई खड्गले हल्ला नगर्न आदेश दिदै आफूहरूले जङ्गबहादुरले बसालेको रीतिथिति कायम राख्न आफ्नै काका रणोद्दीपलाई हत्या गरेको (पृ.३०५) कुरा कमान्डिङ स्वरमा भनेका छन् । यसरी आफ्नो काका रणोद्दीपसिंहको हत्या गरी वीरशमशेरलाई श्री ३ महाराज तथा प्रधानमन्त्री बनाउनेमा खड्गको प्रमुख हात देखिन्छ । समग्रमा यस उपन्यासमा उनी प्रतिकूल पात्रका रूपमा चित्रित छन् ।

यस उपन्यासमा चन्द्र, रण, डम्बर जस्ता भाइहरूको प्रत्यक्ष उपस्थिति देखिन्छ । उनीहरू आफ्ना काका रणेद्दीपको हत्या गरी दाजु वीरशमशेरलाई श्री ३ महाराज तथा प्रधानमन्त्री बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् तापनि यिनीहरू गौण पात्र हुन् ।

खड्गशमशेर, चन्द्र, डम्बर, रणलाई धीरशमशेरका छोरा रूपमा देखाउनु, उनीहरूलाई गोत्रहत्याराका रूपमा देखाउनु जस्ता कुरामा ऐतिहासिक देखिन्छ । यस उपन्यासमा खड्गलाई रिसाहा, क्रोधी र कडा स्वभाव भएको चरित्रको रूपमा देखाइएको छ तर यस बारेमा इतिहास मौन छ । यसर्थ यस प्रकारको चरित्र देखाउनु लेखकको कल्पनाको उपज हो, ऐतिहासिक पात्रको औपन्यासिक चारित्रीकरण हो भन्न सकिन्छ ।

### (ण) उपेन्द्र विक्रम

**सेतो बाघ** उपन्यासमा गौणपात्रका रूपमा चित्रित उपेन्द्र विक्रम ऐतिहासिक पात्र हुन् । यस उपन्यासमा उनी राजा सुरेन्द्रका सहोदर भाइ, शाहज्यादीका काका, धनहजुरी (इतिहासकी मुनिन्द्र दिव्यश्वरी) का बाबु, वीरशमशेरका ससुराका रूपमा उपस्थित भएका छन् । उनलाई उपन्यासमा अति धर्मात्मा, विद्वान्, दानी, छन्दोबद्ध कवितामा बोल्न सक्ने, ठटेउलो बानी भएको र तान्त्रिक विद्यामा असाधारण ज्ञान भएको व्यक्तिका रूपमा देखाइएको छ (पृ.८३) । उनी जलवायु परिवर्तन कारण बिरामी भएर पूर्व २ नं. पहाडमा छोरी धनहजुरीलाई लिएर बसोवास गरेका छन् । उनलाई ठाउँ-ठाउँमा माहिला साहेबज्यू उपनामले सम्बोधन गरिएको छ । धनहजुरीले वीरशमशेरसँग र शाहज्यादीले जगत्जङ्गसँग विवाह गर्ने दुई दिदी बहिनीको गोप्य योजनामा उपेन्द्रले पनि समर्थन गरेका छन् । पूर्व २ नं. पहाडमा जगत्जङ्गसँग लडेर घाइते भएका वीरलाई उपेन्द्रले "तेरो निधार फुटेछ, हृदय दुख्यो होला । तिघ्रा नकँपाएस्, भाग्य चम्किन्छ" (पृ.८३) भनेका छन् । राष्ट्रकोषको पैसालाई गोमांस सम्झेर कसैले पनि लोभलालच गर्न हुन्न भन्नको लागि

उपेन्द्रविक्रमले "पिपाले यहाँ गाईको मासु किन ल्याएको ?" (पृ.१३२) भनेका छन् । उनले आफ्नी भाउजु (रानी) सँग वीरशमशेरलाई आफ्नी छोरी धनहजुरी दिने कुरा गरेका छन् (पृ.१३३) ।

**सेतो बाघ** उपन्यासमा उपेन्द्र विक्रमलाई राजा सुरेन्द्रका सहोदर भाइ, शाहज्यादीका काका, धनहजुरी (इतिहासकी मुनिन्द्र दिव्यश्वरी) का बाबु, वीरशमशेरका ससुराका रूपमा चित्रण गर्नु ऐतिहासिक तथ्य अनुरूप देखिन्छ । यसका अतिरिक्त उनमा तान्त्रिक विद्या सम्बन्धी ज्ञान भएको व्यक्तिका रूपमा र उनलाई माहिला साहेबज्यू उपनाम सम्बोधन गरिएको भन्ने वर्णनमा पनि ऐतिहासिकता पाइन्छ । यस उपन्यासमा उपेन्द्र विक्रमलाई अति धर्मात्मा, अति विद्वान्, दानी, छन्दोबद्ध कवितामा कुरा गर्न सक्ने व्यक्तिको रूपमा चित्रण गरिएको छ जुन इतिहास सापेक्ष देखिदैन किनभने इतिहासमा उनको यस प्रकारको चारित्रिक विशेषता उल्लेख भएको पाइँदैन । यसर्थ उनको चरित्र चित्रणमा लेखकको कल्पनाले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ भन्न सकिन्छ ।

### (त) श्री ५ पृथ्वीवीरविक्रम शाहदेव

श्री ५ पृथ्वीवीरविक्रम शाहदेव **सेतो बाघ** उपन्यासको गौण तथा ऐतिहासिक पात्र हुन् । यस उपन्यासमा उनलाई त्रैलोक्य र कान्छी महारानीका छोरा, सुरेन्द्रका नाति, नरेन्द्रका भतिजाका रूपमा चित्रण गरिएको छ । आफ्ना बाबु, बाजे सबैको मृत्यु भइसकेका कारण उनी नाबालक अवस्थामा नै राजगद्दीमा बसेका छन् । रणोद्दीपसिंहको हत्या पछि उनले वीरशमशेरलाई कास्की र लमजुङको श्री ३ महाराज तथा नेपालको प्रधानमन्त्री बन्नका लागि लालपञ्जापत्र दिएका छन् ।

पृथ्वीवीरविक्रमको शारीरिक सुन्दरता र चरित्रलाई उपन्यासमा यस प्रकार वर्णन गरिएको छ : "पृथ्वीको उज्यालो र गोरो मुख थियो । सुलुत्त परेको नाक, ठूलठूला आँखा र मोहित पार्ने मूर्ति थियो । त्यत्तिकै उनको अद्वितीय सौन्दर्य थियो, त्यस्तै राम्रो शाही चालचलन र मीठो बोली" (पृ.२३६) ।

यस उपन्यासमा श्री ५ पृथ्वीवीर विक्रम शाहदेवलाई त्रैलोक्य र शाहज्यादीका छोरा, सुरेन्द्रका नाति, नरेन्द्रका भतिजाका रूपमा चित्रण गर्नु ऐतिहासिक तथ्य अनुरूप देखिन्छ । यसका अतिरिक्त उनलाई नाबालक अवस्थामै राज्यारोहण भएको देखाउनु तथा रणोद्दीपसिंहको हत्या पछि उनले वीरशमशेरलाई श्री ३ र प्रधानमन्त्री बनाउन लालमोहर लगाई दिएको प्रसङ्ग पनि ऐतिहासिक तथ्यअनुरूप देखिन्छ ।

### (थ) बागकी कान्छी मैयाँ

बागकी कान्छी मैयाँ **सेतो बाघ** उपन्यासका गौण तथा ऐतिहासिक पात्र हुन् । यस उपन्यासमा यिनी जङ्गबहादुरकी कान्छी सुपुत्री, श्री ५ कान्छी महारानीकी सहोदर बहिनी र उपेन्द्र विक्रमका बुहारीका रूपमा देखा परेकी छिन् जुन इतिहास सापेक्ष छ । उनी जङ्ग खलककी भए पनि जङ्ग खलकका विपक्षमा र शमशेर खलकका पक्षमा चित्रित छिन् । उनले रणेद्दीपको हत्या गर्नमा शमशेर भाइहरूलाई निम्न भनाइबाट उत्साहित गरेकी छिन् "...अहिले नै गर्नु पर्दछ । फलामलाई आकार दिने हो भने तातैमा पिटे मात्र काम लाग्छ" (पृ.२८७) । उनले आफ्ना काका रणोद्दीप, दाजु, भाउजूहरूको हत्या गर्नमा शमशेर भाइहरूलाई सहयोग गरेका छन् । जुन

ऐतिहासिक देखिन्छ किनभने इतिहासका अनुसार उनले रणोद्दीपहरूको हत्याका लागि शमशेर भाइहरूलाई सहयोग गरेका थिए । यस उपन्यासलाई दुःखान्त बनाउने कारकका रूपमा बागकी कान्छी मैयाँको पनि महत्त्वपूर्ण भूमिका रहेको छ ।

### (द) जीतजङ्ग

**सेतो बाघ** उपन्यासमा जीतजङ्ग गौण तथा ऐतिहासिक पात्रको रूपमा देखा परेका छन् । यस उपन्यासमा उनलाई जङ्गबहादुरका छोरा, जगत्जङ्गका सहोदर भाइ तथा सुरेन्द्रका ज्वाइँका रूपमा चित्रण गरिएको छ । जुन इतिहासका तथ्यअनुरूप छ । उनी कमाण्डर इन चिफसम्म भएका छन् । उनी जङ्गखलक भए तापनि आफ्नै सहोदर दाजु जगत्जङ्गलाई साथ दिएका छैनन् । रणोद्दीपसिंहको हत्या पछि उनी ब्रिटिस राजदूतावासमा शरण लिन गएका छन् तर यस वर्णनमा ऐतिहासिक विचलन भएको छ । जबकी १९४२ सालको पर्व हुनु पूर्व उनी आफ्नो स्वास्थ्योपचारको निहुँ बनाएर भारत गई सकेका थिए । यिनको इतिहासमा महत्त्वपूर्ण भूमिका भए पनि यस उपन्यासमा गौण भूमिका दिइएको छ ।

### (ध) श्री ५ सुरेन्द्रकी महारानीहरू

श्री ५ सुरेन्द्रकी महारानीहरू पनि **सेतो बाघ** उपन्यासको गौण तथा ऐतिहासिक पात्र हुन् । यस उपन्यासमा सुरेन्द्रकी महारानीहरू भनिए तापनि इतिहासमा उनीहरूको नाम त्रैलोक्य राज्य लक्ष्मी र पुण्ड्य कुमारी रहेको छ (ज.ब.रा., २०६५ : अन्तिम पृष्ठ) । त्रैलोक्य राज्य लक्ष्मी सरल, सोझी, अशिक्षित स्वभावकी छिन् । उनी युवराजद्वय त्रैलोक्य र नरेन्द्र तथा शाहज्यादीकी आमाकी रूपमा चित्रित छन् जुन इतिहास सापेक्ष छ । जगत्जङ्गको प्रेमाशक्तिले गर्दा बिरामी परेकी पुत्री शाहज्यादीलाई गोरा डाक्टरको हातबाट उपचार गर्ने राजाको विचारमा रानीले गोराले छोएमा अगति परिन्छ भन्ने रूढिवादीग्रस्त सोचले परिचालित भई विविध धामी, झाँक्री, अक्षता पाती गरेकी छिन् । यसर्थ उनलाई रूढिवादी सोचले ग्रस्त पात्रका रूपमा लिन सकिन्छ । कान्छी रानी पुण्ड्य कुमारीले राजा सुरेन्द्र समक्ष शाहज्यादीको विवाहको उपलक्ष्यमा आफू पट्टीका सुसारेहरूले बकस नपाएको गुनासो गरेकी छिन् । यस बाहेक यस उपन्यासमा उनको कुनै भूमिका देखिँदैन ।

### (न) केशरसिंह थापा

केशरसिंह थापा **सेतो बाघ** उपन्यासको गौण तथा ऐतिहासिक पात्र हुन् । उनी शमशेर खलकका मामाका रूपमा यस उपन्यासमा आएका छन् । जुन इतिहास सापेक्ष छ । पहिले शमशेरहरूको षड्यन्त्रकारी योजनालाई गोत्रहत्या सम्झने थापाले पछि शमशेरहरूको गोत्रहत्या जस्ता जघन्य कार्यमा सहयोग गरेका छन् ।

### (प) बमबहादुर राणा

**सेतो बाघ** उपन्यासमा गौण तथा ऐतिहासिक पात्रका रूपमा बमबहादुर राणा उपस्थित छन् । यस उपन्यासमा उनी जङ्गबहादुरका माहिला भाइका रूपमा देखा परेका छन् जुन ऐतिहासिक तथ्य अनुरूप छ । इतिहासमा महत्त्वपूर्ण भूमिका रहेका बमबहादुरलाई यस उपन्यासमा सामान्य भूमिका

दिइएको छ । यस उपन्यासमा उनी र भाइ धीरशमशेरको नेतृत्वमा तिब्बतसँग युद्ध गरी विजय प्राप्त गरी काठमाडौँ आएका छन् जुन इतिहास सापेक्ष छ । उपन्यासमा बमबहादुरले श्री ३ महाराज तथा प्रधानमन्त्री जङ्गबहादुरको शेषपछि उनको वैध्य उत्तराधिकारीको रूपमा जगत्जङ्ग हुनु पर्दछ भनी जङ्गबहादुर समक्ष निवेदन गरेका छन् तर यस किसिमको वर्णन सम्बन्धी इतिहासले केही पनि उल्लेख नगरेको हुँदा लेखकको कल्पनाको उपज हो भन्न सकिन्छ ।

### (फ) **कृष्णबहादुर**

कोत पर्व तथा भण्डारखाल पर्व जस्ता ऐतिहासिक पर्वहरूमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका कृष्णबहादुरलाई **सेतो बाघ** उपन्यासमा गौण भूमिकामा चित्रण गरिएको छ । उनी जङ्गबहादुरका काहिँला भाइका रूपमा चित्रित छन् जुन इतिहास सापेक्ष छ । उनी निसन्तान भएकाले उनले आफ्ना भतिजा देवशमशेरलाई गोद लिएका थिए (पृ.९०) भन्ने कुरा उपन्यासमा उल्लेख छ जुन इतिहास सापेक्ष नै देखिन्छ ।

### (ब) **श्री ३ बडामहारानी (मैयाँ महारानी)**

श्री ३ बडामहारानी **सतो बाघ** उपन्यासको गौण तथा ऐतिहासिक पात्र हुन् । ऐतिहासिक तथ्य अनुरूप यस उपन्यासमा उनी जङ्गबहादुरकी महारानीका रूपमा चित्रित छिन् । उनको वास्तविक नाम हिरण्यगर्भदेवी (ज.ब.रा., २०६५ : १९१) भए पनि यस उपन्यासमा कहिं "श्री ३ बडामहारानी" त कहिं "मैयाँ महारानी" पदको नामले सम्बोधन गरिएको छ । जुन नामले सम्वोधन गरिए तापनि इतिहास सम्मत देखिन्छ किनभने जङ्गबहादुरले आफ्नी पत्नी हिरण्यगर्भदेवीलाई "श्री ३ बडामहारानी" र "मैयाँ महारानी" को पद दिएका थिए (ज.ब.रा., २०६५ : १९१) । यस उपन्यास (पृ.२०६) मा श्री ३ बडामहारानी आफ्नो लोग्नेको जीवनको अन्तिम घडीसम्म पनि जगत्जङ्गलाई श्री ३ को पहिलो उत्तराधिकारी घोषणा बनाउनमा सक्रिय रहेकी तर सती जाने समयमा उनले एकाएक विचार परिवर्तन गरी लोग्नेको इच्छा पूरा होस् भन्ने हेतुले श्री ३ महाराज परलोक भएको दुःखद समाचारपत्र एक पत्रवाहकद्वारा धीरशमशेर कहाँ पठाएकी थिइन भन्ने वर्णनमा उनी सती गएको कुरा ऐतिहासिक छ किन भने जङ्गबहादुरको मृत्युमा सती जाने तिन जङ्गका पत्नीहरू मध्ये श्री ३ बडामहारानी पनि थिइन् (ज.ब.रा., २०६५ : १९०-१९४) ।

### (भ) **समरबहादुर**

समरबहादुर **सेतो बाघ** उपन्यासमा गौण तथा ऐतिहासिक पात्रका रूपमा देखा परेका छन् । यस उपन्यासमा उनी रणोद्दीपसिंहको हजुरिया कर्णेल (पृ.२८९) का रूपमा आएका छन् । भारतको रावलपिण्डीमा सैनिक प्रदर्शनका लागि कतिखेर सवारी हुने हो भन्ने बारेमा जानकारीका लागि जगत्जङ्गले उनलाई वीरशमशेर समक्ष पठाउँछन् तर उनी शमशेर भाइहरूको षड्यन्त्रमा परी कोठामा थुनिन पुगेका छन् । उनले रणोद्दीपलाई सम्झेर मेरा अन्नदाता, मेरा महाराज, मेरा मालिक भन्दै रोएका छन् र अन्त्यमा उनलाई शमशेरभाइहरूद्वारा देशनिकाला गरिएको छ (पृ.३२३-३२४) । यिनको चरित्रबाट तत्कालीन समयमा कर्तव्यनिष्ठ, इमानदारी, निर्दोषी सैनिकहरू कसरी अपमानित भई सजाय भोग्नु पर्दथ्यो भन्ने ऐतिहासिक सत्यको यथार्थ चित्रण भएको छ ।

(म) अन्य ऐतिहासिक पात्रहरू

माथि उल्लेखित पात्रहरूका अतिरिक्त **सेतो बाघ** उपन्यासमा अन्य ऐतिहासिक पात्रहरूको पनि प्रयोग भएको छ । यस उपन्यासमा पद्मजङ्ग, डम्बरजङ्ग, ललितजङ्ग, हर्षजङ्ग आदि जङ्गबहादुरका छोराहरूको उपस्थिति देखिए पनि उनीहरूको औपन्यासिक भूमिका गौण रहेको छ । इतिहासमा महत्त्वपूर्ण भूमिका रहेका जगत्शमशेर यस उपन्यासमा सामान्य भूमिकाका रूपमा मात्र देखा परेका छन् । बमबहादुरका छोराहरू बमविक्रमबहादुर र बुद्धिविक्रमबहादुरको औपन्यासिक भूमिका उल्लेखनीय देखिदैन । यसर्थ उनीहरूलाई पनि गौण पात्रको श्रेणीमा राख्न सकिन्छ । यस उपन्यासमा कर्नेल विक्रमसिंह थापा, कर्नेल समरविक्रम थापा, कर्नेल इन्द्रसिंह बस्नेत, कर्नेल कुलमानसिंह थापा, मेजर सङ्ग्रामसूर विष्ट, खजाञ्ची शिवप्रसाद, सुब्बा टङ्कनाथ र सुब्बा होमनाथ जस्ता पात्रहरूलाई संसदीय शासन व्यवस्थाको निन्दा गरी सोमनाथलाई उल्लु बनाउने तथा जङ्गबहादुरप्रति अटल भक्ति देखाउने पात्रहरूको रूपमा चित्रण गरिएको छ तर पछि धीरशमशेरहरूको पक्राउमा परी कोहीलाई मुडिने, कोहीलाई शूलीमा चढाइने, कोहीलाई फाँसीमा चढाउने  र कोहीलाई सर्वस्वहरण गरी कैद गर्ने सजाय सुनाइएको छ (पृ.२४७) । इतिहासमा यिनीहरूको भूमिका महत्त्वपूर्ण भए पनि यस उपन्यासमा सामान्य भएकाले यिनीहरूलाई गौण पात्रको कोटीमा राख्न सकिन्छ । यस उपन्यासको कथावस्तुको बिच-बिचमा प्रसङ्गवश भीमसेन थापा, भक्ति थापा, अम्मरसिंह थापा, माथवरसिंह थापा, पृथ्वीनारायण शाह, राजेन्द्रलक्ष्मी, रणबहादुर, गुरुप्रसाद शाह, दलाइ लामा, बेलायतकी महारानी भिक्टोरिया तथा राजकुमार सप्तम् एड्वर्ड, नेपोलियन वोनापार्ट, भृकुटी, स्रङ्चोङ गम्पो, शेक्सपियर जस्ता आदि ऐतिहासिक पात्रहरूको नामोच्चारण गरिएको छ । जसले गर्दा उपन्यासलाई ऐतिहासिकताको आभास दिन सहयोग गरेको छ ।

## ४.२.२ काल्पनिक पात्रहरू

**सेतो बाघ** उपन्यासमा सोमनाथ, शशीकला, लक्ष्मी केटी,  हवलदार, मेजर केशर, भोला, च्याङ्बा, इसकपरी, सोमनाथकी श्रीमती मायादेवी, सोमनाथको छोरा नरसिंहनाथ लगायत अन्य दुई साना छोराहरू, हेमप्रसाद, गनेश साहु, कुलानन्द राजभण्डारी, ज्यापु किसान, दरबारिया नोक्कर चाकर तथा धाई सुसारेहरू (द्वारे, पार्वती, वेगमपरी, सुगन्धराज, अडिनी, पष्पलता, कुम कुम, दीलबहादुर धाई, प्रियवदन, मधुमालती, हुसनज्यान, चैनपरी, श्यामा), सुँडिनी, झाँक्रीहरू, कविराज, वैद्यहरू, गुरुज्यू विजयराज, महापण्डित भुवनेश्वर, शिरोमणि आचार्य, अंग्रेज दूत कूपर जस्ता आदि काल्पनिक पात्रहरूको संयोजन भएको छ। त्यस्तै यस उपन्यासमा दुई चिनियाँ कुकुर, बेलायती कुकुरहरू, हात्ती जस्ता मानवेतर पात्रहरूको पनि प्रयोग गरिएको छ । यस उपन्यासमा यस्ता काल्पनिक पात्रहरूको संयोजन भए पनि कतिपय चरित्रहरूको क्रियाव्यापारद्वारा ऐतिहासिकता प्रदान गर्न उपन्यासकार डायमनशमशेर सफल देखिन्छन् ।

### (क) सोमनाथ

सोमनाथ **सेतो बाघ** उपन्यासको महत्त्वपूर्ण पात्र हुन् । यस उपन्यासमा उपन्यासकारले वैचारिक पात्रका रूपमा सोमनाथलाई उभ्याएका छन् । उनकै माध्यमद्वारा उपन्यासकार डायमनशमशेरले प्रजातान्त्रिक शासन व्यवस्था सम्बन्धी विचार व्यक्त गरेका छन् । यस उपन्यासमा संस्कृत र अङ्ग्रेजी भाषामा राम्रो दखल भएकोले सोमनाथले जङ्गबहादुरसँग बेलायत जाने सौभाग्य मिलेको र बेलायतबाट फर्के पछि उनले नेपालमा पनि बेलायतमा जस्तै संसदीय व्यवस्था लागु गर्न जङ्गबहादुरलाई आग्रह गरेका थिए (पृ.१) भन्ने कुरा वर्णन गरिएको छ । तर उनी काल्पनिक पात्र हुन् किनभने एकातर्फ जङ्गबहादुरसँग बेलायत यात्रा गर्नेहरूको नामावलीमा उनको नामोल्लेख छैन अर्कोतर्फ तत्कालीन एकतन्त्रीय जहानियाँ शासन व्यवस्थामा प्रजातान्त्रिक शासन व्यवस्थाको बारेमा वकालत गर्नु पनि संभव देखिदैंन । यस उपन्यासमा उनलाई जङ्गबहादुरका बाल्यकाल देखिका साथी, हितैषी विद्वान्, नामी भारदार र दरबारीया महापण्डितको रूपमा चित्रण गरिएको छ (पृ.९८) । सोमनाथले एक तन्त्रीय जहानियाँ शासन व्यवस्थामा सुधार गरी संसदीय शासन व्यवस्था लागु गर्न जङ्गबहादुलाई बारम्बार सल्लाह दिएका छन् र उनले संसदीय शासन व्यवस्थाको बारेमा वकालत गरेका छन् । राणाहरूले सोमनाथलाई संसदीय व्यवस्थाको बारेमा वकालत गरेको अभियोगमा बौलाहा, बोक्सोको संज्ञा दिई देश निकाला गरेका छन् । यही कारणले गर्दा उनका परिवारहरूले विचल्ली खेप्नु परेको छ तर अन्तिम अवस्था उनी आफ्नो सैद्धान्तिक निष्ठाबाट विचलित भएका छन् र उनले आफ्नो गल्तीका लागि जङ्गबहादुर समक्ष माफी मागेका छन् ।

सोमनाथ काल्पनिक पात्र हुन् । यस उपन्यासमा उनको क्रियाव्यापार मूलतः काल्पनिक नै देखिन्छ । सोमनाथको माध्यमबाट उपन्यासकारले एकातर्फ संसदीय व्यवस्थासम्बन्धी आफ्नो विचार व्यक्त गरेका छन् भने अर्कोतर्फ तत्कालीन परिस्थितिमा राम्रो सोच, विचार भएका व्यक्तिहरू कसरी अपमानित र लज्जित हुनु पर्दथ्यो भन्ने ऐतिहासिक सत्यको उद्घाटन गरेका छन् ।

### (ख) शशीकला

**सेतो बाघ** उपन्यासमा शशीकला महापण्डित सोमनाथकी छोरीकी रूपमा आएकी काल्पनिक पात्र हुन् । यिनले जगत्जङ्ग र शाहज्यादीको प्रेम स्थापित गर्नमा महत्त्वपूर्ण भूमिका खेलेकी छिन् । शाहज्यादीको बाहुलीबाट बनेको परिकार प्रेमोपहार स्वरूप लिएर जगत्जङ्ग समक्ष गएकी छिन् र उनले शाहज्यादी जगत्जङ्गको प्रेममा परेको कुरा जगत्जङ्गलाई भनेकी छिन् । तर बाबु सोमनाथलाई देशनिकाला गरे पछि उनलाई पनि दरबारबाट निकालिएको छ । अन्त्यमा उनको पनि विवाह भइसकेको र देवरलाई लिएर नाति जर्नेलको जन्मेको खुसियालीमा मुख हेर्न माइत आएकी  छिन् । उनको माइतको आर्थिक अवस्था नाजुक रहेको देखाइएको छ ।

### (ग) माया देवी

**सेतो बाघ** उपन्यासकी पण्डित सोमनाथकी धर्मपत्नी तथा शशीकलाकी आमा मायादेवी काल्पनिक पात्र हुन् । आफ्नो लोग्ने सोमनाथलाई देशनिकाला गरे पछि मायादेवी आर्थिक सङ्कटले

पिरोलिएकी छन् । उनको घरमा पाहुना आउँदा एकछाक मीठो खाने अन्न समेत छैन । उनको छोरो नरसिंहनाथ गरिबी कै कारण अपमानित भएर रानीपोखरीमा हामफालेर मर्दछ तर मायादेवीका विरोधीहरूले उनलाई बोक्सीको आरोप लगाउदै छोरा पनि उनले नै मारेको हो भन्ने अभियोग लगाएका छन् तर अन्त्यमा जङ्गबहादुरले मायादेवी बोक्सी होइनन् भनी फैसला सुनाए पछि उनले न्याय पाएकी छन् ।

### (घ) केशर र भोला

केशर र भोला **सेतो बाघ** उपन्यासको काल्पनिक तथा गौण पात्रहरू हुन् । इतिहासमा यिनीहरूको नामाङ्कित छैन तर यिनीहरूको प्रवृत्ति ऐतिहासिक छ । राणाकालीन समयमा तत्कालीन उच्च भारदारहरूको दरबारमा सुसारेहरूसँग हुने गोप्य सम्बन्ध र तिनीहरूलाई रखौटीका रूपमा लुकाएर राखिने गरेका थुप्रै घटनाहरूको इतिहास पाइन्छ, तिनै रखौटीहरूको प्रतिनिधित्व **वसन्ती** उपन्यासकी वसन्तीले (पोखरेल, २०६८ : १२१) गरे झै **सेतो बाघ** उपन्यासका केशर र भोला जस्ता पात्रहरूले राणाकालीन समयमा चाकडी, चाप्लुसी गरेर आफ्नो स्वार्थ लिने व्यक्तिहरूको प्रतिनिधित्व गरेका छन् । यसर्थ उनीहरू ऐतिहासिक तथ्यअनुरूपका पात्रहरू नभए पनि प्रतिनिधि पात्रका रूपमा लिँदा चाहिँ उनीहरू ऐतिहासिक पात्रहरू नै हुन् । यिनीहरू चाकडी, चाप्लुसी र पीपलपाते प्रवृत्ति देखाउन माहिर छन् । धीरशमशेरका विरुद्धमा लागेको बेला शमशेरहरूको पक्राउमा परे पछि उनीहरू (केशर र भोला) ले त्रैलोक्यले बनाएको षड्यन्त्रको कागजपत्रलाई जगत्जङ्ग र नरेन्द्रले हालसालै बनाएको हो भन्ने झुठो बयान दिएर शमशेरहरूको साखुल्ले बन्न पुगेका छन् । त्सस्तै धीरशमशेरको मृत्यु पश्चात रणोद्दीपसिंहले जगत्जङ्गलाई काठमाडौं झिकाउछन् र जगत्जङ्ग श्री ३ हुने सम्भावना देखे पछि केशर र भोलाले जगत्जङ्गको पुनः जय तथा भक्तिभाव देखाएका छन् भने शमशेर खलकको निन्दा गरेका छन् । अझ उनीहरूले **हत्या** नामक नाटकद्वारा शमशेर भाइहरूको एक चिहान भएको दृश्य समेत देखाएका छन् । अन्त्यमा रणोद्दीपसिंहको हत्या भए पछि उनीहरूले पुनः जगत्जङग, रणोद्दीपहरूको निन्दा गर्दै वीरशमशेरहरूको भक्तिभाव देखाउन सफल भएका छन्  र क्रमशः मेजर र सुब्बा पद समेत पाएका छन् ।

केशर र भोलाको चरित्रका माध्यमद्वारा लेखकले तत्कालीन समयमा आफ्नो व्यक्तिगत स्वार्थका लागि अन्ध रूपमा शक्तिको पूजा गर्ने चाकडी, चाप्लुसी व्यक्तिहरूको चरित्राङ्कन गरेका छन् । यस्ता व्यक्तिहरूको चरित्राङ्कनद्वारा तत्कालीन समयमा चाकडी, चाप्लुसी गर्नेहरू कसरी पदोन्नति तथा सम्मानित हुन्थे भन्ने ऐतिहासिक सत्यको उद्घाटन भएको छ ।

### (ङ) दीलबहादुर धाई

**सेतो बाघ** उपन्यासकी दीलबहादुर धाई काल्पनिक पात्र हुन् । यस उपन्यासमा उनको भूमिका गौण रहेको छ । यिनी राजदरबारकी धाई आमाका रूपमा चित्रित छन् । शाहज्यादी र जगत्जङ्गको प्रेमसम्बन्ध भएको कुरा थाहा पाए पछि उनले शाहज्यादीलाई मासुको रूपमा चिनाउदै त्यही मासु रूपी शाहज्यादीको लागि कुकुर रूपी जगत्जङ्ग र वीरशमशेरहरूको कलह हुने कुरा व्यक्त गरेकी छिन् । उनले भनेकी छिन् "एक चौटा मासुका लागि दुई वटा कुकुरहरूको

कलह भएको देखिन्छ" (पृ.६३) । जगत्जङ्ग र वीर के कुकुर हुन् त ? भन्ने शशीकलाको प्रश्नको प्रति उत्तरमा धाई आमाले "आफ्नो तामसिक इच्छापूर्तिका लागि यी मोरा लोग्नेमानिस भनाउँदाहरू कुकुर त के दैत्यको रूप धारण गर्दछन्" (पृ.६३) भनेकी छन् । पछि पूर्व २ नं. पहाडमा शाहज्यादीले आफ्नो लागि जगत्जङ्ग र वीरशमशेर लडेको देखेर धाई आमाले भनेको कुरालाई सम्भिmन पुगेकी छिन् ।

**सेतो बाघ** उपन्यासकी दीलबहादुर धाई काल्पनिक पात्र हुन् र उनको औपन्यासिक भूमिका पनि काल्पनिक नै रहेको छ तर राणाकालीन समयमा राजदरबारमा धाई आमा राख्ने ऐतिहासिक प्रचलनलाई भने नकार्न सकिँदैन । अहिले पनि यो प्रचलन अद्यावधिक रहेको पाइन्छ ।

**(च) इसकपरी**

**सेतो बाघ** उपन्यासकी इसकपरी काल्पनिक पात्र हुन् । यस उपन्यासमा उनको सामान्य भूमिका रहेकोले उनलाई गौण पात्रको कोटिमा राख्न सकिन्छ । यिनी दरबारिया नर्तकी वर्गको प्रतिनिधि गर्ने वर्गीय पात्र हुन् । उनलाई दरबारीया सोख सयलमा टक नबसेकाले त्यहाँदेखि भाग्ने क्रममा अचानक जगत्जङ्गसँग बिटुलिन पुगेकी छिन् । यिनले नै सर्वप्रथम जगत्जङ्गको कुमारत्व तोडेकी छिन् । यिनैसँगको बिटुल्याइले गर्दा जगत्जङ्ग शाहज्यादीप्रति आकर्षित भएका छन् ।

**सेतो बाघ** उपनयासको इसकपरी नामक पात्र र उसले खेलेको औपन्यासिक भूमिका ऐतिहासिक तथ्यअनुरूप नभए पनि यस उपन्यासमा इसकपरीको चरित्रद्वारा राणाकालीन समयमा राणाहरूले नारीहरूलाई कसरी भोग्या र मनोरञ्जनका साधनका रूपमा प्रयोग गर्दथे भन्ने ऐतिहासिक सत्यको उद्घाटन भएको छ ।

**(छ) अन्य काल्पनिक पात्रहरू**

**सेतोबाघ** उपन्यासमा पुष्पलता, पार्वती र जमुनी जस्ता नारी पात्रहरू जगतजङ्गको व्यक्तित्वको प्रशंशा गर्न मात्र देखा परेका छन् । प्रियंवदा, मधुमालती, हुस्नज्यान, बेगमपरी, चैनपरी, श्यामा आदि दरबारीया सुसारेका रूपमा आएका छन् । कोराल्नी र बुबुधाई जस्ता नारी पात्रहरू शाहज्यादीले पुत्रलाभ गर्ने समयमा मात्र उपस्थिति रहेको छ । नेप्टी, धाई, काली घैंटी चाकर्नी, लाटी र कोप्ची कमारी जस्ता नारीहरू दरबारीया नोक्कर चाक्करहरू हुन् । यस्ता पात्रहरूको औपन्यासिक भूमिका गौण रहेको छ । माथि उल्लेखित पात्रहरूको नामलाई इतिहाससँग दाँजेर हेर्दा मेल नखाने हुँदा यी पात्रहरूलाई काल्पनिक पात्रको कोटिमा राख्न सकिन्छ तर यी पात्रहरूले राणाकालीन दरबारमा काम गर्ने नोकर चाकर, धाई सुसारेहरूको प्रतिनिधित्व गर्ने कुरालाई भने नर्कान सकिँदैन ।

## ४.३ निष्कर्ष

ऐतिहासिक उपन्यासमा प्रयुक्त ऐतिहासिक पात्रहरूको चारित्रिक क्रियाव्यापार इतिहास अनुरूप हुनुपर्दछ भन्ने अपेक्षा गरिन्छ । **सेतो बाघ** उपन्यास ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा प्रयुक्त प्रमुख पात्रहरू इतिहास अनुकूल छन् । यस उपन्यासमा लेखकले कतिपय

ऐतिहासिक चरित्रको चारित्रिक क्रियाव्यापारलाई इतिहास अनुरूप प्रस्तुत गरेका छन् भने कतिपय चरित्रहरूमा कल्पनाको लेपन लगाई इतिहास भन्दा केहि फरक चरित्रका रूपमा उपस्थित गराएका छन् । जगत्जङ्गलाई जङ्गबहादुरको पुत्र, राजा सुरेन्द्रका ज्वाइँ, शाहज्यादीको पतिका रूपमा देखाउनु, शाहज्यादीलाई राजा सुरेन्द्रकी सुपुत्री, जगत्जङ्गकी पत्नी, जङ्गबहादुरकी बुहारी, नाति जर्नेलकी आमाका रूपमा देखाउनु, जङ्गबहादुरलाई प्रधानमन्त्रीका रूपमा तथा राजदरबारमा वैवाहिक सम्बन्ध कायम राखेको देखाउनु, धीरशमशेर र उनका छोराहरूको षड्यन्त्रकारी र गोत्रहत्या चरित्र, रणोद्दीपको धार्मिक प्रवृत्ति, सोझा, सज्जन र भीरु चरित्र, युवराज द्वय त्रैलोक्य र नरेन्द्रको क्रान्तीकारी एवम् परिवर्तनमुखी आदि चरित्र इतिहास सापेक्ष रहेका छन् । तर जगत्जङ्गको वीर, दानवीर, कुशल राजनीतिज्ञ, इतिहासवेत्ता, आदर्शप्रेमी, उदार र सत् चरित्र, शाहज्यादीको आदर्श प्रेमिकाको भूमिका, जङ्गबहादुरको देशभक्ति, राजभक्ति, अनुशासित शासक शीष्ट र सत् चरित्र, धनहजुरीको प्रेमिकाको चरित्र, वीरको प्रेमी चरित्र आदि इतिहास भन्दा निरपेक्ष चरित्र हुन् । यस्ता चरित्रहरूको निर्माणमा लेखकको कल्पनाको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**सेतो बाघ** उपन्यासमा डायमनशमशेरले काल्पनिक पात्रहरूको पनि समायोजन गरेका छन् । सोमनाथ, शशीकला, केशर, भोला, दीलबहादुर धाई, इसकपरी, पुष्पलता, पार्वती, जमुनी, प्रियंवदा, बेगमपरी, मधुमालती, हुस्नज्यान, चैनपरी, नेप्टी, काली, घैंटी चाकर्नी, हसिना आदि **सेतो बाघ** उपन्यासमा प्रयुक्त काल्पनिक पात्रहरू हुन् । यस्ता पात्रहरूको नामलाई इतिहाससँग दाँजेर हेर्दा इतिहाससँग मेल खाँदैन । यसर्थ यस्ता पात्रहरूलाई काल्पनिक पात्रको कोटीमा राख्न सकिन्छ तर यी पात्रहरूको क्रिया व्यापारमा ऐतिहासिक सत्य पाउन सकिन्छ । यी पात्रहरूले नेपालको राणा कालीन समयको राजदरबारमा काम गर्ने पण्डित, नोकर, चाकर, धाई, सुसारेहरूको वर्गीय प्रतिनिधित्व गरेका छन् ।

पात्र समायोजनका दृष्टीले **सेतो बाघ** उपन्यास सफल रहेको छ । यस उपन्यासका कतिपय पात्रहरूको चरित्र इतिहास अनुरूप नै छन् भने कतिपय पात्रहरूको चरित्रलाई इतिहासमा चित्रित भन्दा अलि फरक तरिकाले आदर्शीकरण गरी प्रस्तुत गरिएको छ । इतिहासमा गौण भूमिका भएका जगत्जङ्ग र शाहज्यादीलाई यस उपन्यासमा महत्त्वपूर्ण भूमिका प्रदान गरी क्रमशः नायक र नायिकाको भूमिकामा उभ्याइएको छ । यस उपन्यासमा नाबालक तथा जन्मदै नजन्मेको व्यक्तिलाई एक्कासी यौवन र परिपक्क उमेरमा उपस्थित गराई क्रियाव्यापार प्रदान गराइएको छ । इतिहासमा जगत्जङ्ग, शाहज्यादी, वीरशमशेर, श्री ५ कान्छी महारानी जस्ता आदि पात्रहरूको आन्तरिक मनको चित्रण पाइदैन तर यस उपन्यासमा उपन्यासकारले यी पात्रहरूको आन्तरिक मनको चित्रण गरेका छन् जसले गर्दा ऐतिहासिक पात्ररूलाई जीवन्तता प्रदान गरको छ ।

## पाँचौं परिच्छेद

# सेतो बाघ उपन्यासको परिवेशमा ऐतिहासिकता

## ५.१ विषय परिचय

पात्रले गरेको क्रियाव्यापार वा कथास्थल र घटनाहरू घटित हुने वस्तुजगत् नै परिवेश हो । कुनै पनि साहित्यिक कृतिमा प्रस्तुत हुने स्थान, समय र वातावरणको समष्टि रूपलाई परिवेश भनिन्छ (कोइराला, २०६९ : ६३) । उपन्यासमा कथावस्तु, पात्रको क्रियाव्यापार र लेखकको उद्देश्य अनुरूप परिवेशको समायोजन गरिएको हुन्छ जसले गर्दा उपन्यासलाई व्यञ्जनात्मक, भव्यतर, सबल, प्रभावकारी र स्वाभाविक बनाउछ । ऐतिहासिक उपन्यासमा निश्चित ऐतिहासिक कालखण्डको घटनाहरूलाई विषयवस्तुको रूपमा ग्रहण गरिएको हुन्छ । यस किसिमको उपन्यासमा ऐतिहासिक कथावस्तुसँगै ऐतिहासिक पात्र र परिवेश पनि स्वतः तानिएर आएका हुन्छन् । लेखकले ऐतिहासिक उपन्यासमा ऐतिहासिक कथावस्तु, पात्र, उद्देश्य अनुकूलको तत्कालीन भौगोलिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक जस्ता आदि पक्षको चित्रण गरेको हुन्छ । **सेतो बाघ** उपन्यास पनि ऐतिहासिक कथावस्तुलाई लिएर लेखिएको ऐतिहासिक उपन्यास हो । यस उपन्यासको कथावस्तु, पात्रका अतिरिक्त परिवेश पनि ऐतिहासिक रहेको छ । यसर्थ यस परिच्छेदमा **सेतो बाघ** उपन्यासको परिवेशमा के-कस्ता ऐतिहासिक परिवेश छन् ? र के-कस्ता काल्पनिक परिवेश छन् ? सो कुराको विश्लेषण गरिएको छ ।

## ५.२ सेतो बाघ उपन्यासको परिवेशमा ऐतिहासिकता

**सेतो बाघ** उपन्यासमा बाह्य र आन्तरिक दुवै प्रकारको परिवेशको प्रयोग पाइन्छ । यसर्थ यस उपन्यासको परिवेशलाई बाह्य परिवेश र आन्तरिक परिवेश गरी दुई वर्गमा विभाजन गरी विश्लेषण गरिएको छ :

### ५.२.१ बाह्य परिवेश

बाह्य रूपमा देखा पर्ने स्थान, समय र अन्य भौतिक वातावरण नै बाह्य परिवेश हो । यस परिवेशलाई पनि कालिक, स्थानिक र परिस्थितिक गरी तिन वर्गमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

**(क) कालिक परिवेश**

ऐतिहासिक उपन्यासमा निश्चित कालखण्डबाट विषय वस्तु ग्रहण गरिएको हुन्छ । **सेतो बाघ** उपन्यास पनि ऐतिहासिक घटनाहरूलाई औपन्यासिक विषयवस्तुका रूपमा ग्रहण गरी रचना गरिएको ऐतिहासिक उपन्यास हो । कालगत परिवेशका रूपमा हेर्दा यस उपन्यासमा मूलतः वि.सं. १९११-१२ को नेपाल-भोट युद्धको समयदेखि वि.सं. १९४२ को पर्व वा वीरशमशेरको सत्ता कब्जासम्मको ३१ वर्षको समयावधिको ऐतिहासिक घटनाहरू विषयवस्तुका रूपमा आएका छन् ।

**सेतो बाघ** उपन्यासको परिचय खण्डमा दीक्षितले "यो **सेतो बाघ** जगत्‌जङ्गकै जेठा छोरा जगत्‌जङ्गको कथा भएको छ । जगत्‌जङ्गकै वरिपरि रङमङिने यस कथाले यहाँ तिन दशकको नेपाली राजनीतिको इतिहास केलाउँछ - प्रेम र घृणाको इतिहास, शङ्का र षड्यन्त्रको इतिहास, इबी र हत्याको इतिहास" भन्दछन् । दीक्षितको उपर्युक्त उद्धरणले **सेतो बाघ** उपन्यास जगत्‌जङ्गको जीवनवृतमा केन्द्रित रही नेपालको तिन दशकको राजनीति इतिहास बताउने कुरामा इङ्कित गर्दछ । उप्रेती (२०३५ : ३५) ले **सेतो बाघ** उपन्यास तिन दशकको कथामा सीमित भए पनि यस उपन्यासले राणा कालीन समयको एक सय चार वर्ष भित्रको नेपाली दरबारमा भएका षड्यन्त्र, हत्या र अपराधको औसत रूपको यथार्थ अभिव्यञ्जना गरेको कुरा उल्लेख गरेका छन् । यस उपन्यासमा मूल रूपमा ३१ वर्षको ऐतिहासिक कथावस्तु भए पनि सन्दर्भवश त्यस भन्दा पूर्वको घटनाहरूको वर्णनले पूर्ववर्ती समयमा पाठकर्गलाई विचरण गराउन सफल भएको छ । जस्तै : जङ्गबहादुर वेलायत भ्रमण गर्न जादाँ बेलायती मित्रहरूले संसदीय व्यवस्था लागू गर्न आग्रह गरेका थिए भन्ने वर्णन, जगत्‌जङ्गले मल्लकालीन इतिहास बारे राजा रानीलाई सुनाउँदाको प्रसङ्ग र राजेन्द्रलक्ष्मीको विराङ्गाना बारे जगत्‌जङ्गले वर्णन गरेको प्रसङ्गहरूले पाठकवर्गलाई क्रमशः जङ्गबहादुरले वि.सं. १९०६ मा बेलायत भम्रण गएको समयसम्म, मल्लकालीन समयसम्म र राजेन्द्रलक्ष्मीको शासनकालको समयमा विचरण गराउँछ ।

नेपाल-भोट युद्धको विषयमा राजा सुरेन्द्र र जगत्‌जङ्ग बिच भएको राजनीतिक वार्तालापबाट **सेतो बाघ** उपन्यासको कथावस्तुको आरम्भ भएको छ भने रणोद्दीपसिंह, जगत्‌जङ्ग आदिको हत्या तथा वीरशमशेरको सत्ता कब्जासँगै यस उपन्यासको कथावस्तुको अन्त्य भएको छ । यसर्थ वि.सं. १९११-१२ को नेपाल-भोट युद्धदेखि वि.सं. १९४२ को पर्वसम्मको समयावधि नै यस उपन्यासको कालिक परिवेश हो जुन ऐतिहासिक रहेको छ ।

### (ख) स्थानिक परिवेश

**सेतो बाघ** उपन्यास ऐतिहासिक भएकोले यसको स्थानिक परिवेश पनि ऐतिहासिक रहेको छ । यस उपन्यासको अधिकांश कथावस्तुहरू राजधानीकै सेरोफेरोमा घटेका छन् । मुख्य रूपमा हनुमानढोका दरबार, बागदरबार, मनहरा दरबार, थापाथली दरबार, लाल दरबार, नारायणहिटी दरबार (रणोद्दीपसिंहको निवास), स्वयम्भू डाँडा, टुँडिखेल, सँभ्या, बेलायती राजदूतावास, पूर्व २ नं. पहाड र धनहजुरीको कोठा, पत्थरघट्टा, रानी पोखरी जस्ता स्थानहरूमा यस उपन्यासको कथावस्तु घटित रहेका छन् । यसका अतिरिक्त यस उपन्यासमा नेपालकै गोदावरी, टोखा, कविलास, भिमढुङ्गा जस्ता स्थानहरू, तिब्बतका ल्हासा, कुती, केरुङ, सिकारजोङ जस्ता स्थानहरू, भारतका इलाहवाद जेल, काशी, रावलपिण्डी जस्ता स्थानहरू, चीन तथा बेलायत जस्ता देशहरूको अप्रत्यक्ष रूपमा चर्चा गरिएको छ ।

**सेतो बाघ** उपन्यासमा जगत्‌जङ्गको निवासस्थान सँभ्या वरिपरीको प्रकृतिको चित्रण यस प्रकार गरिएको छ :

> ...खास बङ्गलाका भित्ता र छानामाथि रातो र सेतो गुलावका कोपिला र फक्रेका फूलहरू प्राकृतिक उत्ताउलो हाँसो हाँसिरहेकाले मानौँ तिनलाई देखेर संसारै मोहित भएको छ कि भन्ने दर्शकको मनमा गहिरो गौरवको छाप पर्दथ्यो ।
>
> यस्तो शोभायमान्, स्वच्छ, रमणीय र सुगन्धित बङ्गला प्राचीनकालदेखि राजदरबारभित्र सँभ्र्याको नाउँले प्रसिद्ध थियो ।
>
> यही प्रसिद्ध सँभ्र्यामा जगत्जङ्गलाई निवासस्थान दिइएकाले उनी त्यहीँ बस्दथे (पृ.१४-१५) ।

यस उपन्यासमा शाहज्यादी र जगत्जङ्गको विवाह उत्सवमा काठमाडौँ वरपरको सेरोफेरो वर्णन यस प्रकार गरिएको छ :

> ...वरयात्राको कार्यक्रम भएकाले बाहिर मूल सडकमा पनि मनहरा देखिन् हनुमानढोकासम्मको सम्पूर्ण बाटो ध्वजा-पताकाले सिँगारिएको थियो । सडकको बिच-बिचमा तोरण र फूलमालाको स्वागतद्वारा र सगुनका भरी घडाका ताँती थिए (पृ.१५८) ।
>
> ...कान्तिपुर, ललितपुर र भक्तपुरका अतिरिक्त सम्पूर्ण नेपाल खाल्टो झिलिमिलि र हर्षोल्लासपूर्ण थियो (पृ.१६४) ।

यस उपन्यासमा श्री ५ युवराज त्रैलोक्यको दरबारीया कोठाको वर्णन यस प्रकार गरिएको छ :

> "सुनको पलङ, हीरा-मोती-मणिका गहना, चाँदीका कोपरा, मखमली गलैँचा, रत्न-जुहारात इत्यादी दरबारिया बहुमूल्य वस्तुहरू युवराजको कोठाभित्र चारैतिर झल्केको दृश्य देखेर..." (पृ.२३०) ।

यस उपन्यासमा रणोद्दीपसिंहको हत्या भए पछि जङ्ग खलकको मुख्य निवासस्थल थापाथली दरबारको वर्णन यस प्रकार गरिएको छ :

> वैभव र विलासका सामग्रीका दृष्टिले थापाथली प्रसिद्ध थियो । त्यस्तो घना बस्ती भएको रमणीय स्थान अहिले तलदेखिन् माथिसम्म सम्पूर्ण खाली देखियो । त्यहाँ मालसामान, जायजात र सम्पत्ति साबुत भए पनि मानिस कोही पनि थिएन, बरु बेलायती कुकुरहरू मालिकको खोजमा यताउति घुम्दै अधीर थिए (पृ.३२५) ।

**सेतो बाघ** उपन्यासको स्थानिक परिवेश ऐतिहासिक रहेको छ । उपर्युक्त स्थानिक परिवेशले कथावस्तु र पात्र निर्माण गर्न र तिनलाई गतिमय जीवन्त बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । दरबारहरूको वैभवपूर्ण चित्रणले यस उपन्यासको स्थानिक परिवेशलाई ऐतिहासिकता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ तर लालदरबार ऐतिहासिक दरबार भए पनि तत्कालीन समयमा निर्माण हुँदै नभएको दरबारलाई देखाउनु अलि अस्वाभाविक देखिन्छ किनभने लालदरबारको निर्माण वि.सं. १९४२ पछि मात्र बनेको इतिहास पाइन्छ । त्यस्तै जङ्गबहादुरका छोरा जगत्जङ्ग सँभ्र्यामा बस्ने गरेका भन्ने वर्णनमा काल्पनिक रहेको छ किनभने तत्कालीन समयमा सँभ्र्या नाम गरेको स्थान कतै पाइँदैन ।

### (ग) पारिस्थितिक परिवेश

**सेतो बाघ** उपन्यासमा राणाकालीन राजनीतिक, सामाजिक-सांस्कृतिक, शैक्षिक तथा आर्थिक पक्षको यथार्थाङ्कन भएको छ । यस उपन्यासमा सत्ता प्राप्तिका लागि शाह, जङ्ग र शमशेरहरू बिच भएको वैमनष्यता, षड्यन्त्र तथा हत्याको चित्रण, सामान्य जनताको राजनीतिप्रतिको चासो तथा चेतना, टाठा बाठा भनाउँदाहरूले चाकरी चाप्लुसी गरी आफ्नो व्यक्तिगत स्वार्थ लुट्ने, शक्तिपूजा गर्ने प्रवृत्ति, सर्वसाधरण जनताको जनजीवन, न्यून आर्थिक अवस्था, तत्कालीन समाजमा व्याप्त रूढिवादी अन्धविश्वासहरूको अभिव्यञ्जना भएको छ । यही परिवेशलाई समग्रमा समेट्दै **सेतो बाघ** उपन्यासको समायोजन गरिएको छ । यसर्थ पारिस्थितिक परिवेश अन्तर्गत राजनीतिक, सामाजिक-सांस्कृतिक, शैक्षिक र आर्थिक परिवेश जस्ता परिवेशको अध्ययन विश्लेषण गर्न सकिन्छ :

### (अ) राजनीतिक परिवेश

**सेतो बाघ** उपन्यास राणाकालीन राजनीतिक इतिहासको दर्पण हो । यस उपन्यासमा वि.सं. १९११ देखि १९४२ सम्मको समयावधिमा शाह, जङ्ग र शमशेर खलकहरू बिच सत्ता प्राप्तिका लागि एक आपसमा भएका धोका, झै-झगडा, षड्यन्त्र, दाउपेच, हत्या तथा हिंसाजन्य क्रियाव्यापारलाई कलात्मक रूपमा देखाइएको छ । नेपालको इतिहासमा कोत पर्व, भण्डार खाल जस्ता पर्व घटाइ राजदरबारबाट शासनशक्ति हत्याइ एकतन्त्रीय जहानियाँ राणा शासन व्यवस्था स्थापना गर्न पुगेका जङ्गबहादुर षड्यन्त्रका प्रतिमूर्ति हुन् । उनले स्थापना गरेका एक तन्त्रीय जहानियाँ राणा शासन व्यवस्था र पदीय रोलक्रमले गति लिने क्रममा के कस्ता राजनीतिक घटना, दुर्घटना निम्त्यायो र स्वयम् उनलाई र उनका दरसन्तानलाई कस्तो अवस्थामा पुऱ्यायो भन्ने कुराको यथार्थाकङ्न यस उपन्यासमा गरिएको छ ।

**सेतो बाघ** उपन्यासको प्रारम्भ नै तत्कालीन राजा सुरेन्द्र र प्रधानमन्त्री जङ्गबहादुरका छोरा जगत्जङ्ग बिच नेपाल-भोट युद्धका विषयमा भएको राजनैतिक वार्तालापबाट भएको छ । जस्तै :

> के दलाई लामासँग कुरा मिलेन ?
>
> मिलेन महाराज !
>
> भोटेहरूले जोरी नै खोजेका छन् ? (पृ.१)

**सेतो बाघ** उपन्यासमा डायमनशमशेरले आफ्नो वैयक्तिक राजनीतिक आग्रह प्रस्तुत गरेका छन् । उनी संसदीय शासन व्यवस्थाको पक्षमा देखा परेका छन् । यस उपन्यासमा सोमनाथ जस्ता काल्पनिक पात्रलाई मुखपात्रको रूपमा उभ्याई संसदीय शासन व्यवस्थाको बारेमा उपन्यासकारले आफ्नो विचार तथा मोह प्रस्तुत गरेका छन् । सोमनाथको माध्यमद्वारा उपन्यासकारले एकतन्त्रीय जहानियाँ राणा शासन व्यवस्थाका कमि कमजोरीहरूलाई सुधार गर्दै संसदीय शासन व्यवस्था लागु गर्न जङ्गबहादुलाई आग्रह गरेको तर सोमनाथले खप्की पाएको र नेपालको राजकाज

विषयमा चाख नलिनु भन्ने आदेश पाएको (पृ.१) कुरा देखाइएको छ । त्यस्तै सोह्रौं परिच्छेदमा पुगे पछि सोमनाथको माध्यमबाट संसदीय शासन व्यवस्थाको बारेमा विचार प्रस्तुत गरेका छन् र त्यसको विपक्षमा देवशमशेर बाहेक अन्य सबैलाई उपस्थित गराएका छन् । सोमनाथले संसदीय शासन व्यवस्थाको बारेमा यस प्रकार मत प्रस्तुत गरेका छन् :

> "जुन देशमा संसदीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएको छ त्यहाँ मात्र जीउधनको सुरक्षा हुन्छ" (पृ.९८) ।

यस उपन्यासमा जगत्‌जङ्‌गले सोमनाथको संसदीय व्यवस्थाको विरोध गर्दै यस प्रकारको मत प्रस्तुत गरेका छन् :

> "...बेलायतको व्यवस्था हामीलाई चाहिएको छैन । हामी हाम्रै व्यवस्था, हाम्रै देश र हाम्रै वेश चाहन्छौँ । हामी यहाँ सुरक्षित छौँ" (पृ.९८) ।

देवशमशेर बाहेक सम्पूर्ण भाइ-भारदारहरूले सोमनाथको प्रजातान्त्रिक शासन व्यवस्थाको निन्दा तथा घृणा गर्दै प्रचलित एकतन्त्रीय शासन प्रणालीको प्रशंसा गरेर जङ्‌गबहादुर प्रति अटल भक्तिभाव देखाएका छन् (पृ.९९) । प्रजातान्त्रिक शासन व्यवस्थाको बारेमा सोमनाथले वकालत गरेको अभियोगमा उनलाई बोक्सो र बौलाहाको संज्ञा दिई देशनिकाला गरिएको कुरा यस प्रकार उल्लेख गरिएको छ :

> "...त्यो कुरा जङ्‌गबहादुरलाई मन परेन र धेरै पटक पण्डितलाई झपारेका थिए, पछि उनलाई डाँडो कटाएर मुगलान धपाइदिए । त्यसपछि कसैले बोक्सो भन्न थाले, कसैले बौलाहा" (पृ.१७६) ।

तत्कालीन एकतन्त्रीय जहानियाँ राणा शासन व्यवस्थामा असल विचार भएका व्यक्तिहरूले कसरी अपमानित र लज्जित हुनु पर्दथ्यो भन्ने कुराको प्रतीकको रूपमा सोमनाथलाई लिन सकिन्छ । राणाकालीन समयमा एकतन्त्रीय शासन व्यवस्थाको बारेमा कसैलाई पनि विरोध गर्ने आट, शाहस थिएन । यही कुरालाई उपन्यासकारले एक अङ्‌ग्रेजले दूर्बिनभित्र नेपाललाई हेरेको दृश्य यसरी प्रस्तुत गरेका छन् :

> "...यो दृश्यले अङ्‌ग्रेजलाई झन् खिन्न तुल्यायो । उनी सोच्न लागे- नेपाल अधिराज्य एउटा पुलिस ठानाजस्तो रहेछ, जहाँ कसैलाई न विरोध गर्ने अधिकार हुन्छ न हिम्मत" (पृ.१८३) ।

जङ्‌गबहादुरले आफ्ना छोरा छोरीहरूको विवाह राजदरबारको घरानमा गरी दिएर वैवाहिक सम्बन्ध कायम राख्न सफल भएका थिए । जुन उनको राजनीतिक चालबाजी थियो । उनलाई यस सम्बन्धले आफ्नो शासन सत्तालाई दिगो र चिरस्थायी हुने विश्वास थियो ।

जङ्‌गबहादुरको सेख पछि उनका जेठा छोराका हैसियतले जगत्‌जङ्‌गले नै उक्त रिक्त पदको वैद्य उत्तराधिकारी हुनु पर्दछ भन्ने कुरामा युवराजद्वय त्रैलोक्य र नरेन्द्र सक्रिय भएर लागेका छन् । यसरी जगत्‌जङ्‌गलाई पद दिलाउन सक्रिय भएर लाग्नुमा उनीहरूको राजनीतिक स्वार्थ

रहेको छ । उनीहरूले जगत्जङ्गलाई माध्यम बनाएर राजदरबारबाट प्रधानमन्त्रीको हातमा गएको शासनशक्तिलाई पुनः राजदरबारमा नै फिर्ता लिन चाहान्थेँ ।

राजदरबारबाट जगत्जङ्गलाई नै श्री ३ तथा प्रधानमन्त्री पदको वैद्य उत्तराधिकारी बनाउने दबाब आए पनि जङ्गबहादुरले उक्त कुरालाई अस्वीकार गरेका छन् । जङ्गबहादुरले आफ्नै छोरा जगत्जङ्गलाई पनि विश्वास नगर्नुमा राजनीतिक स्वार्थ लुकेको छ । पसिना र श्रमको खोला बगाएर प्राप्त गरेको शासन सत्ता पुनः राजदरबारमा नै फिर्ता हुने सम्भावना देखेर जङ्गबहादुरले आफ्नै छोरा जगत्जङ्गलाई श्री ३ र प्रधानमन्त्री पदको उत्तराधिकारीको रूपमा घोषणा गर्न अस्वीकार गरेका छन् । उनले श्री ३ र प्रधानमन्त्री पदको पहिलो उत्तराधिकारीको रूपमा आफ्नो जेठा भाइ हुँदै क्रमशः भाइ-छोराहरूमा सर्दै जाने रोलक्रम कायम गरेका छन् । उनले श्री ३ पदको खानगी तलब २ लाख रुपियाँ पुर्ख्यौली उत्तराधिकारीका हैसियतले जगत्जङ्गले पाउने नियम बाँध्दै श्री ३ महाराज र प्रधानमन्त्री पदको सम्पूर्ण अधिकार सबै आफ्नो सेख पछि भाइ बमबहादुरले पाउने घोषणा गरेका छन् ।

मृत्युको मुखमा पुगेका जङ्गबहादुरले राजनीतिक षड्यन्त्र गर्न समेत पछि परेका छैनन् । जङ्गबहादुरले आफ्नो मृत्यु भएको खबर आफ्ना भाइहरू बाहेक अरु कसैलाई पनि थाहा नदिनु भनी आदेश दिनुमा पनि राजनीतिक स्वार्थ रहेको देखिन्छ किनभने उनले आफ्नो शासन सत्ता राणामा नै सीमित रहोस् भन्ने चाहान्थे । आफ्नो मृत्यु भएको खवर राजदरबारमा थाहा दिएमा शासन शक्ति पुनः राजदरबारमा फिर्ता हुने सम्भावना देखेर उनले यस्तो प्रकारको आदेश दिएका थिए । जङ्गबहादुरको मृत्यु पश्चात् एकातर्फ जङ्गभाइहरूले जगत्जङ्ग तथा युवराजद्वय त्रैलोक्य र नरेन्द्रहरूप्रति षड्यन्त्र गरी पत्थरघट्टा पठाउन सफल भएका छन् भने अर्कोतर्फ रणोद्दीपसिंहलाई श्री ३ महाराज र प्रधानमन्त्रीको रूपमा घोषित गर्न सफल भएका छन् । यस प्रकारको षड्यन्त्र रच्नुमा नै जङ्गभाइहरूको राजनीतिक स्वार्थ रहेको थियो ।

कानमा सेप्टिक भएर मृत्युको मुखमा पुगेका युवराज त्रैलोक्यले भाइ नरेन्द्र र भिनाजू जगत्जङ्गसँग होसियार रहन आफ्नी कान्छी युवराज्ञी (श्री ५ पृथ्वीवीर विक्रमकी आमा) लाई दिएको आदेशमा पनि राजनीतिक चालबाजी देखिन्छ । उनले भाइ नरेन्द्र श्री ५ र जगत्जङ्ग श्री ३ महाराज तथा प्रधानमन्त्री भएर आफ्नो सुपुत्र पृथ्वीवीर विक्रमको राजगद्दीका लागि षड्यन्त्र गर्न सक्ने सम्भावना देखेका छन् । यही कारणले भाइ भिनाजु प्रतिको शङ्काले गर्दा उनले आफ्नी पत्नीलाई त्यस प्रकारको आदेश दिन विवश भएका छन् । जस्तै :

> राजगद्दीका निम्ति आजको आफ्नो मानिस भोलि परचक्री बन्न सक्दछ, पर्सि त्यही व्यक्ति शत्रु भएर तिम्रो विरोधमा षड्यन्त्र रच्न थाल्दछ । जति नजिक नाता हुन्छ, गद्दीका निम्ति त्यो उत्तिकै खतर्नाक हुन आउँछ । त्यसैले छोराको गद्दीका लागि तिमीले ठूलो होस् गरेर चल्नु पर्दछ । मेरो छोरा राजा नभएसम्म म मरे पनि आत्माले सन्तोष पाउनेछैन । मुख्य कुरा तिम्रो देवर र हाम्रो भिनाजूको खुब मिल्ती छ, याद गरे । ती दुई मिलेर एउटा श्री ५ र अर्को श्री ३ हुने दाउ गर्न सम्भव छ, होस गर (पृ.२२८) ।

यही त्रैलोक्यको आदेशले गर्दा कान्छी युवराज्ञी आफ्नै दाइ जगत्जङ्ग र देवर नरेन्द्रप्रति सशङ्कित भइन् र शमशेर भाइहरूसँग साँठगाँठ मिलाउन पुगेकी छिन् । तत्कालीन श्री ३ तथा प्रधानमन्त्री रणोद्दिपसिंह र धीरशममेरका विरुद्धमा नरेन्द्र र जगत्जङ्गको गोप्य षड्यन्त्रको पर्दाफास भए पछि धीरशमशेरले तिनीहरूमाथि कारबाही चलाउनु पर्दछ भन्दा श्री ५ कान्छी युवराज्ञीले उनको विरोध नगरी उल्टै “नाता भयो भनेर राजकाजमा काम चल्दैन, सरकार ! महाराजधिराजको गाथ-गद्दी ताक्नेहरूलाई त्यसै छाड्न सक्तिनँ । सरकारबाट जे हुकुम हुन्छ, म तिनीहरूलाई सजाय गर्दछु” (पृ.१५३) भनेकी छिन् । यहीँ निर्णयले गर्दा जगत्जङ्ग र युवराज नरेन्द्रले राजद्रोहीको अभियोगमा भारतमा जेलजीवनको सजाय भोग्नु पर्यो ।

धीरशमशेरको मृत्यु पश्चात् रणोद्दीपसिंहले जगत्जङ्ग र नरेन्द्रलाई काठमाडौँ झिकाउनुमा राजनीतिक स्वार्थ देखिन्छ । उनले आफ्नो श्री ३ र प्रधानमन्त्रीको पद जगत्जङ्गलाई सुम्पेर आफू काशीवास जाने योजना बनाएका हुन्छन् तर उनको काशीवास जाने इच्छा पूरा हुन नपाउँदै शमशेर भाइहरूको षड्यन्त्रमा परी पशुवत हत्या भएको छ । यसरी आफ्नै काकाको हत्या गर्नुमा पनि शमशेर भाइहरूको राजनैतिक स्वार्थ रहेको देखिन्छ ।

यसरी **सेतो बाघ** उपन्यासले सत्ता प्राप्तिको लागि शाह, जङ्ग र शमशेरहरू बिच भएको धोका, षड्यन्त्र, हत्या जस्ता कुकृत्यलाई यथार्थ रूपमा चित्रण गर्न सफल भएको छ । यसर्थ यस उपन्यासले नेपालको राजनीतिक इतिहासको एउटा कालखण्डलाई कलात्मकता साथ प्रस्तुत गरेको छ भन्न सकिन्छ तर यस उपन्यासमा तत्कालीन वातावरणमा सोमनाथद्वारा संसदीय शासन व्यवस्थाको बारेमा वकालत गरेको देखाउनु काल्पनिक राजनैतिक परिवेश हो किनभने तत्कालीन एक तन्त्रीय जहानियाँ शासन व्यवस्थाको समयमा संसदीय शासन व्यवस्थाको बारेमा वकालत गर्नु असम्भव थियो । यति हुँदा हुँदै पनि यसको राजनीतिक परिवेश ऐतिहासिक रहेको छ ।

### (आ) सामाजिक-सांस्कृतिक परिवेश

साहित्य समाजको दर्पण हो । यसर्थ साहित्यमा समाजका चालचलन, रीतिरिवाज, धर्म, संस्कृति, आस्था, विश्वास, सामाजिक संरचना प्रतिविम्वन भएका हुन्छन् । **सेतो बाघ** ऐतिहासिक यथार्थवादी उपन्यास हो । यस उपन्यासले वि.सं. १९११ देखि वि.सं. १९४२ को पर्वसम्मको राणाकालीन नेपाली समाजको सामाजिक तथा सांस्कृतिक पक्षको पनि यथार्थपरक ढङ्गले चित्रण गर्न सफल भएको छ ।

राणाकालीन समयमा नेपाली समाज शासक वर्ग र शासित वर्ग गरी दुई वर्गमा विभाजित थियो । शासक वर्गका रूपमा राणाशासक र शासित वर्गका रूपमा नेपाली सर्वसाधरण जनता रहेका थिए । एकातिर शासकहरू मोजमस्ती र भोग विलासमा मात्र व्यस्त थिए । उनीहरूले देशको सम्पूर्ण शासन सत्ता आफ्नो हातमा लिएका थिए भने अर्कोतर्फ सर्वसाधरण जनताहरूलाई कुनै किसिमको हक अधिकार दिइएको थिएन । सर्वसाधण जनताहरूको अवस्था दयनीय र नाजुक थियो । यही अवस्थाको सजीव चित्रण **सेतो बाघ** उपन्यासमा भएको छ ।

वीरशमशेर र शाहज्यादी बिचको विवाहका लागि चिना हेरिएको प्रसङ्गबाट तत्कालीन समयमा विवाहको साइतका लागि चिना हेर्ने संस्कृतिको चित्रण गरिएको छ भने जगत्जङ्ग र शाहज्यादीको विवाहको अवसरमा ठूलो हिस्सामा दाइजो उठेको प्रसङ्गबाट तत्कालीन समयमा दाइजो प्रथा रहेको कुरा इङ्कित गर्दछ । यही विवाहोत्सवमा सर्वसाधरण जनताले उनीहरू शास्वत देवता कै कोटिमा राखेर  भक्तिभाव देखाउँदै जयगान गाएका छन् । यस कुरालाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् :

> राजधानीका प्रत्येक घरमा आजको ऐतिहासिक विवाहोत्सव मनाउनका लागि भव्य दीपावलीको तयारी हुन लागेको जगत्जङ्गले देखे ।
>
> घर-घरमा जगत्जङ्ग र शाहज्यादीको तस्बिर टाँसिएर त्यसमाथि माल्यार्पण भएको थियो ...फूल र अबिर चढाएर त्यो तस्बिरको पूजा गरिन् लागको पनि जगत्जङ्गले देखे ।
>
> रातो कपडामा जगत्जङ्ग र शाहज्यादीको चिरायूको कामना गरेर जय लेखिएको दूर्बिनमा देखा पऱ्यो ।
>
> यसरी काठमाडौँका तिनै सहर हर्षोल्लासमा मग्न थिए (पृ.१६४) ।

जगत्जङ्ग र शाहज्यादीको विवाहोत्सव तथा नाति जर्नेल (युद्धप्रतापजङ्ग) को जन्मोत्सवमा विलासपूर्ण तवरले गरिएको भोज भतेर तथा जुवा तास खेलिएको प्रसङ्गले तत्कालीन शासकहरूको अभिजातीय विवाहसंस्कार तथा जन्मसंस्कारको चरमोत्कर्ष रूपको यथार्थाङ्कन गर्दछ ।

राणाकालीन समयमा जुन चाकडी, चाप्लुसी तथा शक्तिपूजा गर्ने प्रवृत्ति व्याप्त थियो । त्यो प्रवृत्तिलाई डायमनशमशेरले **सेतो बाघ** उपन्यासमा कलात्मक रूपले देखाउन सफल भएका छन् । यस उपन्यासमा प्रयुक्त केशर र भोला नामक पात्रले राणाकालीन समयमा चाकडी, चाप्लुसी र शक्ति पूजा गर्ने व्यक्तिहरूको प्रतिनिधित्व गरेका छन् । यी पात्रहरूले शक्तिमा जो पुग्दछ त्यस्ता व्यक्तिहरूको भक्तिभाव र जयगान गरेका छन् भने अन्यलाई घृणा र निन्दा गरेका छन् । यिनीहरूले जगत्जङ्ग, रणोद्दीपसिंह शक्तिमा हुँदा उनीहरूको अतिरञ्जित रूपले गुणगान तथा भक्तिभाव देखाएका छन् भने वीरशमशशेरहरू शक्तिमा आउदा जगत्जङ्ग र रणोद्दीपहरूको निन्दा, घृणा गर्दै वीरशमशेरहरूको जयगान गाएका छन् । अन्त्यमा केशर र भोलाले क्रमशः मेजर र सुब्बा पद पाएका छन् । लेखकले यी दुई पात्रहरूको चरित्र चित्रणका माध्यमबाट तत्कालीन समयमा चाकडी, चाप्लुसी तथा शक्तिपूजा गरी आफ्नो वैयक्तिक स्वार्थ लुट्ने कुपरम्परालाई प्रस्तुत गरेका छन् ।

राणाकालीन समयमा पर्दाप्रथा, बहुविवाह र सती प्रथा जस्ता कुरीतिहरू विद्यमान थियो । यस्ता कुरीतिहरू पनि **सेतो बाघ** उपन्यास प्रतिविम्बन भएको छ । यस उपन्यासमा पर्दाप्रथाको बारेमा यस प्रकार वर्णन गरिएको छ “घरका नोकर र त्यस्तै सम्पर्कमा रहनु पर्ने मानिससित धेरै पर्दा गरेर साध्न नहुने भएकोले दरबारमा पनि त्यो पुरानो पर्दाप्रथा प्रतिदिन लोप हुदैं थियो । त्यसैले शाहज्यादी निःसङ्कोच कोठाभित्र प्रविष्ट भइन् र आमानिर बसिन्” (पृ.१०) । उपर्युक्त

वर्णनले तत्कालीन समयमा पर्दाप्रथा पूर्ण अवस्थामा लोप नभईसकेको अवस्थाको चित्रण गरेको छ । त्यस्तै युवराज त्रैलोक्यले जङ्गबहादुरकी दुई वटी छोरीसँग र वीरशमशेरले उपेन्द्रकी छोरी तथा दाइजोमा आएकी केटीसँग विवाह गर्नुले तत्कालीन समाजमा बहुविवाह विद्यमान थियो भन्ने कुरालाई इङ्कित गर्दछ । जङ्गबहादुरले आफ्नो मृत्युमा आफ्नी महारानीलाई आफूसित सती आउन आदेश दिएर मरेको (पृ.१९९) भन्ने प्रसङ्गबाट तत्कालीन समयमा सती प्रथा विद्यमान रहेको कुरा स्पष्ट हुन्छ र इतिहास अनुसार जङ्गबहादुरका पत्नीहरू पनि सती गएका थिए ।

राणाकालीन समाजमा बोक्सो-बोक्सी, टुना-मुना, भूतप्रेत जस्ता अन्धविश्वासहरू विद्यमान थियो । यस्ता प्रकारका अन्धविश्वासहरू पनि **सेतो बाघ** उपन्यासमा देखाइएको छ । यही अन्धविश्वासका कारण सोमनाथलाई बौलाहा र बोक्सो ठहऱ्याइ देश निकाला गरिएको छ । सोमनाथकी पत्नीलाई समेत बोक्सीको आरोप लगाइ उनकै छोरा नरसिंहनाथलाई मारेको अभियोग लगाइएको छ । यस किसिमको वर्णनबाट तत्कालीन समाजमा बोक्सो-बोक्सी जस्ता अन्धविश्वास व्याप्त थियो भन्ने कुरा स्पष्ट हुन्छ । शाहज्यादीले आफ्नै बाहुलीले बनाएको परिकारमा टुना-मुना गरी जगत्जङ्ग समक्ष पठाएकी थिइन् । सो परिकार खाए पछि जगत्जङ्गलाई मोहनी लागेको छ । त्यो मोहनी उल्टाउन सोमनाथसँग यस प्रकार वार्तालाप भएको छ :

> 'तपाईंलाई मोहनी लागेको छ, अब कतै जान सक्नुहुन्न, सके पनि जानु बेस हुँदैन ।'
>
> 'मोहनी ?' जगत्ले झस्केर सोधे, 'कसरी ममाथि मोहनी लाग्यो ?'
>
> शशीकलाले सुनको रिकापी र कचौरामा ल्याएको तरकारीभित्र शाहज्यादीको मोहनी परेको थियो भन्ने बेहोरा पण्डितले जगत्लाई सुनायो ।
>
> त्यही कुराको पहिले नै शङ्का परेको हुनाले जगत्को मनमा पीरको पहाड उठिसकेको थियो, झन् अहिले त्यो शङ्का यथार्थतामा परिणत कुन गएकोले उसको मुख हंस उडेको जस्तो निलो भएर आयो, अनि उनी वाल्ल परेर चुरोट तान्दै सोच्न थाले ।
>
> धेरै बेरपछि उनको निधारको पसिना पुछ्दै सोधे- 'पण्डित, मोहनी-मन्त्रको उल्टा गर्ने कुनै उपाय छैन ?'
>
> 'छन त छ, अथर्ववेदमा त्यसको उल्लेख गरिएको छ । तर उल्टा गर्नाले त्यो मोहनीको मूल कर्तालाई ठूलो अनिष्ट पर्न जान्छ, कि त त्यो बौलाहा हुन्छ या मर्छ । त्यसै हुनाले मेरो रायमा त्यो मोहनी-मन्त्रको उल्टा गर्ने विचार तपाईं नगर्नुहोस् । यसको परिणाम ज्यादै भयङ्कर हुन्छ, फेरि तपाईं पनि बौलाहा हुन सम्भव छ' (पृ.३५) ।

त्यस्तै **सेतो बाघ** उपन्यासमा युवराज्ञीहरूले युवराज त्रैलोक्यलाई टुनामुना गरी मोहनी लगाएको प्रसङ्ग निम्नानुसार देखाइएको छ :

> 'तिमीहरूले', फेरि हाँसो गर्दै बलिअहदले भने, 'टुनामन्त्र गऱ्यौ, मोहनी लगायौ, अनि मैले तिमीहरूलाई विवाह गर्नुपऱ्यो, नत्र मेरो बालब्रह्मचारी बस्ने विचार थियो ।'
>
> 'हेर बहिनी, बोलेटबाट हामीलाई बोक्सीको बात लगाउन चाहिबक्सेको !'
>
> 'मैले बोलेटको सबै कुरा बुझेकी छु ।'

तिमीहरूले भनेर मैले थाहा पाएको । फ्रेन्च ह्विस्कीको कुरा भाइलाई सुनाइदिऊँ चोर्नी हो ? त्यसमा तिमीहरूले मोहनी-मन्त्र गरेर पठाएको कुरा भनि दिऊँ' (पृ.२०३) ।

उपर्युक्त वर्णनले तत्कालीन समाजमा टुना-मुना, मोहनी मन्त्र व्याप्त थियो भन्ने कुरा स्पष्ट हुन्छ । त्यस्तै जगत्जङ्गको प्रेमाशक्तिले बिरामी परेकी शाहज्यादीलाई रूढिवादी अन्धविश्वासकै कारणले गर्दा गोरा डाक्टरद्वारा उपचार गर्नुको साटो विभिन्न किसिमका धामी-झाँक्री, वैद्य, झारफुक, भाकल गरिएको छ भने कानमा सेप्टिक भई बिरामी परेका युवराज त्रैलोक्यलाई पनि काने देवता लगायत विभिन्न किसिमका झारफुक गरिएको छ । यो पनि तत्कालीन समाजमा रहेका रूढिवादी अन्धविश्वासको ज्वलन्त दृष्टान्त हो ।

दरबारिया नोकर तथा सुसारेहरूले बत्ती काट्नु, शाहज्यादीले स्वयम्भूमा जगत्जङ्गलाई पाऊँ भनी वर माग्नु, जगत्जङ्गले पशुपतिमा तुलादान गर्नु, शाहज्यादीले पूर्व २ नं. पहाडमा सवारी हुने क्रममा अत्तरले स्नान गर्नु, रणोद्दीपसिंह र उनकी कान्छी महारानी काशीवास जाने इच्छा गर्नु जस्ता आदि प्रसङ्गहरूले तत्कालीन नेपाली समाजको संस्कृतिको चित्रण गर्दछ । **सेतो बाघ** उपन्यासमा चित्रित सामाजिक-सांस्कृतिक परिवेश ऐतिहासिक सत्यानुरूप नै छन् ।

**(इ) आर्थिक परिवेश**

**सेतो बाघ** उपन्यासमा राणाकालीन समयको आर्थिक परिवेशलाई पनि कलात्मक रूपमा चित्रण गर्न उपन्यासकार सफल भएका छन् । तत्कालीन समयमा नेपाली समाज दुई वर्गमा विभाजित थियो । उच्च खानदान वर्गका रूपमा राणा शासकहरू थिए भने निम्न वर्गीय समाजका रूपमा सर्वसाधरण नेपाली जनताहरू थिए । यी दुई वर्गको आर्थिक विषमताको खाडल ठूलो थियो । यही कारण राणा शासकहरूले भोग विलास र मनोरञ्जनमा जीवन बिताउँथे भने सर्वसाधरण जनताले दयनीय र निरीह । देशको सम्पूर्ण सरकारी उच्च पदहरू राणाहरूले आफूहरूमा मात्र सीमित राख्ने गर्दथे भने सर्वसाधरण जनतालाई सामान्य तथा तल्लो दर्जाका पदहरूमा मात्र सीमित राख्ने प्रचलन थियो । यही कारणले पनि यी दुई वर्ग बिच ठूलो आर्थिक विषमता खाडलको स्थिति देखा परेको थियो । यही आर्थिक विषमताको खाडल **सेतो बाघ** उपन्यासले देखाउन सफल भएको छ ।

शासक वर्गहरूमा पनि आर्थिक विषमता रहेको कुरा **सेतो बाघ** उपन्यासले देखाउन सफल भएको छ । यस उपन्यासमा राणा र शाह खलकका आर्थिक स्थिति सबल देखिन्छ भने शमशेर खलकका दुर्बल । जगत्जङ्ग र शाहज्यादीको विवाहोत्सव तथा नाति जर्नेलको जन्मोत्सवमा गरेको खर्चालु भोजभतेरमा जङ्ग खलकहरू बहुमूल्य गरगहनाका साथ उपस्थिति हुनु, जगत्जङ्गले पशुपतिमा तुलादान गर्नु, भोगविलासी जीवन बिताउनु, राजदरबार र थापाथली दरबारको भव्य भोग विलासका वस्तुहरूको वर्णन गर्नु जस्ता प्रसङ्गले जङ्ग तथा शाह खलकको आर्थिक स्थिति सबल रहेको कुरा इङ्कित गर्दछ । शमशेर भाइहरूलाई (देव बाहेक) शाहज्यादी र जगत्जङ्गको विवाहोत्सव, नाति जर्नेल (युद्धप्रतापजङ्ग) को जन्मोत्सव र आफ्नै घरमा सामान्य पहिरनमा देखाउनु, शाहज्यादीले जगत्जङ्गलाई उपहार स्वरूप पठाएको ह्विस्की वीरले बहिनीहरूलाई बेच्नु

तथा रणोद्दीपसिंहको हत्या पश्चात जङ्ग खलकका मुख्य बासस्थान थापाथलीबाट लगिएका बहुमूल्य गरगहनाहरू शमशेर खलकहरूले उल्टोपाल्टो लगाउनु जस्ता घटना प्रसङ्गहरूले शमशेर खलकको आर्थिक स्थिति कमजोर रहेको कुरा स्पष्ट हुन्छ । गौतम (२०५८) ले जङ्ग र शमशेर खलक बिचको आर्थिक असमानताका कारणले नै शमशेर भाइहरूले गोत्रहत्या गर्न पुगे । जङ्गबहादुरका छोरा-नातिहरूको वीभत्स हत्या हुन गयो र अन्य जङ्गखलकले दुर्दिन भोग्नु पऱ्यो (पृ.८४) भन्छिन् । यसरी **सेतो बाघ** उपन्यासले शासक वर्गहरूमा पनि आर्थिक विषमता रहेको कुरा स्पष्ट पारेको छ ।

आर्थिक स्थिति कमजोर भएकै कारण जीवीकोपार्जनका लागि सर्वसाधरण जनताहरू नोकर चाकर, धाई, सुसारेका रूपमा दरबार पस्न बाध्य थिए । **सेतो बाघ** उपन्यासमा दरबारिया पिपाहरूको दयनीय आर्थिक स्थितिको चित्रण यस प्रकार गरिएको छ :

> ...ती सबै खलबल गर्ने सरकारीया पिपा थिए ।
>
> कोही चोटामा आइपुगे, कोही भऱ्याङ उक्लन लागे, धेरैजसो चोकमा थुप्रिएका थिए । तिनको फोहोर शरीरबाट निस्किएको पसिना र मयलको दुर्गन्धले दरबारै गनायो ।
>
> 'क्या हो ? के गनाएको ?' भन्दै राजा हेर्न उठे ।
>
> रानीले नाक थुनिन् र 'के ल्याएको ?' भनी सोधिन् ।
>
> राजदम्पतीले पिपाहरू माथि आउन लागेको देखे । ती अर्धनग्न भरियाको फोहोर शरीरमा लिखा टल्किरहेका र आङमा जुम्रा हिँडेको देखेर जङ्गबहादुरका भलवस्त्र छोराहरू ती पिपाको सामुन्ने जान अनकनाएर मुख थुनिरहेका थिए जसले गर्दा शाही दम्पतीको सवालको तुरुन्त उत्तर दिने त्यहाँ कोही भएन (पृ.१३१) ।

उपर्युक्त उदाहरणमा दरबारिया पिपाहरूको शरीरबाट निस्किएको पसिना र मयलले दरबारै गनाउनु, अर्धनग्न शरीरमा लिखा, जुम्रा हिँडेको देखाउनु जस्ता घटना प्रसङ्गले दरबारिया पिपाहरूको आर्थिक स्थिति दयनीय र नाजुक रहेको कुरा स्पष्ट हुन्छ ।

**सेतो बाघ** उपन्यासमा शाहज्यादी र जगत्जङ्गको विवाहोत्सवमा जन्ती हेर्न उभिएका सर्वसाधरण महिलाहरूको वर्णन यस प्रकार गरिएको छ :

> "...महिला दर्शकका नाक-कानमा चाँदी र पित्तलका गहना झुन्डिरहे पनि तिनका वस्त्र झुत्रा, मैला र अपर्याप्त थिए । कसैले आफ्ना बच्चा पनि बोकेका थिए जसको शिरमा जुम्रा र पेटमा जुकाको रजाइँ भएकाले मुख चाउरिएको र शरीर सुकेको देखिन्थ्यो" (पृ.१५९-१६०) ।

उपर्युक्त प्रसङ्गले तत्कालीन सर्वसाधरण नेपाली जनताहरूलाई आर्थिक कमजोर स्थिति कै कारणले गाँस, वास र कपासको समस्या रहेको कुराको उद्घाटन गरेको छ । त्यस्तै सोमनाथको घरपरिवारको दयनीय आर्थिक अवस्थाको चित्रण (पृ.१८९-१९६) ले तत्कालीन नेपाली सर्वसाधरण जनताहरूको आर्थिक अवस्थाको प्रतिनिधित्व गर्दछ ।

**सेतो बाघ** उपन्यासमा तत्कालीन समयमा राणा शासकहरूले राष्ट्रकोषका ढुकुटी कसरी व्यक्तिगत स्वार्थका रूपमा दुरुपयोग गर्दथे भन्ने कुराको पनि चित्रण गरिएको छ । यस उपन्यासमा राजदरबारका नोकर चाकरलाई बक्सिस दिइएको रकम (पृ.१३२), राजपरिवार र श्री ३ महाराज-बडामहारानीले जुवामा हारेको रकम (पृ.१७५), शमशेर भाइहरूको पाप मोचनको लागि खर्च रकम तथा रणोद्दीपसिंहलाई हत्या गरे बापत इनाम जाने रकम (पृ.३२३) हरू राष्ट्रकोषबाट झिकिने कुरा उल्लेख छ । यी प्रसङ्गहरूबाट राणा शासकहरूले राष्ट्रकोषका ढुकुटीहरू आफ्नो वैयक्तिक स्वार्थका निम्ति कसरी दुरुपयोग गर्दथे भन्ने कुराको स्पष्ट हुन्छ ।

**सेतो बाघ** उपन्यासमा तत्कालीन नेपाली समाजको आर्थिक अवस्थाको चित्रण यथार्थ रूपमा भएको छ । यसर्थ यस उपन्यासमा चित्रित आर्थिक परिवेश ऐतिहासिक सत्यानुरूप नै रहेको छ ।

**(ई) शैक्षिक परिवेश**

**सेतो बाघ** उपन्यासले तत्कालीन नेपाली समाजको शैक्षिक अवस्थाको पनि यथार्थ चित्रण गर्न सफल भएको छ । राणाकालीन नेपाली समाज शिक्षाको ज्योतिबाट वञ्चित थियो । एकतन्त्रीय राणा शासनका प्रणेता जङ्गबहादुरले जनता शिक्षित भएमा आफ्नो हातमा आएको शासन सत्ता फुत्किन सक्ने डरका कारणले गर्दा कुनै किसिमको शिक्षा नीति लिएका थिएनन् । बेलायत यात्राका क्रममा शिक्षाको महत्त्व बुझेका जङ्गबहादुरले वि.सं. १९१० मा दरबार स्कूलको स्थापना गरेका थिए तर यस स्कुलमा सर्वसाधरण जनताका लागि खुल्ला थिएन । खाली राणा प्रधानमन्त्रीका छोरा, छोरी भतिजाहरूले मात्र त्यस स्कुलमा पढ्न पाउथे (गौतम, २०५० : ६४) । यसरी जङ्गबहादुरले शिक्षालाई राष्ट्रका फाइदाका लागि भन्दा पनि पारिवारिक फाइदाका लागि प्रयोग गरेका थिए । जङ्गबहादुर पछि रणोद्दीपसिंहले जङ्गबहादुरको नीतिमा केही परिवर्तन गरे । यिनले जङ्गबहादुरले स्थापना गरेको दरबार स्कुलमा राणा परिवारका अन्य सदस्यहरू, भारदारका छोराहरू र चाकडीयाको छोराहरू समेतले पढ्न पाउने गरी सो स्कुललाई दरबारबाट बाहिर सारी रानी पोखरीको कुनामा रहेको वीरशमशेरको गोठमा नारायणहिटी पाठशाला स्थापना गरेका थिए (गौतम, २०५० : ६६) । शिक्षाको अभावले गर्दा तत्कालीन नेपाली सर्वसाधरण जनताहरू राणाशासकहरूको चरम दबाब, शोषण, अत्याचार सही बस्नु पर्दथ्यो र तिनका विरुद्धमा आवाज उठाने साहस पनि कसैमा थिएन । यही शिक्षाको अन्धकार युगमा बस्न विवश नेपाली जनताको चित्रण **सेतो बाघ** उपन्यासमा भएको छ ।

शिक्षाको अभावका कारणले गर्दा तत्कालीन समाजमा भूतप्रेत, टुनामुना, बोक्सो, बोक्सी, जातीय भेदभाव जस्ता अन्धविश्वासहरू व्याप्त थिए । यस्ता रूढिवादी अन्धविश्वासहरूका चित्रण **सेतो बाघ** उपन्यासमा पाइन्छ । यस उपन्यासमा जगत्जङ्गको प्रेमाशक्तिले बिरामी परेकी शाहज्यादीलाई गोरा डाक्टरले छोएमा अगति परिन्छ भन्ने रूढिवादी ग्रस्त सोचले गर्दा विभिन्न किसिमका धामी-झाँक्री, देवी देवता, तन्त्रमन्त्र गरिएको छ । त्यस्तै कानमा सेप्टिक भई बिरामी परेका युवराज त्रैलोक्यलाई विभिन्न किसिमका धामी-झाक्री, काने देवता, तन्त्रमन्त्र गरिएको छ ।

सोमनाथतलाई बोक्सो र उनकी पत्नी मायादेवीलाई बोक्सीको आरोप लगाइएको छ । यस किसिमको रूढिवादी अन्धविश्वास समाजमा व्याप्त रहनु नै अशिक्षाको उपज हो ।

सही के हो ? गतल के हो ? भन्ने कुराको कुनै पनि अड्कल नगरी सर्वसाधरणले अन्ध रूपमा राणाशासकहरूको जयगान, भक्तिभाव देखाएको स्थिति **सेतो बाघ** उपन्यासमा चित्रित छ । यसले तत्कालीन नेपाली जनता अशिक्षित रहेको कुरा स्पष्ट हुन्छ ।

उपन्यासकारले तत्कालीन नेपाली जनताको चेनताहीनतालाई अङ्ग्रेज राजदूतले दूर्बिनभित्र देखेको दृश्य यस प्रकार प्रस्तुत गरेका छन् :

"सती र कमराको नेपाल देखे !

भूत, प्रेत र बोक्सीको नेपाल !

गुपचुप र षड्यन्त्रको नेपाल" (पृ.१८३-१८४) !

"भोको-नाङ्गो नेपाल !

मुखको लाटो, आँखाको अन्धो र कानको बहिरो नेपाल !

अशिक्षित नेपाल !

अविकसित नेपाल" (पृ.१८४) !

शासक र शासित बिच ठूलो आर्थिक विषमता देखिनु, शाह, जङ्ग र शमशेरहरू बिच सत्ताका लागि षड्यन्त्र तथा हत्या हुनु, राष्ट्रकोषका ढुकुटी व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्नु, सज्जनले सजाय र दुर्जनले सम्मान पाउनु जस्ता कार्यहरू पनि ज्ञानको अभावको उपज हो भन्न सकिन्छ । यसरी हेर्दा **सेतो बाघ** उपन्यासमा चित्रित शैक्षिक परिवेश पनि ऐतिहासिक रहेको छ भन्न सकिन्छ ।

## ५.२.२ आन्तरिक परिवेश

पात्रको अन्तर्मनमा देखा पर्ने उचारचढाव नै आन्तरिक परिवेश हो । आन्तरिक परिवेशले पात्र-पात्रीका मनका हर्ष, पीडा, द्विविधा, अनुकूलता र प्रतिकूलता, सत्वृत्ति र असत्वृत्तिको चित्र उपस्थापन गरी उपन्यासलाई सशक्त र प्रभावकारी बनाएको हुन्छ (कोइराला, २०६९ : ६४) । उपन्यासमा आएका स्थान, काल, राजनीति, समाज, संस्कृति जस्ता बाह्य परिवेशले पात्रको मनमस्तिष्कमा प्रभाव पारेको हुन्छ जसले गर्दा पात्रमा आन्तरिक द्वन्द्व प्रारम्भ हुन्छ ।

आन्तरिक परिवेश मूलतः मनोवैज्ञानिक उपन्यासमा पाइन्छ । **सेता बाघ** ऐतिहासिक उपन्यास भए तापनि बाह्यान्तरिक दुवै परिवेशको प्रयोग पाइन्छ । यस उपन्यासमा मुख्यतः जगत्जङ्ग, शाहज्यादी र वीरशमशेरको अन्तर्मनको द्वन्द्वले नै आन्तरिक परिवेशको सिर्जना गरेको छ । शाहज्यादीको विवाह वीरशमशेरसँग गरिदिने राजा-रानी र प्रधानमन्त्रीहरूले पक्कापक्की गरेका थिए तर दरबारिया नोकर चाकर र सुसारेहरूले जगत्जङ्गको व्यक्तित्वको प्रशंसा गर्दछन् । यही जगत्जङ्गको प्रशंसा सुनेर शाहज्यादीको मनमा जगत्जङ्ग र वीरशमशेर बिच कोसँग विवाह गर्ने

भन्ने विषयमा अन्तर्द्वन्द्व देखिन्छ । उनले जगत्जङ्ग र वीरशमशेरलाई दाँज्न पुगेकी छन् । उपन्यासमा शाहज्यादीको आन्तरिक मनको द्वन्द्वलाई यसरी देखाइएको छ :

> ...तर राजतनयाको कलिलो मनमा त्यही विचार खेलिरह्यो । ...उनको मनमा अनौठो उत्तेजना उत्पन्न भयो, अनि उनलाई त्यहाँ बस्न मन लागेन र बत्ती कात्न त्यसै छाडेर आराम लिन गइन् । तर उनलाई आराम मिलेन ।
>
> उनको आँखामा जगत्जङ् र वीरशमेर दाँजिन थाले (पृ.१९) ।

यही जगत्जङ्गको प्रशंसित व्यक्तित्वले गर्दा शाहज्यादी जगत्जङ्गप्रति आकर्षित भएकी छन् । उनले जगत्जङ्गलाई माया गर्ने कुरा शशीकलालाई भनेकी छिन् । उनको केन्द्रविन्दु नै जगत्जङ्ग रहेको छ । उनले दूर्बिनद्वारा जगत्जङ्गको निवासस्थल सँभ्र्यालाई निरन्तर हेरिरहेकी छिन् । उनले जगत्जङ्गको बारेमा आफैँसित प्रश्न गरेकी छिन्- "त्यो कस्तो लोकप्रिय मानिस ? कस्तो प्रभावशाली पुरुष ? अहिले कहाँ जान लागेको होला ? ...त्यो मानिस त्यहाँ एक्लै कसरी बसेको होला ? बिचरो ! कति न्यास्रो लाग्दो हो ?" (पृ.२५) । यसरी जगत्जङ्गप्रतिको आकर्षितले गर्दा शाहज्यादीले जगत्जङ्गकै बारेमा मात्र सोच्न विवश भएकी छन् । उनी जगत्जङ्गको प्रेमाशक्तिले गर्दा रातमा निदाउन सकेकी छैनन् । यस कुरालाई उपन्यासमा यसरी देखाइएको छ : "...यस्तो शोभायमान् शय्यामा पनि शाहज्यादीलाई आराम मिलेन । एकातिर जगत्को सौन्दर्य, सरल र महानताको प्रशंसा उनको मनमा घुम्न थाल्यो, साथसाथै अर्कातिर प्रेममिलनको निराशाले उनको मनमा विरहको लहरी उमठिन लाग्यो" (पृ.२६) ।

जगत्जङ्गको प्रेमव्यथाले तड्पिएकी शाहज्यादीले शशीकलालाई प्रेमको परिभाषा सोध्न पुगेकी छन् । शाहज्यादी जगत्जङ्गको प्रेममा डुबेकी छन् तर उनले जगत्जङ्ग समक्ष प्रेम गर्ने कुरा अभिव्यक्त गर्न सकेकी छैनन् । उनले जगत्जङ्ग आफ्नो कोठामा आएको कुरा सपनामा देखेकी छन् । यस कुरालाई उपन्यासमा यसरी देखाइएको छ :

> जगत् त्यस कोठाभित्र हाँस्दै पसे । शाहज्यादी डराइन् । जगत् निडर भएर सिधै राजकुमारीको शय्यामा बस्न पुगे । उनको यो उद्दण्डता देखेर सबै चाकर्नी अकमक्क परे, केही बोल्न सकेनन् ।
>
> शाहज्यादी जिल्ल परिन् ।
>
> 'सरकार !' भनेर जगत्ले शाहज्यादीको हात ताने ।
>
> सबै सुसारे बाहिर भागे । शशीकला पनि हाँस्दै बेपत्ता भई ।
>
> शाहज्यादी लाजले भुतुक्कै भएर रुन थालिन्, जगत्लाई जथानाम गाली गर्न लागिन्, विद्रोह गर्न अघि सरिन् ।
>
> जगत् डराए ।
>
> 'अब मैले बाच्नु श्रेयस्कर छैन' भनेर जगत् साँच्चिकै आत्महत्या गर्ने इच्छाले नीलो-कालो मुख लगाएर पलङ्बाट उठे, अनि अन्तिम बिदाइका लागि प्रेमिकाको मुखमा आशाले हेरे ।

> शाहज्यादीका आँखामा दयाको केही अपेक्षा लुकिरहेको थियो, त्यो देखेर जगत् अनुरोधको आँसु चुहाउन लागे ।
>
> जगत् रोएको देखेर शाहज्यादीको हाँसो फुस्कियो । अनि उनको आत पाएर जगत् निस्फिक्री रमाए, पुनः पलङमा स्थान लिन गए ।
>
> गाले लकिया खस्यो ...अनि लामतकिया झर्‍यो ...सिरकको तलास बिग्रियो ...अझ दुवै चल्दै थिए । झुल छिन्यो ...पलङ भाँचियो ।
>
> शाहज्यादी झस्केर बिउँझिन् । यो सबै उनको स्वप्न थियो (पृ.२८) ।

यसरी शाहज्यादीको अतृप्त इच्छा आकाङ्क्षालाई स्वप्नको माध्यमद्वारा देखाइएको छ । जुन फ्रायडको स्वप्न सिद्धान्तबाट प्रभावित छ ।

शाहज्यादीले आफ्नै बाहुलीले बनाएको परिकार प्रेमोपहार स्वरूप शशीकलाको हातमा जगत्जङ्गलाई पठाएकी छिन् । यस प्रेमोपहार स्वरूप परिकारलाई स्वीकार गर्ने या नगर्ने भन्ने विषयमा जगत्जङ्गको मनमा आन्तरिक द्वन्द्व चलेको छ । उनको आन्तरिक द्वन्द्वलाई उपन्यासमा यस प्रंकार देखाइएकको छ :

> उनको एक मन भन्दथ्यो- यो दरबारमा मेरा दर पुस्तादेखिन् नोकरी गर्दै आएका छन् । रामकृष्ण कुँवर सर्वोच्च सेनापति भए । रेवन्त र बलवन्तको पनि त्यस्तै ठूलो नाम थियो । बालनरसिंह काजी भए । बालाई हाल प्रधानमन्त्री पद बक्सेको छ । यस्तो पुण्यभूमिमा मैले कसरी पाप गर्ने ! यस्तो कुरा हुनै सक्दैन । ममाथि शाहज्यादीले गरिबक्सेको प्रेमको म विरोध गर्छु । चेतावनी दिनुपरे पनि म बाँकी राख्दिनँ, पाप देखिन् पर हुन्छु (पृ.३१-३२) ।
>
> उनको अर्को मन अर्कै कुरा भन्दथ्यो- मैले कसरी ठाडै विरोध गर्ने ? शाहज्यादीबाट निगाह र माया गरिबक्सेको मैले कसरी अस्विकार गर्ने ? यो ठूलो धृष्टता हुने भयो । चेतावनी टक्र्याउन पनि भएन । म यहाँ आएको सेवाका निम्ति हो, नराम्रो मुख गर्न होइन (पृ.३२) ।

यसरी शाहज्यादीको प्रेमलाई स्वीकार गर्ने या नगर्ने भन्ने जगत्जङ्गको परस्पर विरोधी विचारले गर्दा **सेतो बाघ** उपन्यासको आन्तरिक परिवेश निर्माणमा महत्त्वपूर्ण भूकिका खेलेको छ । जगत्जङ्गले शाहज्यादीसँग प्रेम गर्नु पाप सम्झेका छन् । यसले गर्दा उनी गहिरो चिन्तामा परेका छन्, राति सुत्न सकेका छैनन् । यस किसिमको मानसिक चिन्ताबाट मुक्ति पाउनका लागि उनले पण्डित सोमनाथ, खजान्ची सुब्बा, दरबारका मूल कविराजहरू समक्ष सल्लाह मागे तर उनीहरूले मिलन नभएको खण्डमा प्रेमीहरू बौलाहा या आत्महत्या गर्छन् भन्दै प्रेम गर्नु पाप होइन भन्ने सल्लाह दिएका छन् ।

एकातर्फ जगत्जङ्गको प्रेमाशक्तिले गर्दा शाहज्यादी बिरामी भएकी छन् भने अर्कोतर्फ प्रेम मिलन नभएमा राजकन्याले आत्महत्या गर्न सक्ने सम्भावनाले गर्दा जगत्जङ्ग चिन्ताग्रस्त छन् । यसले गर्दा जगत्जङ्गले पनि शाहज्यादीलाई सपनामा देखेका छन् । यस कुरालाई उपन्यासमा यसरी देखाइएको छ :

> उनी (जगत्जङ्ग) धेरैजसो सपनामा शाहज्यादीलाई देख्दथे । अहिले पनि सपनामा शाहज्यादी आफूतिर उभिन आइपुगेकी देखे ।
>
> स्वप्नमा जगत् डरले काँप्दै उठे, अनि उनले राजपुत्रीलाई उनको त्यहाँ आकस्मिक आगमनको कारण सोधे ।
>
> 'म मर्न आएकी, आत्महत्या गर्न चाहान्छु ।'
>
> 'हामी सबै मरेर पनि सरकारलाई बचाउन हाम्रो कर्तव्य हो ।'
>
> 'त्यसो भए बाँचेर प्रेमसंसारमा हामी दुई अमर होऔँ ।'
>
> 'तर यो पुण्यभूमिमा म पाप गर्न सक्दिनँ' भनेर जगत्ले शाहज्यादीको सामुन्ने घुँडा टेके ।
>
> शाहज्यादी निराश र शुष्क भइन् । एकाएक उनले खुकुरी उठाएर आफ्नो गला सेरिन्, अनि घाँटीबाट रगत पोख्दै जमिनमा लडिन् र छटपटिन थालिन् ।
>
> 'प्रेम पाप होइन । जगत् ...प्यारो जगत् ...मेरो जगत् ...मलाई बचा जगत् ...म मरेँ जगत् ...' भन्दै शाहज्यादी अर्द्धमृत अवस्थामा हराउन थालिन् ।
>
> जगत् निसास्सिँदै बिउँझे (पृ.३८) ।

शाहज्यादीले आत्महत्या गरेको भयानक सपना, एक प्रेमिकाको आफूप्रति अद्भूत दया र मायामा देखेर जगत्जङ्गको हृदयमा ठूलो हलचल मच्चिएको छ । उनका मस्तिष्कमा परस्पर विरोधी विचारहरू आइरहेका छन् । तर अचानक दरबारिया भगुवी केटी इसकपरीसँग उनको भेट भएको छ । उनले इसकपरीलाई माध्यम बनाएर शाहज्यादीको प्रेमबाट टाढा हुने कुरा सोच्न पुगेका छन् र उसैसँग बिटुलिएका छन् । तर यही भगुवी केटी इसकपरीको दाँत गडेको जगत्जङ्गको बिटुलो जिब्रोमा शाहज्यादीको प्रेम-स्वादको कल्पना रसाउन थालेको छ । हिजोसम्म प्रेमलाई पाप सम्झने जगत्जङ्गले आज धर्म मान्न थालेका छन् र शाहज्यादीको प्रेमप्रति विस्तारै आकर्षित भएका छन् ।

पूर्व २ नं. पहाडमा शाहज्यादी र धनहजुरी बिचको वार्तालापबाट शाहज्यादी र जगत्जङ्गको प्रेम परेको कुरा सुने पछि वीरशमशेरको मनमा आन्तरिक द्वन्द्व सुरु भएको छ । यही कारणले गर्दा वीरशमशेरले दाजु जगत्जङ्गलाई अचानक आक्रमण गरेका छन् । तर वीरशमशेर काठमाडौँ फर्के पश्चात आफ्ना भाइहरूको सल्लाह बमोजिम जगत्जङ्गसमक्ष मिल्न गएका छन् । उनले जगत्जङ्ग र शाहज्यादी बिचको विवाह गराउनको लागि जिम्मेवारी लिएर शाहजयादीकहाँ गएका छन् । शाहज्यादीले प्रेमोपहार स्वरूप जगत्जङ्गलाई पठाएको चिठी र ह्विस्की लिएर मनहरा आउने क्रममा वीरशमशेरको मनमा आन्तरिक द्वन्द्व चलेको छ । यस आन्तरिक द्वन्द्वलाई उपन्यासमा यस प्रकार देखाइएको छ :

> वीरको एक मनले भन्दथ्यो- वीर, च्यातिदे यो चिठी ! शाहज्यादी आत्महत्या गर्न सक्दिनन् । बूढी कन्या बस्ने प्रश्नै उठ्दैन । उनको विवाह तँसित हुन्छ । तँ नडरा, नहडबडा ।
>
> शक्ति र सम्पत्तिको नेपाल हो । यी दुवै थोक तेरा हात पर्छन् ।

ऐश्वर्यकी खानी, सौन्दर्यकी मूर्ति, नदीभन्दा पवित्र शाहज्यादीलाई जगत्जङ्गको हात गर्ने गल्ती काम तँ नगर् । तँ त्यागी नबन् । सिद्धान्तमा नबग् । आएको मौका नचुका । नेपाललाई चिन् । यहाँ मानवता छैन । चिठी च्यातीदे (पृ.११९) !

उनको अर्को मन भन्दथ्यो- शाहज्यादीसित विवाह गर्नु मूल उद्देश्य हो सुखशान्तिसित जीवनयापन गर्न पाउनु, तर राजकन्यालाई घर भित्र्याएर त्यसको उल्टो परिणाम हुन्छ भने त्यो विवाह उचित छैन । फेरि आत्मा जगत्जङ्गसित गएको शाहज्यादीको खोक्रो शरीरलाई अपनाएर तँलाई के लाभ ? शाहज्यादीको आशा नगर ।

सूर्य अस्त भएपछि बत्तीको सहारा लिनु बुद्धिमत्ता हो । तँ त्यसै गर् । सूर्यजस्तै उज्याली शाहज्यादीलाई त्याग्नुपरे पनि बत्तीरूपी धनहजुरीलाई हत्याउने दाउ नछोड । नत्र जीवनभर अन्धकारमा बस्नु पर्नेछ ।

दूरदर्शी बन्, व्यावहारिक बन् । तेरो काँधमा ठूलो परिवारको गह्रौँ उत्तरदायित्व छ, भोको-नाङ्गो परिवार ... । शाहज्यादीका निम्ति खिचोला गरिस् भने धनहजुरी पनि हातको माछोजस्तै फुत्किनेछिन्, याद गर ... (पृ.११९) ।

यसरी वीरशमशेरको एक मनले शाहज्यादीलाई जगत्जङ्गको हातमा सुम्पेर गल्ती नगर्न र चिठी च्याती दिन प्रेरित गरेको छ भने अर्को मनले आत्मा जगत्जङ्गसित गएको शाहज्यादीको खोक्रो शरीरलाई अपनाएर कुनै लाभ छैन, सूर्यजस्तै उज्याली शाहज्यादीलाई पाउन नसके तापनि बत्तीरूपी धनहजुरीलाई पाउन लागि मौका नछोड्न अभिप्रेरित गरेको छ ।

त्यस्तै वीरशमशेरको मनमा काका रणोद्दीपसिंहलाई मार्न गएका भाइहरूको षड्यन्त्रको पर्दाफास हुन्छ की भन्ने चिन्ताले र भाइहरू सफल भएर आए पनि उनीहरूले भाइ खड्गशमशेरलाई श्री ३ बनाएर आफूलाई काका रणोद्दीपसिंहलाई जस्तै बनाउने पो हुन् भन्ने चिन्ताले पिरोलेको छ । वीरशमशेरको अन्तर्मनको चिन्ताले पनि **सेतो बाघ** उपन्यासको आन्तरिक परिवेश निमार्ण गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

जङ्गबहादुर आफूले बसालेको रोलक्रम व्यवस्थामा आफ्ना भाइ, छोरा, भतिजाहरूको कलह हुन लागेको देखेर चिन्तित हुन पुगेका छन् । उनले मृत्युका मुखमा पुगेर सोमनाथ र बेलायती मित्रहरूले नेपालमा संसदीय शासन व्यवस्था लागु गर्न दिएको सल्लाह सम्झन पुगेका छन् । त्यस्तै आफ्नो मृत्यु हुने निश्चित भइसकेका जगत्जङ्गको आत्मविश्लेष, मानसिक द्वन्द्व र शाहज्यादीप्रतिको व्यवहारले पनि **सेतो बाघ** उपन्यासको आन्तरिक परिवेश निर्माण गरेको छ ।

शाहज्यादी, जगत्जङ्ग र वीरशमशेर जस्ता पात्रहरूको अन्तर्मनको द्वन्द्वले **सेतो बाघ** उपन्यासको आन्तरिक परिवेशको निर्माण भएको छ । इतिहासमा यी पात्रहरूको अन्तर्मनको चित्रण पाइदैन तर यस उपन्यासमा पात्रको अन्तर्मनको द्वन्द्व देखाउनु लेखकको कल्पनाको उपज हो । यसर्थ **सेतो बाघ** उपन्यासको आन्तरिक परिवेशलाई काल्पनिक परिवेशको रूपमा लिन सकिन्छ ।

## ५.३ निष्कर्ष

**सेतो बाघ** उपन्यासमा बाह्यान्तरिक दुवै परिवेश प्रयोग रहेको छ । बाह्य परिवेश अन्तर्गत कालिक, स्थानिक र परिस्थितिक परिवेश रहेका छन् । यस उपन्यासमा वि.सं. १९११-१२ को नेपाल-तिब्बत युद्धदेखि वि.सं. १९४२ को पर्वसम्मको ऐतिहासिक घटनाहरू विषय वस्तुका रूपमा आएका छन् । यसर्थ यस उपन्यासको कालिक परिवेश ऐतिहासिक रहेका छन् । यस उपन्यासको घटनाहरू मुख्य रूपमा काठमाडौँकै सेरोफेरोमा घटित रहेका छन् । नारायणहिटी दरबार, थापाथली दरबार, मनहरा दरबार, हनुमानढोका, बाग दरबार, लाल दरबार, स्वयम्भू डाँडा, टुँडिखेल, बेलायती राजदूतावास, पूर्व २ नं. पहाड, पत्थरघट्टा जस्ता स्थानहरूमा यस उपन्यासका कथावस्तुहरू घटित रहेका छन् । अझ दरबारहरूको भव्य चित्रणले गर्दा यस उपन्यासलाई ऐतिहासिकता प्रदान गर्न मद्दत गरेको छ । यसका अतिरिक्त यस उपन्यासमा गोदावरी, टोखा, कविलास, भिमढुङ्गा, जस्ता स्थानहरू, तिब्बतका कुती, ल्हासा, केरुङ, सिकारजोङ जस्ता स्थानहरू, भारतका इलाहावाद जेल, काशी, रावलपिण्डी जस्ता स्थानहरू, बेलायत र चिन जस्ता देशहरू अप्रत्यक्ष रूपमा आएका छन् । यस्ता ठाउँहरूको वर्णनले यस उपन्यासको स्थानिक परिवेशलाई ऐतिहासिकता प्रदान गर्न सहयोग गरेको छ । तत्कालीन समयमा सोमनाथ नामधारी पात्रद्वारा संसदीय व्यवस्थाको बारेमा वकालत गरेको प्रसङ्ग काल्पनिक भए पनि यस उपन्यासले ऐतिहासिक सत्यानुरूपका नेपाली राजनीति, सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक पक्षको सार खिच्न सफल भएको छ । यसर्थ यस उपन्यासको बाह्य परिवेश ऐतिहासिक रहेको छ भन्न सकिन्छ ।

शाहज्यादीको मनमा जगत्जङ्गको प्रेमाशक्तिले गर्दा चलेको आन्तरिक द्वन्द्व, जगत्जङ्गले मनमा शाहज्यादीको प्रेमलाई स्वीकार गर्ने या नगर्ने भन्ने विषयमा चलेको द्वन्द्व, शाहज्यादीले जगतजङ्गलाई पठाएको चिठी र प्रेमोपहार ह्विस्की लिएर मनहरा आउने क्रममा वीरशमेरको मनमा शाहज्यादीलाई जगत्जङ्गको हातमा सुम्पिने या नसुम्पिने भन्ने विषयमा चलेको द्वन्द्व, वीरशमशेर कै मनमा श्री ३ महाराज तथा प्रधानमन्त्री रणोद्दीपसिंहको हत्यामा गएका भाइहरूको षड्यन्त्रको पर्दाफास हुने हो कि भन्ने डरले र आफ्ना भाइहरूको षड्यन्त्र सफल भए पनि उनीहरूले खड्गशमशेरलाई श्री ३ तथा प्रधानमन्त्री बनाइ आफूलाई काका रणोद्दीपसिंहको जस्तो गति बनाउने पो हुन् कि भन्ने डरले गर्दा चलेको द्वन्द्वले **सेतो बाघ** उपन्यासको आन्तरिक परिवेशको निर्माण भएको छ । यसर्थ यस उपन्यासको आन्तरिक परिवेशमा काल्पनिकता रहेको स्पष्ट हुन्छ ।

## छैटौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

प्रस्तुत शोध पत्र छ वटा परिच्छेदमा संरचित रहेको छ । प्रस्तुत शोध पत्रको पहिलो परिच्छेद **शोध परिचय** हो । यस परिच्छेदमा विषय परिचय, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्व कार्यको समीक्षा, शोध कार्यको औचित्य, शोध कार्यको सीमा, शोध विधिको चर्चा गरी शोध पत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध पत्रको दोस्रो परिच्छेदका रूपमा उपन्यासमा ऐतिहासिकता विश्लेषणका आधारहरू रहेको छ । यस परिच्छेदमा ऐतिहासिक उपन्यासको परिचय, उपन्यास र इतिहास बिचको अन्तरसम्बन्ध, इतिहासको औपन्यासिकीकरण, उपन्यासका तत्त्वहरू र ऐतिहासिकताको बारेमा चर्चा गरिएको छ । इतिहासको आख्यानीकरण नै ऐतिहासिक उपन्यास हो । मूलतः इतिहासका घटना, व्यक्ति र परिवेशलाई क्रमशः उपन्यासको कथावस्तु, पात्र र परिवेशको रूपमा ग्रहण गरी विशिष्ट प्रतिभाद्वारा रचना गरिएको उपन्यास नै ऐतिहासिक उपन्यास हो । इतिहासलाई औपन्यासिक स्वरूप प्रदान गर्दा उपन्यासकारलाई विशिष्ट कल्पनाको प्रयोग गर्ने छुट रहेको हुन्छ । यही विशिष्ट कल्पनाको गरी उपन्यासकारले विशृङ्खलित ऐतिहासिक घटनाहरूलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्दछन् तर उपन्यासकारले उपन्यासको कथावस्तुमा कार्यकारण शृङ्खला मिलाउने नाउँमा इतिहासद्वारा स्वीकृत तथ्यहरूलाई विकृत पार्ने किसिमले कल्पनाको प्रयोग गर्नु हुँदैन । बरु ऐतिहासिक सत्यानुरूप काल्पनिक घटनाहरूको संयोजन गर्नु पर्दछ । ऐतिहासिक उपन्यासको रचनाको लागि उपन्यासकारमा एकातर्फ इतिहास र औपन्यासिक कला सम्बन्धी विशद् ज्ञान हुनु पर्दछ भने अर्कोतर्फ ऐतिहासिक तत्त्व र औपन्यासिक कला बिचको सन्तुलित संयोजन गर्न सक्ने क्षमता हुनु पर्दछ । यस किसिमको ज्ञान र क्षमता भएका उपन्यासकारद्वारा रचित उपन्यासले मात्र पाठकवर्गलाई ऐतिहासिक ज्ञान र औपन्यासिक रस आस्वादन गराउन सक्दछ ।

प्रस्तुत शोध पत्रको तेस्रो परिच्छेदको रूपमा **सेतो बाघ उपन्यासको कथावस्तुमा ऐतिहासिकता** रहेको छ । यस परिच्छेदमा **सेतो बाघ** उपन्यासमा प्रयुक्त ऐतिहासिक तथा काल्पनिक घटनाहरूको निर्क्यौल गर्दै विचलन भएका ऐतिहासिक घटनाहरूको पनि चर्चा गरिएको छ । ऐतिहासिक सामग्रीहरूलाई औपन्यासिक विषयवस्तुका रूपमा ग्रहण गरी उपन्यास रचना गर्ने उपन्याकार हुन् डायमनशमशेर राणा । उनको प्रथम औपन्यासिक कृति **वसन्ती** (वि.सं. २००६) ले आधुनिक नेपाली उपन्यास परम्परामा ऐतिहासिक यथार्थवादी धाराको प्रर्वतन गरेको छ । यही उपन्यासद्वारा डायमनशमशेर राणाको औपचारिक साहित्यिक यात्रा पनि सुरु भएको छ । उनको वि.सं. २००६ देखि वि.सं. २०६७ सम्मको साहित्यिक यात्रामा **वसन्ती, सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास, अनिता, धनको घब्बा** र **गृह प्रवेश** गरी सात वटा उपन्यासहरू प्रकाशित भएका छन् ।

डायमनशमशेर राणाको **सेतो बाघ** सफल ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा वि.सं. १९११-१२ को नेपाल-भोट युद्धदेखि वि.सं. १९४२ साले ऐतिहासिक पर्वसम्मको ऐतिहासिक घटनाहरूलाई औपन्यासिक विषयवस्तुका रूपमा ग्रहण गरी औपन्यासिक स्वरूप दिइएको छ । यो उपन्यास ऐतिहासिक उपन्यास भएकोले यसका कथावस्तुमा ऐतिहासिकता रहेको छ । **सेतो बाघ** उपन्यासमा नेपाल-तिब्बत बिच युद्ध भएको, बमबहादुर र धीरशमशेरको नेतृत्वमा तिब्बतसँग युद्ध गर्न गएको, धीरशमशेरको परिवार ठूलो भएको, जगत्जङ्ग र शाहज्यादीको वैवाहिक सम्बन्ध भएको, शाहज्यादी र जगत्जङ्गको विवाहोत्सव भव्यताका साथ भएको, जङ्गबहादुरले आफ्नी छोरीहरूलाई राजदरबारमा र राजदबारका राजकन्यालाई आफ्नो छोरासँग विवाह गरी दिएर राजदरबारसँग वैवाहिक सम्बन्ध कायम गरेको, उपेन्द्रविक्रमकी छोरी धनहजुरी (मुनिन्द्र दिव्यश्वरी) को वीरशमशेरसँग भएको, जङ्गबहादुरले कास्की र लमजुङको श्री ३ महाराजको पद पाएको र आफ्नो नाम पछाडि राणा लेख्न थालेको, शाहज्यादीका पुत्र युद्धप्रतापजङ्गलाई जन्मदै नाति जर्नेल पद दिएको, नाति जर्नेलको जन्मोत्सवमा खुसियाली मनाएको, जङ्गपरिवारलाई बक्सिस दिने नाममा राष्ट्रकोषबाट १० लाख मनहरा भित्रिएको, श्री ३ जङ्गको पदको पहिलो उत्तराधिकारी जेठो भाइमा जाने भन्ने रोलक्रम बाँधेको, बेलायतका राजकुमार सप्तम् एडवर्डसँग नेपाल आएका डाक्टर फेररले जङ्गको स्वास्थ्य परिक्षण गरेको, जङ्गबहादुरको पत्थरघट्टा निधन भएको, जङ्गभाइहरूले युवराज तथा जगत्जङ्गप्रति षड्यन्त्र पत्थरघट्टा पठाएको वर्णन, पत्थरघट्टामा जाने बेलामा युवराज त्रैलोक्यले जुन दिनसम्म गुमेको राजनैतिक अधिकार फिर्ता हुँदैन त्यस दिनसम्म पगरी नलाउने अठोट गरेको, त्रैलोक्य, नरेन्द्र र जगत्जङ्गलाई पत्थरघट्टा लागेपछि रणोद्दीप श्री ३ महाराज तथा प्रधानमन्त्री, जगत्शमशेर कम्यान्डर इन चिफ र मुख्तियार तथा धीरशमशेर मुख्य जर्नेल भएको, युवराजहरू तथा जगत्जङ्गहरूले षड्यन्त्रको यथार्थ थाहा पाए पछि बिच बाटोबाटनै फर्केको, नाति जर्नेल (युद्धप्रतापजङ्ग) को मर्यादाक्रम शमशेरहरू भन्दा माथि भएको, श्री ३ महाराज तथा प्रधानमन्त्री रणोद्दीपसिंह भन्दा धीरशमशेर शक्तिशाली भएको, पृथ्वीविक्रम नाबालक अवस्थामै राजगद्दीमा बसेको, जगत्जङ्ग नरेन्द्रको गुटमा लागेर धीरका विरुद्ध षड्यनत्र गरेको, नरेन्द्र र जगत्जङ्गले आजीवन कारावास सजाय पाएको, शमशेर भाइहरूले षड्यन्त्र गरी जगत्जङ्ग, रणोद्दीपसिंह र नातिजर्नेल हत्या गरी सत्ता कब्जा गरेको आदि घटनाहरू ऐतिहासिक हुन् ।

त्यस्तै **सेतो बाघ** उपन्यासमा  नेपाल-भोट युद्धका विषयमा जगत्जङ्गले राजा सुरेन्द्रसँग गरेको वार्तालाप, यस युद्धका विषयमा जगत्जङ्गले राजदरबारमा सुनाएको, यस युद्धको समचार शाहज्यादीले सुन्न नचाहेको, संस्कृत र अङ्ग्रेजी भाषामा दख्खल भएका सोमनाथले जङ्गबहादुरसँग बेलायत भ्रमण गरेको, सोमनाथले संसदीय व्यवस्थाका बारेमा वकालत गरेको, जगत्जङ्गसँग शाहज्यादीको विवाह हुनु अघि वीरशमशेरसँग गरि दिने पक्कापक्की भएको, जगत्जङ्ग सँभ्र्यामा बस्ने गरेका, धाई सुसारेहरूले जगत्जङ्गको प्रशंसा गरेको, उपेन्द्रविक्रम जलवायु परिवर्तनका लागि पूर्व २ नं. पहाडमा बसाई सरेको र उनकी छोरी धनहजुरी पनि त्यहीँ गएकी, शाहज्यादी र धनहजुरी बिच धनहजुरीको विवाह वीरशमशेरसँग र शाहज्यादीको

जगत्जङ्गसँग विवाह गराउँने गोप्य योजना भएको, यस योजनामा उपेन्द्रविक्रमको पनि सहमति रहेको, शाहज्यादीले आफ्नै हातले बनाएको परिकारलाई सुनको रिकापीमा राखेर शशीकलाको हातमा जगत्जङ्गको लागि पठाएको, शशीकलाले जगत्जङ्गलाई शाहज्यादीले प्रेम गर्ने कुरा बताएकी, जगत्जङ्गले आफूसँग शाहज्यादी नजिकिएको कुरा सोमनाथलाई सुनाएको, शाहज्यादीले जगत्जङ्गलाई मोहनी लगाएको रहस्य सोमनाथले खोलेको र जगत्जङ्गलाई प्रेम पाप होइन भन्ने सल्लाह दिएको, जगत्जङ्गको प्रेमाशक्तिले गर्दा शाहज्यादी विरामी परेकी, शाहज्यादीलाई अजिमाको दर्शन गराउन स्वयम्भू लगिएको र सवारीमा जगत्जङ्ग पनि सामेल भएको, त्यहीबाट जगत्जङ्ग र शाहज्यादी बिचको प्रेमलिला सुरु भएको, स्वयम्भूमा शाहज्यादीले जगत्जङ्गसँग विवाह होस् भनी भगवान्सँग वर मागेकी, वीरशमशेरले पूर्व २ नं. पहाडबाट युद्धकासाथै आफ्नो व्यक्तिगत प्रेमको विषयमा समेत जगत्जङ्गलाई चिठी लेखेको, शाहज्यादी र जगत्जङ्ग पूर्व २ नं. पहाडमा गएको, वीरशमशेर पूर्वी पहाडमा युद्धाभ्यास गर्दा लडी घाइते भइ धनहजुरीको घरमा पुऱ्याइएको, पूर्वी पहाडमै वीरको लक्ष्मीकेटी र धनहजुरीसँग भेट भएको, वीर भन्ने थाहै नपाई धनहजुरी नवयुवकरूपी वीरप्रति आकर्षित भएकी तर युवकरूपी वीर चाहीँ लक्ष्मीकेटीसँग आकर्षित भएका, धनहजुरीले वीरलाई धन नाम लेखिएको औँठी प्रेमापहार स्वरप दिएकी, पूर्वी पहाडमा वीर र जगत्जङ्ग बिच लडाई भएको, वीर पूर्वी पहाडबाट घर फर्के पश्चात् आफ्ना भाइहरूलाई पूर्वी पहाडमा भएको सम्पूर्ण घटना भनेको (आफ्नो र धनहजुरीको प्रेमसम्बन्ध बाहेक), आफ्ना भाइहरूको सल्लाहअनुसार वीर मनहरा जगत्जङ्गसमक्ष गएका, वीरले पूर्वी पहाडमा भएको घटनालाई अन्जानमै भएको घटना भनी नाटकीय रूपले जगत्जङ्गलाई चित्त बुझाएको, वीरले जगत् र शाहज्यादी बिच विवाह गराउने जिम्मेवारी तथा चिठी लिई राजदरबार गएका, वीर राजदरबार पुगेर शाहज्यादीलाई पूर्वी पहाडमा भएको घटनाको बारेमा स्पष्टीकरण पेश गर्दै आफू र जगत्जङ्ग बिच मिल्ती भइसकेको कुरा भनेको, शाहज्यादीले वीरकासाथ दुई फ्रेन्च ह्विस्की र चिठी जगत्जङ्गलाई पठाएकी, शाहज्यादीको प्रेमोपहार लिएर मनहरा फर्कदा वीरलाई त्यो चिठी जगत्लाई दिउँ कि नदिउँ भनी मनो द्वन्द्व चलेको, शाहज्यादीले जगत्जङ्गलाई पठाएको ह्विस्की वीरले बिच बाटोमा नै जङ्ग बहिनीहरूलाई बेचेको, वीर र शाहज्यादीको चिना मिलाउने कार्यक्रम आयोजना गरिएको, वीरकै सल्लाह अनुसार सोमनाथले वीरसँग शाहज्यादीको विवाह भएमा कन्याको यज्ञमा नै मृत्यु हुन्छ भनेको, पछि सोमनाथले जेठी शाहज्यादीको विवाह जगत्जङ्गसँग र धनहजुरीको विवाह वीरशमशेरसँग गर्ने योजनाको बनेका र वीरकै सल्लाह बमोजिम आफूले यो चिना नमिलेको भनेको भनी जङ्गबहादुरसमक्ष रहस्य खोलेको, राजदरबारबाट हराएका फ्रेन्च ह्विस्की जेठी महारानीसँग फेला परेको, त्यो ह्विस्की जेठी शाहज्यादीले जगत्जङ्गलाई उपहार स्वरूप पठाएकी र प्रधानमन्त्रीका छोरीहरूले युवराजहरूलाई चढाई बक्सेका रहस्य खुलेको, सोमनाथले संसदीय व्यवस्थाको बारेमा वकालत गरेको अभियोगमा देशनिकाला गरिएको र उनको घर परिवारले विचल्ली र बेइज्जती खेप्नु परेको, शाहज्यादी र जगत्जङ्गको प्रेम विवाह सम्पन्न भएको, बमबहादुरले श्री ३ को खानगी मात्र नभएर श्री ३ को मान, दर्जा, इज्जत सबै जगत्जङ्गले पाउनु पर्छ भनी अनुरोध गरेका, धीर प्रस्तापक र रणोद्दीप र जगत्शमशेर समर्थक भई जगत्जङ्गलाई श्री ३ को उत्तराधिकारी बनाउनु पर्ने प्रस्ताप पेश

गरेको, सोमनाथ जङ्गबहादुर समक्ष माफी माग्न पत्थरघट्टा पुगेको, एकतन्त्रीय राणा शासनमा प्रधानमन्त्रीको एक्लै मर्नु पर्ने स्थिति सिर्जना भएको हुँदा बेलायती मित्र र सोमनाथले प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्न दिएको सल्लाहलाई जगत्ले सम्भेका, मर्नु अघि युवराज त्रैलोक्यले आफ्ना भिनाजु जगत्जङ्ग र भाइ नरेन्द्रप्रति शङ्का गरी यिनीहरू देखी आफ्ना महारानीहरूलाई होसियार रहन आदेश दिएका, केशर र भोलाले त्रैलोक्यका पालामा बनेको सबै कागजपत्रलाई जगत् र नरेन्द्रले हालसालै बनाएका भनी धीरशमशेर समक्ष पेस गरी आफूहरू निर्दोष सावित भएका, रणोद्दीपसिंहको हत्याको योजना बन्दै गर्दा मनहरा दरबारमा **हत्या** नामक नाटक प्रदर्शन भएको, रणोद्दीपसिंहको हत्या भएको थाहा पाएर पनि परिस्थितिका बोध जगत्ले शाहज्यादीलाई नगराएको जस्ता घटनाहरू काल्पनिक हुन् ।

यति हुँदा हुँदै पनि **सेतो बाघ** उपन्यासमा ऐतिहासिक तथ्यहरूमाथि विचलन गरिएको छ । यस उपन्यासका जगत्जङ्गले श्री ५ सुरेन्द्रसँग नेपाल-भोट युद्धका विषयमा अधिकार पूर्वक वार्तालाप गरेको तथा युद्धका बारेमा वर्णन गरेको, पण्डित सोमनाथ जङ्गबहादुरसँग बेलायत भ्रमण गरेको, नेपाल-भोट युद्धताका बमबहादुर र धीरशमशेरको पद एउटै भएको र जेठी शाहज्यादी र वीरशमशेरको विवाह हुने पक्का पक्की भएको, ६ र ८ वर्षमा विवाह भएका जगत्जङ्ग र शाहज्यादीलाई यौवनावस्था पुऱ्याइ प्रेम विवाह भएको, उनीहरूको विवाह भएको मितिलाई विचलन गरेको, जङ्गबहादुरले कास्की र लमजुङको श्री ३ महाराजको पदवी पाएको र आफ्नो थर पछाडि राणा लेख्ने अधिकार पाएको मितिमा तलमाथि पारेको, वीरशमशेरसँग विवाह भएकी उपेन्द्रकी छोरीको नाम धनहजुरी भएको, बेलायतकी महारानी भारत विद्रोहमा महत्त्वपूर्ण सहयोग गरे बापत् जङ्गबहादुरलाई दिइएको पदको नाममा विचलन गरेको, वि.सं. १९३८ को पर्वमा भारतमा भएका जगत्जङ्गलाई नेपाल मै भएको देखाइएको, नरेन्द्र र जगत्जङ्गलाई एउटै जेलमा रहेको देखाइएको, वि.सं. १९४२ को पर्वमा भारतमा रहेका जीतजङ्गलाई बिट्रिस राजदूतावासमा सरण लिन जानेहरूमा देखाइएको, नाति जर्नेललाई गोली हान्ने मेजर केशर भनिएको, जगत्जङ्गलाई गोली हान्ने मान्छे च्याङ्बा भनिएको, जगत्जङ्ग र शाहज्यादीको मृत्युसँगै भएको जस्ता घटनाहरूमा विचलन भएको छ ।

चौथो परिच्छेदका रूपमा **सेतो बाघ उपन्यासको चरित्र चित्रणमा ऐतिहासिकता** रहेको छ । यस उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्र चित्रणमा ऐतिहासिकता र काल्पनिकताको विश्लेषण गरिएको छ । **सेतो बाघ** बहुपात्रमा संरचित ऐतिहासिक उपन्यास हो । यस उपन्यासका प्रायः पात्रहरू ऐतिहासिक रहेका छन् । जगत्जङ्ग, शाहज्यादी, जङ्गबहादुर, धीरशमशमेर र उनका १७ भाइ छोराहरू, रणोद्दीपसिंह, बमबहादुर, श्री ५ राजेन्द्र, श्री ५ सुरेन्द्र र उनकी महारानीहरू, युवराजद्वय त्रैलोक्य र नरेन्द्र, युवराज्ञीहरू, उपेन्द्रविक्रम र उनकी छोरी धनहजुरी (मुनिन्द्र दिव्यश्वरी), जङ्गकी श्री ३ बडामहारानी, जङ्गका अन्य छोराहरू, युद्धप्रतापजङ्ग (नाति जर्नेल), श्री ५ पृथ्वीवीरविक्रम, वागकी कान्छी मैयाँ आदि ऐतिहासिक पात्र हुन् । यी पात्रहको चरित्र चित्रण गर्दा उपन्यासकारले केहीलाई ऐतिहासिक सत्य अनुरूप नै देखाएका छन् भने केहीलाई इतिहास भन्दा फरक रूपमा चित्रण गरेका छन् । धीरशमशेर र उनका छोराहरूको षड्यन्त्रकारी र हत्यारा चरित्र, रणोद्दीपसिंहको धार्मिक, सोभ्का, सज्जन चरित्र, त्रैलोक्य र नरेन्द्रको क्रान्तिकारी एवम्

परिवर्तनमुखी चरित्र आदि इतिहास सापेक्ष रहेको छ । त्यस्तै जगत्जङ्गका वीर, दानवीर, कुशल राजनीतिज्ञ, इतिहास वेत्ता, उदार, आदर्शप्रेमी र सत् चरित्र, जङ्गबहादुरका देशभक्ति, राजभक्ति, अनुशासित शासक, शीष्ट र सत् चरित्र, वीरको प्रेमी चरित्र, शाहज्यादी र धनहजुरीको प्रेमिका चरित्र आदि इतिहास भन्दा फरक चरित्र हुन् । यसै गरी **सेतो बाघ** उपन्यासमा सोमनाथ, शशीकला, केशर, भोला, दीलबहादुर धाई, इसकपरी, पुष्पलता, पार्वती, जमुनी जस्ता आदि काल्पनिक पात्रहरूको संयोजन गरिएको छ । यी पात्रहरू काल्पनिक भए तापनि यी पात्रहरूले तत्कालीन राणाकालीन राजदरबारमा काम गर्ने पण्डित, धाई सुसारे, नोकर, चाकरहरूको प्रतिनिधित्व गरेका छन् ।

प्रस्तुत शोध पत्रको पाँचौं परिच्छेदका रूपमा **सेतो बाघ उपन्यासको परिवेशमा ऐतिहासिकता** रहेको छ । यस परिच्छेदमा प्रयुक्त परिवेशमा ऐतिहासिकता र काल्पनिकताको चर्चा गरिएको छ । **सेतो बाघ** उपन्यासमा बाह्य आन्तरिक परिवेशको संयोजन भएको छ । बाह्य परिवेश अन्तर्गत कालिक परिवेशका रूपमा वि.सं. १९११-१२ देखि वि.सं. १९४२ को पर्वसम्मको समयावधि रहेको छ भने स्थानिक परिवेशका रूपमा नारायणहिटी दरबार, थापाथली दरबार, हनुमानढोका, वागदरबार, टुँडिखेल, स्वयम्भू डाँडा, पत्थरघट्टा आदि स्थानहरू रहेका छन् । यसै गरी यस उपन्यासले तत्कालीन समयको राजनीति, सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवस्थाको प्रभावपूर्ण वर्णन गर्न सफल भएको छ । यसर्थ यस उपन्यासको बाह्यपरिवेश ऐतिहासिक सत्यानुरूप रहेको छ भन्न सकिन्छ । मूलतः जगत्जङ्ग, शाहज्यादी र वीरशमशेरहरूको अन्तर्मनको द्वन्द्वले नै **सेतो बाघ** उपन्यासको आन्तरिक परिवेश निर्माण भएको छ । आन्तरिक परिवेशको निर्माणमा लेखकले विशिष्ट कल्पनाको प्रयोग गरेका छन् । यसर्थ यस उपन्यासमा प्रयुक्त आन्तरिक परिवेशलाई काल्पनिक परिवेश मान्न सकिन्छ । यो आन्तरिक परिवेश काल्पनिक भए पनि ऐतिहासिक सत्य अनुकूल देखिन्छ ।

छैठौं परिच्छेदमा प्रस्तुत शोध पत्रको उपसंहार प्रस्तुत गरी निष्कर्ष तथा प्राप्तिहरू उल्लेख गरिएको छ ।

## ६.२ निष्कर्ष र प्राप्ति

डायमनशमशेर राणाद्वारा लिखित **सेतो बाघ** ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा वि.सं. १९११-१२ देखि वि.सं. १९४२ सम्मको नेपालको राणाकालीन इतिहास मुख्य विषयवस्तुका रूपमा आएको छ । यस उपन्यासमा प्रशस्त ऐतिहासिक घटनाहरूको प्रयोग गरिएको छ । त्यस्तै ऐतिहासिक घटनाहरूलाई कार्यकारण शृङ्खलामा प्रस्तुत गर्न तथा उपन्यासलाई रोचक, जीवन्त र सरस बनाउनका लागि काल्पनिक घटनाहरूको पनि समायोजन भएको छ । यस उपन्यासमा केही ऐतिहासिक तथ्यहरूमाथि विचलन रहेको छ जसले गर्दा ऐतिहासिक तथ्यमाथि अवस्य पनि प्रश्न चिह्न खडा गर्दछ । यस उपन्यासमा इतिहासका वास्तविक व्यक्तिहरूलाई चरित्रका रूपमा उपस्थिति गराइएको छ भने इतिहासमा नभएका कल्पित पात्रहरू पनि थुप्रै छन् । कतिपय ऐतिहासिक चरित्रहरूलाई ऐतिहासिक चरित्रकै रूपमा प्रस्तुत गरिएको छ भने कतिपय चरित्रहरूलाई ऐतिहासिक तथ्य भन्दा विपरित चरित्रका रूपमा उपस्थिति गराइएको छ ।

इतिहासमा ऐतिहासिक पात्रहरूको आन्तरिक मनको चित्रण पाइँदैन तर यस उपन्यासमा आन्तरिक मनको चित्रण पनि सशक्त रूपमा गरिएको छ जसले गर्दा ऐतिहासिक पात्रहरूलाई जीवन्तता प्रदान गरेको छ । त्यसै गरी यस उपन्यासमा राणा दरबारिया परिवेश सजिव रूपमा चित्रित छ । यस उपन्यासमा जगत्जङ्गको जीवनवृत्तमा राणाकालीन नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्थाको चित्रण गरिएको छ । यसरी हेर्दा **सेतो बाघ** उपन्यासमा कल्पना र इतिहासको सन्तुलित संयोजन भएको छ जसले गर्दा साहित्यिक कलात्मकता प्राप्त गर्न सफल भएको छ ।

प्रस्तुत शोधकार्यबाट हासिल भएका प्राप्तिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) ऐतिहासिक घटनाहरूलाई औपन्यासिक विषयवस्तुका रूपमा ग्रहण गरी रचना गरिएका उपन्यास नै ऐतिहासिक उपन्यास हुन् जसमा इतिहास र कल्पनाको सन्तुलित संयोजन गरिएको हुन्छ । यस किसिमको उपन्यासले एकातर्फ पाठकवर्गलाई ऐतिहासिक ज्ञान दिन्छ भने अर्कोतर्फ औपन्यासिक रस आस्वादन गराउँछ ।

(ख) डायमनशमशेर राणाको **सेतो बाघ** ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा वि.सं. १९११-१२ देखि वि.सं. १९४२ सम्मको राणाकालीन ऐतिहासिक घटनाहरू विषयवस्तुका रूपमा आएका छन् । यस उपन्यासमा ऐतिहासिक घटनाहरूलाई औपन्यासिक स्वरूप प्रदान गर्दा प्रशस्त काल्पनिक घटनाहरूको संयोजन गरिएको छ तापनि यसको बीज चाहिँ ऐतिहासिक घटना नै रहेको छ । यस उपन्यासमा काल्पनिक घटनाहरूको प्रयोग भए पनि ती घटनाहरू ऐतिहासिक घटना अनुकूल रहेका छन् ।

(ग) **सेतो बाघ** उपन्यास चरित्र चित्रणको संयोजनमा पनि सबल देखिन्छ । यस उपन्यासका प्रायजसो पात्रहरू ऐतिहासिक रहेका छन् । केही ऐतिहासिक पात्र र तिनीहरूको चरित्र चित्रण काल्पनिक भए तापनि अन्य पात्रहरूको चरित्र चित्रण पनि ऐतिहासिक रहेको छ । यसै गरी यस उपन्यासमा थुप्रै काल्पनिक पात्रहरूको पनि उपस्थिति रहेको छ । यस्ता पात्रहरूले तत्कालीन राणा दरबारमा काम गर्ने धाई सुसारे, नोकर, चाकरहरूको प्रतिनिधित्व गरेका छन् ।

(घ) **सेतो बाघ** उपन्यासमा बाह्यान्तरिक दुवै परिवेशको प्रयोग रहेको छ । यस उपन्यासको बाह्य परिवेशमा केही मात्रामा काल्पनिकता भए तापनि बढी मात्रामा ऐतिहासिक रहेको छ । त्यस्तै आन्तरिक परिवेश निर्माणमा लेखकको कल्पनाको महत्त्वपूर्ण भूमिका रहेको छ तापनि यो परिवेश ऐतिहासिक परिवेश अनुकूल रहेको छ ।

## ६.३ सम्भावित शोध शीर्षकहरू

भविष्यमा उपन्यासकार डायमनशमशेर राणाका **सेतो बाघ** उपन्यासका बारेमा शोध गर्न चाहानेहरूका लागि निम्नानुसार शोध शीर्षकहरू रहेका छन् :

(क) **सेतो बाघ** उपन्यासको कृतिपरक अध्ययन ।

(ख) **सेतो बाघ** उपन्यासमा वैचारिक पक्ष ।

(ग) **सेतो बाघ** उपन्यासका पात्रहरूको मनोविज्ञान ।

# सन्दर्भ सामग्री सूची


अर्याल, दुर्गाप्रसाद. २०६९. "**'सेतो बाघ'**को सङ्क्षिप्त अध्ययन". **डायमन शमशेर : चिन्तन र चित्रण.** जीवनचन्द्र कोइराला (सम्पा.). काठमाडौँ : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी ।

उप्रेती, गङ्गाप्रसाद. २०३५. "प्रसङ्ग '**प्रतिबद्ध**'को- चर्चा '**वसन्ती**' र '**सेतो बाघ**' समेत". **रूपरेखा.** वर्ष १९, अङ्क ८, पूर्णाङ्क २१२, पौष, पृ. ९-१२ ।

कोइराला, कुमारप्रसाद. २०६३. "डायमनशमशेरको औपन्यासिक सफलता". **मधुपर्क.** वर्ष ३९, अङ्क ११, पूर्णाङ्क ४५४, चैत्र, पृ. ९-१२ ।

कोइराला, कुलप्रसाद. २०६९. "ऐतिहासिक उपन्यासको सेरोफेरोमा 'सत्प्रयास'". **डायमन शमशेर : चिन्तन र चित्रण.** जीवनचन्द्र कोइराला (सम्पा.). काठमाडौँ : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी ।

खतिवडा, नवराज.२०६५. "सेतो बाघभित्रको रायपाटे बाघ". **आख्यानकार डायमन.** छायादत्त न्यौपाने र ऋषिराम पाण्डे (सम्पा.). ललितपुर : डायमनशमशेर साहित्यिक प्रतिष्ठान ।

गौतम, राजेश. २०५०. **राणाकालीन नेपालको एक झलक.** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

गौतम, समिना. २०५८. 'विभिन्न कोणबाट सेतो बाघ उपन्यासको विश्लेषण : मूल्याङ्कन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौँ : पद्मकन्या बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

घिमिरे, कृष्णचन्द्र. २०३८. "उपन्यासकार डायमनशमशेरसँग लिइएको अन्तवार्ता". **अरूणोदय.** वर्ष १८, अङ्क २, श्रावण-भाद्र-आश्विन, पृ.१०-१७ ।

ज.ब.रा. पुरुषोत्तमशमशेर. २०६५. **श्री ३ हरूको तथ्य वृत्तान्त** (चौ.सं.). भाग १. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

दीक्षित, कमलमणि. २०६८. परिचय. **सेतो बाघ** (प.सं.). ले. डायमनशमशेर राणा. काठमाडौँ : रत्नपुस्तक भण्डार ।

नेपाली, चित्तरञ्जन. २०३१. "ऐतिहासिक पृष्ठभूमिमा **'सेतो बाघ'**". **रूपरेखा.** वर्ष १५, अङ्क ४, पूर्णाङ्क १६०, भाद्र, पृ.५-८ र पृ.४८-६३ ।

पन्त, जयराज. २०६९. "नेपाली ऐतिहासिक उपन्यास परम्परा र उपन्यासकार डायमनशमशेर राणा". **डायमन शमशेर : चिन्तन र चित्रण.** जीवनचन्द्र कोइराला (सम्पा.). काठमाडौँ : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी ।

पन्त, नयनराज र सहायक दिनेशराज पन्त.२०३१. "'**सेतो बाघ**'को ऐतिहासिक परीक्षा". **रूपरेखा**. वर्ष १५, अङ्क १, पूर्णाङ्क १५७, जेठ, पृ.९-४० ।

पराजुली, ठाकुरप्रसाद.२०३१. "पुस्तक परिचय- **'सेतो बाघ'**". रूपरेखा. वर्ष १५, अङ्क ५, पूर्णाङ्क १६१, असोज, पृ.५३-५६ ।

पोखरेल, टीकाराम. २०६०. **सिद्धान्त, सिर्जना र समालोचना.** काठमाडौँ : अनुज प्रकाशन ।

______. २०६५. 'डायमनशमशेर राणाका उपन्यासमा ऐतिहासिक तत्त्व'. अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध. काठमाडौँ : ओस्कार इन्टरनेशनल कलेज ।

______ . २०६५. "डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास : कल्पनाको प्रयोग र इतिहासको रक्षाका प्रश्नका सन्दर्भमा". **आख्यानकार डायमन**. छायादत्त न्यौपाने र ऋषिराम पाण्डे (सम्पा.). ललितपुर : डायमनशमशेर साहित्यिक प्रतिष्ठान ।

______ . २०६८. **सन्दर्भ : डायमनशमशेर राणा, ऐतिहासिक उपन्यास सिद्धान्त र स्वरूप.** ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद. २०३९. "डायमनशमशेर राणाका उपन्यास". **जूही.** वर्ष ५, अङ्क १, पूर्णाङ्क २, पृ.८६-१०३ ।

पौडेल, गोपीन्द्र. २०६७. "कथामा पात्रको स्थान, प्रारूपीकरण र चारित्रीकरण". **वाङ्मय.** पूर्णाङ्क १४, पृ.५६-६७ ।

प्रधान, कृष्णचन्द्रसिंह. (सम्पा.). २०५८. **साझा समालोचना** (पाँ.सं.). काठमाडौँ : साझा प्रकाशन ।

______ . २०६१. **नेपाली उपन्यास र उपन्यासकार** (चौ.सं.). काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र. २०४०. **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि.** दार्जिलिङ : दीपा प्रकाशन ।

प्रधान, भिक्टर. २०३७. "कल्पना र सत्यको सामाञ्जस्य : ऐतिहासिक उपन्यास". **वाङ्मय.** वर्ष १, अङ्क १, पृ.१-१५ ।

बराल, ऋषिराज. २०६३. **उपन्यासको सौन्दर्यशास्त्र** (दो.सं.). काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. २०६३. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (ते.सं.). ललितपुर साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज. २०६५. "'**सेतो बाघ**'को सिंहावलोकन र मायिक यथार्थवादका पुनर्पठन". **आख्यानकार डायमन.** छायादत्त न्यौपाने र ऋषिराम पाण्डे (सम्पा.). ललितपुर : डायमनशमशेर साहित्यिक प्रतिष्ठान ।

भट्टराई, घटराज. २०५२. **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (दो.सं.). काठमाडौँ : एकता बुक्स डिष्ट्रिव्युटर्स ।

राई, इन्द्रबहादुर. २०६७. **नेपाली उपन्यासका आधारहरू** (चौ.सं.). ललितपुर : साझा प्रकाशन ।

राणा, डायमनशमशेर. २०६८. **सेतो बाघ** (प.सं.).काठमाडौँ : रत्न पुस्तक भण्डार ।

रेग्मी, भोलानाथ. २०५४. 'उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास'. अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

विवश, ज्ञानेन्द्र. २०६३. "ऐतिहासिक उपन्यास र डायमनशमशेर राणा". **मधुपर्क**. वर्ष ३९, अङ्क ११, पूर्णाङ्क ४५४, चैत्र, पृ.१३-१५ ।

शर्मा, कुसुम. २०४२. 'उपन्यासकार डायमनशमशेर राणाको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौँ : नेपाली शिक्षण समिति, कीर्तिपुर क्याम्पस ।

शर्मा, तारानाथ. २०३०. "नेपालीमा दुईटा ऐतिहासिक उपन्यास". **मधुपर्क.** वर्ष ६, अङ्क , पौष, पृ.४१-४८ ।

शर्मा, बालचन्द्र. २०३३. **नेपालको ऐतिहासिक रूपरेखा** (ते.सं.). वाराणसी कृष्णकुमारी देवी ।

शर्मा, मोहनराज. २०६३. **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (दो.सं.). काठमाडौँ : अक्स्फोर्ड इन्टरनेशनल पब्लिकेशन ।

सुवेदी, राजेन्द्र. २०६४. **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (दो.सं.). काठमाडौँ : साझा प्रकाशन ।